श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

२८ औं

केन्द्रीय साधारण सभा

वार्षिक प्रतिवेदन २०८२/०८३

प्रकाशक

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी मन्दिर, श्री नवतनधाम

कागेश्वरी मनोहरा नगरपालिका-८, गोठाटार, काठमाण्डौ, नेपाल

फोन नं.: ०१ ५१४८२२२, ९७६५९७११७६

इमेल: skpssn2023@gmail.com / shreekrishna_pranami@yahoo.com

वेभसाइट: www.krishnapranami.org.np

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

समस्त सुन्दरसाथ, भक्तजन एवं सम्पुर्ण नेपालीहरुमा
सनातन हिन्दु धर्मका चाडहरु दशैं, तिहार तथा छठ
पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय

शुभकामना

व्यक्त गरिन्छ ।



श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
परिवार
परिवार

श्री कृष्णाय नमः | श्री निजानन्दाय नमः | श्री प्राणनाथाय नमः

श्री कृष्ण प्रणामी धर्म-निजानन्द सम्प्रदायका प्रमुख तीर्थ-आचार्य पीठ

श्री ५ नवतनपुरी धाम

श्री कृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्य श्री कृष्णमणिजी महाराज



शुभाशीर्वाद

परमहंस श्री १०८ युगलदासजी महाराजको दूरदर्शी सोचको फलस्वरूप विक्रम सम्वत् २०२३ साल पौष ५ गते सरकारी निकायमा दर्ता भएको नेपालको पहिलो धार्मिक संस्था **श्रीकृष्ण प्रणामी सेवा समिति, नेपालले** ५९ वर्ष पूरा गरी अब ६०औँ वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा देशैभरिबाट प्रतिनिधिहरूको उपस्थितिमा ५९औँ साधारणसभा सफलतापूर्वक आयोजन भइरहेको जान्न पाउँदा महती हर्षानुभूति भएको छ।

श्री कृष्ण प्रणामी सेवा समिति, नेपाल समग्र नेपालमा रहेका श्री कृष्ण प्रणामी समाजद्वारा निर्मित र सञ्चालित संस्थाहरूको छाता संस्थाका रूपमा समाज र संस्थाहरूलाई एकत्रित गरी निरन्तर सेवाकार्यमा समर्पित रहँदै आएको सर्वविदितै छ। संस्थाको मूल उद्देश्य धर्मको मूल मान्यतालाई मन, वचन र कर्मले आत्मसात् गर्दै आफ्नो संस्थाको विधानद्वारा निर्देशित लक्ष्य प्राप्तिका तर्फ सदा क्रियाशील रहनु हो ।

संस्थाको वर्तमान नेतृत्वले आफ्नो कार्यनीतिलाई **CTC (Commitment, Transparency, Connectivity)** अर्थात् **प्रतिबद्धता, पारदर्शिता र जनसम्पर्क** को रूपमा परिभाषित गरी कार्य गर्दै आएको छ। यसको फलस्वरूप धर्मजागरण र संस्थागत सुदृढीकरणमा प्रतिबद्धता, सम्पत्ति संरक्षण कार्य तथा समयमै लेखापरीक्षण सम्पन्न गरी पारदर्शिता कायम राख्नुका साथै सुन्दरसाथ जनसमुदायदेखि केन्द्रसम्म तहगत जनसम्पर्कलाई अवलम्बन गर्ने नीति लिइएको हुँदा त्यसको सकारात्मक परिणाम समाजले अनुभव गरिरहेको प्रतीत हुदैछ।

॥ सुख शीतल करूं संसार॥

अन्ततः यहाँ स्थित सबै सन्तगुरुजनका साथै संस्थाको फलदायी सञ्चालनमा सहभागी भई सबै स्तरमा कार्यरत रहनुभएका पदाधिकारीहरु तथा सदस्य महानुभावहरू, साधारणसभामा सहभागी हुन पाल्नुभएका प्रतिनिधिज्यूहरू सहित उपस्थित सुन्दरसाथहरू सबैमा कार्यक्रमको सफलताको मङ्गलमय शुभकामना व्यक्त गर्दै श्री कृष्ण प्रणामी धर्म श्री निजानन्द संप्रदायको आचार्यपीठ एवं प्रमुख तीर्थ धाम **श्री ५ नवतनपुरी धाम**को दिव्य शुभाशीर्वाद प्रेषित गर्दछु।

आचार्य कृष्णमणि महाराज

शुभाकांक्षी

श्री ५ नवतनपुरी धाम चौक, खंभालीया गेट, जामनगर – ३६१००१ (गुजरात) भारत | Shri 5 Navtanpuri Dham Chowk, Khambhaliya Gate, Jamnagar - 361001
0288-2672829 +91 85112 26600 www.krishnapranami.org navtanpuri@krishnapranami.org

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

0261} 2424986
2490010

Regd. No. A - 1609

Shree Pranami Mota Mandir Trust

श्री प्रणामी मोटा मन्दिर ट्रस्ट

आद्य जागनीपीठ, श्री 5 महामंगलपुरी धाम
वरियावी बाजार, सैयदवाडा, सुरत - 3.

Ref _____ Dated 27/09/2026

शुभाशीर्वाद

धर्मपरायण सुंदरसाथजी यह जानकर अपार हर्ष हो रहा है कि सद्धर्म, सत्कर्मनिष्ठ, युगपुरुष, ब्रह्मलीन परमहंस श्री 108 युगलदासजी महाराजजी के अतुलनीय कार्य के फलस्वरूप विक्रम संवत् 2023 पौष 5 के पवित्र दिवस पर नेपाल सरकार के निकाय में आधिकारिक रूप से पंजीकृत) रजिस्टर्ड (हुई नेपाल की गौरवशाली प्रथम धार्मिक संस्था 'श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल' की 59वीं वार्षिक साधारण सभा का आयोजन हो रहा है।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल नामक इस ऐतिहासिक संस्था ने संपूर्ण नेपाल में प्रणामी समाज द्वारा निर्मित एवं संचालित संस्थाओं की विगत छह दशकों से निरंतर अभिभावकीय भूमिका का निर्वहन किया है। प्रणामी समाज की एकता और धर्म-जागृति के महान कार्य को आगे बढ़ाते हुए, आध्यात्मिक एवं भौतिक उन्नति के पथ पर निरंतर अपना योगदान देकर समस्त नेपाली प्रणामी समाज की प्रतिष्ठा को नई ऊंचाइयां प्रदान की हैं।

अपने धर्म-सिद्धांतों और धार्मिक संस्कृति की गौरवशाली परंपरा के प्रति सदा प्रतिबद्धता का पालन, चरित्र एवं संस्थागत आय-व्यय में पारदर्शिता तथा जन-संपर्क की अपनी कार्यनीति बनाकर श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल का वर्तमान नेतृत्व अपना कार्य कर रहा है, यह जानकर अत्यंत प्रसन्नता की अनुभूति हुई है।

अंत में, कार्यक्रम में उपस्थित संत-महंत, गुरुजन, संस्था के विभिन्न स्तरों के पदाधिकारी, सदस्य महानुभाव, प्रतिनिधिगण एवं इस वार्षिक साधारण सभा में सहभागिता हेतु उपस्थित भक्तजन सुन्दरसाथजी—सभी को सप्रेम शुभकामनाओं के साथ आद्य जागनीपीठ श्री 5 महामंगलपुरीधाम की ओर से शुभाशीर्वाद प्रेषित करता हूँ।

शुभाकांक्षी

आचार्य सूर्यनारायणदास

आचार्य सूर्यनारायणदास

श्री 5 महामंगलपुरीधाम, सूरत

श.ह.सं. ४/०२३

"कृष्ण कृपैसर्व संसार, प्रेम हृदयमा सेवा मनका आधार"
श्रीकृष्णाय नमः
श्री मन्दिरानन्दी विजयते:

श.स.प.ह.सं. ३०२/०७७/०७८
पान सं. ३०१०४६७०६

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी मन्दिर

श्री नवतनधाम व्यवस्थापन समिति

कामेश्वरी मनोहरा-०८, ललितपुर, काठमाडौं



संचालित मन्दिर संस्थाहरु

श्री नवतनधाम,
श्रीकृष्ण प्रणामी मन्दिर
कामेश्वरी, मनोहरा, ०८
फोन नं. ०१-५१४८२२२
४८४७६४६६३३

श्री युगल स्मृति भवन,
श्रीकृष्ण प्रणामी मन्दिर
डिल्लीबजार, काठमाडौं
फोन नं. ०१-४४२१०१५

श्री प्राणनाथ सेवा आश्रम,
श्रीकृष्ण प्रणामी मन्दिर
कोटेश्वर, काठमाडौं

श्री निजानन्द आश्रम,
श्रीकृष्ण प्रणामी मन्दिर
पुल्चोक, ललितपुर
फोन नं. ०१-५५२३१२२

श्रीकृष्ण प्रणामी,
सत्सँग भवन
गोंगबु, काठमाडौं

निजानन्द पुस्तकालय,
श्री नवतनधाम, काठमाडौं

धर्मलक्ष्मी गौशाला
श्री नवतनधाम, काठमाडौं

श्री निजानन्द गुरुकुलम
(विद्यालय)
श्री नवतनधाम, काठमाडौं

शुभकामना

ब्रह्मलीन परमहंस श्री १०८ युगलदासजी महाराजजीको युगान्तकारी दूरदर्शी सोचको फलस्वरूप उहाकै सस्थापक अध्यक्षतामा आजभन्दा ६० वर्ष पूर्व स्थापना भएको श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले आफ्नो ५९ औ केन्द्रीय साधारणसभा सम्पन्न गर्न गैरहेको सु समाचार थाहा पाउदा प्रसन्नताको अनुभूति भएको छ।

नेपाली प्रणामी समाजको सस्थागत एकताको माध्यमद्वारा सकल सुन्दरसाथ जनसमुदायमा आपसी एकता, समन्वय र धर्मजागनीकार्यमा संख्यात्मक र गुणात्मक अभिवृद्धिको लागि कार्यरत एस समितिले आफ्ना तहगत समितिहरुको माध्यमबाट विकास निर्माण,आध्यात्मिक जागरणका कार्यहरुको साथै आफ्नो धर्म सिदान्त र पदीय सेवा भावमा प्रतिवद्दता,सस्थागत निर्णय र आर्थिक कारोवारमा पारदर्शिताका साथै आफ्नो सस्थागत तह र सकल सुन्दरसाथहरु संगको जनसम्पर्क लाई कार्य नीति बनाएर काम गरिरहेकोमा हार्दिक साधुवाद प्रेषित गर्दै आसन्न साधारणसभाको पूर्ण सफलताको लागि केन्द्रीय धाम श्री नवतनधामको तर्फबाट आत्मीय आशीर्वाद प्रेषित गर्दछु।

प्रेषक

श्री १०८ अमृतराज महाराज

गादिपति श्री नवतन धाम,काठमाडौं

Scanned with CamScanner

Contact Us : G-mail : shreenavatandhamskpm@gmail.com, Ph No : 01-5148222, 9847696633

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

"सुख शीतल करै संसार, प्रेम सद्भाव सेवा मजबुत आधार"

श्रीकृष्णाय नमः

श्री निजानन्दो विजयते

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी मन्दिर

श्री नवतनधाम स्वयंसेवक समिति

कागेश्वरी मनोहरा-०८, गोलबजार, काठमाडौं



संचालित मन्दिर संस्थाहरु

श्री नवतनधाम,
श्रीकृष्ण प्रणामी मन्दिर
कागेश्वरी, मनोहरा, ०८
फोन नं. ०१-५१४८२२२
५८४७६५६६३३

श्री युगल स्मृति भवन,
श्रीकृष्ण प्रणामी मन्दिर
डिल्लीबजार, काठमाडौं
फोन नं. ०१-४४२१०१५

श्री प्राणनाथ सेवा आश्रम,
श्रीकृष्ण प्रणामी मन्दिर
कोटेश्वर, काठमाडौं

श्री निजानन्द आश्रम,
श्रीकृष्ण प्रणामी मन्दिर
पुल्चोक, ललितपुर
फोन नं. ०१-५५२३१२२

श्रीकृष्ण प्रणामी,
सत्सँग भवन
गोंगबु, काठमाडौं

निजानन्द पुस्तकालय,
श्री नवतनधाम, काठमाडौं

धर्मलक्ष्मी गौशाला
श्री नवतमधाम, काठमाडौं

श्री निजानन्द गुरुकुलम
(विद्यालय)
श्री नवतमधाम, काठमाडौं

शुभकामना

धर्म,प्रेम,एकता र मानवसेवाको पवित्र आदर्शलाई आत्मसात् गर्दै आध्यात्मिक एवं सामाजिक चेतनाको अभिवृद्धिमा समर्पित श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको ५९ औ साधारणसभाको पुर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

यस पुनित सभाले संगठनात्मक एकतालाई थप सुदृढ गर्दै धार्मिक,आध्यात्मिक तथा सेवामूलक अभियानलाई नयाँ उँचाई प्रदान गरोस् र समाजको समुन्नति एवं मानवकल्याणको मार्ग प्रशस्त गरोस । श्री नवतनधामको तर्फबाट साधारणसभाको उत्तरोत्तर सफलता एवं समस्त सहभागि महानुभावहरुको सुख ,शान्ति ,समृद्धिको कामनासहित आत्यिम आशीर्वाद प्रेषित गर्दछु । प्रेम प्रणाम ॥

प्रेषक

स्वामी श्री १०८ पुरुषोत्तमजी महाराज
महन्त - श्री नवतन धाम,काठमाडौं
मिति २०८३ असोज १८ गते

Scanned with CamScanner

Contact Us : G-mail : shreenavatandhamskpm@gmail.com , Ph No : 01-5148222, 9847696633

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
५९ औ केन्द्रिय वार्षिक साधारणसभामा अध्यक्षको मन्तव्य

१. ह्दयधाममा विराजमान आराध्य अनादि अक्षरातीत श्रीकृष्ण-राधा, श्रीराज श्यामाजीको श्रीचरणको स्मरणका साथ आध्य सतगुरु धनी श्री देवचन्द्रजी महाराज तथा महामति श्री प्राणनाथजी महाराज प्रति श्रद्धा अर्पण गर्दै, श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका प्रमुख संरक्षक परम आदरणीय श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्यश्री कृष्णमणिजी महाराजज्यू, संस्थापक अध्यक्ष ब्रह्मलीन परमहँस श्री १०८ युगलदासजी महाराज एव ब्रह्मलीन परमहंस श्री १०८ मंगलदासजी महाराज प्रति सादरप्रेम प्रणाम सहित संम्मान अर्पणका साथ परम आदरणीय श्री १०८ महाराजजीहरू,धर्म प्रचारक सन्त गुरुजनहरू,आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, केन्द्रीय पदाधिकारीज्यूहरू, सम्रक्षक परिषद सचिवालय संयोजक ज्यु , सल्लहकार समिति संयोजकज्यु , प्रदेश समन्वय समिति, जिल्ला समिति ,इकाई समितिका प्रतिनिधिज्यूहरू, भ्रातृ, भगिनी संस्थाका अध्यक्ष एव पतिनिधिज्यूहरू, विभागीय संयोजकज्युहरु, संस्थागत सदस्य संस्थाका प्रतिनिधिज्यूहरू, आमन्त्रित महानुभावहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक प्रेम प्रणामको अभिवादन सहित एस गरिमामय ५९ औ साधारणसभामा हार्दिक स्वागत गर्दछु ।

२. यहाँहरु समक्ष अध्यक्षको हैसियतले संस्थाको विगत वर्षको कार्यसम्पादन, उपलब्धि, संस्थागत गतिविधि, आर्थिक तथा प्रशासनिक अनुशासन, आगामी कार्यदिशा तथा हाम्रो सामूहिक जिम्मेवारीका विषयमा आफ्ना विचार राख्न पाउँदा म अत्यन्त हर्षित एवं गौरवान्वित भएको छु। सस्थाको उन्नयनको लागि यहाहरुले गर्नभएको योगदानको कदर गर्दै आजको एस घडीमा आपसी सद्भाव, आत्मबोध, मानवता तथा विश्वकल्याणको आदर्शलाई व्यवहारमा उतार्दै धार्मिक चेतना र सामाजिक सेवा मार्फत समाजमा सकारात्मक योगदान पुऱ्याउनु नै हाम्रो मूल उद्देश्य हो भन्नुमा अतिसयोक्ति नहोला ।

आदरणीय महानुभावहरू,

३.श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको स्थापना र संस्थागत यात्राको जग निर्माण गर्नहुने संस्थापक अध्यक्ष, परमहंस ब्रह्मलीन श्री १०८ युगल दासजी महाराजप्रति यस अवसरमा सम्पूर्ण नेपाली प्रणामी समाजको तर्फबाट हार्दिक श्रद्धा, सम्मान तथा कृतज्ञता अर्पण गर्दछौं। उहाँको त्याग, तपस्या, साधना, दूरदृष्टि, धार्मिक निष्ठा तथा संगठन निर्माणप्रतिको समर्पणले नै यस संस्थाको आधारशिला निर्माण भएको हो। उहाँले देखाउनुभएको धार्मिक आदर्श, सामाजिक सेवाभाव, अनुशासन र संस्थाप्रतिको समर्पण आज पनि हामी सबैका लागि प्रेरणाको स्रोत बनेको छ।उहाँले स्थापना गर्नभएको यस संस्थाको मूल उद्देश्य, अनुशासन र मर्यादामा रही संस्थागत सेवाभाव लाई चरितार्थ गर्न हामी सबैको साझा दायित्व हो ।

४.सस्थाको उन्नयनमा सदा प्रेरणा प्रदान गर्नहुने श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका प्रमुख संरक्षक, परम आदरणीय, परम वन्दनीय श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्यश्री कृष्णमणिजी महाराजज्यूप्रति हार्दिक श्रद्धा, सम्मान तथा कृतज्ञता व्यक्त गर्दछौं। उहाँको आशीर्वाद, मार्गदर्शन तथा संस्थागत निर्देशनको पालना गर्न हाम्रो वैधानिक प्रमुख कर्तव्य हो।

५. त्यसैगरी हामीले धर्म सभा एव सम्रक्षक परिषदबाट प्राप्त निर्णय र आदेशको पालनाका साथ परम आदरणीय श्री १०८ महाराजजीहरूबाट प्राप्त हुने आज्ञा, निर्देशन तथा आशीर्वचनलाई आफ्नो मार्गचित्रका रूपमा ग्रहण गरी संस्थाका गतिविधिहरू सञ्चालन गर्दै आएका छौं। हाम्रो विश्वास छ–गुरुजनको मार्गदर्शनले हाम्रो आध्यात्मिक यात्रालाई दिशा प्रदान गर्छ भने संस्थागत अनुशासनले हाम्रो संगठनात्मक यात्रालाई व्यवस्थित बनाउँछ। धर्मको आदर्शलाई आधार र संस्थागत अनुशासनलाई कार्यपद्धति बनाएर अघि बढ्नु हाम्रो साझा प्रतिबद्धता हो। बर्तमानमा आबद्ध विशाल संगठनात्मक संरचना हाम्रो महत्वपूर्ण महत्वपूर्ण निधि हुन्।

७. नेपालको परिप्रेक्ष्यमा आज भन्दा ६० बर्ष अघि स्थापित सबै भन्दा पुरानो इतिहास बोकेको श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले प्रणामी समाजको छाता सस्थाको हैसियतमा देशका विभिन्न भूभागमा संचालनमा रहेका प्रणामी समाजद्वारा स्थापित सस्थाहरुलाई एउटै संस्थागत भावनामा जोड्दै धार्मिक, सामाजिक, सांस्कृतिक तथा सेवामूलक गतिविधिलाई व्यवस्थित रूपमा अघि बढाउनु हाम्रो दायित्व हुने भएकोले सस्थागत सदस्यमा आबद्ध हुन हामि सम्बन्धित सबै लाइ

पुनःआव्हान गर्दछौं । सकल प्रणामी समाजलाई एकताबद्ध गराई अझ सुदृढ, अनुशासित, पारदर्शी, गतिशील र प्रभावकारी संगठन निर्माण गर्नं हामी सबैको साझा जिम्मेवारी हो ।

८.हाम्रो संगठनात्मक यात्रामा नेपाल श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल हाम्रो महत्वपूर्ण भ्रातृ संस्था एव सस्थागत सदस्य हो।यो सस्थाले युवा पुस्तामा धार्मिक चेतना, संस्कार, नेतृत्व क्षमता, सामाजिक सेवा तथा रचनात्मक गतिविधिको विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।त्यसैगरी श्रीकृष्ण प्रणामी बाइज्युराज महिला समिति हाम्रो अभिन्न भगिनी संस्था हो। एस सस्थाले बृद्ध बृद्धाहरुको सेवा,बालबालिकाको शिक्षा र सस्कारको लागि बिबिध सेवाकीय कार्यको साथमा आध्यात्मिक र सामाजिक सेवा गर्दै महिला शक्तिको धार्मिक, सामाजिक र सेवामूलक सहभागितालाई संस्थागत रूपमा अघि बढाउन महत्वपूर्ण भूमिका निर्वहन गरिरहेको छ ।

९.संस्थाको कार्यसम्पादनलाई थप व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यले हामीले CTC — Commitment, Transparency and Connectivity, अर्थात् प्रतिबद्धता, पारदर्शिता र जनसम्पर्क जस्तो बिश्वब्यापी मान्यतालाई संस्थाको कार्यनीतिको महत्वपूर्ण आधारका रूपमा आत्मसात गरेका छौं। हाम्रो विश्वास छ– "प्रतिबद्धताले संस्थालाई चलायमान बनाउदछ , पारदर्शिताले आपसी विश्वास निर्माण गर्छ र जनसम्पर्कले संगठनलाई मजबुत आधारमा जोडिराख्दछ ।" त्यसैले CTC हाम्रो नारा मात्र होइन, संस्थाको कार्यसम्पादनको आधार बन्नुपर्छ भन्ने हाम्रो धारणा रहेको छ।

१०.कुनै पनि संस्था बलियो र विश्वसनीय बन्नका लागि संस्थागत अनुशासन अत्यन्त आवश्यक हुन्छ। सस्था भावनामा द्रविभूत भएर होइन सस्थाको बिधि बिधान र निर्णय बाट संचालन हुनु पर्दछ भन्ने नीति प्रति हामि सजग हौ र हुनु पर्दछ, तसर्थ समितिका केन्द्र देखि इकाई सम्मका तहले बिधान र नियमावली प्रदत्त काम कर्तव्य र अधिकारको सिमा भित्र रहेर आफ्नो गतिबिधि संचालन गर्नं पर्दछ । यसै सन्दर्भमा , तोकिएको समयमा आफ्नो वार्षिक साधारणसभा सम्पन्न गरी वार्षिक तथा आर्थिक प्रतिवेदन केन्द्रमा उपलब्ध गराउनुहुने सम्पूर्ण इकाई समिति, जिल्ला समिति तथा प्रदेश समन्वय समितिहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ एस कार्यमा आफ्नो प्रतिबद्धता अनुसार योगदान गर्नंहुने सम्पूर्ण तहगत पदाधिकारी महानुभावहरु तथा विभागीय प्रमुखज्यूहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस कार्यले हाम्रो संगठनमा संस्थागत अनुशासन, उत्तरदायित्व र जवाफदेहिताको संस्कार क्रमशः सुदृढ हुँदै गएको देखाउँछ।

११.यस वर्ष संस्थाले संगठनलाई थप सुदृढ बनाउने तथा आर्थिक अनुशासनलाई प्रभावकारी बनाउने उद्देश्यले देशभरका १७ स्थानमा संगठन सुदृढीकरण तथा आर्थिक अनुशासन अभिवृद्धि तालिम सञ्चालन गरेको छ। यस महत्वपूर्ण कार्यक्रमको योजना, समन्वय र कार्यान्वयनमा विशेष भूमिका निर्वाह गर्नंहुने संगठन तथा प्रशासन विभागका प्रमुख नन्दकिशोर शर्मा, सम्पूर्ण प्रशिक्षक, पदाधिकारी तथा सहभागी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

१२.संस्थाको आर्थिक पारदर्शिता र विश्वसनीयता कायम गर्नं हाम्रो महत्वपूर्ण दायित्व हो।यस वर्ष संस्थाको बाह्य लेखापरीक्षण कार्य समयमै सम्पन्न गर्न सहयोग गर्नंहुने श्री आई.पी. मैनाली एण्ड एसोसियट्स प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।लेखापरीक्षणका लागि आवश्यक कागजात, विवरण तथा सूचना समयमै उपलब्ध गराई लेखापरीक्षण कार्य सम्पन्न गर्न सहयोग गर्नंहुने सम्पूर्ण पदाधिकारी, सदस्य तथा सम्बन्धित महानुभावहरू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु।विशेषगरी संस्थाको कार्यालय सञ्चालन, प्रशासनिक समन्वय, अभिलेख व्यवस्थापन तथा आवश्यक विवरण र प्रतिवेदन तयार गर्ने कार्यमा निरन्तर सहयोग पुऱ्याउनुहुने कार्यालय सचिव श्री पुष्पराज घिमिरेजी प्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

१३.सहयोगी दाताहरुका साथै संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्राप्त सहयोगबाट सञ्चालन हुने विकास निर्माण तथा सामाजिक विकासका विभिन्न कार्यहरूमा संस्थाले उल्लेखनीय उपलब्धि हासिल गरको छ। त्यसैले आगामी दिनमा पनि संस्थाले आफ्नो धार्मिक तथा सामाजिक कार्यको पहिचान कायम राख्दै मानवीय सेवा तथा समुदायको हितमा सम्बन्धित सरकारी निकाय र दाताहरु सँग आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ।

आदरणीय सहभागी महानुभावहरू,

१४.हामीले प्राप्त गरेका उपलब्धि कुनै एक व्यक्ति वा कुनै एउटा समितिको उपलब्धि होइनायो सम्पूर्ण प्रणामी समाजको सामूहिक प्रयास, विश्वास, सहयोग, त्याग र सहभागिताको परिणाम हो। केन्द्रीय अध्यक्ष देखि इकाई समितिको पदाधिकार ीसम्म, विभागीय प्रमुखदेखि साधारण सदस्यसम्म, सबैको क्रियाशील भूमिका संस्थाको सफलतामा महत्वपूर्ण हुन्छ। त्यसैले

हामी सबैले–"म" होइन "हामी" - "मेरो संस्था" होइन "हाम्रो साझा संस्था" भन्ने भावनालाई अझ बलियो बनाउनु पर्दछ । आगामी दिनमा हाम्रो मुख्य प्राथमिकता संस्थाको संगठनात्मक संरचनालाई थप व्यवस्थित बनाउनु, सबै तहका समितिलाई सक्रिय र उत्तरदायी बनाउनु, आर्थिक अनुशासनलाई अझ सुदृढ गर्नु तथा धार्मिक र सामाजिक सेवाका गतिविधिलाई विस्तार गर्नु हुनेछ ।

१५.हाम्रो संगठन जति ठूलो हुँदै जान्छ, त्यति नै एकता, अनुशासन, समन्वय, सहकार्य र पारस्परिक सम्मानको आवश्यकता बढ्दै जान्छ। हाम्रा विचार, अनुभव र कार्यशैलीमा विविधता हुन सक्छ। तर हाम्रो साझा लक्ष्य एउटै हो– आत्माको जागनी , धर्मको गरिमा, संस्थाको विकास, समाज सेवा र मानव कल्याण। आगामी दिनमा पनि सेवा समितिको सहकार्यमा युवा तथा महिलाको नेतृत्व क्षमता विकास र संस्थागत सहभागितालाई थप प्रभावकारी बनाउँदै लगिनेमा हामि प्रतिबद्द छौ । वेदको महत्वपूर्ण उक्ति " संघ शक्ति कलियुगे " लाई आत्मसात गर्नु आजको अपरिहार्य आवस्यकता हो, त्यसैले व्याक्तिगत मतभिन्नतालाई संस्थागत एकताको बाधक नबनाई संवाद, सहमति, सहकार्य र संस्थागत विधिबाट समस्याको समाधान गर्ने संस्कारलाई अझ बलियो बनाउनु पर्दछ भन्ने हाम्रो धारणामा समाहित हुन आव्हान गर्दछौ । हामीले विधानको आवस्यक संसोधन,नियमावली निर्माण,कार्यविधि र निर्देशिकाको निर्माण गरि पारित समेत गरि सकिएकोमा तेसलाई कार्यान्वयनमा लैजान अपरिहार्य भएकोले बाकि अवधिमा तेसलाई तदारुकताका साथ कार्यन्वयन तहमा लाने चुनौती र अवसरलाई सबैले आत्मसात गर्नु पर्ने भएको छ । पद अधिकार भन्दा बढी जिम्मेवारी हो, नेतृत्व सुविधा भन्दा बढी सेवा हो र संस्था व्यक्ति भन्दा माथि हुन्छ भन्ने धारणामा सेवा समिति अविचल रहेकोमा कुनै संदेह नभएकोले यस भावनालाई आत्मसात् गर्दै हामी सबै अघि बढ्नुपर्दछ।

आदरणीय पतिनिधि महानुभावहरु,

१६.आज हामी एउटा वार्षिक साधारणसभा सम्पन्न गरिरहेका मात्र छैनौं; हामीले विगत वर्षको कार्यको समीक्षा गर्दै आगामी यात्राको दिशा पनि निर्धारण गरिरहेका छौं।हाम्रो अगाडि ठूलो संगठन छ, ठूलो जिम्मेवारी छ र त्यत्तिकै ठूलो सम्भावना पनि छ। हाम्रो संगठनात्मक एकता अझ मजबुत बनोस्, धार्मिक चेतना अझ गहिरो बनोस्, सामाजिक सेवा अझ व्यापक बनोस् र श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले प्रणामी धर्मको उन्नयन,राष्ट्र, समाज तथा मानवकल्याणकारी कार्यमा अझ प्रभावकारी योगदान पुऱ्याउन सकोस्–यही नै म पवित्र कामना गर्दछु।

१७.अन्त्यमा, यस ५९ औ वार्षिक साधारणसभालाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरू र बिशेष गरि साधारणसभा सभाको लागि स्थान , आवास र भोजनको उचित प्रबन्ध गरिदिनुहुने श्रीकृष्ण प्रणामी मन्दिर, सिमरा औराह इकाई समिति, बारा पर्सा संयुक्त जिल्ला समितिका अध्यक्ष एव पदाधिकारी सबै प्रति आभार व्यक्त गर्दै धन्यबाद प्रणाम प्रेषित गर्दछु ।

१८.अनादि अक्षरातीत श्रीराज श्यामाजीको कृपा, सन्त गुरुजनको आशीर्वाद र भक्तजन सुन्दरसाथजीहरुको सद्भाव हामी सबैमा सदैव रहिरहोस्।

१९.सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःखभाग्भवेत् ।

२०॥ कृष्णाय वासुदेवाय हरये परमात्मने,प्रणतः क्लेशनाशाय गोविंदाय नमो नमः॥

॥प्रेम प्रणाम॥

श्यामकृष्ण शर्मा
केन्द्रीय अध्यक्ष, श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
मिति २०८३ आश्विन १८ गते- सिमरा, बारा

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

५९औं वार्षिक साधारणसभामा केन्द्रीय समितिको तर्फबाट महासचिवद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन-२०८२।०८३

परब्रम परमात्माको चरणलाई स्मरण गर्दै श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको ५९ औ साधारणसभा सभालाई सभापतित्व गरिरहनु भएका केन्द्रीय अध्यक्ष श्री श्यामकृष्ण शर्माज्यु ।
प्रमुख अतिथि, अतिथि,गुरुजनहरु,केन्द्रीय समितिका पदाधिकारी सदस्यज्युहरु तथा केन्द्रीय प्रतिनिधिज्युहरु सबैमा सादर प्रेम प्रणामको अभिवादन गर्दछु ।

परमहंस ब्रम्हलिन श्री १०८ श्रीयूगलदासजी महाराजको परिकल्पना र सस्थापक अध्यक्षतामा वि.सं. २०२३ सालमा स्थापना भएको श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको गौरवमय ५९ वर्षको अवधिमा श्रीकृष्ण प्रणामी समाजको छाता संस्थाको रुपमा अविछिन्न संस्थागत कार्यगर्दै आइरहेको सबैमा विदित नै छ ।

मिति २०८१ आश्विन १४ गते सम्पन्न ५७ औ वार्षिक साधारणसभा तथा २१औं महाधिवेशनबाट गठित श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय समितिको दोश्रो वर्षमा सम्पन्न भएका कार्यहरूको प्रगति प्रतिवेदन २०८३ यस सम्मानित केन्द्रीय साधारणसभामा केन्द्रिय महासचिवको हैसियतले प्रस्तुत गर्न गइरहेकोछु ।

आदरणीय प्रतिनिधिज्युहरू,

सर्वप्रथम म गत ५८ औ साधारणसभाले पारित गरेका कार्य योजनाहरुको बारेमा संक्षेपमा विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

(१) प्रशिक्षण कार्यक्रम सम्पन्न

लेखा तथा आर्थिक प्रशासन सम्बन्धी दक्षजनशक्ति तयार गर्न जिल्लामा प्रशिक्षण सञ्चालन गर्ने ०५८ औ साधारण सभाको कार्ययोजना पारित भए अनुसार यो वर्ष संगठन तथा प्रसाशन विभागबाट विभिन्न जिल्लाहरुको १७ स्थानमा प्रशिक्षण सम्पन्न गरिएका छन, जसको विस्तृत जानकारी संगठन विभागको प्रतिवेदनमा उल्लेख गरिएको जानकारी गराउँदछु ।

(२) नियमित सस्थागत कार्यहरुलाई निरन्तरता

सस्थाले बिकास निर्माण एव धार्मिक, सामाजिक तथा सांगठनिक कार्यलाई निरन्तता दिएको छ जस्को विवरण महासचिवको कार्यप्रगतीमा उल्लेख गरिएका छन् ।

(३) विभागहरुलाई सहज तथा उत्साहपुर्ण कार्य गर्ने वातावरण वनाउने

सेवा समितिको उल्लेखनिय प्रगतीमा विभाग,उपसमितहरु तथा विभिन्न समितिहरुको महत्वपुर्ण योगदान हुन्छ । सेवा समिति अन्तरगत रहेका केहि विभाग तथा प्रदेश समन्वय समितिबाट आर्थिक व्यवस्थापन तथा पदिय जिम्मेवारीको सहजीकरण होस भनि माग आएकोमा बैधानिक जटिलताका कारण कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ । यस समस्यालाइ आगामी वर्षमा सहजीकरण गर्ने तर्फ प्रयास गरिने छ ।

(४) धर्मप्रचारक गुरुजनहरुको स्वास्थ तथा दुर्घटना विमा गराउने

श्रीकृष्ण प्रणामी धर्ममा आवद्ध धर्मप्रचारक गुरुजनहरुलाइ सेवा समिति अन्तरगत संगठित गरि उहाँहरुको हरुको स्वस्थ्य र दुर्घटना वीमा गर्ने कार्ययोजना तयार गर्ने निर्णय भएकोमा उहाँहरुसंग निरन्तर सम्वाद भैरहेको र सो कार्य प्रारम्भ गर्नका लागी विमा सम्बन्धी कार्यदल बनाई प्रतिवेदन समेत प्राप्त भएकोमा थप अध्ययन गरि कार्य अगाडी बढेको जानकारी गराउँदछु ।

(५) केन्द्रिय कोष बृद्धि तथा प्रणामी जनगणना गर्ने

केन्द्रिय कोष प्रवर्धन विभागबाट केन्द्रिय कोष बृद्धि गर्न बैक खाता तथा केहि आवश्यक माग सहित कार्ययोजनाको प्रतिवेदन प्राप्त भएकोमा बैधानिक जटिलताका कारण कार्य उल्लेनियरुपमा अगाडी बड्न सकेको छैन । आगामी वर्षमा यस

विषयलाई समाधान गर्ने पहल हुनेछ। साथै प्रणामी समाजको जनगणना पनि केन्द्रियकोष संकलन सगै प्रणामी जनगणना सम्बन्धमा साधारण सभाको सुझाव अनुसार कार्य अगाडी बढ्ने जानकारी गराउँदछु ।

(६) योगध्यान प्राणायाम कार्यक्रम संचालन

श्रीकृष्ण प्रणामी मन्दिरहरुमा जिल्ला तथा इकाई समितिको पहलमा र योगध्यान तथा चितवनी विभागको समन्वयमा संचालन गराउने कार्ययोजना अनुसार सबै जिल्ला समितिहरुमा पत्राचार गरिएको र केहि इकाई समितिहरुमा योगध्यान संचालन भैरहेको जानकारी गराउदै अझ व्यवस्थित गर्नं पर्ने भएकोले योगध्यान तथा चितवनी विभागलाई आगामी दिनमा सबै इकाई समितिमा एकरुपता सहित थप कार्यगर्न प्रोत्साहित गरिने छ।

(७) श्रीकृष्ण प्रणामी मिडियालाई ब्यापकता गराउने

श्रीकृष्ण प्रणामी मिडियालाई सहजताको वातावरण बनाई प्रचार प्रसारमा थपकार्य गने सम्बन्धमा केहि प्रगती भएतापनि उल्लेखनिय प्रगती हुन सकेको छैन । अहिलेको अति आवश्यक तथा महत्वपुर्ण कार्य हुँदा हुदै पनि सस्थागतरुपमा जती प्रोत्साहित तथा सहयोग हुनुपर्ने सो हुन नसकेकोले यस वर्ष प्रचार प्रसार विभागको कार्ययोजनालाई सबैको सहयोगमा उल्लेखनिय हुने विश्वास गरिएको छ । २०८३ सालमा भएका ठुला धार्मिक कार्यक्रमहरुमा प्रणामी संचारबाट मिडिया सम्वन्धी कार्यमा उल्लेखनिय योगदान गरेको,स्टुडियोबाट महाराजजीहरुको प्रवचन रेकर्ड गरी प्रशारण गरिएको,परंहस श्री १०८यूगलदाश महाराजजीको जिवनी बृतचित्रलाई पुन संपादन गरि प्रशारणका लागी तयारी गरिएको,स्टुडियोका लागी आवश्यक उपकरणहरुको व्यवस्था गरिएको छ । यसैगरि प्रणामी संचारलाई सेवा समिति,यूवा परिषद तथा वाइजुराज महिला समिति तिनैवटा समितिको आधिकारिक साझा मिडिया बनाउने कार्यादेशमा सहमति भई कार्य संचालनमा आएको जानकारी गराउँदछु ।

(८) विनियम,निर्देशिका,कार्यपत्र संसोधन

समयानुकुल तथा आश्यकता अनुसार कार्यविधि,नियमावली,निर्देशिका, संसोधन गरि प्रकाशित गर्ने निर्णय भएकोमा केहि कार्यविधि,नियमावली,निर्देशिका, संसोधन भै कार्यान्वयनमा समेत आइसकेको साथै थप सुझावहरु प्राप्त भएको कार्यविधि,नियमावली,निर्देशिका र केहि नयां निर्देशिका तथा कार्यपत्र सम्बन्धमा सुझाव आइरकेकोले सबै सुझावहरुलाई संगठन विभागबाट एकिकृत गरि आगामी बैठकमा प्रस्तुत गरि निर्णय पश्यात छपाई गरिने जानकारी गराउँदछु ।

उपस्थित केन्द्रीय सभासदज्युहरू,

अब म ५८औं वार्षिक साधारणसभा पछिका कार्य प्रगति यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । २०८२ असोज देखी २०८३ असोज सम्ममा ५ वटा पूर्ण बैठक ६ वटा सचिवालय समिति बैठक सम्पन्न भएका छन् । सबै बैठकहरू पर्याप्त गणपुरक संख्याबाट हरेक निर्णयहरू सर्वसम्मत पारित भएको जानकारी गराउँदछु । यस्का अतिरिक्त विभिन्न उपसमितिका बैठक, संयुक्त भेला कार्यक्रमहरू सहज वातावरणमा सम्पन्न भएका छन् ।

समितिका बैठकहरूमा भएका निर्णयहरूका आधारमा सम्पन्न गरिएका कार्यहरूको प्रगति, केन्द्रीय सचिवालयमा प्राप्त भएका विवरणका आधारमा जिल्ला समितिहरू, भातृ भगिनी संस्था र संस्थागत सदस्य संस्थाहरूले गरेका उल्लेख्य कार्यहरूको प्रगति विवरण समेत प्रस्तुत गर्दछु ।

क) धार्मिक क्रियाकलाप

१.यस वर्ष सम्पन्न सेवा समितिको प्रत्यक्ष सहभागीतामा सम्पन्न धार्मिक अनुष्ठानहरू निम्नलिखित रहेका छन् ।

(क) श्रीकृष्ण प्रणामी मन्दिर,श्यामनगर बुढौली, चितवनको नवनिर्मित श्रीकृष्ण प्रणामी मन्दिर भवनको समुद्घाटन, सेवा पुजा पधरावनी तथा कलश अनावरणको उपलक्ष्यमा २०८२ मंसिर ३ गतेदेखि ९ गतेसम्म आयोजित १०८ श्रीमत्तारतमसागर पाठपारायण कार्यक्रम भव्यतापूर्वक सम्पन्न भएको थियो । सो कार्यक्रममा श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्यश्री कृष्णमणिजी महाराज एवम् आचार्यश्री सूर्यनारायण दासजी महाराजको उपस्थिति रही आशिर्वचन प्रदान भएको थियो । उक्त अवसरमा धर्मधाम जिरौनामा सम्रक्षक परिषद्को छैठौ बैठक समेत सम्पन्न भै निर्णय र निर्देशन प्राप्त भएको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,श्रीकृष्ण प्रणामी मन्दिर,निजगढ,बारा इकाईमा १०८ श्रीमत्तारतमसागर पाठपारायण एवम् कलश अनावरण महोत्सव २०८२ माघ २१ शुरुगरी २७ गते सम्पन्न गरेकोछ । यस कार्यक्रममा श्रीकृष्ण प्रणामी धर्मका धर्माचार्य अनन्तश्री विभूषित कृष्णमणिजी महाराजजीको समूपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रमलाई महाराजश्रीबाट आशिर्वचन प्रदान गर्नभएको थियो । सन्त गुरुजनहरूको समागमका साथै देशभरिका सुन्दरसाथहरूको विशेष जमघटले कार्यक्रम पूर्णरूपमा सफल भएको थियो ।

यसैगरी श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,शान्तिनगर,रौतहट इकाईमा पनि १०८ श्रीमत्तारतमसागर पाठपारायण एवम् कलश अनावरण महोत्सव २०८२ फागुन ३ गते शुरुगरी ९ गते सम्पन्न गरेको छ । यस कार्यक्रममा श्रीकृष्ण प्रणामी धर्मका धर्माचार्य अनन्तश्री विभूषित सुर्यनारायण दाश महाराजजीको समूपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रमलाई महाराजश्रीबाट प्रविधिको माध्यमबाट आशिर्वचन प्रदान गर्नभएको थियो । सन्त गुरुजनरूको समागमका साथै देशभरिका सुन्दरसाथहरूको विशेष जमघटले कार्यक्रम पूर्णरूपमा सफल भएको थियो ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,श्रीकृष्ण प्रणामी संरक्षण सेवा समिति,सलकपुर,मोरङले राष्ट्रिय स्तरीय १०८ श्री मत्तारतमसागर पाठपारायण एवम् कलश अनावरण महोत्सव-२०८३ वैशाख १ गते शुरुगरी ७ गते सम्पन्न गरेको छ । श्रीकृष्ण प्रणामी धर्मका धर्माचार्य अनन्तश्री विभूषित कृष्णमणिजी महाराजजीको समूपस्थिति रहेको यस कार्यक्रममा निजान्द गुरुकुलम र धर्म स्थम्भ समुद्घाटन भयको थियो । उद्घाटन कार्यक्रमलाई महाराजश्रीबाट आशिर्वचन प्रदान गर्नभएको थियो । सन्त गुरुजनहरूको समागमका साथै देश विदेशका हजारौ सुन्दरसाथहरूको विशेष जमघटले कार्यक्रम पूर्णरूपमा सफल भएको थियो ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल प्रत्यक्षरुपमा संलग्न भएका ठुला अनुष्ठान पारायणहरु सफल गराउन प्रत्यक्ष तथा परोक्षरुपमा रहेर व्यवस्थापनको कार्यमा अतुलनिय सेवा पुर्याउन भई पारायणलाई सफल गराउनु हुने गरुजन,धर्म प्रचारक आयोजक समिति तथा सवै स्थानिय समितिहरु प्रति केन्द्रिय समितिको तर्फबाट धन्यबादका साथ आभार व्यक्त गर्दछु ।

(ख) केन्द्रीय धाम श्री नवतनधामको ३२औं वार्षिक उत्सवको उपलक्ष्यमा मिति २०८२ चैत्र १० गते देखि १६ गतेसम्म १०८ श्रीमत्तारतमसागर पाठपारायणका साथ विशिष्ट धार्मिक अनुष्ठान कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो । पारायणको विवरण श्रीनवतनधामको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

(ग)श्री नवतनधाम लगायत विभिन्न मन्दिरहरूमा श्रीकृष्ण प्राकट्य महोत्सव भव्यरुपमा सम्पन्न भयो । यस वर्षको श्रीकृष्ण प्राकट्य महोत्सव श्री नवतनधामा विशेष रुपमा सम्पन्न भयो । विहान ३:३० बजे देखि भक्तजनहरू बेलुका ८ बजे सम्म अटुट दर्शनार्थी लाइनमा बसेर दर्शन गर्नभएको थियो । करिब ३ लाख भक्तजनहरुको उपस्थिति रहेको अनुमान गरिएको छ । श्री सदानन्द च्यारिटेवल ट्रष्टबाट प्रसाद वितरणको व्यवस्था गरिएको थियो । यसैगरी श्री राधा अष्टमी, सद्गुरु श्री देवचन्द्रजी प्राकट्य महोत्सव, श्री प्राणनाथजी प्राकटय महोत्सव, एवम् अन्य तिथी मेला पर्वहरू सम्पन्न भएका छन् ।

(घ)यसैगरी विभिन्न मन्दिरका वार्षिक उत्सव कार्यक्रमहरू तथा धार्मिक एवम् सामाजिक कार्यक्रमहरू भव्यरुपमा आयोजना गरी सम्पन्न गरिएको जानकारी प्राप्त भएको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,ढुंखर्क,काभ्रेपलाञ्चोक इकाईले १०८ श्रीमत्तारतमसागर पाठपारायण एवम् कलश अनावरण महोत्सव २०८२ चैत्र २७ शुरु गरी २०८३ बैशाख ३ गते सम्पन्न गरेको छ । यस कार्यक्रममा श्रीकृष्ण प्रणामी धर्मका धर्माचार्य अनन्तश्री विभूषित कृष्णमणिजी महाराजजीको समूपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रमलाई महाराजश्रीबाट आशिर्वचन प्रदान गर्नभएको थियो । सन्त गुरुजनहरूको समागमका साथै देशभरिका सुन्दरसाथहरूको विशेष जमघटले कार्यक्रम पूर्णरूपमा सफल भएको थियो ।

२. गुरु पूर्णिमा महोत्सवः

सेवा समितिका संस्थापक अध्यक्ष, ऐतिहासिक महापुरुष ब्रह्मलीन परमहंस श्री १०८ युगलदासजी महाराजजीको स्मृतिमा निर्मित युगलपार्क,शंखमूल,काठमाण्डौमा रहेको समाधी स्थलमा गुरु पुजन गरिको थियो । सोही दिन श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु कृष्णमणिजी महाराजश्रीबाट श्रीनवतनधाममा उपस्थित सबै सुन्दरसाथहरूलाई

Online मार्फत आशीर्वचन प्रदान भएको थियो ।

३.श्रीमद्बीतक, श्रीकृष्ण कथा

यस वर्ष २०८३ को श्रीमदबवीतक चर्चा एवम् श्रीकृष्ण कथा कार्यक्रम वि.सं. २०८३ श्रावण १८ गतेबाट शुरु भई भाद्र १८ गते सम्पन्न भएको छ । केन्दीयधाम श्रीनवतनधाममा गादिपति श्री १०८ अमृतराजजी महाराजको सानिध्यमा श्रीनवतनधामका महन्त श्री १०८ पुरुषोत्तमजी महाराजबाट एक महिनाव्यापी अमृतगाथा श्रीमद्बीतक चर्चा एवम् श्रीकृष्ण कथा प्रवचन भएको थियो ।

श्रीकृष्ण प्रणामी मन्दिर,श्रीनवतनधामका गादीपति महाराज तथा महन्त महाराजजीको निर्देशानुसार यस वर्ष २०८३ सालको श्रीमद्बीतक प्रवचनलाई शिष्ट,परिष्कृत तथा मर्यादित बनाउने उद्धेश्यले मिति २०८३ श्रावण १७ गते श्रीनवतनधाम काठमाण्डौमा काठमाण्डौ,ललितपुर,भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाका बीतक चर्चाकार गुरुजीहरू तथा मन्दिर इकाई समितिका पदाधिकारीहरूलाई श्रीनवतनधामका महन्त स्वामी श्री १०८ पुरुषोत्तमजी महाराजबाट आवश्यक निर्देशन प्रदान गरिएको थियो । सो अवसरमा श्री १०८ सुरेन्द्रजी महाराज,केन्द्रीय समितिका काठमाण्डौ उपत्यकामा रहनुभएका पदाधिकारी सदस्यज्यूहरू,श्रीनवतनधाम व्यवस्थापन समितिका पदाधिकारी सदस्यज्यूहरूको समेत गरिमापूर्ण उपस्थिति रहेको थियो ।

देशका १७० भन्दा बढी मन्दिरहरू तथा सत्संग समितिहरूमा ७ दिन, १५ दिन र एक महिना व्यापी श्रीमद्वीतक चर्चा कार्यक्रम राखिएको थियो । साथै, यस वर्षपनि धर्म प्रवर्धन,प्रचार प्रसार तथा प्रचारक व्यवस्थापन विभागको समन्वय तथा केन्द्रिय अध्यक्ष श्रीश्याम कृष्ण शर्माको संयोजकत्वमा देशभरिका मन्दिरमा कथा प्रवचन गर्ने सन्त, गुरुजन, पंडित एवम् धर्मप्रचारकज्यूहरूको नामावली तथा समयतालिका प्रकाशन गरी यस कार्यक्रमको अपनत्व सेवा समितिले लिएको थियो ।

प्रत्येक वर्ष सञ्चालन हुने श्रीमद्वीतक चर्चा कार्यक्रमलाई व्यवस्थित,मर्यादित र एकरुपता कायम गर्न यस वर्ष देखि सेवा समितिको मन्दिर इकाई सञ्चालन (वि)नियमावली-२०६९ बमोजिम बीतक चर्चाकारको व्यक्तिगत विवरण सहितको नामावली सबै मन्दिर तथा सत्संग इकाई समितिबाट माग गरिएकोमा केहि इकाईबाट मात्र प्राप्त भएकोहुँदा आगामी वर्ष सबै इकाईबाट लिन पहलका लागि सबै केन्द्रीय सभासदज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु ।

४.जयकारा,आसन ग्रहण तथा मर्यादाक्रम सूची:

केन्द्रीय समितिको पाँचौ पूर्ण बैठकको निर्णय अनुसार संस्थाको औपचारिक कार्यक्रमको जयकारा,आसनग्रहण तथा मर्यादाक्रम सूची सबै इकाई समिति,जिल्ला समिति तथा प्रदेश समन्वय समितिलाई पठाइसकिएको र आगामी दिनमा केन्द्रीय समितिले गरेका निर्णयहरूको परिपालनाको लागि सबै सम्वद्ध सभासद महानुभावहरूलाई अनुरोध गर्दछु ।

५.पृथ्वी परिक्रमा भव्यताका साथ सम्पन्न

केन्द्रीयस्तरमा वि.सं. २०७८ देखि श्रीकृष्ण प्रणामी मन्दिर हरिसिद्धीबाट शुरु भएको पृथ्वी परिक्रमालाई केहि वर्षदेखि राष्ट्रिय कार्यक्रम घोषणा गरी मिति २०८२।०७।१९ गते तेश्रो राष्ट्रिय पृथ्वी परिक्रमा कार्यक्रम केन्द्रीय धाम श्री नवतनधामबाट शुरुगरि गुह्येश्वरी हुँदै पवित्र पाशुपत क्षेत्र श्री पशुपतिनाथ मन्दिर परिसरमा पुगि एक धार्मिकसभा गरी पुनः श्री नवतनधामसम्मको यात्रा भव्यताका साथ सम्पन्न भएको थियो । सो कार्यक्रममा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,श्रीकृष्ण प्रणामी यूवा परिषद नेपाल, श्रीकृष्ण प्रणामी वाइजुराज महिला समिति नेपाल तथा तिनैवटा सस्थाका उपत्यका जिल्ला समितिहरु र सम्पूर्ण सुन्दरसाथहरू एवम् भक्तजनहरूको अपार सहभागिता रहेको थियो ।

त्यस्तै, पृथ्वी परिक्रमा कार्यक्रम देशका विभिन्न स्थानमा रहेका मन्दिरहरूको सकृयतामा पनि सञ्चालन गरिएका थिए ।

६.परमहसं श्री १०८युगलदासजी महराजको पुन्यतिथि

सेवा समितिका संस्थापक अध्यक्ष, ऐतिहासिक महापुरुष ब्रह्मलीन परमहंस श्री १०८ युगलदासजी महाराजको वार्षिक पूण्य तिथिमा, श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, श्रीकृष्ण प्रणामी वाईजुराज महिला समिति, श्रीकृष्ण प्रणामी युवा परिषदका पदाधिकारी सदस्यहरू सहभागी भइ परम वन्दनीय गुरुजीको समाधिमा माल्यार्पण गर्नका साथै श्रीनिजानन्द आश्रम पुल्चोकमा बाईजुराज महिला समितिबाट संस्थागत इतिहास, युगलदास महाराजको जीवनी र योगदानमा विविध कार्यक्रम गरियो ।

७. महाराजश्रीको नेपल भ्रमण

श्रीकृष्ण प्रणामी मन्दिर श्यामनगर बुढौली चितवनको नवनिर्मित श्रीकृष्ण प्रणामी मन्दिर भवनको समुदघाटन, सेवा पुजा पधरावनी तथा कलश अनावरणको उपलक्ष्यमा आयोजित १०८ श्रीमत्तारतमसागर पाठपारायण कार्यक्रमको आमन्त्रणलाई स्वीकार गर्नुहुँदै पाल्नुभएका श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्यश्री कृष्णमणिजी महाराज एवम् आचार्यश्री सूर्यनारायण दासजी महाराजको २०८२ मंसिर २ गतेदेखि ६ गतेसम्मको ५ दिवसीय नेपाल भ्रमण कार्यक्रम अत्यन्त भव्यता एवम् फलदायी तवरबाट सम्पन्न भएको थियो । सो भ्रमणमा महाराजश्री श्रीकृष्ण प्रणामी मन्दिर,धर्मधाम जिरौना ,श्रीकष्ण प्रणामी मन्दिर,टिकौलीमा दर्शन भेटको कार्यक्रममा सहभागी हुनुभएको थियो यसै क्रममा महाराजश्रीबाट श्रीकष्ण प्रणामी मन्दिर,पोखराको कलश अनावरण गर्नु भएको थियो ।

श्रीकृष्ण प्रणामी मन्दिर,निजगढ,बाराले २०८२ माघ २१ गते देखि २७ गतेसम्म आयोजना गरेको १०८ श्रीमत्तारतमसागर पाठपारायण एवम् कलश अनावरण महोत्सवमा सहभागीका क्रममा श्रीकृष्ण प्रणामी मन्दिर विरगन्जको अवलोकन दर्शन समेत गर्नु भएको थियो ।

२०८३ बैशाखमा ढुंखर्क मन्दिर,काभ्रेमा आयोजना गरिएको १०८ श्री मत्तारतमसागर पाठपारायण तथा श्रीकृष्ण प्रणामी मन्दिर,सलकपुर मोरङको स्वर्ण महोत्सवको उपलक्ष्यमा आयोजना गरिएको १०८ श्री मत्तारतमसागर पाठपारायणमा महाराजश्री उपस्थित हुनुभई सबै सुन्दरसाथजीलाई आशिर्वचन प्रदान गर्नुभएको थियो । यसै क्रममा झापाका केहि मन्दिर हरुको दर्शन पश्चात भारतको सिक्किमको नाम्फिङ स्थित श्रीकृष्ण प्रणामी मन्दिर श्रीमंगलधाममा नवनिर्मित आवशिय भवन समुद्घाटन समारोहमा आशिर्वचन प्रदान गर्नु भएको थियो । उत्तः समारोहमा सिक्किम सरकारका मुख्यमन्त्री मन्त्रीहरु तथा विशिष्ठ व्यक्तिहरुलाई दर्शनभेट प्रदान गर्नुभएको थियो ।महाराजश्रीको भ्रमणमा सेवा समितिका केन्द्रीय अध्यक्षज्युको अगवानी एव पदाधिकारी सदस्य तथा विभिन्न संस्थाहरुका पदाधिकारी सदस्यहरु भ्रमणमा सहभागी रहेको रहनुभएको थियो ।

८.महाराजश्रीको प्राकट्य उत्सवः

परमपुज्य श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित आचार्यश्री कृष्णमणिजी महाराजको ६२औं प्राकट्य उत्सव मिति २०८२/०९/१७ गते श्री नवतनधाम,काठमाण्डौमा एकाहा पाठपारायण सहित गादिपति महाराजजी,गुरुजन र समितिका पदाधिकारी सदस्यज्यूहरु साथै भक्तजन सुन्दरसाथज्यूहरुको उपस्थितिमा भव्यतापुर्वक मनाइएको थियो ।

९.धाम घोषण शिफारिसः

श्रीकृष्ण प्रणामी मन्दिर, जितपुर, सिमरा,औराहाको प्रस्ताव अनुसार सो मन्दिरमा मिति २०८३ मंसिर ४ गतेदेखि १० गतेसम्म आयोजना हुने अन्तराष्ट्रिय स्तरीय १२५ श्रीमत्तारतमसागर पाठपारायण एवम् कलश अनावरण महोत्सव कार्यक्रम केन्द्रिय समितिको प्रत्यक्ष सहभागीतामा हुने कार्यक्रम रहेकोछ । मिति २०८३ भाद्र २८ गतेको सचिवालय समितिको निर्णयले बाबाजी लक्ष्मिधाम नामाकरणका लागि सेवा समितिका प्रमुख संरक्षक आनन्तश्री विभुषित जगद्गुरु कृष्णमणिजी महाराजश्री समक्ष शिफारिस गरिएको सभा समक्ष जानकारी गराउँदछु ।

१०. मन्दिर निर्माण तथा पुनःनिर्माण

(क) आठराई गाउँपालिका, ४, फुगुवा, तेह्रथुममा वि.सं. १८०० सालमा श्री लक्ष्मीबाई माताजीबाट स्थापना गरिएको सम्भवतः मुलुकको सबैभन्दा पुरानो श्रीकृष्ण प्रणामी मन्दिरको २८१ वर्ष पुरानो संरचना समय समयमा मर्मत र रँङ्गरोगन गरिएको भएता पनि जिर्ण हुँदै गएको र नयाँ भवन बनाउनु पर्ने आवश्यकता महशुस भएको थियो । विशेष गरी वर्षायाममा हुने अति भौगोलिक विकटताका बावजुद पनि छोटो समयमानै सेवा समितिका केन्द्रीय उपाध्यक्ष श्री शारदाप्रसाद थपलियाको विशेष सकृयतामा पुन निर्माण कार्य सम्पन्न भएको सहर्ष जानकारी गराउँदछु । उपाध्यक्ष श्री शारदाप्रसाद थपलिया लगायत निर्माण कार्यमा सहभागी ,सहयोगी दाता साथै समितिका सबै सकृय साथीहरु प्रति सेवा समितिका तर्फबाट हार्दिक साधुवाद् आभार व्यक्त गर्दछु ।

(ख) श्रीकृष्ण प्रणामी मन्दिर, जितपुर, इलाम

अनन्तश्री विभुषित श्रीकृष्ण प्रणामीधर्माचार्य जगद्गुरु महाराजश्रीको जन्मस्थान इलाम जिल्लाको जितपुर स्थित श्रीकृष्ण

प्रणामी मन्दिर मर्मत संभार गर्नं पर्ने भएको हुँदा समितिको निर्णय अनुसार सेवा समितिका केन्द्रिय उपाध्यक्ष शारदाप्रसाद थपलियालाई जिम्मेवारी दिएकोमा उपाध्यक्षको पहलमा करिव तिनलाख रकम बराबरको मर्मत संभार कार्य भैसकेको र केहि कार्य गर्न अझै बाँकी रहेकोले आगामी वर्षमा सम्पन्न गर्नपर्ने छ ।

(ग) विराटनगर सत्सग भवन

श्रीकृष्ण प्रणामी राधाकृष्ण मन्दिर विराटनगर अन्तरगत निर्माण भएको श्रीकृष्ण प्रणामी सामुदायिक भवनको २ तला निर्माण कार्य सम्पन्न भएको छ । निर्माण समितिका संयोजक श्री हरि ढकालको पहलमा करिव तिन करोड ३० लाख बरावरको निर्माण भएको छ । यस भवनमा सहयोग गर्ने सवै प्रति संस्थाको तर्फबाट धन्यवाद व्यक्त गरिन्छ ।

(ख) सामाजिक क्रियाकलाप तर्फ

(क) त्रिशुलीमा भोटेकोशीको विनाशकारी वाढीमा सहयोग

भाद्र १० गते त्रिशुलीको भोटेकोशीमा आएको बिनाशकारी वाढीले हजारौ जनधनको क्षती पुर्याएकोमा प्रणामी समाजको पहलमा राहत तथा सेवाका कार्यहरु तत्काल परिचालन गर्न सेवा समिति, युवा परिषद र वाइजूराज महिला समिति सहितको तत्काल बैठक वसि सहयोग संकलन गरि प्रणामी समाजको सेवाहरु एकद्धार सेवा परिचालन गर्ने निर्णय गरिएको र सो अनुसार श्रीकृष्ण प्रणामी यूवा परिषद नेपालको बैक खातामा सहयोग जम्मा गरि तिनै वटा समितिले राहत र सेवा परिचालन गरियो । यस विपतमा परि प्रणामी सून्दरसाथ पनि वेपत्ता भएका र निजका छोरा छोरीलाई संरक्षण र पालनपोषणका लागी श्रीनवतनधाममा राख्ने व्यवस्था गरिएको जानकारी गराउँदछु । यस महाविपतमा प्रणामी समाजबाट भएका सेवाहरुको एविन्युज टेलिभिजनले प्रत्यक्ष प्रशारण गरेको थियो । यस विपतमा मकवानपुर जिल्ला समिति,नुवाकोट इनारपाटी मन्दिर तथा जिल्ला समिति,रौतहट प्रणामी समाज लगाएतबाट धेरै मात्रामा पिडित परिवारमा प्रत्यक्ष सहयोग पुर्याइएको थियो । उक्त प्राकृतिक विपत्तिमा परी श्रीकृष्ण प्रणामी समाजका करीब १२ जना वेपत्ता भएको जानकारी प्राप्त भएको छ ।

(ख) विश्व योग दिवसमा मनाइएको

विश्व योग दिवसमा प्रणामी समाजबाट विभिन्न जिल्लाहरुमा योग दिवस मनाइको छ । उक्त दिन श्रीनवतनधाममा आयोजना गरियको योग शिविरमा धेरै भक्तजनहरु सहभागी रहेका थिए । योग दिवसको सन्दर्भमा नेपाल सरकार शिक्षा मन्त्रालयको निमत्रणामा सेवा समितिको सहभागीता रहेको थियो ।

(ग) कल्पना छवि निजानन्द पुरस्कार वितरण तथा कल्पना छवि महामति छात्रवृत्ति प्रदान

श्रीकृष्ण प्रणामी मन्दिर, श्री नवतनधामको ३२औं वार्षिक उत्सवको उपलक्ष्यमा आयोजित सप्तदिवसीय कार्यक्रममा प्रा.डा. छविलाल गजुरेल तथा कल्पना गजुरेलले स्थापना गर्नं भएको कल्पना-छवि निजानन्द पुरस्कार तथा प्रमाणपत्र श्री कल्पना छवि निजानन्द पुरस्कार कोष मुल्याङ्कन समितिको शिफारिस अनुसार पुरस्कार प्रदान गरिएको र कल्पना-छवि महामति छात्रवृत्ति समेत प्रदान गरिएको थियो । सो सम्बन्धी विस्तृत विवरण यस मूल्यङ्कन समितिका सम्योजकको प्रतिवेदनमा रहेको छ । तोकिएको समयमा आफ्नो जिम्माको काम कुशलतापूर्वक सम्पन्न गर्नुभएकोमा मूल्याङ्कन समितिका सम्योजक श्री होमनाथ बराललाई धन्यवाद व्यक्त गर्दछु ।

(घ) "नीता शर्मा छात्रवृत्ति कोष"बाट छात्रवृत्ति प्रदान :

श्रीकृष्ण प्रणामी केन्द्रीय कोष अन्तर्गत श्रीकृष्ण प्रणामी मूल मन्दिर इमाडोलको व्यवस्थापनमा सञ्चालन हुने गरी स्थापित "नीता शर्मा छात्रवृत्ति कोष"बाट महालक्ष्मी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू मध्येबाट छनौट गरी २०८२ को एसईई परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने छात्रा श्री संरचना पोखरेल र छात्र श्री करण भुजेललाई जनही रु.१२ हजारका दरले रकम र प्रशंसा-पत्र प्रदान गरियो ।

(ङ) "श्री घनश्याम शर्मा समाज सेवा कोष"बाट राहत वितरण:

परमधामवासी श्री घनश्याम शर्माको पूण्य स्मृतिमो स्थापना भएको "श्री घनश्याम शर्मा समाज सेवा कोष"बाट सुदुरपश्चिम तथा कर्णाली भुभागमा रहेका विपन्न बालबालिका तथा असहाय जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गर्न श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल मार्फत रु.५१,०००।००(एकाउन्न हजार) बराबरको राहत वितरण गरियो ।

(च) श्री युगल प्रशिक्षण कोष अन्तर्गत सञ्चालित प्रशिक्षण कार्यक्रमहरु:

संगठन तथा प्रशासन विभागको कार्ययोजना अनुसार प्रणामी धर्ममा आवद्ध युवाहरुलाई धार्मिक प्रशिक्षण कार्यक्रममा सहभागी गराउन श्री नन्दकिशोर शर्माबाट धार्मिक प्रशिक्षण अक्षयकोष स्थापना गर्नका लागि शुरुवात स्वरुप रु.५,००,०००(पाच लाख) प्रदान गर्नं भएको छ । श्री नवतनधाम,काठमाण्डौमा मिति २०८२ कार्तिक १२ गतेदेखि सञ्चालन भएको ६ महिना ब्यापी प्रथम आवाशीय धार्मिक प्रशिक्षण शिविर कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । सो प्रशिक्षण कार्यक्रममा १८ जना प्रशिक्षार्थीहरू प्रशिक्षित हुनुभएको थियो । श्रीनवतनधामका गादिपति श्री १०८ अमृतराज महाराज, महन्त स्वामी श्री १०८ पुरुषोतम महाराज,धर्म प्रचारक श्री भानुविरहिन,धर्म प्रचारक श्री कृष्ण विसंखे,श्री श्याम महर्जन लगायतबाट प्रशिक्षण गरिएको थियो २०८२ सालको क्भ्भ् परीक्षा दिई बसेका प्रणामी वालवालीकाहरुको संस्कार,साधना र आध्यात्मिक उर्जा प्रदान गर्ने उद्धेश्यले २०८३ वैशाख ५ गते देखि एक महिने क्भ्भ् विद्यार्थी लक्षित नि:शुल्क आवाशीय आध्यात्मिक शिविर श्रीनवतनधाम,काठमाण्डौमा सञ्चालन गरिएको थियो । सो कार्यक्रममा ३० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

(ग) संस्थागत सुदृढीकरण तर्फ

१) सेवा समिति अन्तर्गत रहेका प्रदेश,जिल्ला,इकाई समितिहरु:
हाल अध्यावधिक रहेका विभिन्न समितिहरू तपशिल बमोजिम कायम रहेका छन

सि.नं	विवरण	सेवा समिति अन्तर्गत	संस्थागत संस्था अन्तर्गत	जम्मा
१	जिल्ला शाखा समिति	२५	२	२७
२	मन्दिर इकाई समिति	१०९	४२	१५१
३	सत्संग समिति	५८	१९	७७
४	प्रदेश समन्वय समिति	५	-	५
५	केन्द्रीय समिति/भातृ भंगिनि	१	२	३
			जम्मा	**२६३**

२) ठूला धार्मिक महोत्सव कार्यक्रम सञ्चालन सम्बन्धी मार्ग निर्देशन-२०८२

सेवा समिति अन्तर्गत रहेका समितिहरुबाट गरिने ठूला धार्मिक महोत्सवको स्तर निर्धारण,तोकिएको ढाँचामा स्वीकृति लिनुपर्ने,प्रमुख कथाकार तथा काथाकार चयन गर्ने र आयोजक समिति,उपसमिति गठन गर्ने सम्बन्धमा एकरुपताका लागी केन्द्रिय समितिबाट ठूला धार्मिक महोत्सव कार्यक्रम सञ्चालन सम्बन्धी मार्ग निर्देशन-२०८२ केन्द्रीय समितिबाट पारितगरी लागू भैसकेको जानकारी गराउँदछु ।

३) आर्थिक नियमावली-२०६० संसोधन

आर्थिक विनियमावली-२०६० को संसोधिन तथा परिमार्जन गर्न केन्द्रीय समितिको छैठौं पूर्ण बैठकको निर्णय अनुसार सेवा समितिको आर्थिक नियमावली-२०६० लाई नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाले जारी गरेको लेखामान तथा वर्तमान परिवेश अनुसार समायानुकुल संसोधन तथा परिमार्जन गर्न आवश्यक भएकोले आर्थिक विनियमावली संसोधन उपसमिति गठनगरि उक्त उपसमितिको सिफारिस अनुसार संसोधित आर्थिक विनियमावली-२०६० को परिमार्जित मस्यौदा सातौं पूर्ण बैठकले पारितगरि लागु समेत भैसकेको जानकारी गराउँदछु ।

४) गुनासो सम्बोधन उपसमिति गठन:

केन्द्रीय सचिवालय समितिको नवौं बैठकको निर्णय अनुसार गुनासो सुनवाई,सम्बोधन एवम् अनुशासन पालना कार्यविधि-२०८२ को दफा १० मा उल्लेखित गुनासो सम्बोधन उपसमितिमा केन्द्रीय उपाध्यक्ष श्री गोपालकृष्ण सञ्जेलको सम्योजकत्वमा उपसमिति गठन भई कार्यरत रहेको छ ।

५) जिल्ला स्तरिय अन्तरकृया छलफलः

केन्द्रीय सचिवालय समितिको दशौं बैठकको निर्णय अनुसार केन्द्रीय समितिको निर्णयबाट पारित भएका कार्यविधि, निर्देशिका, नियमावली परिपालना तथा समसामयिक विषयमा अन्तरकृया सहित छलफल गरियो । काठमाण्डौ,ललितपुर,भक्तपुर र काभ्रे जिल्लाहरुमा भएको अन्तरकृया सकारात्मक भएकोले आगामी वर्षमा अन्य जिल्लाहरुमा पनि छफफल गर्नं पर्ने महशुस भएको छ ।

६) सेवा समिति अन्तर्गतका मन्दिर सत्संग समितिलाई जग्गा प्राप्ति

(क)ओखलढुंगा जिल्ला सुनकोशी गा.पा. वार्ड नम्बर १० कटुन्जे(साविक कटुन्जे-८) जग्गा दाता श्री हेमप्रसाद सुबेदीले ०-१५-२-० रोपनी(पन्ध्र आना दुई पैसा) जग्गा सत्संग भवन निर्माणार्थ प्रदान गर्नंभएको छ ।

(ख) जग्गा दाता श्री लक्ष्मी श्रेष्ठले सिन्धुली जिल्ला,सुनकोशी-३, कालिमाटीमा रहेको आफ्नो हकभोग रहेको कित्ता नं.९१३ क्षेत्रफल ३-१२-३-१ रोपनी मध्येबाट कित्ताकाट गरी क्षेत्रफल ३-०-०-० रोपनी जग्गा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,श्रीकृष्ण प्रणामी मन्दिर कालिमाटी,सुनकोशी-३,सिन्धुलीलाई प्रदान गर्नंभएको छ ।

(ग) सिरहा,गाविन्दपुरमा समितिको नाममा जग्गा प्राप्त

सिरहा नगरपालिका-२४ गोविन्दपुरमा सेवा समितिको नाममा मिति २०८३ भाद्र २५ गते रजिष्ट्रेशन पारित भै जग्गाधनी पूर्जा प्राप्त भएको सिराहा,बस्तीपुर वडा नं.१ मा रहेको कि.नं.७०९,७१२,१७४ क्षेत्रफल १-१-३ बिगाह जग्गा र सिराहा,गोविन्दपुर वडा नं.८ मा रहेको कि.नं.०-५-५ बिगाहा जग्गा मोही बिलट महतो कोइरी रहेको जग्गा प्राप्त भएको छ । उक्त जग्गा संस्थाको नाममा पारित गरिलिने प्रयोयजनका लागि केन्द्रीय सदस्य श्री जयराज भट्टराई,सिराहा सप्तरीका जिल्ला अध्यक्ष श्री जिदेन्द्र यादव र श्रीकृष्ण प्रणामी मन्दिर गोविन्दपुरका अध्यक्ष र जग्गा दाताहरूलाई विशेष धन्यवाद ब्यक्त गर्दछु । उक्त जग्गा पास गरिलिने प्रयोजनको लागि केन्द्रीयकोषबाट सिराहा सप्तरी जिल्लाका जिल्ला अध्यक्ष श्री जितेन्द्र यादवको नामा पेश्कि भुक्तानी गरिएको रु.१,०७,०००।(एक लाख सात हजार मात्र) उक्त जग्गाबाट भविष्यमा प्राप्त हुने आम्दानी रकमबाट क्रमशःपेश्कि फछर्यौट गरिने ब्यहोरा सभासदज्यूहरूलाई जानकारी गराउँदछु ।

(घ) नरदेवी मन्दिरको जग्गा विवाद

काठमाण्डौ,नरदेवीमा रहेको जग्गा विवाद सम्बन्धी उच्च अदालत पाटनमा बिचाराधिन रहेको मुद्धा जिल्ला अदालत काठमाण्डौबाट यस संस्थाको विपक्षमा फैसला आईसकेको र सो फैसला विरुद्धमा उच्च अदालत पाटनमा पुनरावेदन गरिएको अवस्था रहेको छ । हाल विपक्षीले उक्त मुद्धामा मिलापत्र गर्ने प्रस्ताव गरेकोले सो सम्बन्धमा आवश्यक छलफल गरी निर्णय गर्नंपर्ने भएकोले सम्वन्धित पक्षसंग छलफल गर्न निवर्तमान केन्द्रीय अध्यक्ष श्री श्याम के.सी.को सम्योजकत्वमा ३ सदस्यीय नरदेवी जग्गा विवाद समाधानउपसमिति गठन गरि सो उप समितिको निर्णय सिफारिसको आधारमा श्रीनवतनधाम परिसरमा विपक्षबाट ४ आना जग्गा बरावर रकम लिने गरि केन्द्रीय सचिवालय समितिको बह्रौं बैठकबाट सहमती गर्ने निर्णय भै कार्यान्वयनमा भैसकेको अवगत गराउदछु । यस कार्यमा सहयोग गर्ने पं हेम प्रसाद दहाल, उप समिति तथा अन्य सहयोगीहरु प्रति धन्यबाद ब्यक्त गरिन्छ ।

ङ) पदाधिकारी सदस्यहरु परिचालन

जिल्ला समितिको समन्वयमा, जिल्ला तथा इकाई समतिका साधारणसभा गराउने तथा आर्थिक एवम् प्रगति प्रतिवेदन र अन्य कार्य केन्द्रीय सचिवालयमा तोकिएको समयभित्र पठाउने कार्यका लागि २९ जना केन्द्रीय सदस्यहरूलाई कार्यक्षेत्र तोकि परिचालन गरिएकोमा सबैबाट सकारात्मक सहयोग प्राप्त भै संस्था सुदृढीकरणको थालनीमा अथक प्रयास गर्नंहुने केन्द्रीय पदाधिकारी एवम् सदस्यज्यूहरू र प्रदेश, जिल्ला तथा इकाई समितिका पदाधिकारी सदस्यहरूलाई धन्यवाद दिदै हार्दिक आभार ब्यक्त गर्दछु ।

च) श्री नवतनधाममा छात्रावास निर्माण तथा अन्य विविध निर्माण

श्रीनवतनधाम परिसरमा यस वर्ष धेरै भौतिक निर्माण विकास भएका छन् । श्री नवतनधामका महन्त स्वामी श्री १०८ पुरुषोतम महाराजजीको समन्वयमा श्री नवतनधाम व्यवस्थापन समितिका सम्पुर्ण पदाधिकारी तथा सदस्य लगायत प्रत्यक्ष

परोक्षरुपमा सहयोग गर्ने सबै प्रति सेवा समितिको तर्फबाट आभारका साथ धन्यवाद व्यक्त गर्दछु। श्रीनवतनधामका भौतिक संरचना सम्बन्धि बिस्तृत विवरण श्री नवतनधामको प्रतिवेदनमा उल्लेख गरिएको छ।

भावी कार्ययोजना

१ नियमित कार्यलाइ निरन्तरता दिने।

२ श्रीकृष्ण प्रणामीका नाममा छुटै दर्ता भएको संस्थाले सेवा समितिमा आवद्ध हुन चाहेमा आवद्धताका लागी पहल गरिने।

३ श्रीकृष्ण प्रणामी मन्दिरहरुमा पुजारी नहुदा दैनिक सेवा पुजामा समस्या परेकोले पुजारी तालिम संचालन गरि सेवा पुजामा सहजता प्रदान गर्ने।

४ श्रीकृष्ण प्रणामी धर्म प्रचारकहरु संग छलफल गरि विभिन्न मन्दिरहरुको संरक्षकत्वका लागी धर्मप्रचारक,गुरुजीहरुलाइ व्यवस्थापन गर्ने।

५ केन्द्रिय कोष, प्रणामी जनगणना, प्रणामी मिडिया तथा अन्य विभागलाई थप सहयोगको वातावरण का साथ थपकार्यका लागी पहल गर्ने।

६ आगामी वर्ष सेवा समितिको स्थापनाको ६० वर्ष पुगेको सन्दर्भमा विविध कार्य संचालन गर्ने।

७ श्रीकृष्ण प्रणामी समाजका मन्दिर तथा सत्संग समितिहरुको भोतिक अवस्थाको विवरण प्रकाशित गर्ने।

अन्तमा,केन्द्रिय समितिको दोश्रो कार्यकालमा सस्थाको कामकार्वाइलाइ अगाडी बडाउन हामीलाइ निनि,निर्देशन,सल्लाह सुझाव,सहयोग र हौसला प्रदान गर्नुहुने प्रमुख संरक्षक,विशेष संरक्षक,संरक्षक,पुर्व अध्यक्ष,सन्त महन्त,गुरुजन,सल्लाहाकार,संरक्षक परिषद सचिवालय,सेवा समितिका सबै तहका पदाधिकर्री तथा सदस्य,केन्द्रिय प्रतिनिधि तथा सम्पुर्ण सहयोगीहरु प्रति आभारका साथ धन्यबाल व्यक्त गर्दछु।

यस प्रतिवेदन तयारमा सहयोग गर्नुहुने केन्द्रिय अध्यक्ष,केन्द्रिय उपाध्यक्ष (काठमाडौ),उपमहासचिव,कार्यालाय सचिव लगायत सबै प्रति धन्यवाद ज्ञापन गर्दछु साथै यस प्रतिवेदन तयार गर्दा भयको त्रुटिहरु प्रति विशेष रुपमा क्षमायाचना गर्दछु। प्रणाम

भोला दाहाल
महासचिव

केन्द्रीय समितिको तर्फबाट कोषाध्यक्ष अशोककुमार थापाद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन २०८२/०८३

यस सभाका सभापति तथा केन्द्रीय सेवा समितिका अध्यक्ष महोदय, प्रमुख अतिथिज्यु, बिशिष्ट अतिथिज्यू, बिशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, मान्यवर गुरु महाराजज्युहरु, सल्लाहाकार समितिका संयोजक तथा पदाधिकारीज्यूहरु, केन्द्र, जिल्ला तथा इकाई समितिका सकल पदाधिकारीज्यूहरु तथा प्रतिनिधिज्यूहरु र यस सभामा उपस्थित सम्पूर्ण धर्मपरायण सुन्दरसाथजीहरुमा हार्दिक नमन प्रणाम गर्न चाहन्छु।

आदरणीय सदस्य महानुवभावहरु, अव म यहाँहरु समक्ष आफ्नो प्रतिवेदन पेशगर्ने अनुमति चाहन्छु। मेरो यस प्रतिवेदनमा मूलतः लेखापरीक्षण भैसकेको आर्थिक वर्ष २०८२।८३ को आर्थिक विवरण तथा लेखापरीक्षण प्रतिवेदनलाई समेट्ने प्रयास गरेको छु। लेखापरीक्षण प्रतिवेदन यसै प्रतिवेदन कितावमा सम्लग्न गरिएको व्यहोरा अनुरोध गर्दछु।

१. प्रारम्भ

श्री निजानन्द सम्प्रदाय श्रीकृष्ण प्रणामी धर्मको प्रचार, प्रसार, विस्तार एवं श्रीकृष्ण प्रणामी समाजको हितकालागि २०२३ सालमा स्थापना भएर श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल आफ्नो उद्देश्यमा निरन्तर कार्य गर्दै आएको प्रसंगलाई स्मरण गर्दै संस्थागत सवलिकरणका लागि महत्वपुर्ण मानिने वित्तिय व्यवस्थापनमा क्रमशः सुधार हुदै गएको सर्व विदितै छ। यस

व्यवस्थापकीय पक्षलाई मजबूत गर्ने कार्यमा केन्द्र, इकाई तथा जिल्ला समितिहरुबाट हालसम्म भएको योगदान मननीय छ।

मन्दिरहरु तथा सत्संग समितिहरुको संख्या विस्तार तथा इकाई समितिहरुको भवन निर्माण कार्य, पाठ पारायण लगायतका गतिविधिहरु बढ्दै जाँदा स्वभवतः आर्थिक कारोबारमा पनि बृद्धि भैरहेको छ। सेवाको पवित्र भावले समितिमा रहेर कोषाध्यक्ष तथा सहकोषाध्यक्ष मार्फत आम्दानी तथा खर्चको व्यवस्थापन गर्दै जाँदा पनि लेखा व्यवस्थापनको काममा क्रमशः जटिलता थपिदै गएकाले यसको कार्य सम्पादनमा कुशलता प्रति ध्यान दिन आवश्यक भएको आजको सन्दर्भमा यस पक्षलाई संवोधन गर्ने काम थप चुनौतीपुर्ण बन्दै गएको छ। वित्तिय व्यवस्थापनको थप प्रभावकारीताको लागि केन्द्रीय समितिले सहजिकरण गर्दै प्राविधिक सहयोग गर्दै आइरहेतापनि अझै धेरै गर्न बाँकी रहेको वास्तविकता सबैमा जाहेरनै छ।

२. गत बर्षको समीक्षा एवं उपलब्धीः

अब म गत बर्ष भए गरेका प्रयासहरु तथा लक्षित कार्यक्रमका बिषयहरुमा हासिल गर्न सकिएका केहि उपलब्धी अवगत गराउन चाहान्छु।

(२.१) केन्द्रीय कोष स्थापना तथा परिचालन :–

दीर्घकालीन आर्थिक स्रोतको जोहो गर्ने र भविष्यमा प्रणामी समाजको बृहत्तर हितमा कार्य गर्नका लागि कोष परिचालन गर्ने उद्देश्यले केन्द्रीय कोषको स्थापना गरि यसको व्यापक प्रचार प्रसार अनवरत गरिदै आएको छ।

हाल सम्म यो कोषमा रु ३३ लाख ९१ हजार ५९० मौज्दात रहेको छ। यो रकम बाहेक यस आ.व.मा जितपुर इलामको जग्गा खरिद गर्न लिएको सापटी भुक्तानी गर्न यस कोषबाट केन्द्रीय समितिलाई रु. १० लाख अनुदान स्वरुप गएको छ।

(२.२) अक्षयकोषमा निरन्तर बृद्धिः–

इकाई मन्दिरहरुमा अक्षयकोष व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रयास भएको छ। आर्थिक वर्ष २०८२।८३ को आर्थिक विवरण बमोजिम इकाई मन्दिरहरुले अक्षयकोष स्थापना गरिसकेका छन र अक्षयकोषको कुल रकम गत वर्षसम्म रु. ९ करोड ८५ लाख ६० हजार रहेकोमा आ. ब. २०८२।८३ मा रु १ करोड ७ लाख ५४ हजार थप भई रु १० करोड ९३ लाख १५ हजार पुगेको छ। अक्षयकोषको रकम सहकारीको खातामा नराख्नको लागि सबै इकाई, मन्दिर तथा सत्संगहरुलाई अनुरोध गरिदैं आएको छ।

(२.३) बार्षिक आर्थिक विवरण समयमै संकलन गरी लेखापरीक्षण गराउने अभ्यास :–साधारसभा अगाडिनै लेखापरीक्षण गराएर आश्विन भित्रै नविकरण गर्नका लागि जिल्ला समितिहरु र इकाई समितिहरुबाट आर्थिक वर्ष सकिनासाथ आर्थिक विवरण तयार गरी केन्द्रमा पठाउने प्रचलनमा थप ताकेता गर्न परेको अवस्था छ। तथापि विगत वर्ष भन्दा केही सुधार देखिएको छ। वितक तथा श्रीकृष्ण प्राकट्यका कार्यक्रमहरुको विचमा थप प्रशासकीय काम चुनौतीपुर्ण भएको छ। तर कानूनी प्रावधानका कारण यसमा सबै तहका समितिहरुमा कुशलता बढाउनै पर्ने वाध्यता रहेको छ।

सबै इकाइहरुका आर्थिक विवरणहरु जिल्ला मार्फत् समय सिमा भित्र नै केन्द्रमा पठाउन सबैको सहयोग हुने आशा र अपेक्षा गर्दछु।

(२.४) नवतन धाममा खुत्रुके सेवाको निरन्तरताः–

श्रीकृष्ण प्रणामी समाजको नेपालमा रहेको केन्द्रीय धाम श्री नवतनधामको विकास निर्माण तथा व्यवस्थापनको दीगोपनाका लागि सञ्चालनमा रहेको खुत्रुके सेवामा आ. ब. २०८२।८३ मा रु २६ लाख ८४ हजार संकलन भएको नवतनधामको आर्थिक विवरणले देखाएको छ।

(२.५) श्रोत परिचालनमा इकाईहरुको सह्रानिय कदम, सरकारी संघसंस्थाबाट अनुदान संकलनमा तिब्रताः–

देशैभरका विभिन्न मन्दिर इकाईहरु तथा जिल्ला समितिहरुले स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको अनुदान सहयोगमा मन्दिर भवन तथा सामुदायिक भवन निर्माणमा निरन्तरता रहिरहेको छ। आर्थिक वर्ष २०८२।८३ को आर्थिक प्रतिवेदन बमोजिम देशभरमा रहेको निर्माण प्रगति रु. ८ करोड ७० लाख ४६ हजारमा यस वर्ष भएको थप रु. ९ करोड ९५ लाख ४३ हजार गरी जम्मा रु. १८ करोड ६५ लाख ८८ हजार प्रगतिमा रहेको छ। निर्माण सम्पन्न भएका मन्दिरहरुको

भवनको जम्मा रकम रु. ८८ करोड १८ लाख पुगेको छ ।

जग्गा खरिद तर्फ केन्द्रीय समितिलाई हिसाब प्राप्त भएको आधारमा गत आर्थिक वर्षमा जग्गाको कुल रकम परल मूल्यको आधारमा रु. १६ करोड ८३ लाख १५ हजार देखिएकोमा आर्थिक वर्ष २०८२/०८३ रु.५२ लाख ४० हजार थप भई जग्गाको कुल रकम परल मूल्यको आधारमा रु.१७ करोड ३५ लाख ५५ हजार देखिएको छ ।

(२.७) आर्थिक व्यवस्थापनको प्रभावकारीताका लागि अनुगमन तथा क्षमता विकासको प्रयाशः

आर्थिक नियमावली-२०६० को कार्यान्वयन तथा समग्र आर्थिक व्यवस्थापनको लागि जिल्ला तथा इकाईका सदस्यहरुलाई आर्थिक व्यवस्थापनका लागि सहजिकरणमा निरन्तरता दिइएको छ । साथै चालु आर्थिक वर्षमा लेखा सम्बन्धी तालिम तथा प्रशिक्षणका औपचारिक कार्यक्रमहरु गर्ने योजना समेत रहेको छ । साथै केन्द्रीय समिति पदाधिकारी तथा लेखा समिति पदाधिकारीहरुबाट विभिन्न इकाईहरुमा भैरहेको आर्थिक व्यवस्थापनको अनुगमनको निरन्तरताको अपेक्षा गरिएको छ ।

३. आर्थिक विवरण संकलन, लेखापरीक्षण र संस्था नविकरणः

विगत वर्षहरुको तुलनामा एकिकृत आर्थिक विवरण तयार गर्नका लागि सम्बन्धित वर्षकै आर्थिक विवरण समावेश गर्न थालिएको छ । स्विकार्य लेखा प्रणाली र लेखापरीक्षणका लागि सबै इकाईहरुको सम्बन्धित आर्थिक वर्षकै हिसाब विवरण समावेश गर्नका लागि चालू आर्थिक वर्षमा अनुगमन तथा प्रशिक्षण मार्फत सहजिकरण गरिनेछ ।

उपस्थित सबै जिल्ला समिति, मन्दिर तथा सत्संग इकाई समितिहरुका अध्यक्ष एवं प्रतिनिधिज्यूहरुलाई आफू मातहतका जिल्ला समिति र ईकाई समितिहरुको आर्थिक विवरणहरु आर्थिक बर्ष समाप्त भएपछि विधान तथा आर्थिक नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र नै केन्द्रीय समितिको सचिवालयमा आइपुग्ने व्यवस्था मिलाई यस कार्यलाई सहज बनाउन तथा आर्थिक पारदर्शिता, जिम्मेवारी तथा जवाफदेहिता कायम राख्ने प्रयासमा प्रभावकारी सहयोगी भूमिका निर्वाह गर्नुहुन विशेष अनुरोध र आग्रह गर्दछु ।

४. लेखापरीक्षकको नियुक्ति तथा लेखापरीक्षकको प्रतिवेदन :

आ.ब.२०८२।०८३ को लेखापरीक्षणका लागि लेखापरीक्षक श्री इन्द्र प्रसाद मैनाली,चार्टर्ड एकाउन्टेन्टस, आइ.पि.मैनाली एण्ड एशोसिएट्सलाई नियुक्त गरि केन्द्रीय एकिकृत आर्थिक विवरणको अन्तिम लेखापरीक्षण सम्पन्न गरिएको छ । आ.ब.२०८३।०८४ को लेखापरीक्षणका लागि समेत श्री इन्द्र प्रसाद मैनाली,चार्टर्ड एकाउन्टेन्टस, आइ.पि.मैनाली एण्ड एशोसिएट्सलाईलाई नियुक्त गर्नका लागि यस बार्षिक साधारणसभा समक्ष प्रस्ताव पेश गरेको छु । लेखापरीक्षण शुल्क रु.२ लाख (मू.अ.कर बाहेक) प्रस्ताव गरेको छु ।

५. यस केन्द्रीय सभाका आदरणीय सदस्य महोदयहरु,

अब म माथि उल्लेख भए अनुसार लेखापरीक्षण भएको एकीकृत वासलात तथा आय-व्यय विवरणमा समावेश भएका अंक तथा विवरणहरुको सार संक्षेप विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु । लेखापरीक्षण सम्पन्न भए पछिको प्राप्त प्रतिवेदन अध्ययनको लागि यसै प्रतिबेदनमा समावेश गरेको छु । गत बर्ष कुल रकम रु. १ अर्ब २२ करोड ८६ लाख ४२ हजारको एकिकृत वासलात रहेकोमा यो बर्ष रु.१३ करोड ६५ लाख ३२ हजार पुजिकोष बृद्धि भई रु.१ अरब ३६ करोड ५१ लाख ७४ हजार पुगेको छ ।। सो लाई अध्ययन पश्चात पारीत गरि दिनु हुन प्रस्ताव गर्दछु ।

६. केन्द्रीय समितिको आगामी बर्षको प्रस्तावित वजेट :

चालु आर्थिक वर्षको लागि केन्द्रीय समितिमा तपसिल बमोजिमको बजेट प्रस्ताव गरेको छु भने जिल्ला समितिहरु र इकाई समितिहरुको हकमा आर्थिक विवरणमा पेश भएको आय व्यय मा १० प्रतिशत थप रकम आगामी वर्षको बजेट रहने आशा गरिएको छ ।

आर्थिक वर्ष २०८२।०८३ को अनुमानित वजेट

कोड नं.	अनुमानित आम्दानी	केन्द्रीय समितिको रु.लाखमा	कोड नं.	अनुमानित खर्च	केन्द्रीय समितिको रु.लाखमा
१०५	वार्षिक उत्सव, साधारण सभा तथा नियमित बैठक संचालन आय	३	२०५	वार्षिक उत्सव, बैठक तथा साधारण सभा खर्च	२
१०६	विशेष कार्यक्रम आम्दानी	५	२०६	विशेष कार्यक्रम खर्च	२५
१०७	संचालन सहयोग सेवा	५	२०७	संरक्षक तिथि आरती तथा जन्मोत्सब खर्च	
१०८	गौशाला आम्दानी		२०८	गौशाला संचालन खर्च	
१०९	बिभागगत कार्यक्रम आय	१	२०९	बिभागगत कार्यक्रम खर्च	१
११२	पुस्तक पत्रपत्रिका सहयोग आय	१	२१२	पुस्तक तथा पत्र पत्रिका खरिद तथा छपाई खर्च	२
११३	बैंक बैलेन्स तथा लगानीबाट प्राप्त ब्याज आय	१	२१३	ऋणमा ब्याज खर्च	
११४	सरकारी तथा अन्य संघसंस्थाबाट प्राप्त अनूदान सहयोग		२१४	तलब भत्ता ज्याला खर्च	६
११५	अन्य आम्दानी	६	२१५	पानी तथा बिजूली खर्च	
११६	अक्षयकोष स्थापना		२१६	टेलिफोन तथा संचार खर्च	०.२०
११७	निर्माण तथा भौतिक सुधार चन्दा वापत प्राप्त नगद तथा जिन्सी		२१७	मसलन्द तथा स्टेसनरी खर्च	१
११८	पूजिगत आय	६	२१८	सरकारी कर, मालपोत, तिरो खर्च	
२५०	ऋण सापटी तथा दायित्व		२१९	भ्रमण खर्च	१
२५१	अन्य शाखा अनूदान प्राप्त आम्दानी		२२०	मर्मत संभार खर्च	१
	केन्द्रीय कोषमा आम्दानी	२०	२२१	इन्धन तथा अन्य इन्धन खर्च	०.३०
			२२३	लेखापरीक्षण खर्च	२.५०
			२२४	अन्य तथा बिबिध खर्च	१
			२३६	टिकाउ जिन्सी सामान	१
			२५१	अन्य शाखा अनूदान निकासा खर्च	५
	जम्मा	४८		जम्मा	४८

अन्तमा, आर्थिक प्रतिवेदन तयार गर्नको निमित्त अतुलनीय तथा प्रशासकीय योगदान पुऱ्याउनु हुने केन्द्रीय महासचिव श्री भोलानाथ दाहाल, लेखा समितिका संयोजक श्री मोहनप्रसाद ढकाल, कार्यालय सचिव श्री पुष्पराज घिमिरे प्रति धेरै धेरै धन्यवाद आभार तथा प्रणाम व्यक्त गर्दछु । साथै आर्थिक सहयोग लगायत सबै प्रकारका सेवा सहयोग गर्नुहुने सम्पूर्ण सुन्दरसाथहरु तथा आफ्नो आर्थिक बिबरण उपलब्ध गराई सहयोग गर्नु हुने सम्पूर्ण समितिका पदाधिकारीहरु र यो प्रतिबेदन तयारीको कार्यमा सकृय रुपमा योगदान दिनुहुने सबै प्रति आभार ब्याक्त गर्न चाहान्छु । साथै, आगामी दिनमा पनि समयमै प्रतिवेदन पठाई सहयोग गरीदिनुहुन र माथि उल्लेख गरिएका आर्थिक नीतिहरु कार्यान्वयन गर्न सहयोग गरिदिनुहुन सबैमा हार्दिक अनुरोध समेत गर्दछु ।

यस सभामा उपस्थित सम्पूर्ण केन्द्रीय प्रतिनिधि सदस्यहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । श्री राजश्यामाजीको मेहेर यहांहरुमाथि सदैव रहि रहने कामना गर्दै हिन्दूहरुको महान पर्व बडादशै २०८३ को उपलक्षमा सबैको सुस्वास्थ्य एव दीर्घायुका साथै सम्बृद्धिको लागि शूभकामना ब्यक्त गर्दछु । अध्ययन पश्चात प्रतिवेदन पारित गरिदिनु हुन अनुरोधका साथ प्रणाम गर्दछु । प्रणाम ।

"प्रणाम"

मितिः २०८३ अश्विन १८ गते
श्रीकृष्ण प्रणामी मन्दिर,सिमरा,बारा ।

अशोककुमार थापा
कोषाध्यक्ष

केन्द्रीय विभागको प्रतिवेदन

योगध्यान चितवनी ब्यवस्थापन विभाग

कार्यक्रमहरुः

१. २०८२ जेष्ठ १४, १५ र १६ गते त्रिदिवसिय "निजानन्द योग जागरण साधना" सम्पन्न, २०० जनाको सहभागिता, कार्यक्रम उत्कृष्ट र उत्साह बर्दक भएको प्रतिकृया
२. निजानन्द योग ध्यान पद्दतिको प्रथम चरणको विधि र क्रिया सहितको पद्दति पाठ्यक्रम तयार पारिएको
३. काठमाडौं उपत्यकाबाट हरेक मन्दिरहरुमा प्रारम्भिक प्रशिक्षक प्रशिक्षण कार्यक्रमको शुरुवात
४. श्रीकृष्ण प्रणामी मन्दिर आलापोट लगायत आसपासका सहभागि २५ जना प्रशिक्षकहरूलाई भाद्र ६ गतेबाट प्रारम्भिक २४ घण्टा (त्रिदिवसिय बरावर) को प्रशिक्षण सम्पन्न । निजानन्द पाठ्यक्रम सहित सामग्री साथै प्रमाण पत्र बितरण ।
५. श्री नवतनधाममा भाद्र २१ गते ३५ जना सहभागीहरुलाई २४ घण्टाको (त्रिदिवसिय बरावर) को प्रारम्भिक प्रशिक्षण सम्पन्न । निजानन्द पाठ्यक्रम सहित सामग्री साथै प्रमाण पत्र बितरण ।
६. योग ध्यान साधनाका लागि आवश्यक योग म्याट, चकटी लगायतका करिव २ लाख बरबरको सामग्री खरिद गरिएको ।
७. नवतनधाम लगायत २५ भन्दा ज्यादा मन्दिर तथा सत्संग भव मा अन्य योगशालासंगको सहकार्यमा निरन्तर योग सञ्चालनमा रहेको ।
८. नवतनधाम लगायतका स्थानमा अन्तराष्ट्रिय योग दिवस २०८३ असार ७ गते भव्यताकासाथ मनाइयो ।
९. नवतनधाममा जेठ २ गते देखि अभ्युदय योग ध्यान केन्द्रको ३ दिने प्रशिक्षण साथै असार ५ गते विश्व शान्ति योग मिशनको आचार्य योग गुरु राजन स्वामीको समुपस्थितिमा सम्पन्न भव्य कार्यक्रमको व्यवस्थापन सहयोग गरिएको ।

भावी कार्यक्रमः

उपत्यका लगायत नेपालका पूर्वाधार सम्पन्न मन्दिरहरुमा निजानन्द योग प्रारम्भिक प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने । संभावित पुर्वाधार सम्पन्न सबै मन्दिरहरुमा सम्भव भए सम्म निजानन्द योगशाला प्रारम्भ गर्ने ।

सम्योजक
मात्रृका प्याकुरेल

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

धार्मिक अनुसन्धान,अनुशन्धान तथा साहित्य प्रकाशन विभाग

२०८२-०८३ को प्रगति प्रतिवेदन

यस विभागको मुख्य जिम्मेवारी भनेको श्रीकृष्ण प्रणामी धर्म संबन्धि अध्ययन अनुसन्धान गर्नँ-गराउनु, पत्रिका, जर्नल, पुस्तक आदि प्रकाशन गर्नँ, निजानन्द केन्द्रीय पुस्तकालयलाई व्यवस्थित गरी संचालन गर्नँ र धार्मिक उन्नयनका अन्य कार्यहरु गर्नँ हो । यसतर्फ विगतमा केहि सुस्ति देखिएता पनि यस वर्ष केहि कार्य अगाडि बढाउने जमर्को गरिएको छ ।

१) पुस्तकालय व्यवस्थित गर्ने प्रथम चरणको कार्य सकिएको छ ।

२) अति धेरै माग भएका निर्देशन सहितको सेवापूजा र नित्यपाठ यथासिघ्र प्रकासन गर्ने कर्य प्रारंभ भएको छ ।

३) भावी योजना:

- पुस्तकालयलाई १ महिना भित्र गुरुकुल संचालन भएको नयाँ भवनमा स्थानान्तरण गरी व्यवस्थित रुपमा संचालन गर्ने ।
- श्रीकृष्णप्रणामी धर्म संबन्धी अनुसन्धानमूलक जर्नल प्रकाशन गर्ने ।
- प्रशिक्षण विभागसंग समन्वय गरी प्रचारक-प्रशिक्षण संचालन गर्ने ।

सम्योजक

कृष्णप्रसाद खतिवडा

संगठन तथा प्रशासन विभाग
वार्षिक प्रगति प्रतिवेदन २०८२/८३

२०८१।११।२६ मा यस विभागको पूनर्गठन पश्चात आ.व.२०८२।८३ यस विभागबाट निम्नानुसारको कार्य सम्पन्न गरिएको थियो:

१) मिति २०८२/११/३० मा आ.व. २०८२।८३ को लागि संस्थागत सुदृढीकरण तथा लेखासम्बन्धी अभिमूखीकरण तालिम योजना तथा कार्यक्रम तालिका सचिवालयमा पेश गरिएको,

२) यस विभागलाई मस्यौदाका रूपमा प्राप्त निम्न दस्तावेज परिमार्जन तथा विस्तृतिकरण गरी समितिको बैठकमा छलफल तथा निर्णयार्थ पेश गरिएको थियो:

- श्रीकृष्ण प्रणामी अध्ययन अनुसन्धान केन्द्र गठन तथा सञ्चालन कार्यविधि- २०८१,
- श्रीकृष्ण प्रणामी सेवा समिति, नेपाल आवास व्यवस्था निर्देशिका- २०८१,
- गुनासो सुनवाई कार्यवधिको मस्यौदालाई व्यापक परिमार्जन गरी गुनासो सुनवाई, सम्बोधन एवम् अनुशासन पालना कार्यविधि - २०८२ मस्यौदा तयार गरिएको,
- ठूला धार्मिक महोत्सव कार्यक्रम सञ्चालन सम्बन्धी मार्ग निर्देशन- २०८२ मस्यौदा तयार गरिएको ।
- श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको आर्थिक विनियमावली- २०६० संसोधन मस्यौदा तयारीमा सम्योजकबाट संसोधन उपसमितिलाई विशेष सहयोग पुर्‍याइएको, र
- मन्दिर सञ्चालन विनियमावली - २०६९मा संसोधन प्रस्तावको मस्यौदा तयार गरिएको थियो ।

उपरोक्तानुसारका कार्यविधि, निर्देशिका एवम् मार्ग दर्शन समितिको बैठकबाट पारित भै अनुमोदन समेत भैसकेको छ । ति कार्यविधि एवम् निर्देशिकाको पालना सम्बन्धमा केकस्तो प्रगति भएको छ भन्ने बारेमा महासचिवज्यूको प्रतिवेदनमा उल्लेख हुनेछ ।

३) मिति २०८१ साल चैत्र १० र ११ गते सम्पन्न धर्म सभा आयोजनामा व्यवस्थापकीय सहयोग तथा माइन्युट लेखनमा प्राविधिक सहयोग प्रदान गरिएको ।

४) मिति २०८२ कार्तिकदेखि प्रारम्भ भै २०८३ बैशाखमा सम्पन्न प्रथम आवाशीय धार्मिक प्रशिक्षण कार्यक्रम (पहिलो तह) आयोजनामा व्यवस्थापकीय सहयोग र प्रशिक्षणका लागि आवश्यक प्रशिक्षण सामाग्री लगायत प्रशिक्षार्थीहरूको लागि २ जोर कुर्ता शुरूवालका लागि आर्थिक सहयोग गरिएको थियो । उपरोक्तानुसारको प्रशिक्षण कार्यक्रममा २० जना प्रशिक्षार्थीले भागलिनु भएकोमा ६ महिनाको प्रशिक्षण तालिममा निरन्तर भागलिई सफलतापूर्वक सम्पन्न गर्नँहुने १६ जना प्रशिक्षार्थीलाई परमपूज्य परमवन्दनीय आचार्य महाराजश्रीको नेपाल आगमनको अवसर पारेर उहाँकै करकमलबाट मिति २०८३ वैशाख ४ गते श्री नवतनधाममा आयोजित विशेष कार्यक्रममा जुगल प्रशिक्षण कोषको विशेष लोगो अंकित शल ओढाई सहभागिता प्रमाण पत्र वितरण तथा उत्कृष्ट २ जना (१ महिला १ पुरुष) प्रशिक्षार्थीलाई विशेष नगद पुरस्कार वितरण गरिएको थियो ।

५) विभिन्न तालिमहरू सम्पन्न गरिएको छ:

क) प्रदेशस्तरीय तालिम कार्यक्रम: बागमती प्रदेश (२०८२ चैत्र ९ गते, श्री नवतनधाम, ३० जना सहभागी) र मधेश प्रदेश (२०८२ चैत्र १४ गते, श्री निजानन्द धाम, २५ जना सहभागी), कर्णाली तथा सुदुरपश्चिम प्रदेश (२०८३ वैशाख १९ गते, श्रीकृष्ण प्रणामी मन्दिर, ढोढरी, बर्दिया, ३५ जना सहभागी) र गण्डकी लुम्बिनी प्रदेश (२०८३ आषाढ ६ गते, श्रीकृष्ण प्रणामी मन्दिर, बुटवल, ३० जना सहभागी) समन्वय समिति अन्तर्गतका जिल्ला समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्बन्धित प्रदेश समन्वय समितिको संयोजनमा संस्थागत सुदृढीकरण तथा आर्थिक व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको,

ख) जिल्लास्तरीय तालिम कार्यक्रम: ललितपुर (२०८२ आषाढ २ गते, सकारात्मक सोचसहित क्षमता विकास), काठमाण्डौं (२०८२ भाद्र २१ गते, प्रशासनिक, आर्थिक एवम् व्यवहारिक पक्ष), मोरंग (२०८२ कार्तिक २९ गते, नेतृत्व विकास तथा संगठन सुदृढीकरण तालिम), भक्तपुर (२०८२ चैत्र ७ गते), मकवानपुर (२०८३ जेष्ठ २ र ३ गते, हेटौडा, नेतृत्व विकास प्रशिक्षण, १२५ जना सहभागी), नुवाकोट (२०८३ जेष्ठ २३ गते, श्रीकृष्ण प्रणामी मन्दिर, इनारपाटि, विदुर, ३० जना सहभागी), काभ्रे (२०८३ जेष्ठ ३० गते, जिल्ला समिति भवन, बनेपा, ४९ जना सहभागी) र चितवन (२०८३ आषाढ ७ गते, श्रीकृष्ण प्रणामी मन्दिर, टिकौली, ४३ जना सहभागी) जिल्ला समितिको व्यवस्थापनमा सम्बन्धित जिल्ला समिति अन्तर्गतका इकाई समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई संस्थागत सुदृढीकरण तथा आर्थिक व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको,

ग) मिति २०८२ आषाढ २२ गते प्रदेश सम्योजकज्यूहरूका लागि प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकार समबन्धी अभिमुखीकरण (अनलाइन) तालिम सम्पन्न गरिएको,

घ) सलकपुर (२०८२ माघ १८ गते) र निजगढ (सडकटोल) (२०८२ पौष १९ गते) मन्दिरमा छुट्टाछुट्टै ठुला कार्यक्रम आयोजना व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिएको,

६) मिति २०८३ वैशाख ५ गतेबाट प्रारम्भ भई २६ गते सम्पन्न भएको एस.इ.ई. विद्यार्थी लक्षित नि:शुल्क आवाशीय आध्यात्मिक शिविरका लागि धर्म व्यवस्थापन महाशाखालाई कार्यक्रम सञ्चालनको लागि आर्थिक एवम् व्यवस्थापकीय सहयोगको पुर्‍याइएको थियो । प्रशिक्षण तालिममा निरन्तर भागलिई सफलतापूर्वक सम्पन्न गर्नँहुने २८ जना प्रशिक्षार्थीलाई जुगल प्रशिक्षण कोषको विशेष लोगो अंकित शल ओढाई सहभागिता प्रमाण पत्र वितरण तथा उत्कृष्ट २ जना (१ महिला १ पुरुष) प्रशिक्षार्थीलाई विशेष पुरस्कार वितरण गरिएको थियो ।

७) वार्षिक कार्य योजना तयारी: यस सम्बन्धमा गत वर्षसमेत यस्तो कार्य योजनाका लागि मस्यौदा पेश गरेको भएता पनि पदाधिकारी सदस्यहरूबाट ठोस सुझाव प्राप्त नभएकोले सम्पन्न गर्न नसकिएको तीतो अनुभवका आधारमा आउँदो वर्षका लागि समितिको वार्षिक कार्य योजना बनाई कार्यान्वयन गर्नका लागि सबैबाट २०८३ वैशाखमसान्त भित्र आफूलाई लागेका केकस्ता कार्यहरू केन्द्रीय समितिले गर्नँ पर्दछ भन्ने लाग्दछ सोको लिखित विवरण (के गर्ने, कल्ले गर्ने, कसरी गर्ने र कहिलेसम्म गर्ने, अपेक्षित परिणाम, आदि) केन्द्रीय सचिवालयमा पेश गर्न अनुरोध गरिएकोमा अधिकांश पदाधिकारी सदस्यहरूबाट ठोस सुझाव प्राप्त नभएकोले यसवर्षको विस्तृत वार्षिक कार्य योजना तयार गर्न नसकिएको व्यहोरा अनुरोध गदछौं ।

७) भावि कार्य योजना:

क) विधान, नियमावली र विनियमावलीहरूमा समसामयिक संसोधन मस्यौदा तयारी तथा प्रकाशन, विधान तथा नियमावलीको संसोधनमा सहयोग, जिल्लागत अन्तक्रिया कार्यक्रम आयोजना,

ख) केन्द्रीय वार्षिक साधारणसभामा सभासदहरूलाई २ घण्टाको संस्थागत प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

ग) समिति अन्तर्गतका २७ वटै जिल्ला समितिमा संस्थागत सुदृढीकरण एवम् क्षमता अभिवृद्धि तालिमलाई निरन्तरता,

घ) संस्थागत विस्तार गर्ने क्रममा कम्तिमा २ वटा जिल्ला समिति गठन र भएकाहरूको पूनर्संरचनाका लागि अध्ययन,

ङ) सम्पूर्ण इकाईहरूको स्थलगत भ्रमण, वस्तुस्थिति संकलन तथा प्रोफाइल तयारी, आदि कार्य गर्ने योजना तय गरिएको छ । प्रणाम ।

सम्योजक
नन्द किसार शर्मा

सम्पत्ति संरक्षण विभाग

प्रगति विवरण-२०८३

सस्थापक अध्यक्ष ब्रह्मलीन परमहंस श्री १०८ युगलदास महाराजजीको अथक प्रयासबाट मिति २०२३।०९।०५ मा तत्कालिन बागमति अञ्चलाधीशको कार्यालयमा दर्ता भई स्थापित श्रीकृष्ण प्रणामी सेवा समिति डिल्लीबजार मन्दिरमा कार्यालय राखी संचालन भएको मा २०३४ सालमा आएर सस्थादर्ता ऐन-२०३४ अनुसार पुनः निरन्तरता पाएको सस्था हो । मिति २०४७।०९।२३ मा मात्र समाज कल्याण परिषदमा आवद्धता हुन पुगेको यो संस्था तत्कालिन नियमानुसार कर कार्यालयमा मिति २०६१।०९।१९ मा पानदर्ता तथा २०६२॥०४।३० मा करछुट हुने संस्थामा दर्ता भएको यो सस्था कालान्तरमा विधान संसोधन बिबिध कार्यविधि, नियमावली, निर्देशिका पारित गरि संचालित छ ।

नेपाल राज्यभर आफ्ना शाखा ईकाई हुदै प्रणामी समाजको एकल छाता संगठनको रुपमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले नेपाल भरि रहेका संघ संस्था, समिति र यिनीहरुको सम्पतिको लगत लिने कार्य अगाडि बढाइएको छ, यस्लाई अझ व्यापक निरन्तरता दिनु आवश्यक छ ।

संस्था तथा मन्दिर समितिको भोग चलनमा रहेका जग्गाको लालपुर्जा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नाममा पनि छ भने कतिपय फरक फरक नामले रहेका प्रमाण फेला परेका छन भने कतिपय पुराना स्थानहरुमा महन्तका नाममा पनि जग्गा रहेको र नामसारी हुदै हराएका पनि भेटिएका छन भने मुद्धा मामिला परेका नामसारी हुन बांकी रहेका जग्गाहरु पनि छन । स्थानीय इकाई समिति, जिल्ला समिति र बिभागले समेत नियमित अनुगमन र खोज नगरेका कारण व्यक्तिहरुले कागज मिलाई नामसारी बेच बिखन गर्ने गरेको अवस्थ छ भने बर्षौ देखि मालपोत तथा स्थानीय कर नतिरेका कारण हाल संस्थाका नाममा भएर पनि स्वामित्व नै हराउने वा जोखिमपूर्ण अवस्थामा पुगेको पाइएको छ । सार्वजनिक जग्गामा बनेका भौतिक संरचनाको भविष्य शंकास्पद नै रहने अवस्था छ समयमा नै सरकारी कानुन बमोजिम नचल्दा संरचना प्रयोग र सम्पति संरक्षणमा बिकराल चुनौतीको सामाना गर्नपर्ने देखिन्छ ।

अन्त मा, उपरोक्त समस्याहरुको निराकरण गर्न जिल्ला इकाईको बेग्ला बेग्लै वासलात तयार गर्ने परिपाटि विकास गर्ने, बरबुझारथ व्यवस्थालाई अनिवार्य लागु गराउने, सबै जिल्ला इकाईले भोग चलन गरेको र गर्न बांकी सम्पूर्ण जग्गा जमिनको जग्गाधनी पुर्जा अध्यावधिक गर्ने, जग्गा तथा भवनहरुको लगत मूल्यांकन सहित अभिलेख अनिवार्य राख्ने । सार्वजनिक जग्गामा रहेका संरचना भोग चलनको लागि सरकारि नियमानुसार पहल गर्ने । आन्तरिक तथा बाह्य लेखापरीक्षणलाई व्यापक गर्ने, सबै ईकाई तथा जिल्लालाई कार्य समिति परिवर्तन हुनासाथ प्रशिक्षणको व्यवस्थापन गर्ने । नियमित विवरणहरु केन्द्रमा पठाउने जिल्ला इकाईमा पनि राख्ने व्यवस्था लागु गरिएमा अवश्य संरक्षणमा गर्ने कार्यमा सफलता मिल्नेछ ।

॥ प्रणाम ॥

संयोजकः नवराज कोइराला

केन्द्रीय कोष प्रवर्धन विभागको प्रगति प्रतिवेदन

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्री कृष्ण प्रणामी सेवा समिति नेपाल, केन्द्रीय कोष प्रवर्धन विभागबाट संस्थाको उद्देश्य, आवश्यकता तथा विकासका कार्यहरूलाई केन्द्रमा राखी विभिन्न निकायहरूसँग समन्वय, पहल तथा सहजीकरण मार्फत भएका प्रगति तथा कार्यसम्पादनहरूको विवरण यस गरिमामय साधारण सभाका केन्द्रीय अध्यक्ष समक्ष जानकारीका लागि निम्नानुसार प्रस्तुत गर्दछु ।

१. श्री नवतनधाममा विद्युत् तथा प्रकाश व्यवस्थापन

केन्द्रीय कोष प्रवर्धन विभागका संयोजकको पहल तथा सम्बन्धित नगरपालिकासँगको समन्वयबाट श्री नवतनधाममा लाइट जडानका लागि रु. ११ लाख बजेट प्राप्त गरी लाइट जडान गर्ने कार्य सम्पन्न गरिएको छ . यस कार्यले श्री नवतनधामको धार्मिक, आध्यात्मिक तथा भौतिक वातावरणलाई थप व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग पुगेको छ .

२. गुरुकुलम् सञ्चालन तथा विकासका लागि नगरपालिकासँग आवश्यक समन्वय तथा पहल गरी गुरुकुलमका लागि बजेट व्यवस्थामा समन्वय गरेको ।

३. श्री नवतनधाम तथा सम्बन्धित क्षेत्रको तथा भक्त सुन्दर साथजीहरुलाई आवागमनलाई सहज र व्यवस्थित बनाउने उद्देश्यले नगरपालिकासँग आवश्यक समन्वय तथा पहल गरी बाटो निर्माण का लागि बजेट समन्वय गरियको ।

४. शहरी विकास मन्त्रालयसँग आवश्यक पहल तथा समन्वय गरी गुरुकुलम्का लागि बजेट ल्याउन समन्वय गरियको ।

५ प्रदेश सरकारसँगको समन्वय तथा आवश्यक पहलबाट श्री नवतनधामको गुरुकुलम्का लागि बजेट निकासामा पहल भयको ।

६.श्रीनवतनधाम परिसरमा राधाकृष्ण मूर्ति निर्माण का लागि आर्थिक वर्ष २०८३/०८४ मा श्री नवतनधाममा ७० फिट अग्लो राधाकृष्ण को मूर्तिका नगरपालिका बाट आमस्कि बजेट ल्याउन पहल भयको ।

७. श्री नवतनधामसँग सम्बन्धित आवागमन तथा पूर्वाधार विकासलाई थप सहज र व्यवस्थित बनाउने उद्देश्यले गोपाल मार्ग निर्माण का लागि केहि बजेट निकासामा पहल भयको ।

८. केन्द्रीय कोष प्रवर्धन विभागको कार्यविधि तथा संस्थागत संरचनासम्बन्धी विषय

केन्द्रीय कोष प्रवर्धन विभागलाई अझ प्रभावकारी, व्यवस्थित र संस्थागत रूपमा सञ्चालन गर्न पदाधिकारीहरूको आवश्यक पर्ने भएकाले विधान तथा नियमावलीअनुसार विभागको कार्यक्षेत्र, जिम्मेवारी, अधिकार तथा कार्यसम्पादनलाई स्पष्ट र व्यवस्थित बनाउन आवश्यक कार्यविधि तयार गरी केन्द्रीय समितिसमक्ष पेस गरिएको थियो ।

तर, उक्त कार्यविधिका सम्बन्धमा आजको मितिसम्म कुनै सुनुवाइ अथवा आधिकारिक जानकारी प्राप्त हुन नसकेका कारण विभागको नियमित बैठक, कार्यविस्तार तथा केन्द्रीय कोषको प्रवर्धनलाई लक्ष्यअनुसार अगाडि बढाउन अपेक्षित सहजता हुन सकेन ।

अतः आगामी दिनमा विभागलाई संस्थागत रूपमा अझ प्रभावकारी बनाउन विधान तथा नियमावली अनुसार आवश्यक संरचना, पदाधिकारी तथा कार्यविधिलाई स्पष्ट रूपमा कार्यान्वयनमा ल्याउन आवश्यक भयको व्यहोरा यस साधारण सभासमक्ष अनुरोध गर्दछु ।

९. कार्यविधि कार्यान्वयनका लागि साधारण सभासमक्ष अनुरोध केन्द्रीय कोष प्रवर्धन विभागबाट पेस गरिएको कार्यविधिलाई केन्द्रीय समितिबाट अध्ययन गरी आवश्यक निर्णयका लागि अगाडि बढाइयोस् । साथै, चौथो बुँदाको कार्यान्वयनका लागि विधान तथा नियमावली संशोधन गरी पेस भएको कार्यविधिलाई संस्थागत रूपमा लागू गर्न ०५९औँ वार्षिक साधारण सभाबाट आवश्यक सहजता तथा मार्गप्रशस्त गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

१०. श्री कृष्ण प्रणामी समाजमा देखिएको वैचारिक विचलन तथा आपसी मतभेदका विषयमा बृहत् छलफल गरी एक-आपसमा रहेका विचारगत मतभेदलाई समाप्त गर्दै आपसी सहमति, एकता र सद्भाव कायम गर्नुपर्दछ भन्ने विषयमा प्रारम्भिक चरणदेखि नै आवश्यक सल्लाह-सुझाव तथा समन्वयको पहल गर्दै आएको व्यहोरा जानकारी गराउँदछु ।

११. यस विभागलाई केन्द्रीय समितिबाट प्रदान गरिएका अन्य जिम्मेवारीहरूमा समेत आफ्नो तर्फबाट पूर्ण रूपमा सहयोग, समन्वय तथा सहजीकरण गरिएको व्यहोरा यसै प्रतिवेदनमार्फत जानकारी गराउँदछु ।

अन्ततः, श्री कृष्ण प्रणामी सेवा समिति नेपालको संस्थागत विकास, श्री नवतनधामको पूर्वाधार विकास, गुरुकुलम्को विकास, धार्मिक तथा आध्यात्मिक संरचनाहरूको निर्माण एवं संरक्षण तथा संस्थाको दीर्घकालीन उद्देश्य प्राप्तिका लागि केन्द्रीय कोष प्रवर्धन विभागले आफ्नो क्षमता र पहुँचअनुसार निरन्तर पहल, समन्वय र सहजीकरण गर्दै आएको छ ।

आगामी दिनमा पनि संस्थाको एकता, पारदर्शिता, संस्थागत मर्यादा, आपसी सद्भाव र दीर्घकालीन विकासलाई केन्द्रमा राखी केन्द्रीय समितिसँग आवश्यक समन्वय गर्दै विभागीय जिम्मेवारीलाई थप प्रभावकारी रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु । प्रणाम ॥

सम्योजक
विष्णु प्रसाद चौलागाई

सुचना संचार तथा प्रचार प्रसार विभाग

श्री कृष्ण प्रणामी मिडिया
प्रणामी सञ्चार

श्री कृष्ण प्रणामी समाजका धार्मिक, आध्यात्मिक, सामाजिक तथा सांस्कृतिक गतिविधिहरूलाई आमसमुदायसम्म पुऱ्याउने उद्देश्यले प्रणामी सञ्चारले महत्वपूर्ण सञ्चार माध्यमका रूपमा कार्य गर्दै आएको छ ।

समयसँगै सञ्चार प्रविधिको विकास भइरहेको अवस्थामा प्रणामी सञ्चारलाई अझ व्यवस्थित, प्रभावकारी र सबैको सहज पहुँचमा पुग्ने माध्यमका रूपमा विकास गर्न आवश्यक छ ।

हालसम्म भएका प्रमुख कार्यहरू

प्रणामी सञ्चारबाट हालसम्म निम्न कार्यहरू हुँदै आएका छन्

श्री कृष्ण प्रणामी समाजका विभिन्न कार्यक्रम तथा गतिविधिहरूको समाचार तथा जानकारी सम्प्रेषण ।

१. धार्मिक तथा आध्यात्मिक कार्यक्रमहरूको प्रचार-प्रसार ।
२. विभिन्न कार्यक्रमहरूको फोटो तथा भिडियो कभरेज ।
३. महत्वपूर्ण गतिविधिहरूको डिजिटल अभिलेखीकरण ।
४. सामाजिक सञ्जाल तथा डिजिटल माध्यममार्फत सूचना तथा सन्देश प्रसारण ।
५. प्रणामी समाजका गतिविधिहरूलाई देशका विभिन्न स्थान तथा समुदायसम्म पुऱ्याउने कार्य ।
६. धार्मिक, सामाजिक तथा आध्यात्मिक विषयवस्तुलाई सञ्चार माध्यमबाट प्रस्तुत गर्ने कार्य ।

आगामी दिनमा गर्न सकिने प्रमुख कार्यहरू

१. नियमित रूपमा प्रणामी समाचार तथा गतिविधि प्रसारण गर्ने ।
२. धार्मिक तथा आध्यात्मिक कार्यक्रम उत्पादन गर्ने ।
३. साधुसन्त, गुरुजन, विद्वान तथा समाजका विभिन्न व्यक्तित्वसँग अन्तर्वार्ता सञ्चालन गर्ने ।
४. महत्वपूर्ण धार्मिक तथा सामाजिक कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण विस्तार गर्ने ।
५. युवा तथा बालबालिकालाई लक्षित गरी विशेष सामग्री उत्पादन गर्ने ।
६. प्रणामी इतिहास, संस्कृति र परम्परासम्बन्धी सामग्री तयार गर्ने ।
७. देशका विभिन्न स्थानमा हुने गतिविधिको समाचार तथा भिडियो संकलन गर्ने ।
८. प्रणामी समाजका पुराना फोटो, भिडियो, प्रवचन तथा महत्वपूर्ण सामग्रीको डिजिटल अभिलेख तयार गर्ने ।
९. सञ्चार क्षेत्रमा दक्ष जनशक्ति विकास गर्ने ।
१०. सामाजिक सञ्जालका विभिन्न माध्यमलाई योजनाबद्ध रूपमा सञ्चालन तथा विस्तार गर्ने ।

४. प्रस्तावित वार्षिक बजेट

क्र.सं.	अनुमानिक खर्चको शीर्षक	प्रस्तावित रकम
१	सञ्चार उपकरण खरिद तथा व्यवस्थापन	रु. ५,००,०००
२	जनशक्ति व्यवस्थापन तथा पारिश्रमिक	रु. २,००,०००
३	मर्मत सम्भार तथा अन्य विविध खर्च	रु. २,००,०००
	कुल अनुमानित खर्च	रु. ९,००,०००
	आम्दानीको स्रोत	अनुमानित रकम
१	सेवा समिति, युवा परिषद र वाइजुराज समितिबाट प्राप्त सहयोग र आम्दानी रु. ४,००,०००	
२	विज्ञापनबाट अनुमानित आम्दानी	रु. १,००,०००
३	विभिन्न व्यक्तिहरूबाट प्राप्त सहयोग	रु. १,००,०००
४	अन्य आम्दानी	रु. १,००,०००
	कुल अनुमानित आम्दानी	रु. ७,००,०००

उक्त कमी रकमलाई श्री कृष्ण प्रणामी समाज, सम्बन्धित संघ-संस्था, भक्तजन तथा शुभेच्छुकहरूबाट प्राप्त हुने अतिरिक्त सहयोग तथा अन्य वैधानिक आम्दानीका स्रोतबाट व्यवस्थापन गर्न सकिनेछ ।

५। आर्थिक व्यवस्थापन तथा पारदर्शिता

प्रणामी सञ्चारको सञ्चालनका लागि प्राप्त हुने सहयोग तथा आम्दानीलाई व्यवस्थित रूपमा अभिलेख राखी निर्धारित उद्देश्यअनुसार खर्च गर्ने व्यवस्था गरिनेछ । प्रत्येक आर्थिक वर्षमा आम्दानी तथा खर्चको विवरण तयार गरी सम्बन्धित निकायसमक्ष प्रस्तुत गर्ने व्यवस्था मिलाइने छ ।

प्रणामी सञ्चारलाई श्री कृष्ण प्रणामी समाजको व्यवस्थित, प्रभावकारी तथा आधुनिक सञ्चार माध्यमका रूपमा विकास गर्न उपकरण, जनशक्ति तथा नियमित सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्नँ महत्वपूर्ण छ ।

सबैको सहयोग, सुझाव र सहभागिताबाट प्रणामी सञ्चारलाई अझ व्यवस्थित गर्दै नेपालमा मात्र नभई विश्वभर रहेका प्रणामी समुदायलाई जोड्ने प्रभावकारी सञ्चार माध्यमका रूपमा विकास गर्न सकिने विश्वास लिइएको छ ।

संयोजक
भोलानाथ दहाल

राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध विस्तार विभाग

विषय: २०८२/८३ को वार्षिक प्रतिवेदन

श्रीकृष्ण प्रणामी मन्दिर सेवा समिति नेपालको २०८१ असोज १४ गते, ५७ औं साधारणसभा तथा २१औं महाधिवेशन पछि मनोनीत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार विभाग संयोजक म टिकादत्त बरालले देश तथा विदेशमा रहनुहुने संस्था एवम् सुन्दरसाथलाई बिभिन्न चरणमा यस विभागको सदस्यमा क्रमश मनोनीत गरेको जानकारीकासाथ अनुरोध गर्दछु ।

१ संयोजक: श्री टिकादत्त बराल टिकौली, चितवन
२ सदस्य: श्रीकृष्ण प्रणामी निजानन्द सोसाइटी सिड्नी अष्ट्रेलिया
३ सदस्य: श्री नूरनाथ सुवेदी टेक्सास, अमेरिका
४ सदस्य: पं. श्री धर्मदास शास्त्री ओन्टारियो, क्यानडा
५ सदस्य: श्री राधाकृष्ण भट्टराई दुबई, यु.ए.ई.
६ सदस्य: श्री कृष्ण प्रसाद खतिवडा लण्डन, बेलायत

७ सदस्यः श्री तुलप्रसाद अधिकारी चितवन, नेपाल
८ सदस्यः श्री प्रकाश शर्मा रियाद, साउदी अरेबिया

-अन्य सम्भावित सदस्यहरूमा अमेरिकाको टेनेसी मन्दिर समितिमा रहनुहुने, अष्ट्रेलियाको मेलवन सत्संग समिति, एडिलेड सत्संग समिति, कुवेतमा सत्संग समिति रहेका, इज़राइल, कतार, बहराईन आदीमा रहनुहुने सत्संग समितिमा रहनुहुने सुन्दरसाथहरू संग सम्पर्क भएको र वहाँहरू संग सदस्यताका निमित्त पहल भईरहेको।

-प्रत्येक मनोनीत सदस्यज्यूहरूलाई केन्द्रीय महासचिवज्यूले हस्ताक्षर गर्नभएको पत्र ह्वाट्सएप मार्फत हस्तांतरण गरिएको ।
-अनलाईबाट व्यक्तिगत शपथग्रहण गराईएको छ।
-अनलाईन मार्फत विभागको काम कर्तव्य र अधिकारको बारेमा जानकारी गराईएको।
-सबैको उपयुक्त समय मिल्नासाथ अनलाईन बैठक बस्ने सबै सदस्यहरूलाई जानकारी गराएको।

टिकादत्त बराल
संयोजक

गुनासो सम्बोधन उपसमितिको प्रगति प्रतिवेदन २०८३

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान २०२३ परिच्छेद ८ को दफा ४४ ले दिइएको अधिकार प्रयोग गरी मिति २०८२ फागुन ३० गते बसेको नवौ बैठकले गुनासो सुनुवाइ, सम्बोधन एवम् अनुशासन पालना कार्यविधि २०८२ को दफा १० मा उल्लेखित गुनासो सम्बोधन उप समिति गठन हुँदा मलाई उक्त समितिको सम्योजकको जिम्मेवारी दिइएको यहाँहरुलाई जानकारी भएकै छ । यस समितिमा सम्योजक लगायत अन्य चार जना सदस्यहरु रहनु भएको छ : जसमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका निवर्तमान अध्यक्ष श्री श्याम के.सी.ज्यू, कोषाध्यक्ष श्री अशोक थापाज्यू, सल्लाहाकार समितिका सदस्य श्री रामप्रसाद शर्माज्यू र महासचिव श्री भोलानाथ दाहालज्यू हुनुहुन्छ । यो कार्यविधि अन्तर्गत परिच्छेद १ देखि ७ नम्बरसम्म बिभिन्न शिर्षकमा कार्यक्षेत्र तोकिएको र परिच्छेद ८ मा बाधा अड्काउ फुकाउने अधिकार समेत उल्लेख गरिएको छ ।

बिक्रम सम्बत २०८३ असार ३२ गते बिहिबार बसेको समितिको बैठकले सेवा समितिको कार्यक्षेत्रसंग सम्बन्धित कुनै गुनासाहरु भए यस उपसमितिमा रहनु भएका सम्योजक तथा सदस्यज्यूहरुलाई लिखित, मैखिक साथै फोन मार्फत समेत टिपाई दिनहुन, सेवा समितिको सामाजिक सञ्जालमा सूचना प्रकाशित गरी सरोकारवालाहरु सबैलाई जानकारी गराउने निर्णय भए अनुरुप सूचना प्रकाशित गरियो ।

हालसम्म कतिपय महानुभावहरुले भेट भएका बेला र फोनबाट मौखिक गुनासाहरु व्यक्त गर्नं भएकोमा तत्काल जिज्ञासा समाधान गर्ने कार्य गरेको जानकारी गराउँदै आगामी दिनहरुमा यस समितिमा प्राप्त हुने तथ्य परक गुनासाहरुलाई यथासम्भव निराकरण गर्न केन्द्रीय समितिमा जानकारी एवम् उचित पहलकदमी गरिने प्रतिवध्दता व्यक्त गर्दछु ।

सम्योजक
गोपालकृष्ण सञ्जेल

श्री कल्पना छबि निजानन्द पुरस्कार तथा श्री कल्पना छबि महामति छात्रबृति व्यवस्थापन तथा मूल्याङ्कन समिति २०८२ सालको प्रगति प्रतिवेदन

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल अन्तर्गतको **श्री कल्पना छवि निजानन्द पुरस्कार तथा श्री कल्पना छवि महामति छात्रवृति पुरस्कार व्यवस्थापन तथा मूल्याङ्कन समिति**को २०८२ फागुन २६ गते बसेको बैठकले निर्णय गरे अनुसार श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल,केन्द्रीय सचिवालय समितिको २०८२ साल फागुन ३० गतेको बैठकबाट अनुमोदन भए बमोजिम सातौं पटक २०८२ सालको **श्री कल्पना छवि निजानन्द पुरस्कार** श्री नवतनधामको ३१औं वार्षिक उत्सवको अवसरमा आयोजित साप्ताहिक कार्यक्रममा चैत्र १४ गते शनिवारका दिन श्री १०८ अमृतराज महाराज,श्री १०८ पुरुषोत्तम महाराज,श्री १०८ राजेन्द्रदासजी महाराज तथा कोषदाताको तर्फबाट प्रतिनिधि श्री प्रदिप गजुरेल,श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रीय अध्यक्ष श्री श्यामकृष्ण शर्माज्यू,मूल्याङ्कन समितिका सल्लाहकार श्री श्याम के.सी.तथा सदस्यहरु र आम सुन्दरसाथहरुको गरिमामय उपस्थितिमा **नगद रु.५० हजार,प्रमाणपत्र र विभूषण श्री निजानन्द प्रश्नोत्तरी नामक ग्रन्थका संकलक/सर्जक श्री**

शारदा अधिकारी मैनालीज्यूलाई प्रदान गरियो ।

यसैगरी सेवा समितिका केन्द्रीय सदस्य श्री जयराज भट्टराइको शिफारिसमा माथि उल्लेख भए अनुसारको मितिमा मूल्याङ्कन समितिको निर्णय र श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, केन्द्रीय सचिवालय समितिको बैठकद्धारा अनुमोदन भए बमोजिम सोही समारोहमा श्री कल्पना छवि महामति छात्रवृति पुरस्कार **नगद रु.३०** हजार सर्लाही जिल्ला,लालबन्दी स्थित **श्री डिम जनता माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर रहेका छात्र श्री अर्पित थापा**लाई प्रदान गरियो ।

२०८३ सालको लागि हालसम्म निम्न बमोजिम ३(तीन) वटा ग्रन्थ उपलब्ध भएको छ । सो ग्रन्थहरु मूल्याङ्कन समिति सदस्यहरूबाट अध्ययन भइरहेको छ ।

१) इशादी तीन उपनिषद-श्री कृष्णप्रसाद खतिवडा(अत्रि) ।
२) प्रेम पाठ (क) धामवासी सन्त श्री पूर्णब्रह्म शास्त्री
(ख) धामवासी सन्त श्री मोहन मुकुन्द महाराज
(ग) पुनः प्रकाशनः श्री तिलञ्जली तिमिल्सिना ।
३) केही तथ्य केही सन्दर्भ,श्रीकृष्ण प्रणामी निजानन्द सम्प्रदाय- श्री सुनिल राई ।

॥ प्रणाम ॥

सम्योजक:
होमनाथ बराल

श्री नवतनधाम तथा अन्तर्गतका समितिहरुको प्रगति विवरण

१.१श्रीकृष्ण प्रणामी मन्दिर श्री नवतनधाम(केन्द्रीय धाम)

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल द्वारा गठित व्यवस्थापन समिति द्वरा संचालिल यस केन्द्रीय धामका लागि गादिपति महाराजजी र महन्त महाराजजीको संरक्षकत्व रहेको छ ।

श्री नवतनधाम व्यवस्थापन समितिका विविध गतिविधिहरू निम्नानुसार रहेका छन् ।

केन्द्रीय समितिको प्रतक्ष्य निर्देशनमा व्यवस्थापन समितिले कार्य सम्पादन गरि आएको छ भने यो बर्ष व्यवस्थापन समितिका १३ वटा बैठकहरु सम्पन्न गरिएका छन् ।

आर्थिक बर्ष २०८२/ २०८३ र भाद्र मसान्त सम्म निम्न लिखित कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

१. बार्षिक महोत्सव, २०८२ (चैत्र १० देखि १६ गते सम्म) श्री १०८ पाठ पारायण र हरेक वर्ष चैत्र १० गते देखि १६ गते सम्म भव्यताका साथ मनाउँदै आएको वार्षिक महोत्सव परम श्रद्धेय श्री नवतनधामका गादिपति बाबाजी श्री १०८ अमृतराज महाराजजी र श्री नवतनधामका महन्त स्वामी श्री १०८ पुरुषोत्तम महाराजजी आशीर्वचन एव प्रवचन सहित अन्य सास्कृतिक, स्वास्थ शिबिर र बिबिध सेवा मुलक कार्य सहित भव्यता पुर्वक सम्पन्न गरियो/

२.मिति २०२६ मे ३१ देखि ४ गते सम्म भारत, गुजरात भीलवाडाबाट श्री सदुगरु आश्रमको आयोजनामा पञ्च दिवसिय श्रीमद् भागवत कथा आयोजना गरिएको थियो ।

३.नवतनधाम सभाहलमा विगत ६ महिना देखि नियमित रुपमा योगध्यान कार्यक्रम निरन्तर संचालनमा रहेको छ ।

४.२०८३ असार ७ गते सम्पन्न गरियो । श्री नवतनधामका गादिपति वावाजी श्री १०८ अमृतराजजी महाराज र महन्त स्वामी श्री १०८ पुरुषोत्तम महाराजजीहरुको सान्निध्यतामा तिनै तहका केन्द्रीय अध्यक्ष एव पदाधिकारीहरुको समुपस्थितिमा भव्यरुपमा अन्तर्राष्ट्रिय योग दिवस मनाईयो ।

५.२०८३ सालको वितक चर्चा श्रावण १८ देखि भाद्र १९ गते सम्म रहेको थियो । श्री नवतनधाम गादिपति वावाजी श्री १०८ अमृतराजजी महाराजको आशिवर्चन सम्वोधन सहित महन्त स्वामी श्री १०८ पुरूषोत्तम महाराजद्वारा वितक कथा

वाचन कार्यक्रम अत्यत हर्सोल्लासका साथ सम्पन गरियो ।

६. श्रीकृष्ण प्राकट्य महोत्सव: भाद्र १९ गतेको श्रीकृष्ण प्राकट्य महोत्सवमा प्रमुख अतिथि कागेश्वरी मनोहरा नगरपालिकाका मेयर र विशिष्ठ अन्य अतिथिहरुको समुपस्थितिमा भव्य रुपमा सम्पन्न भएको थियो ।

७. श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको आयोजनामा युगल स्मृति कोष परिचालन एव नवतनधाम व्यवस्थापन समितिको समन्वयमा ६ महिने धर्म प्रचारक प्रसिक्षण सिविर को आयोजना सफलता पुर्वक सम्पन्न भयो भने नवतनधाम आश्रित वालवालिकाहरूलाई लक्षित धार्मिक सैद्धान्तिक, सेवापूजा लगायतका आध्यात्मिक प्रशिक्षणह र क्भ्भ दिएर बसेका किशोर किशोरीहरु लाइ करिब १ महिना व्यापी धार्मिक र नैतिक शिक्षा प्रसिक्षण सम्पन्न गरियो।

९. ज्येष्ठ नागरिक सम्मान: श्री नवतनधाम व्यवस्थापन समितिको संयोजन र व्यवस्थापनमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, बाइजुराज महिल समिति नेपाल र युवा परिषद नेपालको संयुक्त आयोजनामा हाम्रा अग्रज हाम्रा गौरव कार्यक्रममा बा को मुख हेर्ने तिथिलाई मध्य नजर गर्दै यहि भाद्र २१ गते आईतबार सम्मान सहित बा आमाको मुख १०. यो बर्ष सम्म ७० बर्ष उमेर कटेका २५० भन्दा ज्यादा प्रणामी समाजका ज्येष्ठ नागरिकहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको सो कार्यक्रममा उहाहरुलाई सुपाच्य भोजन ग्रहण गराई बिदाइ गरिएको थियो ।

नवतनधामको विकास तथा सौन्दर्यीकरणका कार्यहरू :

श्री नवतनधाम विराट विकास समिति अन्तर्गत नवतनधाम विराट विकास उपभोक्ता समिति गठन गरी सो समिति मार्फत सरकारी र अन्य सहयोग जुटाई निम्न कार्य सम्पन्न गरिएको छ

१. शहरी विकास पर्यटन आयोजना ईकाई कार्यालय मार्फत छात्रावासको २ तला सम्पन्नताको लागि २७ लाखको परियोजना . शहरी विकास तथा भवन कार्यालय, बागमती प्रदेश काठमाडौंमा छात्रावास भवनको तेश्रो तला सम्पन्न गर्न ९,००,०००। (नौलाख रुपैयाँ) प्राप्त भई कार्य सम्पन्न भएको छ भने सो कार्यालयबाट पुरक बजेट मार्फत पुनः तलको बाहिरी भान्सा टायल, ट्रस, गटर लगायत प्रवेशद्धार देखि मन्दिर सम्मको अपुरो ३० मिटर बाटो ढलान, जि. आई पाईप रेलिङ्ग, छात्रावासको १६ फुटे फलाम भच्याङ्ग, वापत २७ लाख सहयोग प्राप्त भै योजना सम्पन्न गरिएको छ ।

२.कागेश्वरी मनोहरा नगरपालिकामा प्रस्तुत गरीएको परियोजना पास भई हाल गेटको रंगरोगन सहित सम्पन्न भएको छ भने प्रवेशद्धार देखि छात्रावास सम्मको १४० मिटर कच्चि बाटो ढलानका लागि २५००,०००। (पच्चिसलाख रुपैया) निकासा भई कार्य सम्पन्न भएको छ ।

३. यसै गरी नियमित सेवा पुजा सामग्री खरिद तथा पुजा व्यवस्थापनका लागि नगरपालिका बाट३,५९,००० (तिनलाख उनान्साठी हजार रुपैया)सहयोग प्राप्त भएको छ ।

४.श्री नवतनधाम परिसरमा रहेको ८ आना जमिन खरिद गर्नको लागि २ करोड रुपैयाँ आवश्यक रहेको र १ स्क्वाएर जमिनको रु.११,००० (एघार हजार रुपैयाँ) सेवा आव्हान गरिएको थियो भने वितक चर्चा अवधीमा सेवादाताहरुबाट भुमिदान सेवा मार्फत १८,००,०००। (अठार लाख रुपैयाँ) प्राप्त भएको छ भने यो क्रम जारी छ । यसै क्रममा केन्द्रिय अध्यक्ष श्री श्यामकृष्ण शर्माज्युबाट श्री निजानन्द गुरुकुलम भवन निर्माणको लागि नगद रु ५००००० रु पाच लाख दान प्राप्त भै सेवामा लागेको छ ।

५.श्री नवतनधामको परिसरलाई सुरक्षित राख्न कम्पाउण्ड वाल र जाली लगाउने कार्यको थालनी गर्दे प्रथम चरणमा पुर्वपटी गौशला तर्फको तलको भागबाट शुरुवात भएर करिब ७५ मिटर वाल जाली गत बर्ष नै लगाईएको र बाकि काम सम्पन्न गर्न शहरी विकास तथा पर्यटन ईकाई कार्यालयमा ३ करोड बहत्तर लाख बरावरको परियोजना प्रस्तुत गरिएको छ ।

६.सन्तभवनको माथिल्लो तलाको पछाडि रहेको हललाई आगन्तुक आवास उद्धेश्यले ५ कोठा निर्माणका लागि प्राणनाथ भवनमा रहनुभएको बस्नेत आमा र गोमा अधिकारी आमाले २ कोठाको लागि प्राप्त १९लाख रुपैयाँ बाट निर्माण भएको छ ।

७.प्राणनाथ भवनको दक्षिणतर्फ तल भाँडा बर्तन पखाल्ने पश्चिम तर्फको भागलाई विस्तार गर्ने कार्य निर्माणाधिन रहेको

८.नवतनधाममा सम्पन्न बार्षिक कार्यक्रम र वितक चर्चा अनुष्ठानमा सन्त गुरुजनहरुको कथा प्रवचन एवं सेवाबाट

प्रभावित भई लव्ध प्रतिष्ठित व्यक्तिहरु सहित अनुमानित ३०० जनाको जागनी भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

१२. विभिन्न सेवा दाताहरुबाट निजानन्द गुरुकुलममा अध्ययनरत छात्र छात्राहरूको लागि समय समयमा विभिन्न दाताहरूबाट छात्रवृत्ती प्राप्त भएको छ भने जन्मदिन तथा विवाह वर्ष उत्सव, तथा तिथि लगायतका अवसरमा नवतनधाममा आश्रित बालवालिका र बुवा आमाहरुको लागि ११ हजार देखि २१ हजार रुपैयांको उल्लेख्य सेवा प्राप्त भैरहेको छ ।

श्री नवतनधाम व्यवस्थापन समितिको भावी कार्ययोजनाः

श्री नवतनधामको सौन्दर्यिकरण र निजानन्द गुरूकुलमको समुचित व्यवस्थापन गर्दै निर्माणाधिन छात्रावासलाई पुरा गर्ने सो को लागि आयोजना प्रस्ताव तयार पार्ने र सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरूमा सहयोगलागि पेश गर्ने ।

३ कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय मेयरज्यु बाट रु.पचासलाख रुपैयाँको पतिबद्दता गरिएको एस धाम परिसरमा ५० फुट उचाईको राधाकृष्ण मुर्ति स्थापना सहित संग्रहालय तथा भव्य बाईजुराज हलको निर्माण शुभारम्भ गरिनेछ ।

४.श्री नवतनधामका महन्त स्वामी श्री १०८ पुरूषोत्तम महाराजजीको संयोजकत्वमा बाणी, वितक लगायतका विषयमा हुने प्रशिक्षण कार्यक्रमहरु सुचारु गरिने छ । साथै श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको योग ध्यान तथा चितवनी विभाग अन्तर्गत श्री नवतनधाम व्यवस्थापन समितिको व्यवस्थापनमा अभ्युदयम् योग ध्यान केन्द्रसँग सहकार्य गरि देशभर निजानन्द योग ध्यान पद्धतीको विधि र पद्दति सहितको प्रारम्भिक सामग्री तयार गरी प्रशिक्षक उत्पादन गर्ने कार्यको समेत थालनी गरिनेछ ।

श्री नवतनधाम ब्यवस्थापन समिति अन्तर्गतका ईकाईहरुको विवरणः

(१) श्रीकृष्ण प्रणामी मन्दिर डिल्लीबजारः-

श्री युगल स्मृति भवनका नामले चिनिने यस मन्दिरले विभिन्न समयमा हुने मेला, पर्व र प्रशिक्षण कार्यक्रममा सहभागी हुदै आएको छ । मन्दिरमा आउने पाहुना तथा आगन्तुकहरुको समुचित व्यवस्थापन गरिदै आएको छ । सटरवापत आउने वहाल तथा मेलापर्व साथै सेवादाताहरुवाट संकलित आम्दानीबाट मन्दिर व्यवस्थापन हुँदै आएको छ । एक महिना वितक चर्चा साथै नियमित मेलापर्वहरु सदा बर्षहरुमा झै मनाउँदै आइएको छ ।

(२)श्रीकृष्ण प्रणामी निजानन्द बृद्धाश्रम, पुल्चोक ललितपुरः-

ब्रह्मलीन परमहंस श्री १०८ युगलदास महाराजजीद्वारा स्थापित श्रीकृष्ण प्रणामी निजानन्द बृद्धाश्रममा सम्पूर्ण मेलापर्वहरु नियमित रुपमा संचालन गरिदै आएको छ । आश्रमको वार्षिक उत्सव भव्यरुपमा मनाउँदै आईएको छ । आश्रममा आश्रित आमाहरुको समुचित व्यवस्थापन गरिदै आईएको छ भने वितक चर्चा एवम् श्रीकृष्ण प्राकट्य महोत्सव मनाउदै आइएको छ ।

(३)श्रीकृष्ण प्रणामी प्राणनाथ सेवा आश्रम, कोटेश्वरः-

श्रीप्राणनाथ सेवा आश्रम कोटेश्वर तीनकुने आश्रममा बृद्धबृद्धाहरुलाई आश्रय दिँदै आएको छ साथै नियमित रुपमा सेवा पुजा, मेला पर्व, वितक, वार्षिक उत्सब एव धार्मिक कार्यक्रम गर्दै आएको भने आध्यात्मिक तथा धार्मिक कार्यक्रमको कक्षाहरु पनि सञ्चालन गर्दै आएको छ ।

(४) श्रीकृष्ण प्रणामी सत्संग समिति, गोंगवु टोखाः-

यस सत्सग भवन निर्माणाधिन अवस्थामा रहेको भएता पनि श्रीमद्वीतक मासिक श्री कृष्ण कथाको आयोजना भएको छ उक्त मासिक चर्चा बाट प्राप्त सहयोगबाट अघिल्लो आर्थिक वर्षमा यस भवनको नक्सा पास गर्दाको दायित्व भुक्तानी गर्न समिति सफल भएको छ । यस सत्संग भवनलाई नगरपालिकाबाट दुई चरणमा निर्माण कार्यको लागि आर्थिक बजेट निकास भएको थियो । पहिलो चरणमा निकासा भएको बजेटबाट प्राप्त रु. ६ लाख ४६ हजार २९९ ले भवनको कम्पाउन्ड वाल, दुई वटा गेट, ट्वाइलेट लगायतको कामको लागि नगरपालिकाबाट रु ९ लाख७२ हजार ९१६ प्राप्त भएको र नपुग रकम समितिबाट थप गरी कार्य सम्पन्न गरिएको छ । समितिले पुराना फलामको ट्रस लगायतका सामान विक्री गरि रु २ लाख

२२ हजार प्राप्त गरेको छ । सहुलियत डर को बिजुली मिटर जडान गरिएको,सत्संग, १२ मेला, लगायत अन्य मेलाहरू, जमिनदाता माताजीको तिथीमा आरती,युवा परिषद् गोंगबु प्रासको सक्रियतामा मासिक बाल सत्संग सञ्चालन हुँदै आएको छ । साथै बाइजुराज महिला समितिको पहलमा महिला लक्षित् तालिम र नगरपालिकाबाट करिब रु५००,०००। बराबरको स्पिकर, एम्लिफायर, हार्मोनियम, तबला लगायत संगीतका सामाग्री प्राप्त भएको छ । यो आ.व.को लागि प्रदेश सरकारबाट रु २५,००,०००। र स्थानीय सरकारबाट रु १०,००,०००। को बजेट बिनियोजन भएको छ ।

प्रदेश तथा जिल्ला र इकाईको प्रतिवेदन

(क)बागमती प्रदेश समन्वय समिति

वार्षिक प्रगति प्रतिवेदन २०८२/२०८३ बागमती प्रदेश समन्व समितिको मिति २०८१ पौष २८ गते गठन पश्चात प्रथम बैठक मिति २०८१/१२/२ का दिन प्रत्यक्ष रुपमा बसेको हो । बागमती प्रदेश भित्र १३ जिल्ला र लगभग ८१ इकाई (सत्संङ इकाई/मन्दिर/धाम) रहेका छन ।

यस समितिबाट भएका प्रगति

- बागमती प्रदेशको प्रथम समन्वय सभा सिन्धुली जिल्लाको ढुङरेबास श्री कृष्ण प्रणामी मन्दिरमा मिति २०८२ साल आश्विन ४ गतेका दिन श्री कृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रिय उपाध्यक्ष श्री गोपाल कृष्ण संजेलज्यूको प्रमुख आतीथ्यमा भव्य र सव्यरुपले सम्पन्न भएको थियो । साथै रामेछाप जिल्ला र सिन्धुली जिल्लाका मन्दिरहरुमा सेवारत पुजारीहरुको सम्मान समेत गरीएको थियो ।
- यस वर्ष श्री कृष्ण प्रणामी सेवा समिति नेपाल बागमती प्रदेश समन्वय समितिको प्रत्यक्ष बैठक बस्न सकिएन, अनलाईन बैठक ४ र अनौपचारीक बैठक ८ पटक बसी बिभिन्न कार्यहरु अगाडी बढाइयो ।
- बागमती प्रदेश भित्र भएका स्थानीय, जिल्ला, प्रदेश वा क्षेत्रीय स्तरको विशेश कार्य्रक्रममा उल्लेखनीय सहयोग र सहभागीता रहेको ।
- श्रीकृष्ण प्रणामी मनिन्दर,बुढयौलीको १०८ पारायण क्रु ११,०००/- सहयोग गरीएको ।
- २०८३ बितक कार्यक्रमको क्रममा किर्तिपुर मन्दिरमा रु १,००५/- सिता पाइला सतसंग बितक कार्यक्रममा रु १,००५ /- र भुमेस्थली मन्दिर बितक कार्यक्रममा रु २,५०५/- सहयोग गरिएको ।
- ढुङखर्क काभ्रेको १०८ जागनी महोत्सवमा बागमती प्रदेशका संयोजक मुल समारोह समितिको उपसंयोजकको रुपमा जिम्मेवारी लिइ प्रारम्भिक चरण देखि समिक्षात्मक समय सम्म सहभागी भई कार्य सम्पन्न गर्नँ भएको ।
- सलकपुरको पारायणमा सहभागी भई सहयोग पुऱ्याइएको ।
- केन्द्रिय सेवा समितिको ५८ औं वार्षिक साधारण सभामा सहभागी जनाइएको ।
- वाइज्यूराज युवा परिसर सेवा समितिका हरेक क्रियाकलापमा सहभागी जनाइएको ।
- प्रणामी समाजमा भएको बैचारिक बिचलनलाई सहमतीमा ल्याउन अहम भुमिका खेली प्रणामी समाजका अग्रज विद्धोत वर्ग वर्तमान केन्द्रिय समितिका पदाधिकारी बागमती प्रदेश समन्वय समितिका पदाधिकारी सहितको भेला गराई मिति २०८३ साल भाद्र १४ गतेका दिन वृहत छलफलगरी सुन्दरसाथ, संस्था साधुसन्तहरु बिच प्रेम सदभाव र एकताका लागि सहमतीमा ल्याउन ५ जना भएको उच्च स्तरीय समिति गठन गरी बागमती प्रदेश समन्वय समितिको पहलमा श्री कृष्ण प्रणामी सेवा समिति नेपाल केन्द्रिय समितिमा बुझाइयो र सो समितिले उक्त कार्यको लागि निरन्तर कार्य अगाडी बढाइएको जानकारी गराउदछु ।
- आ.व. २०८१/०८२ को आम्दानीवाट खर्च गरी बचत रकम रु.३८००/- र २०८३/०८४ भाद्र मसान्त सम्मको आम्दानी गरी बचत रकम रु.११,४००/- भएको अवगत गराउँदछु ।

भावी योजना

- प्रथम सभामा पारित भएका भावी योजनाहरुलाई कार्यान्वयनमा ल्याउने ।
- सनातन धर्मका गुरुवर्गहरुको सहभागीतामा छलफल गराउने आदि ।

सम्योजक: रेवतीप्रसाद सापकोटा

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

जिल्ला प्रतिवेदन

१. जिल्ला समिति काठमाडौं:-

काठमाडौं जिल्ला अन्तर्गत जिल्ला सहित १२ वटा समिति, केन्द्रीयधाम मन्दिर मातहतका-४ वटा समिति यसै जिल्लामा रहेका छन् । जसमा मन्दिर-१२, सत्संग समिति-५ र जिल्ला समिति कार्यरत छ । श्री निजानन्द गुरुकुलम् यसै जिल्लामा संचालनमा रहेका छन ।

१.यस वर्ष काठमाडौं जिल्ला सेवा समिति अन्तर्गत रहेका विभिन्न इकाइ एवं सत्सङ्ग भवनहरूमा श्रीमद् वीतक चर्चा तथा सत्सङ्गका कार्यक्रमहरू श्रद्धा, भक्ति र सौहार्दपूर्ण वातावरणमा नियमित रूपमा सञ्चालन तथा सम्पन्न गरिएको छ ।
२.धार्मिक जागरण शिविर तथा अन्य आध्यात्मिक कार्यक्रमहरूमा सहभागी भक्तजनहरूबीच आपसी सद्भाव, प्रेम, सेवा भावना, सामाजिक एकता तथा मानवीय मूल्यको विकास गर्ने उद्देश्यले विभिन्न चेतनामूलक गतिविधिहरू सञ्चालन गरिएको छ । यस जिल्ला समितिको मातहतमा रहेका प्रत्येक इकाई तथा सम्बद्ध संस्थाहरूले आयोजना गर्ने साधारण सभा, वार्षिक सभा तथा अधिवेशनहरूमा यस समितिको तर्फबाट नियमित रूपमा सक्रिय सहभागिता जनाउँदै आइएको छ ।

३. जिल्ला समितिहरू तथा प्रदेश समितिको आयोजनामा सञ्चालन हुने विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक तथा संस्थागत कार्यक्रमहरूमा समेत यस समितिको प्रतिनिधित्व तथा सक्रिय उपस्थिति रहने गरेको छ ।

४. जिल्ला समितिको २०८२ साल भदौ महिनाको २१ गते श्रीकृष्ण प्रणामी सत्सङ्ग भवन, गोंगबुमा आयोजना गरिएको २२ औं साधारणसभा एवं प्रशिक्षण कार्यक्रममा काठमाडौं जिल्ला अन्तर्गतका सम्पूर्ण इकाईका प्रतिनिधिहरूको उल्लेखनीय तथा उत्साहजनक सहभागिताका साथ सफलता पूर्वक सम्पन्न गरियो ।

५.यस जिल्ला समितिको २०८२ साल भाद्र महिनाको २१ गतेका दिन भएको २२ औ साधारणसभा भएदेखी औपचारीक रुपमा ४ वटा तथा अनौपचारीक वैठक ५ (Virtual) वटा गरि जम्मा ९ वटा बैँठक सम्पन्न गरेको छ ।

६.जिल्ला समितिले विगतका वर्षहरुमा धेरै कार्यहरु गर्न सफल भएता पनि यो आर्थिक वर्षमा केही कार्य गर्न नसकेता पनि अन्य संघसस्थाहरु संग सहकार्य गर्दै आएको छ ।

७. प्रत्येक वर्षमा जस्तै यस वर्षपनि वितकको समयमा इकाई मन्दिरहरु परिभ्रमण कार्य सम्पन्न भयो । यस भ्रमणका क्रममा सम्बन्धित इकाई तथा मन्दिरहरूको गतिविधि, व्यवस्थापन, धार्मिक तथा सामाजिक कार्यहरूको अवस्थाबारे प्रत्यक्ष जानकारी लिने तथा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य गरिएको छ । साथै, संस्थागत गतिविधिलाई थप व्यवस्थित, प्रभावकारी र गतिशील बनाउन आवश्यक सुझाव, मार्गदर्शन तथा सहयोग प्रदान गरिएको छ ।

८.केन्द्रीय समिति, प्रदेश समिति तथा सम्बन्धित अन्य निकायहरूबाट निर्देशित तथा आयोजित विभिन्न कार्यक्रम, प्रशिक्षण, गोष्ठी, अन्तरक्रिया एवं अभिमुखीकरण कार्यक्रममा यस समितिको सक्रिय सहभागिता रहँदै आएको छ ।

९.नेपालका विभिन्न मन्दिरहरू तथा धाममा सञ्चालन हुँदै आएका श्री १०८ तारतम सागर पाठ-पारायण, धार्मिक अनुष्ठान तथा वार्षिक उत्सव मेलाहरूमा यस समितिको सहभागिता र सहकार्य रहँदै आएको छ।

१०. केन्द्रीय समिति र उपत्यकाको जिल्ला समितिहरुसंग समन्वय गरि जिल्ला समितिको भूमिकाको बारेमा छलफल गरि कार्यक्रमहरु तय गरिएको ।

धर्मको प्रचार सहित समितिलाई अग्रगामी दिशामा अगाडि बढाउन भावि कार्य नितिहरु:-

१.श्री कृष्ण प्रणामी धर्मको प्रचार एवंम प्रतिष्ठा बढाउन बाहिरि समाजसंग समन्वय गरी समाज उपयोगि कार्य जस्तै, सामाजिक कार्यहरु, विभिन्न सिविरहरु गर्दै जाने ।

२.काठमाण्डौ जिल्लाले परिभ्रमणका क्रममा पाइएको वस्तु स्थितिहरुको बारेमा कतिपय कुराहरुमा सुधार ल्याउनु पर्ने र सबै सुन्दर साथजीहरुको आर्थिक स्थिति र भावना अनुरुप व्यवस्थाहरुमा परिवर्तन गर्न केन्द्रीय समितिसंग छलफल गरि केन्द्रिय निर्देशन अनुरुप अघि बढ्दै जाने ।

३.केन्द्रीय समितिसंग समन्वय गरि जिल्ला समितिको भूमिका र चुनौतिका बारेमा छलफल गरि कार्यक्रमहरु अगाडि बढाउने ।

४.अक्षयकोष स्थापना तथा व्यवस्थापनः मन्दिरको धार्मिक, सामाजिक तथा सांस्कृतिक गतिविधिहरूलाई दीर्घकालसम्म निरन्तरता दिँदै आर्थिक रूपमा सुदृढ, व्यवस्थित र आत्मनिर्भर बनाउन अक्षयकोष तथा स्थायी कोषको स्थापना गर्ने उद्देश्यले जिल्ला समिति, काठमाडौंले आफ्नो मातहतमा रहेका विभिन्न इकाइ समिति तथा मन्दिरहरूमा अक्षय कोष स्थापना तथा विस्तार गर्न निरन्तर पहल गर्दै आएको छ ।

५.आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा विगतका वर्षहरूमा सम्बन्धित इकाई समितिहरूबाट प्राप्त आर्थिक विवरणहरूको अध्ययन एवं समिक्षा गर्दा, विभिन्न इकाई तथा मन्दिरहरूले अक्षयकोष स्थापना गरी त्यसलाई संस्थाको दीर्घकालीन आर्थिक स्रोतका रूपमा व्यवस्थापन गर्दै आएको देखिन्छ । यस्ता कोषहरूको नियमित अभिलेखीकरण, पारदर्शी व्यवस्थापन तथा प्राप्त ब्याज आम्दानीको उद्देश्यपरक उपयोगले सम्बन्धित मन्दिर तथा इकाई समितिहरूको आर्थिक अनुशासन र संस्थागत उत्तरदायित्वलाई समेत थप सुदृढ बनाउने विश्वास गरिएको छ ।

काठमाण्डौ जिल्ला अन्तर्गतका इकाइहरुको प्रगति विवरण
निजानन्द सत्संग इकाई समिति,नागार्जुन, सितापाईला

१. निजानन्द सत्संग समिति सितापाईलाले नियमित मासिक सत्संग र अन्य विभिन्न कार्यक्रम गर्दै आएको छ ।
२. विभिन्न स्थानमा सम्पन्न १०८ पाठपारायण जस्ता ठुला कार्यक्रमहरुमा आर्थिक सहयोग साथै रक्तदान जस्ता कार्यहरु सम्पन्न भएका छन ।
३. विभिन्न धार्मिक र सामाजिक कार्यहरुमा अन्य संस्थाहरुमा उपस्थित भई सहकार्य गर्दै आएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर किर्तिपुर

यस इकाई कार्य समितिले श्रीकृष्ण प्रणामी सम्प्रदायले वार्षिक रूपमा मनाउनुपर्ने मेलापर्व, उत्सव तथा कार्यक्रमहरू मनाउँदै र सञ्चालन गर्दै आइरहेको छ । २०८२ सालको श्रीमद्वीतक कथा श्रावण २३ गतेदेखि श्रावण ३१ गतेसम्म अष्टदिवसीय कार्यक्रम संचालन भयको छ । श्रीकृष्ण प्रणामी मन्दिर कीर्तिपुरमा हरेक महिनाको अन्तिम शनिवार सम्भव भएसम्म सत्संग कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । छु । श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समिति ललितपुरले आयोजना गरेको सप्तदिवशीय श्रीमत्तारतमसागर पाठपारायणमा पनि सहभागिता र आर्थिक सहयोग प्रदान गरिएको थियो ।

यस इकाई समितिमा हालसम्म ३४ जना आजिवन सदस्यहरू र २८ जना साधारण सदस्य गरी ६२ जना सदस्यहरू रहनुभएको छ । यसमध्ये १० जना आजीवन सदस्यहरूको धामगमन भैसकेको र २१ जना साधारण सदस्यहरूको पनि धामागमन भैसकेको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, केन्द्रीय समिति तथा जिल्ला समितिहरुले आयोजना गरेका कार्यक्रमहरुमा पनि ईकाई समिति किर्तिपुरको तर्फवाट सहभागिता जनाउँदै आईरहेको जानकारी गराउँदछु ।

यस इकाई समितिले जसको नाममा अक्षयकोष स्थापना भएको छ उहाँहरूको जीवित भए जन्मोत्सव मितिमा र धामागमन भएकाहरूको धामागमन तिथिमा आरती गरिदिने गरिएको छ ।

श्रीकृष्ण प्रणामी बाइजुराज सत्संग समिति दुङ्गअड्डा

यस सत्संग समिति दुङ्गाअड्डाले नियमित रुपमा धार्मिक कार्यक्रम अन्तर्गत वार्षिक, मासिक रुपमा महिनाको पहिलो शनिवार सत्संग र दोश्रो शनिवार बाल सत्संग गर्दै अएको छ । बितक कार्यक्रम, धामगमन हुने सुन्दर साथको घरमा गएर मेहेरसागर पाठ, सामाजिक कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रम, सरसफाई कार्यक्रम गर्दै आएको छ । विभिन्न मन्दिरहरुमा भएका कार्यक्रमहरुमा सहयोग तथा स्वयं सेवकको रुपमा विभिन्न मन्दिरमा गई सेवा गर्दै आएको छ ।

१) श्रीकृष्ण प्रणामी धर्म निजानन्द सम्प्रदायको ऐतिहासिक एवं आध्यात्मिक महोत्सव श्रीमद् वीतक साहेव चर्चा एंव श्रीकृष्ण कथा कार्यक्रम यस समितिले २०८२ साल असार ३१ गते देखि २०८२ श्रावण ३० गते सम्म १ महिना व्यापि कार्यक्रममा विदुषी श्री मालती ओझाज्युको प्रमुख वाचकत्वमा सुमधुर संगितमय वातावरणमा भव्य सभ्य र दिव्यरुपमा सम्पन्न गरियो भने यसै कार्यक्रमको अवधिमा तीनजनाको जागनी भई श्रीकृष्ण प्रणामी धर्ममा दिक्षित हुनुभयो र श्रावण ३१ गते २०८२

सालको श्रीकृष्ण प्राकट्य उत्सव विगत वर्ष जस्तै यस वर्ष पनि दिवाकालिन रुपमा विहानैदेखि भक्तजनहरुको विशाल उपस्थितिमा भजन किर्तन झाँकी नृत्य र श्रीकृष्णजीको प्राकट्य र लिलाको बारेमा कथा चर्चाको साथ हर्षोल्लासको साथमा श्रीकृष्ण प्राकट्य उत्सव मनाइयो ।

२) यस बाइजुराज सत्संग समितिवाट विगत १८ वर्षदेखि नियमितरुपमा प्रत्येक महिनाको पहिलो शनिबार मासिक सत्संग गरिदै आइएको छ । उक्त सत्संगमा विभिन्न ठाउँबाट पाल्नु भएका सन्त गुरुजनवाट वाणी चर्चा भजन किर्तनको आनन्दको साथ भोजन भण्डाराको समेत आनन्द मिलेको छ । भोजन भण्डारा र सम्पूर्ण सत्संगको सेवा समितिको साथीहरुबाट हुँदै आएको छ ।

३) यस वाइजुराज सत्संग समितिद्वारा प्रत्येक महिनाको दोस्रो हप्ताको शनिवार हाम्रा भविष्यका कर्णधार बालबालिकाहरुको लागि नैतिक शिक्षा अनुशासन र निजानन्द सम्प्रदाय श्रीकृष्ण प्रणामी धर्मको सिद्धान्त र रेहेनीवारे परिचय गराउने उद्देश्यका साथ विगत ३ वर्षदेखि बाल सत्संगलाई निरन्तर रुपमा अगाडी बढाउदै आइएको छ र यहि असार २७ गते शनिबारका दिन श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल जिल्ला समिति काठमाडौंको आयोजन र कपन प्रा. स को सहकार्यमा आयोजित हाजिरी जवाफ प्रतियोगितामा कडा प्रतिस्पर्धाको बिचमा साना बाबु नानीहरुले असाध्यै राम्रो प्रस्तुती दिएका थिए । यस बाल सत्संग संचालनमा यस समितिलाई वाणी प्रशिक्षक धर्म प्रचारक श्री भानु विरहिनज्युले निशुल्क सहयोग गर्दै आउनुभएको छ ।

४)यस समितिद्वारा श्रीकृष्ण प्रणामी मन्दिर दहचोकमा मनाउँदै आइएको १८ मेला मध्ये विगतदेखि सद्गुरु महाराजजीको प्राकट्य उत्सव मेलाको सेवा पालो लिइदै आइरहेकोमा समितिका दिदी बहिनी सबैजना उक्त मेलामा उपस्थित हुने गाह्रो भयो भन्ने गुनासोको कारण अब बाट जेष्ठ शुक्ल तृतिया श्री छत्रशाल महाराजको प्राकट्य उत्सव सेवा लिने निर्णय भए बमोजिम यस वर्ष दुवै मेला उत्सवको सेवा पालो लिईयो ।

५) धादिङ जीवनपुरमा अति विपन्न परिवारमा आफ्नो पिताजीको काज क्रिया गर्ने खर्च समेतको अभाव परेको भनेर सुन्दरसाथजीबाट जानकारी आएकाले पिडितको दुःखमा केहि मलम पट्टि होस भन्ने उद्देश्यले रु ५,११५ आर्थिक सहयोग गरियो ।

६) त्यसैगरी २०८२ सालको बीतक चर्चा कार्यक्रमको दौरानमा गोरखपुरदेखि एक शारीरिक अशक्त सुन्दरसाथ माताजी आउनुभएको थियो । उहाँको स्वास्थ्योपचार निम्ती समितिको साथीहरुको तर्फबाट रु. ६,२०० आर्थिक सेवा सहयोग गरियो ।

७) यस वाइजुराज सत्संग समिति ढुंगाअड्डाको आह्वानमा यसै क्षेत्रका सुन्दरसाथजीहरुले महारानी वाइजुराजजीको प्राकट्य उत्सवको दिनमा घरमा नै १८,७५८ चौपाइ तारतमसागर ब्रम्हवाणीको पुष्पार्पण गरी घरमा नै पाठ गरेर २०८२ सालको हिन्दु नारीको महान पर्व हरितालिका तीजको अन्तिम दिन ऋषि पञ्चमीको दिनमा बाइजुराज सत्संग हलमा २२ पाठ पारायण पूर्णाहुती गरियो । फेरी अर्को वर्ष ऋषि पञ्चमीको दिनमा पूर्णाहुती हुने गरी सोही दिन पारायण शुभारम्भ गरेर सुन्दरसाथको घर/घरमा पाठ चलिरहेको छ ।

८) श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल र श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्यश्री कृष्णमणि महाराजश्रीजीको सदिच्छाद्वारा स्थापित केन्द्रिय कोषमा यो वर्षमा पनि केहि सुन्दरसाथबाट सेवा उठाएर केन्द्रिय सचिवालयमा बुझाइयो । हाम्रो प्रणामी समाजमा वर्षैभरि विविध कार्यक्रम भइरहनु त्यो असाध्यै राम्रो कार्य हो । जागनीको अभियान पनि हो । तर जहाँ जे काममा पनि सुन्दरसाथबाटनै आर्थिक सेवा गर्ने रुची कम हुँदै गएको देखिन्छ । यस तर्फपनि हाम्रो संस्थाको ध्यान जानु पर्ने होकी जस्तो देखिन्छ ।

९) श्रीकृष्ण प्रणामी मन्दिर श्यामनगर बुढौली चितवनमा २०८२ मंसिर ३ गते देखि १० गते सम्म भएको श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सवको उपलक्ष्यमा आयोजित सप्त दिवसीय श्री १०८ श्रीमद् तारतम सागर ब्रम्हवाणी पाठपारायणको अवसरमा उपस्थित भई समितिका साथीहरुको तर्फबाट २३ हजार बराबरको आर्थिक सेवा सहयोग गरियो ।

१०) श्री राधाकृष्ण मन्दिर कृष्णधाम सरस्वतीनगर चावहिलमा आयोजना भएको घर घर पारायणी जन जन जागनीको उद्देश्यका साथ भएको श्री १०८ तारतमसागर पाठपारायणमा सहभागी भई पाठ पूर्णाहुती पनि गरियो र आर्थिक सहयोग पनि गरियो । त्यस्तै २०८३ जेठ ४ गते देखि १० गते सम्म श्री महामती प्राणनाथ संस्कृति विद्यापीठ संचालन सहयोगार्थ आयोजित पुरुषोत्तम महात्म्य कथा कार्यक्रममा उपस्थित भई समितिका साथीहरुबाट २१ हजार राशीको अक्षयकोष सेवा प्रदान गरियो ।

११) चन्द्रागिरि नगरपालिकाको विनियोजनमा यस बाइजुराज सत्संग भवन ढुंगाअड्डामा भवन मर्मत संभार कार्य गर्न ७ लाख विनियोजित भएको र उक्त भवन मर्मत संभार कार्य पनि सम्पन्न गरियो तथापी चन्द्रागिरि नगरपालिकाबाट भुक्तानी हुन बाँकी भएकाले समितिको खाताबाट ठेकेदार शुशिल राजकोटीलाई सापटी स्वक रकम दिएर व्यवहार सहज बनाइयो ।

१२) श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समिति ललितपुरको आयोजनामा आयोजित सप्तदिवसीय पाठपारायण एंव विराट चर्चनी प्रशिक्षण कार्यक्रममा उपस्थित भएर कार्यक्रमको आनन्द लिनुको साथै आर्थिक सेवा पनि गरियो ।

१३) श्रीराधाकृष्ण सत्संग भवन झौखेल दुवाकोटको ९औं वार्षिक उत्सव, श्रीकृष्ण प्रणामी मन्दिर दहचोकको ३१औं वार्षिक उत्सव श्री प्राणनाथ सेवा आश्रम कोटेश्वर, मूल मन्दिर इमाडोलको वार्षिक उत्सव लगायत काठमाडौं उपत्यकामा रहेका विभिन्न मन्दिर सत्संग भवनमा भएको कार्यक्रममा उपस्थित भएर वाणी चर्चा आनन्द साथै आर्थिक सेवा पनि गरियो । त्यस्तै निर्माण धिन सच्चिदानन्द सत्संग भवन भूमेथलीमा वितक चर्चा कार्यक्रम र वार्षिक उत्सवमा धेरै सुन्दरसाथजीहरुलाई बस रिजर्भ गरेर त्यस शंखरापुर -९ भूमेथलीमा उपस्थित भएर आर्थिक सेवा गरियो ।

१४)श्रीकृष्ण प्रणामी मन्दिर श्री नवतनधामको ३१ औं वार्षिक उत्सव २०८२ चैत्र १० देखि १६ सम्म श्रीमद् तारतम सागर १०८ पाठ पारायणमा समितिका २ जना साथी पाठपारायणमा सहभागी भई सेवा गरियो अन्य साथीहरुले स्वयम सेवक भएर सातै दिन सेवामा सरिक भई सेवा गर्नंको साथै आर्थिक सेवा पनि गरियो ।

१५) श्रीकृष्ण प्रणामी मन्दिर निजगढ बारामा २०८२ माघ २१ गते देखि २७ गते सम्म भएको श्री कृष्ण प्रणामी धर्म महामहोत्सवमा आयोजित श्री १०८ पाठपारायणको लागि त्यस समितिबाट आएको रसिद सुन्दरसाथजी र समितिको साथीहरुबाट सेवा लिएर ४० हजार बराबरको नगद त्यस कार्यक्रममा उपस्थित भएर रसिद सेवा बुझाई कार्यक्रमको आनन्द लिइयो ।

१६) परमहंस श्री १०८ जुगलदास महाराजजीको पुर्खौली थलो र धैरै सन्त गुरुजनको चरण स्पर्श भएको स्थान बेथानचोक गाउँपालिका ढुंखर्क स्थित श्रीकृष्ण प्रणामी मन्दिरको कलश अनावरण तथा श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव २०८२ चैत्र २७ गते देखि २०८३ वैशाख ३ गते सम्म भएको श्री १०८ तारतमसागर पाठपारायण ७ दिन नै रहेर समितिबाट पाठपारायणमा भाग लिइयो भने समितिद्वारा प्राप्त रसिदलाई पनि सुन्दरसाथ र समितिका साथीहरुले गर्नं भएको सेवा करिब ३० हजार बराबरको सेवा हस्तान्तरण गरियो । उक्त भव्य र दिव्य कार्यक्रम समिति र यस क्षेत्रका सम्पूर्ण सुन्दरसाथजीहरु पालैपालो उपस्थित भएर उक्त कार्यक्रमको आनन्द लिनु भयो ।

१७) चन्द्रागिरि नगरपालिका र वडा नं १५ बाट आयोजना भएको विविध कार्यक्रममा भाग लिदै आइरहिएको छ । आउँदा दिनमा पनि सहकार्य गरेर अगाडी बढ्ने छौं भने श्री राज्जी महाराजको कृपा मेहेरले आजसम्म यस बाइजुराज सत्संग समितिका साथीहरु एक आपसमा मिलेर प्रेमभावका साथ अझै मासिक कार्यक्रमलाई र अन्य जागनी कार्यलाई व्यवस्थितरुपमा अगाडी बढाउँदै लाने लक्ष्य लिइएको छ ।

१८) त्यस्तै शरीर मन स्वस्थ रहेर ध्यान चितवनीलाई अगाडी बढाउनको लागी २०८३ श्रावण महिनाको शुरुवातदेखि बाइजुराज सत्संग हलमा योग प्राणायाम कार्यक्रम संचालन गरिएको जानकारी गराउन चाहान्छु

श्रीकृष्ण प्रणामी मन्दिर भैमाल

१. वि.स.२०५१ सालमा स्थापना भएको भैमाल इकाई २०७२ सालमा गएको भुकम्पमा क्षति ग्रस्त भए पश्चात हाल सम्म निर्माणधिन अवस्थामै रहेको भएता पनि भैमाल इकाई द्वारा श्रीमद् वीतक चर्चा धर्म प्रचारीका साध्वी माता श्री रुपा संजेल ज्यको मखारविन्दबाट एक महिना व्यापी भव्यरुपमा सम्पन्न साथै श्री कृष्ण प्राकट्य महोत्सव धुमधाम सँग सम्पन्न ।

२. यवा परिषद् प्रा.स. द्वारा बाल सत्सगलाई संचालनमा ल्याई निरन्तरता दिईरहेको छ साथै साथै सामाजिक कार्यक्रममा समेत सकृय रहेको ।

३. भैमाल इकाई मन्दिर निर्माण कार्यमा निरन्तरता दिदै विभिन्न प्रकृया पर्याउदै सरकारी निकाय योजना समावेश गराउदै

कार्यहरु सम्पादन गर्दै आएको यो एउटा महत्वपण चनौति पणू कार्यहरु रहेको छ, यस बर्षको अन्त्य सम्ममा मन्दिर निर्माण को कार्य सम्पन्न हुने साथै मन्दिरको वार्षिक उत्सवको दिन बाट सुरुवात हुने गरि जिल्ला स्तरिय १०८ पारायण हुन गैरहेको जानकारी गर्ने चाहन्छौं ।

४. यसै समिति द्धारा जीवन विज्ञान सँग संयक्त सहकार्यमा यसै मन्दिरको परिसरमा बिगत २ वर्ष देखि योग, प्राणायम जस्ता स्वास्थ्य उपयोगी कार्यक्रम गर्ने गरीएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर,दहचोक:

यस मन्दिरमा वर्षेनी चलिआएका तिथिपर्व मेला निरन्तर सञ्चालन भइआएको छ । हरेक शुक्रबार बेलुका मन्दिरमा सुन्दरसाथहरू उपस्थित भै भजन कीर्तन सञ्चालन भैरहेको मन्दिरको सौन्दर्गीकरण स्वरुप रातको समयमा रंङ्गिन बत्ती बाली मन्दिरको आकर्षण बढाइएको,यस मन्दिरको ३१औं वार्षिक उत्सव भव्य र सभ्यकासाथ प्रतिनिधिसभाका सभामुख सम्माननीय श्री होल प्रसाद अर्यालज्यूको समुपस्थितिमा सम्पन्न गरिएको,२०८२ सालको बीतक कार्य भव्यताकासाथ सम्पन्न गरिएको,श्रीकृष्ण जन्माष्टमी पर्व भव्य एवम् हर्षोउल्लासकासाथ सम्पन्न गर्नकासाथै जन्माष्टमी मेला सञ्चालन गर्न वडा कार्यालयवाट रु ३०,००० । रकम प्राप्त भएको साथै यस रकमलाई आगामी वर्षहरुमा पनि अनुदानका रुपमा प्राप्त गरिरहने गरी पहल भएको,मन्दिरमा नियमित रुपमा अष्ट प्रहर सेवा सञ्चालन भैरहेको साथै प्रणामी आलमका १८ मेला पर्व सबै तिथि पर्व समेटेर सुन्दरसाथजीहरूलाई ५/५ जनाको समूह बनाई सञ्चालन गर्दै आएको,नेपालका विभिन्न धाम, मन्दिरहरूमा सञ्चालित श्री १०८ तारतम सागर पाठ पारायण तथा वार्षिक उत्सव मेलाहरु श्री नवतनधाम काठमाण्डौ, बुढ् यौली चितवन, निजगढ बारा, सलकपुर मोरङ, ढुंखर्क काभ्रे, कुन्तावेसी काभ्रे लगायत धेरै स्थानहरुमा यस मन्दिर अन्तर्गतका सुन्दरसाथ भक्तजनहरू बसको व्यवस्था गरी धार्मिक अनुष्ठानमा सहभागी हुनु भएको तथा आर्थिक सेवा सहयोग हुँदै आएको छ । यस मन्दिरमा सुन्दरसाथहरू लगायत अन्य भक्तजनहरूबाट अक्षयकोषको लागि रु ४३,४६,१९३ । रकम संकलन गरिएको छ । अक्षयकोषको रकमको आधारमा ठूला अक्षयकोष दाताको वार्षिक तिथिमा एकाह पाठ पारायण तथा कम रकम दिनेको वार्षिक तिथिमा मेहेर सागर पाठ, सेवापूजा भोग व्यञ्जन आरती जप गर्ने गरिएको छ । धामगमन हुनुहुने सुन्दरसाथहरूलाई मन्दिरको नाममा रहेको आफ्नै जग्गामा समाधिस्त गरेको मन्दिरले ओगटेको क्षेत्र भित्रका सुन्दरसाथ र सुन्दरसाथका परिवारको धामगमन भएमा उहाँहरूको घरमा गै मेहेर सागर पाठ सहित समवेदना प्रदान गर्दै आएको । सेवा समिति नेपालको केन्द्र, जिल्ला तथा अन्य निकायहरूबाट निर्देशन गरिएका कार्यक्रम, प्रशिक्षण, गोष्ठीहरूमा यस समितिबाट सहभागी हुदै आएको तथा केन्द्रीय समितिको निर्देशनमा आर्थिक कारोवार क वर्गको वाणिज्य बैंक, नविल बैंकमा खाता खोली सुरु गरिएको छ ।

आगामी भावी कार्यक्रमहरु :

१. वाणी गायन प्रशिक्षण कक्षा सञ्चालन गर्ने ।
२. वाल जागरण कार्यक्रम गर्ने ।
३. साधना पूनर्ताजगी कार्यक्रम (योग, साधना, चिन्तन, चितवन) ।
४ घाट (समाधिस्थल) लाई पर्खाल र तार जाली बार लगाएर सुरक्षा दिन पहल गर्ने ।
५. यस मन्दिरमा आउने भक्तजनलाई पक्की वाटो नभएको कारणले मन्दिर परिसरसम्म पुग्ने मोटरेवल कच्ची बाटोलाई स्तरोन्नती बनाउन ठाडो बाटो ट्रान्सफरमरबाट प्रदेश सरकासँग र मितेरी मार्गको लागि नेपाल सरकारसँग यस आर्थिक वर्षमा बनाउन पहल भैरहेको, बजेट समेत छुट्टी सकेको ।
६. मन्दिरको पुरानो संरचना कमजोर रहेकोले रेक्टो फिटिंग कार्यको लागि पहल गर्ने ।
७ मन्दिरको सेवापूजा नियमित सञ्चालन तथा पुजारीजीको दिगो व्यवस्थापनको लागि सुन्दरसाथबाट नियमित मासिक सेवा सहयोगको आव्हान गर्ने तथा पुजारीको जीवन बिमा गराउने ।
८. यस इकाई मन्दिर सेवा समिति, वाइजुराज महिला समिति र युवा परिषद्लाई समेटेर नीतिगत,एकात्म र मन्दिरमा हुने कार्यक्रमहरुको सही तवरले संचालन गर्न संयुक्त प्रशिक्षण गराउने ।
९. मन्दिरको सभाहलको प्रांगणमा ढलान गर्न वडा अध्यक्षज्यूले गत आ.व.मा आश्वासन दिनु भएकोमा विविध कारणले

काम हुन नसकेकोले चालु आर्थिक वर्षभित्र कार्य सम्पन्न हुनेगरी योजना माग गर्ने ।

श्रीकृष्ण प्रणामी मन्दिर युटिकी फर्पिङ :

यस मन्दिर समितिले नियमित वार्षिक उत्सव एकाहा पाठपारायण,वितक चर्चा, मेला,पर्व लगाएतका धार्मिक कार्यक्रम गर्दै आएको छ । मन्दिरको संरचनामा पुनर्निर्माण गर्नुपर्ने भएकोले स्थानिय तह,जिल्ला समिति तथा केन्द्र र युवा परिषदसँग समन्वय गर्ने योजना रहेको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर गोलढुंङ्गा

श्रीकृष्ण प्रणामी मन्दिर गोलढुंङ्गाले नियमित रुपमा सेवा पुजा, १२ मेला, विभिन्न मेला पर्व सञ्चालन गर्दै आएको छ । मन्दिरमा रंग रोगन गर्न पुरानो मन्दिरलाई प्लास्टर गरी सुन्दर बनाइएको छ । मन्दिरलाई आवश्यक सामाग्रीहरु खरिद गरिएको छ भने भावि योजनामा ध्यान केन्द,कम्पाउण्डवाल निर्माण, शौचालय निर्माण , बाल मण्डली गठन, राधाकृष्ण मन्दिर आदि निर्माण गर्ने योजना छ ।

श्रीकृष्ण प्रणामी सत्संग इकाई समिति झोरमहाकांल

यस समितिले नियमित सत्संग कार्य अगाडि बढाई रहेको छ । वितक कार्यक्रम सञ्चालन गरेको र सत्संग भवन निर्माण गर्ने कार्य अगाडि बढाइएको छ ।

श्रीकृष्ण प्रणामी सचिदानन्द सत्संग समिति भुमेथली :

यस सत्संग समितिले स्थापना कालदेखि नै युवा वाणी प्रचारक गुरुजी श्री भानु विरहिन महाराजबाट धार्मिक तथा आध्यात्मिक क्रियाकलापहरु गराउँदै आउनु भएको छ । गुरुजीबाट प्रदान गरिएको सत्संग भवनको आफनै जग्गा र वडा कार्यालयबाट प्राप्त अन्य जग्गामा सत्संग भवन,भान्छा घर, अतिथि भवन, क्रियापुत्री भवन, स्वीमि पुल लगायत बृस्तित निर्माणको डि.पि.आर. तयार गरी निर्माण कार्यलाई अगाडि बढाइएको छ । गुरुजी श्री भानु विरहिनज्यू कै नेतृत्वमा हाल सत्संग भवनको तेश्रो तल्लासम्मको पक्की निर्माण कार्य सकिएको छ । फाल्गुण १ गतेदेखि ७ गतेसम्म वार्षिक उत्सव तथा श्रीकृष्ण जन्माष्टमी देखि राधा अष्टमीसम्म वीतक चर्चा, कार्यक्रम भव्यताकासाथ ठूलो संख्यामा सुन्दरसाथ भक्तजनको उपस्थितिमा सञ्चालन गरिएको छ । जिल्ला भित्र र अन्य स्थानमा सञ्चालन हुने १०८ पाठ पारायणमा सहभागी भै आर्थिक सहयोग समेत गर्दै आएको छ ।

२. ललितपुर जिल्ला समिति :-

ललितपुर जिल्लामा ५ वटा मन्दिर ३ वटा सत्संग समिति सहित जिल्ला समिति कार्यरत रहेका छन् । सेवा समितिको डिल्लीबजार, पूल्चोक आश्रम पछि पहिलो शाखाको रुपमा रहेको श्रीकृष्ण प्रणामी मूल मन्दिर इमाडोल यसै जिल्लामा पर्दछ । समितिले गरेका मुख्य मुख्य कामहरु तथा भावी योजनाहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क सामाजिक कार्य :

१. २०८२ साल भाद्र १३ गते जिल्लाको २८औं वार्षिक साधारण सभा श्रीकृष्ण प्रणामी मूल मन्दिर इमाडोलमा विधिवत् रुपमा सम्पन्न गरियो
२. २०८२ साल आश्विन ८ गते श्रीकृष्ण प्रणामी मूल मन्दिर इमाडोलमा पुजारी पं देवकृष्ण शर्माज्यूको उपस्थितिमा मूल मन्दिरका पदाधिकारी, जिल्लाका पदाधिकारी र अन्य सुन्दरसाथहरुको सहभागितामा विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् र छठ पर्व आदिको सन्दर्भमा शुभकामना आदान प्रदान तथा चियापानको कार्यक्रम सम्पन्न गरियो ।
३. २०८२ साल माघ १० गते गोदावरी न.पा. २ मनकामना मन्दिरमा प्रेम, सद्भाव भाइचारको नातामा सुमधुर प्रगाढ सम्वन्ध कायम रहिरहोस भन्ने उद्देश्यले प्रेम भोजको आयोजना गरियो । उक्त कार्यक्रममा सेवा समितिका केन्द्रीय पदाधिकारी, युवा परिषद्का पदाधिकारी र सेवा समिति काठमाडौं, भक्तपुर, काभ्रे र नुवाकोट समेतबाट जिल्ला अध्यक्ष लगायत पदाधिकारीहरु सहभागी जनाउनु भएको थियो । सो कार्यक्रम हर्ष उल्लासपूर्ण वातावरणमा सम्पन्न

गरिएको थियो ।

४ विभिन्न विद्यालयमा नैतिकवान समाज निर्माण का लागि नैतिक शिक्षा तथा धर्म, संस्कार, सँस्कृति परम्परा जीवन दर्शन बारेमा कक्षा ८,९ र १० का विद्यार्थीहरुलाई प्रशिक्षण दिने कार्य गरियो । सनातन संयुक्त मोर्चा नेपालसँग हातेमालो गरेर ॐकार परिवारसँग जोडिएका सम्प्रदायसँग एक भएर अघि बढने बढाउने कार्यमा गहन भूमिका रहेको छ ।

५. अन्तमा जेठ र असार महिनामा प्रत्येक इकाई मन्दिरमा जिल्ला सेवा समिति र इकाईका पदाधिकारीहरु बसी हालको समसामयिक विषयमा र विभेद भएको कुरामा समन्वयात्मक भूमिकाका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको, जसले गर्दा धर्ममा आएको विभेद र अनमेलका कुराहरुलाई मिलाउन यसले सहयोग गर्ने सुझाव समेत प्राप्त भएको ।

६. यो कार्यक्रम प्रत्येक वर्षको अन्त तिर समन्वयकारी तथा अन्तरक्रिया जस्तो कार्य हुनु पर्छ भन्ने सुझाव समेत प्राप्त भएको ।

ख **धार्मिक तर्फ :**

१ यसै गरि २०८२ साल कार्त्तिक १ गते वैठक बसी सँधै वर्ष झैं यस समितिलि गर्दै आएको सद्गुरु देवचन्द्रजी महाराज एवम् महामति श्री प्राणनाथजी महाराजको मिलाप पर्व मार्ग शुक्ल नवमीलाई मध्यनजर राखि गर्ने गरिएको विभिन्न कार्यक्रमलाई निरन्तरता दिदै र यस वर्षवाट वार्षिक उत्सवको रुपमा मनाउने उद्देश्यले यस वर्ष श्रीमत्तारतमसागर पाठपारायण एवम् प्रशिक्षणात्मक सप्तदिवसीय वाणी चर्चाका लागि धार्मिक उपाध्यक्ष श्री इन्दिरा तिमल्सिनाज्यूको संयोजकत्वमा ५१ जनाको मूल समारोह समिति बनाउने निर्णय गरियो । त्यसपछि शुभ दिपावली पश्चात् विभिन्न मितिमा बैठक बसी विभिन्न आवश्यक उप समिति गठन गरि कार्य विभाजन गरियो ।

२ मंसीर २१ देखि २७ गतेसम्म श्री नवतनधामका महन्त स्वामी १०८ श्री पुरुषोत्तमजी महाराजको मुखारविन्दबाट वाणी तथा श्रीमद् भागवत कृष्ण कथा चर्चा हुनुको साथै शास्त्री धर्म प्रचारक श्री सुवास घिमिरेज्यूको मधुर संगीतमय कार्यक्रम रहेको थियो । यस कार्यक्रममा केन्द्र देखि इकाईसम्मका सेवा समिति, बाइजुराज, युवा परिषद् लगायतका पदाधिकारीहरुको सहभागिता रहेको थियो । साथै उपत्यका काठमाडौं, भक्तपुर, काभ्रे र नुवाकोट समेतबाट अध्यक्ष लगायत पदाधिकारीहरुको सहभागिता रहेको थियो । उद्घाटनका दिन कलश यात्रामा तत्कालिन सञ्चार तथा सूचना प्राविधि मन्त्री श्री जगदिश खरेलज्यू समेतको सहभागिता रहेको थियो । उक्त कार्यक्रम अवधि भर विहान ७:०० वजेदेखि ९:०० वजेसम्म धर्म प्रचारक श्री भानु विरहिनज्यूबाट सौन्दर्य सामग्री सहित विराट एवम् चर्चनीको प्रशिक्षण समेत सम्पन्न भएको थियो । जसमा ईमाडोल लगायत विभिन्न स्थानका ३० जना सुन्दरसाथहरु सहभागी भइ आध्यात्मिक लाभ लिनु भएको थियो ।

३ नेपालका विभिन्न मन्दिरहरमा भयका ठुला पारायणहरुमा सहभागी भै सहयोग गरिएको ।

५ जिल्ला समितिले १२ वटा औपचारिक बैठक बस्न सफल भएका छौं भने पटक- पटक अनौपचारिक बैठक बसेका छौं ।

६ २०८३ साल जेठ ९ गते श्रीकृष्ण प्रणामी मूल मन्दिर इमाडोलमा वैदिक सनातन हिन्दु धर्म संविधानमा उल्लेख हुनु पर्छ भनेर सवै ॐकार परिवार एकै स्थानमा आई नेपाल सरकारलाई ज्ञापन पत्र बुझाउन पर्छ भन्ने हेतुले केन्द्रीय पदाधिकारी सेवा समिति युवा परिषद् वाइजुराज समेत भेला भई वृहत छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

७ श्रीकृष्ण प्रणामी वागमती प्रदेशद्वारा आयोजना गरेको श्रीकृष्ण प्रणामी मन्दिर सिन्धुलीमा भएको भेलामा पनि यस जिल्ला समिति ललितपुरले सहभागिता जनाएको थियो ।

२०८३/०८४ मा गरिने भावी कार्ययोजना

१. आश्विन महिनामा वर्षभरि गरिने कार्यक्रम बारे छलफल तथा विजयादशमी, दिपावली, नेपाल सम्वत् तथा छठपर्व समेतको शुभकामना आदान प्रदान कार्यक्रम गर्ने ।

२ मार्ग नवमीको पुण्यतिथिमा सद्गुरु श्री देवचन्द्रजी महाराज र महामति श्री प्राणनाथजी महाराजको मिलन तिथिको दिनबाट गत वर्ष जस्तै ७ दिन श्रीमद् तारतमसागर पाठपारायण तथा वाणी चर्चा कार्यक्रम हर्षोल्लासका साथ वार्षिक कार्यक्रमको रुपमा श्रीकृष्ण प्रणामी मन्दिर हरिसिद्धिमा गर्ने कार्यक्रम राखिएको छ ।

३ माघ महिनामा ३ दिने समयानुकूल सबै इकाईका पदाधिकारीहरु समेत भेला गरी प्रशिक्षण कार्यक्रमको आयोजना गरिनेछ ।

४ चैत्र महिनामा विराट, चर्चनी, वितक र वाणीको बारेमा समसामयिक छलफल,अन्तरक्रिया संगठन सुदृढीकरण कार्यक्रम गर्ने ।

५ वैशाख महिनामा उपत्यका तथा काभ्रे, नुवाकोटका प्रणामी मन्दिरहरुको भ्रमण अवलोकन गर्ने, सोही महिनामा १ दिन जिल्ला सेवा समितिका पदाधिकारीहरुबाट श्रीमद् तारतम सागरको एकाहा पाठ पारायण गर्ने ।

६ निजानन्द सम्प्रदाय सम्बन्धी वकृत्व कला कार्यक्रम सञ्चालन गर्ने ।

७ प्रत्येक महिनामा समय मिलाई घुम्ती बैठक सञ्चालन गर्ने ।

८ सभ्य समाज समुन्नत नेपालको लागि महामतिको सिद्धान्त अनुसार विगत वर्षहरुमा जस्तै यस वर्ष पनि विभिन्न विद्यालयहरुमा गई विद्यार्थीहरुलाई नैतिक मूल्य मान्यता शीप सिकाउनका साथै धर्म जागरणको कार्यक्रम गर्ने ।

९ उपत्यकाव्यापी रुपमा प्रणामीको सैद्धान्तिक ग्रन्थहरुबाट हाजिर जवाफ प्रतियोगिता सञ्चालन गर्ने ।

१० जिल्ला सेवा समिति ललितपुर अन्तर्गत इकाई मन्दिरहरुको प्रतिवेदनमा उल्लेख भएका अनुसार आ.व. २०८२/०८३ मा २८ जना जागनी भएको जानकारी भएको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, जिल्ला सेवा समिति ललितपुर अन्तर्गत इकाइ मन्दिरहरुले आ.व. २०८२/०८३ मा भए गरेका कामको प्रगति विवरण निम्नानुसार रहेको छ ।

श्रीकृष्ण प्रणामी मूल मन्दिर, इमाडोल

क) धार्मिक क्रियाकलाप :

१ यस मूल मन्दिरको प्रमुख वाचकको रुपमा श्री नवतनधामका महन्त १०८ श्री पुरुषोतम महाराजजीको मुखारविन्दबाट १ महिने व्यापी वितक चर्चा सञ्चालन गरिएको थियो ।

२ श्रावण ३१ गते श्रीकृष्ण प्राकट्य उत्सव हर्षोल्लासका साथ मनाइयो ।

३ २०८२ भाद्र १ गते महालक्ष्मी नगरपालिकाको प्रमुख उपप्रमुख, नवतनधामका महन्त, विशिष्ट व्यक्तित्वज्यूहरु, श्रीकृष्ण प्रणामी सेवा समितिका तीनै तहका पदाधिकारीहरु, स्काउट तथा विद्यालयका छात्र छात्रा झाँकी, धिमेबाजा, खैजडी, पञ्चेवाजा, नाचगान आदिको भव्यताका साथ सम्पन्न गरियो ।

४ यस मन्दिरमा प्रत्येक दिन नियमित बेलुकाको भजनकीर्तन तथा आरती हुने गरेको तथा शनिवारका दिन भजन कीर्तन भई १०८ आरती हुने गरेको ।

५ कोजाग्रत पूर्णिमा दशैमा ३ दिन पाठपारायण गरेर सबै सुन्दरसाथहरुको लागि भोजन प्रसाद सेवाको व्यवस्था गरेको ।

६ विजया दशमीको उपलक्ष्यमा उत्सव तथा टिका प्रसादको कार्यक्रम सञ्चालन गरिएको ।

७ यस मूल मन्दिरको ५४औं वार्षिकोत्सवमा २०८३ वैशाख २ देखि ८ गतेसम्म श्री प्राणनाथ साधनालय वाणी प्रशिक्षण केन्द्रका प्राचार्य १०८ श्री महेन्द्रजी महाराजको मुखारविन्दबाट वार्षिक कार्यक्रम सम्पन्न गरियो ।

८ यस आर्थिक वर्ष २०८२/०८३ मा धर्म जागनी तर्फ ५ जना जति सुन्दरसाथहरु जागनी भएको जानकारी गराउन चाहन्छु ।

ख. सामाजिक कार्य :

१ वैशाख २ देखि ८ गतेसम्म सञ्चालन भएको वार्षिकोत्सवमा विभिन्न स्वास्थ्य शिविरहरु जस्तै दाँत, रगत जाँच आँखा परीक्षण तथा अन्य चेकजाँच निशुल्क रुपमा दाताहरुसँग समन्वय गरि गरिएको ।

२ श्रीकृष्ण प्रणामी मूल मन्दिरले प्रा.स. युवा परिषद् इकाइसँग समन्वय गरि अन्य संघसंस्थाको समन्वय र सहकार्यमा रक्तदान कार्यक्रम सञ्चालन गरेको ।

३ युवा परिषद् प्रा.स. इकाइसँग सहकार्य र समन्वय गरि फुटसल, हाइकिङ, पृथ्वी परिक्रममा सहभागिता भई युवाहरुमा उत्साह बढाएको ।

४ वृद्धवृद्धाहरु तथा आगन्तुक पहुनाहरुलाई आवासको व्यवस्था गरेको ।

५ वारह मेला अन्तर्गत पर्ने कार्यक्रमहरु नियमित रुपमा सञ्चालन हुने गरेको छ ।
६ ५४ औं वार्षिकोत्सव समारोहमा "नीता छात्रवृत्ति" जेहेन्दार छात्र छात्रालाई वितरण गरियो ।

ग निर्माण कार्य :

१ बागमती प्रदेश संस्कृति तथा पर्यटन विकास मन्त्रालय पर्यटन विकास आयोजना इकाई कार्यालयबाट आ.व. २०८२/०८३ मा विनियोजित रकमबाट माथि रहेको ३ वटा गजुरमा कलात्मक पित्तल पाता छाई मन्दिरलाई आकर्षक बनाइएको ।
२ श्रीकृष्ण प्रणामी मूल मन्दिरको मूल गेट तथा माथि गजुर बनाउन श्री महालक्ष्मी नगरपालिकाको वित्तीय सहयोगमा मन्दिरको मूल गेटलाई अझ बढी आकर्षक बनाउनका लागि स्टिलको गेट पिलरमा नेपाली मौलिक झल्कने डाँछी अपाबाट पिलर निर्माण गरि त्यस माथि ३ वटा पित्तल पाताको गजुर बनाएको साथै मन्दिरलाई आकर्षक देखाउनका लागि घण्टीमा पनि डाँछी अपा ईटाबाट पर्खाल लगाई त्यस माथि घण्टीलाई सुहाउने खालको गजुर राखिएको ।

भावी योजना :

आर्थिक वर्ष २०८३/०८४

१. श्रीकृष्ण प्रणामी मूल मन्दिरले विपद्मा परेकालाई सहयोग गर्ने उद्देश्यराखी पोहोर सालदेखि देउसी भैलो खेलेर संकलन गरेको रकमबाट विपद्मा परेका व्यक्तिहरुलाई सहयोग गर्ने गरी कार्यक्रम ल्याएको ।
२ अन्तर्राष्ट्रिय संग्रहालयको अगाडि भागमा मन्दिरलाई आकर्षक बनाउनका लागि १० वटा मेराप आकर्षक डिजाइनको (फाइवर पिलर) त्यसमा लाग्ने लागत समेत अनुमान गरि महालक्ष्मी नगरपालिकामा वजेट विनियोजनका लागि प्रस्ताव गरिएको छ । यसले मन्दिर सौन्दर्य बढाउने छ ।
३ मन्दिरको मूल गेट अगाडिका सटरहरुमा पसल कवलहरुमा जथाभावी नमिलाईकन छानो बनाएकोले मन्दिरको स्वरुप नै विग्रिएको जस्तो देखिएको हुँदा सो सटहरुको छानोलाई व्यवस्थित गरि एकनासे बनाउने प्रस्ताव गरि वजेटको माग गरिएको छ ।
४ कोषको रकमको सदुपयोग तथा कोष वृद्धिका लागि आवश्यक पहलकदमी गर्ने ।
५ श्रीकृष्ण प्रणामी मन्दिरको भौतिक संरचना सुधार गर्नका लागि भौतिक सम्पत्ति थप गर्न प्रयास गरिएको ।

श्रीकृष्ण प्रणामी सत्संग भवन लुभु

२०८२ सालको वितक चर्चा धर्म प्रचारक राज रसिकज्यूको मुखारविन्दबाट १ महिना सम्पन्न भएको थियो । वार्षिक कार्यक्रम र वितकमा गरेर ९ जनाको जागनी भयो । प्रत्येक महिनामा भएका विशेष कार्यक्रमहरुमा सहभागिता जनाइ यथाशक्य आर्थिक सहयोग गर्ने कार्य गरियो । यस अतिरिक्त यस महिनामा हरेक महिनाको अन्तिम शनिवार सत्संग गर्ने गरिएको छ । अन्य मन्दिरहरुले आयोजना गरेको कार्यक्रममा र जिल्ला सेवा समितिले आयोजना गरेको कार्यक्रमहरुमा सहभागी भई यथाशक्य सहयोग गर्दै आइरहेका छौं ।

श्री कृष्ण प्रणामी मन्दिर सुनाकोठी

यस मन्दिरमा प्रत्येक महिनाको दोस्रो हप्ताको शनिवार सत्संग कार्यक्रम गर्दै आइरहेका छौ । यसका साथै बारह महिनामा पर्ने मेला पर्वहरु सम्पन्न गर्ने गरिएको छ । सदगुरु श्री देवचन्द्रजी महाराज तथा प्राणनाथ महाराजको धामगमन तिथिमा सत्संग गर्ने गरिएको छ । यस वर्ष ४ जना सुन्दरसाथहरु दिक्षित प्राप्त गरि धर्ममा जागनी हुनु भएको थियो ।

यस मन्दिरको मूल गेट र वरिपरी पर्खाल निर्माण गर्न ललितपुर महानगरपालिकाबाट गत वर्ष रु. २०,००,०००,- (बीस लाखको बजेट प्राप्त भएको थियो उक्त कार्यक्रम सम्पन्न भइरहेको छ । त्यसै गरी बागमती प्रदेशबाट रु. १३,५०,००० । तेरह लाख पचास हजार बजेट निकाशा भइ मन्दिरको तला थप गरि जम्मा ५ वटा कोठाको भवन तयार गरि सम्पन्न गरियो ।

अन्य कार्यहरुमा रेलिङ राख्ने राजश्यामाजी मन्दिर पुनः निर्माण गरि शीशमहल बनाउने फूलहरुको वगैचा लगायत मन्दिरको सुरक्षाका लागि वरिपरि फलामे काँडाको बार राख्ने भावी योजना रहेको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर चुनिखेल

बागमती प्रदेशको आर्थिक सहयोगमा भान्छा घर निर्माण साथै शौचालय र स्नान घरलाई पनि व्यवस्थित गरियो । २०८२ सालको वितक चर्चा पण्डित श्याम सुन्दर ओझाबाट सम्पन्न भयो भने २०८२ को वार्षिकोत्सव पनि निज पण्डित श्याम सुन्दर ओझाज्यूबाट फाल्गुण १० देखि १६ सम्म सञ्चालन गरियो । प्रत्येक महिनाको पहिलो शनिवार राधा माताको मुखारविन्दबाट वाणी चर्चा सहित १ दिने सत्संग कार्यक्रम सञ्चालन गर्दै आइरहेका छौं । साथै देश भरिका विभिन्न मन्दिरहरुमा आयोजना भएका वार्षिक र वृहत कार्यक्रमहरुमा सहभागिता जनाउनुको साथै जिल्ला सेवा समिति ललितपुरले आयोजना गरेको कार्यक्रममा पनि सहभागी भइ सेवा गर्ने गरिएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर शंखु

यस मन्दिरमा २०८२ को वितक पाठको रुपमा सञ्चालन गरि सम्पन्न भयो । करीव ९ महिना भन्दा बढी पुजारीको अभाव रहेको र अध्यक्ष स्वयबाट बिहान वेलुकाको सेवा पूजा गर्ने कार्य भएको साथै यस मन्दिर समितिले २०८१ सालको १९ औं वार्षिकोत्सवको मौका पारी २० आना जग्गा धेरै सुन्दरसाथहरुको सहयोगमा खरिद गरिएको तर उक्त जग्गा खरिद गर्दा लागेको ऋण तिर्न अझै रु. ५ लाख भन्दा बढी बाँकी रहेकोले अन्य कार्य हुन सकेको छैन । २०८२ सालको वार्षिक कार्यक्रम पाठ गरेर मात्र सम्पन्न भयो भने वागमती प्रदेशको भौतिक निर्माण तर्फ बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा पहिलो ढलान मात्र भएको हललाई गारो लगाइ झयाल ढोका लगाउने कार्य सम्पन्न भएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर धामीडाँडा

यस मन्दिरमा २०८२ को वितक चर्चा देवकी सखीबाट १ हप्तासम्ममात्र सञ्चालन गरि सम्पन्न भयो । दैनिक सेवा पूजा समिति स्वयले र विशेष गरि वाइजुराजको अध्यक्षका सहयोगमा भइरहेको छ । यहाँको वार्षिक कार्यक्रम १ दिन सञ्चालन गरियो । यसै सन्दर्भमा यस मन्दिरका अध्यक्ष धाल प्रसाद तिमिल्सिनाको २०८३ श्रावण २२ गते धामगन हुनु भएको हुँदा ७ दिन गरिने वितक कार्यक्रम यसपाली सञ्चालन नगरिएको व्यहोरा जानकारी गराइयो ।

श्रीकृष्ण प्रणामी मन्दिर हरिसिद्धि

२०८२ सालको वितक १ महिना धर्म प्रचारिका रञ्जु सखीबाट सम्पन्न भयो । सोही अवसरमाा वाणी र चर्चनीको प्रशिक्षण पनि रञ्जु माताज्यूबाट नै भएको हुँदा यस भेगका सुन्दरसाथहरुले लाभान्वित हुनु भएको । वर्षभरिनै हुने मेला पर्व हर्षोल्लासका साथ मनाउँदै आएका छौं ।

विगत वर्षहरुमा झैं यस वर्ष पनि पृथ्वी परिक्रमा यस मन्दिरबाट रथलाई सिंगारी श्रीमत्तारतमसागर समेत पर्दापण गरि श्रीकृष्ण प्रणामी मूल मन्दिर इमाडोलमा आरती तथा चियापान गरि भैमाल मन्दिर हुँदै नवतनधाम पुऱ्याउने कार्य गरियो ।

श्रीकृष्ण प्रणामी मन्दिर धापाखेल

वितक र वार्षिक कार्यक्रम हर्षोल्लासका साथ मनाइयो । विराट तथा वाणीको प्रशिक्षण कार्यक्रम गरि सुन्दरसाथहरुलाई आध्यात्मिक लाभ दिन सफल भयो । पृथ्वी परिक्रममा पनि सहभागिता जनाउने गरिएको छ । यस वर्ष २ जना सुन्दरसाथहरुको जागनी भयो । यस मन्दिरको माथिल्लो तलामा ७ वटा कोठा थप गरि ढलान गरियो र २ वटा कोठामा प्लास्टर गरि बस्न योग्य बनाइयो । अन्य आ.व.को बजेट वाट सम्पन्न गर्ने भावी योजनामा राखिएको छ । यस मन्दिरको पुरानो शौचालय हटाई प्रवचनहल विस्तार गरियो ।

यस मन्दिर जिल्ला प्रशासन कार्यालय ललितपुरमा छुट्टै दर्ता भएको लेखा परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको र जिल्ला प्रशासन कार्यालयमा नविकरण गर्नु पर्ने बाँकी रहेको ।

३. भक्तपुर जिल्ला समितिः-

स्थानीय युवा सुन्दरसाथजीहरूको पहलमा आजभन्दा २८ वर्ष अगाडि वि.सं. २०५५ सालमा जिल्ला समितिको मान्यता प्राप्त गरी आफ्नो कार्य थालनी गर्दै आजको स्थितिमा आइपुगेको छ । संस्थागत विकासका क्रममा जिल्ला कार्य समितिले १० वटा इकाई समिति सहित श्री कृष्ण प्रणामी वाइजुराज महिला समिति र श्रीकृष्ण प्रणामी युवा परिषद जिल्ला समितिलाई

साथमा लिएर अगाडि वढिरहेको छ । लगभग ३५० परिवार सुन्दरसाथको वसोवास रहेको यस जिल्लामा १५०० भन्दा बढी जागृत सुन्दरसाथजीहरूको सामु यस कार्य समितिले सेवा गर्ने अवसर पाएको छ । जिल्लामा एकमात्र मूल मन्दिर श्रीमन्निजानन्द ब्रहमसभा भवन तथा श्रीकृष्ण प्रणामी मन्दिर कटुञ्जेलाई आधार वनाध्यस मन्दिरको संरक्षण तथा विकासमा टेवा पुर्याउदै आफ्नो कार्यलय पनि यसै स्थानबाट संचालन गर्दै आएको छ भने अन्य १० वटा इकाई मार्फत आ-आफ्ना गतिविधि, जागनी अभियान लगायत संगठन विकासका कार्य गरिएको छ ।

यस जिल्लाले आर्थिक वर्ष २०८२।८३ मा सम्पन्न गरेका कार्यहरू, प्राप्त उपलब्धीहरू साथै यस वर्ष समितिले महशुस गरेका समस्या र आगामी वर्षका लागि प्रस्ताव गरिएका कार्यक्रमहरूको संक्षिप्त विवरण निम्नानुसार रहेका छन् ।

१. बा.व. २०८२/०८३ मा सम्पन्न क्रियाकलाप

१.१ भौतिक विकासका कार्यहरू

यस वर्ष श्रीकृष्ण प्रणामी मन्दिर कटुञ्जेमा सूर्यविनायक नगरपालिकाबाट प्राप्त सहयोगमा भोजनालय व्यवस्थापन र सूनपा वडा नं. ६ बाट प्राप्त सहयोगबाट बाइजुराज गादी सजावटका कार्यहरू सम्पन्न गरियो ।

जिल्ला कार्यसमिति अन्तर्गत रहेका दुवाकोट-झौखेल इकाइको राधाकृष्ण सत्संग भवनमा बागमती प्रदेश सरकारबाट प्राप्त आर्थिक सहयोगमा मन्दिरको सपोर्टिङ्ग पर्खाल निर्माण कार्य सम्पन्न गरिएको ।

अघिल्लै आ.व.मा शुरु भएको सूर्यविनायक न.पा. वडा नं. १० स्थित श्रीराधाकृष्ण सत्संग भवन खुलालगाँउमा नगरपालिकाको आर्थिक सहयोगमा गुम्मट निर्माण र मन्दिरको अग्रभाग सौन्दर्यकरण कार्य निरन्तर अगाडि बढाइरहेको ।

सुडाल वागेश्वरी इकाई अन्तरगत रहेको श्रीकृष्ण प्रणामी सत्संग भवनमा बागमती प्रदेश बाट आर्थिक सहयोगमा गुम्मट निर्माण कार्य थालनी गरिएको ।

श्रीकृष्ण प्रणामी सत्संग इकाई गठ्ठाघरमा रहेका सत्संग भवनमा बागमती प्रदेशको आर्थिक सहयोगमा सौन्दर्यीकरणको थालनी गरिएको ।

१.२ धार्मिक सामाजिक कार्यहरु

श्रीकृष्ण प्रणामी मन्दिर कटुन्जेमा मन्दिर निर्माण को २६ वर्ष पुगेको पावन अवसरमा २०८२ फाल्गुन २४ देखि ३० गतेसम्म पारायण सप्ताह ज्ञान महोत्सव सम्पन्न गरियो ।

यस वर्ष जिल्ला भित्रका १० वटा इकाईमध्ये ७ वटा इकाईमा वितक सम्पन्न गरिएको छ साथै यी इकाईका वार्षिक उत्सव समेत सम्पन्न गरी कथा प्रवचन धार्मिक जागनी शिविर आतिका माध्यमबाट ठूलो संख्यामा आध्यात्यिक लाभ प्रदान गरिएको छ ।

श्री राधाकृष्ण इकाई समिति अन्तरगत रहेको श्री राधाकृष्ण सेवा आश्रम भेतासीमा ३ जना बालवालिकाहरूको पालनपोषण शिक्षादिक्षा कार्य गरी सत्मार्गमा लाग्न प्रेरित गरिएको ।

श्रीकृष्ण प्रणामी समाजका ठुला कार्यक्रमहरुमा सहभागी जनाइ आर्थिक सहयोग गरियको ।

यस वर्ष श्रीकृष्ण प्रणामी मन्दिर कटुन्जे, दुवाकोट सत्संग भवन र चरेली इकाईमा विभिन्न मितिमा युवा परिषद भक्तपुर र नेपाल रेडक्रस सोसाइटिको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गरिनुका साथै दुवाकोट सत्संग भवनमा विद्यालय स्तरीय चित्रकला प्रतियोगिता समेत सम्पन्न भएको छ ।

सूर्यविनायक नगरपालिका वडा नं. १० स्थित राधाकृष्ण मन्दिर तथा मुक्ति सामुदायिक भवनमा आध्यात्मिक जागरण गराउदै सात्विक निरामिस भोजन तर्फ आकर्षण गराउन हरेक वर्षझै सप्तदिवसीय वितक चर्चा इकाई समितिको पहलमा सम्पन्न गरियो साथै यस भवनमा दैनिक रुपमा योग प्रशिक्षण कार्यमा समेत इकाई समितिका सदस्यहरुको सक्रियता रहेको छ ।

सेवा समितिकै सक्रियतामा सूर्यविनायक नगरपालिका वडा नं. १० स्थित भुवनेश्वरी मा.वि.मा १७० जना विपन्न विद्यार्थीहरूलाई पोशाक वितरण गरियो ।

यसै वर्ष श्रीकृष्ण प्रगामी युवा परिषदको आयोजनामा कटुन्जे मन्दिरमा १७० जना विद्यार्थी सहभागी गराई बाल जागरण

शिविर सम्पन्न गरिएकोमा जिल्ला समितिको तर्फबाट एक दिनको भोजन सेवा बापत रू. ३५००० प्रदान गर्नेको साथै शिविर व्यवस्थापनमा आवश्यक सहयोग पुराइएको ।

राधाकृष्ण सत्संग भवन, खुलालगाउ, भेतासीको नाममा खोलिएको अक्षयकोषमा यस जिल्ला समितिले प्रोत्साहन स्वरूप रु ५०,००० को नगद सेवा प्रदान गरिएको ।

१.४ संस्थागत विकास

जिल्ला समिति अन्तरगत रहेका १० वटा इकाई समितिको साधारणसभा सम्पन्न गरिएको साथै यी १० वटै इकाईमा एकरुपता कायम गरी छाप, रसिद, लेटरप्याड तथा बोर्ड राख्न प्रोत्साहन गरिएको ।

सबै इकाईहरूमा विभिन्न बैठक, साधारणसभा, वार्षिक उत्सव लगायतका मेलापर्व एवं सत्संग कार्यक्रममा आमन्त्रण हुँदा वा आवश्यकतानुसार निरीक्षण अवलोकन, सहभागिता कार्यलाई निरन्तरता दिइएको ।

जिल्ला कार्य समितिको सचिवालयलाई अझ सुदृढ बनाउदै लैजान कार्यालयमा आवश्यक एकथान स्टील दराज खरिद गर्नेका साथै यस वर्षको आय व्यय हिसाबलाई पारदर्शी र विश्वासिलो बनाउन सदा वर्ष झै लेखापरीक्षण कार्य सम्पन्न गरिएको ।

यस जिल्ला समिति अन्तरगतका नाला, भेतासी, छालिंग तथा चरेली इकाइका पदाधिकारीहरुलाई एक दिने लेखा राख्ने तरिका सम्बन्धी तालिमका साथै वालकोट, धुन्चे पाखा, चित्तपोल तथा गट्ठाघर इकाइहरूमा केन्द्रिय समितिको ढाँचा अनुसार लेखा राख्न स्थलगत प्रशिक्षण गरिएको ।

१.५ सम्पर्क समन्वय र सहभागिता

जिल्ला समितिले केन्द्रीय समिति लगायत अन्य छिमेकी जिल्ला कार्यसमितिहरूसँग विशेषगरी काठमाण्डौ, ललितपुर, काभ्रेपलाञ्चोक र नुवाकोटसँग समन्वयकारी भुमिका निर्वाह गर्दै पटक पटक बैठक, छलफल र सहकार्य गरिरहेको छ ।

जिल्ला समिति भित्र रहेको वाइजुराज महिला समिति र युवा परिषदसँग सहकार्य गर्दै एक आपसमा सहयोग आदनप्रदान गरिएको छ ।

विभिन्न समयमा जिल्ला समिति र इकाई समितिलाई सुदृढ वनाउन आर्थिक, सामाजिक, आध्यात्मिक लगायत अन्य पक्षहरूसाग सम्बन्धित रहेर स्थानीय संघसस्था, स्थानीय निकाय, जनप्रतिनिधि, राजनीतिकर्मी र समाजसेवीहरूसँग परामर्श, छलफल, भेटघाट गरी समन्वयात्मक भूमिका निर्वाह गरिएको छ ।

केन्द्रिय समिति र अन्य जिल्ला, इकाईले आव्हान, निमन्त्रणा गरिएका कार्यक्रम, बैठकहरूमा जिल्लाको तर्फबाट सहभागिता जनाइएको छ ।

१.६ अतिथि आगमन भ्रमण

यस वर्ष जिल्ला भरिका मन्दिर, सत्संग भवनका वार्षिक उत्सव, वितक, साधारणसभा विभिन्न मेलापर्वमा आमन्त्रण गरिएका श्री १०८ माहाराजजी लगायत धेरै साधुसन्त, पंडित प्रचारकका साथै नेपाल सरकारका उच्च ओहदाका सम्माननीय व्यक्तित्व, स्थानीय राजनैतिक दलका जनप्रतिनिधिज्यूहरू र अन्य संघसंस्थाहरूको अपार उपस्थिति रहेको थियो ।

१.७ बैठक तथा भेलाहरू

यस वर्ष यो जिल्ला समितिको समन्वयमा उपत्यकामा रहेका ५ जिल्ला समितिको वैठक बसी महत्वपूर्ण निर्णयहरू गरिएका छन् ।

जिल्ला कार्य समितिको भौतिक वैठक वस्ने क्रममा १२ पटक घुम्ती बैठक विभिन्न इकाईहरूमा वसी संगठन विकास, जागरण अभियानका गतिविधि संचालन गरियो ।

१.८ पुरस्कार तथा सम्मान

यसवर्ष श्रीकृष्ण प्रणामी सेवा समितिको सांगठनिक तथा धार्मिक सेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउनुहुने समितिका पूर्व अध्यक्ष श्री विष्णु प्रसाद न्यौपाने, निवर्तमान अध्यक्ष श्री कपिल के.सी. लाई सम्मान गरियो । साथै मानवीय सेवामा

विशेष योगदान पुर्याउदै आउनु भएकी मानव कल्याण समाजका संस्थापक अध्यक्ष श्री सुमित्रा चौलागाई (सुमी मानव) लाई विशेष सम्मान गरियो । यसै गरी यस वर्ष दुवाकोट निवासी रेशम बहादुर खड्का र कमलविनायक निवासी सावित्री श्रेष्ठ लाई नागरिक सुन्दरसाथ सम्मान प्रदान गरियो

यस वर्ष सू.न.पा. वडा नं. ९ स्थित भुवनेश्वरी मा.वि.का विपन्न विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण गर्न रू. १ लाख नगद सहयोग प्रदान गर्नुहुने श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रीय सल्लाहाकार समिति संयोजक श्री रेशमराज ढकालज्यू लगायत अन्य दातामा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालकाका पूर्व केन्द्रीय अध्यक्ष श्री मदन शर्माज्यू, श्रीकृष्ण प्रणामी युवा परिषदका पूर्व केन्द्रीय अध्यक्ष श्री बद्री बहादुर कार्कीज्यू र विराटनगर निवासी सुन्दरसाथ श्री विपिन घिमिरेज्यूलाई सेवाभावी सुन्दरसाथका रूपमा सम्मान गरियो ।

३. समस्या तथा चुनौतीहरू

जिल्ला अन्तर्गतका इकाईहरूमा आर्थिक प्रशासनिक लगायत कार्यक्रम संचालन क्षमतामा कमी देखिएकाले यसका लागि तालिम प्रशिक्षण आवश्यक देखिएको छ ।

निजानन्दीय संस्कार पद्धतीमा एकरूपता कायम गर्न नसक्दा सुन्दरसाथविच अन्यौल कायम भएको छ । साथै

धर्मप्रचारकज्यूहरूबाट प्रचारको क्रममा धर्म दर्शनको मूल्य मान्यतामा दोधार उत्पन्न हुने प्रवचनले समस्या उत्पन्न गराएको छ । श्रीकृष्ण प्रणामी धर्म एवं संगठनका विषयमा नेपाल तथा भारतका विभिन्न व्यक्तिहरूबाट सामाजिक सञ्जालमा प्रकाशित सामाग्री तथा विभिन्न अस्वस्थ क्रियाकलापले उत्पन्न परिस्थितिले जिल्ला तथा इकाइ समितिका पदाधिकारी तथा सदस्यहरूमा असहज परिस्थिति सृजना भएकोले कुनै पनि सवालमा छलफल, वहस गर्न तथा संगठनलाई चुस्त गतिमा नेतृत्व गर्न असहज परिस्थिति सृजना भएको छ ।

४. आगामी वर्षका लागि प्रस्ताव गरिएका कार्यहरू

श्रीकृष्ण प्रणामी सेवा समिति भक्तपुर जिल्ला कार्य समितिबाट यो आर्थिक वर्ष २०८३/०८४ मा सम्पन्न गर्नका लागि निम्नानुसारको कार्यक्रम प्रस्ताव गरिएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर कटुञ्जे, श्री राधाकृष्ण सत्संग भवन दुवाकोट, श्री राधाकृष्ण सेवा आश्रम भेतासी र श्रीकृष्ण प्रणामी सत्संग भवन चरेली, श्रीकृष्ण प्रणामी सत्संग भवन गट्ठाघर र बालकोटमा निर्माण धिन कार्य सम्पन्न गर्दै थप निर्माण का लागि पहल गरिने ।

जिल्लाभरि वसोवास गर्ने सुन्दरसाथहरूलाई संगठित गरी जिल्ला कार्य समितिको मूलप्रवाहमा समावेश गर्दै विभिन्न आध्यात्मिक सामाजिक कार्यमा संलग्न गराउने ।

श्री राधाकृष्ण सत्संगभवन दुवाकोटको निर्माण कार्य केहि वर्षभित्र पूर्ण गर्न योजनावद्ध तरिकावाट अगाडि बढ्ने ।

चित्तापोल खुलालगाउमा रहेको सत्संग भवनमा यसवर्ष गुम्मट निर्माण र अग्रभाग सौन्दर्याकरण पुरा गरी रसोइ गृह निर्माण मा पहल गर्ने ।

गट्ठाघर इकाईमा रहेको सत्संग भवनमा सौन्दर्याकरण सम्पन्न गरी सत्संग कार्यक्रम सूचारु गराउन पहल गर्ने ।

छालिड. इकाई समितिलाई प्राप्त ५ रोपनी जग्गामा भौतिक संरचना निर्माण गर्न DPR तयार गरिने ।

चरेली स्थित सत्संग भवनको वाँकी निर्माण कार्य पुरा गर्न यसवर्ष गजुर निर्माण मा योजनाबद्ध तरिकाबाट अगाडि बढ्ने ।

जिल्ला भित्रका मन्दिर तथा सत्संग भवनहरूमा साप्ताहिक पारायण, जागनी शिविर, सत्संग जस्ता आध्यात्मिक, सामाजिक अभियानमा संगठन विकास वा अन्य तालिम, प्रशिक्षणमा जोड दिदै जिल्लाकै सकृयतामा अभियान संचालन गर्ने ।

जिल्ला अन्तरगतका बालकोट-सिरुटार, सिपाडोल, चित्तापोल धुन्चेपाखा इकाईको क्षमता विकास गरी अझ सशक्त बनाउने कार्य घालनी गर्ने ।

निजानन्दीय संस्कार पद्धतीमा एकरूपता कायम गरी धार्मिक मेलापर्व वा अन्य संगठन विकासका कार्यमा संलग्न हुँदा

पोशाक भेषमा एकरूपता ल्याउन (Dress Code) को व्यवस्था गर्न केन्द्रीय समितिसंग पहलकदमी गर्ने ।

युवा परिषद तथा वाइजुराज महिला समितिलाई थप जिम्मेवारी प्रदान गरी विभिन्न प्रतियोगिता प्रशिक्षण संचालनमा प्रोत्साहन गर्ने ।

आगामी दिनमा संगठन मजबुत, सेवामुखी र सत्धर्मप्रेमी बनाई जागनी अभियानलाई सफल बनाउन हाल जारी रहेको घुम्ती बैठक र सत्संग कार्यलाई निरन्तरता दिने ।

जिल्ला समितिकै पहलमा धार्मिक सद्भावना भ्रमण आयोजना गर्ने ।

जिल्ला समितिवाट पहल गरी युवा परिषदसंगको समन्वयमा जिल्ला भरिकै युवाहरूलाई समेटी युवा जागरणका क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्ने

प्रणामी समाज भक्तपुरको उन्नयन र विकासका लागि योगदान पुर्याउने व्यक्तित्व, जेष्ठ प्रणामी सुन्दरसाथ एवं अन्य संघ संस्थाका सामाजिक कल्याणमा योगदान पुर्याउने व्यक्तित्व खोजी गरी सम्मान गर्ने कार्यलाई निरन्तरता दिने ।

श्रीकृष्ण प्रणामी मन्दिर, कटुन्जे

यस मन्दिरमा भएका मुख्य मुख्य कार्यहरुमा वार्षिक उत्सव तथा रजत महोत्सव एवं २५ तारतमसाग पारायण सफलतापूर्वक सम्पन्न भएको,वृद्धबृद्धालाई आश्रय दिईआएको,नियमित सेवा पुजार आरती भइरहेको,धर्म जागनी तथा धार्मिक ज्ञान शिबिर संचालन गरिएको,अन्य धार्मिक सामाजिक कार्यमा सहभागिता जनाईएको,नगरपालिकाबाट विनियोजित रु.१० लाखबाट मन्दिरको शौन्दर्यीकरण गरिएको,रजत महोत्सव स्तम्भ निर्माण गरिएको आदि रहेका छन् । भावी योजना अन्तर्गत मन्दिरको बाँकी निर्माण कार्यलाई निरन्तरता दिने,विभिन्न मेला पर्वहरुलाई व्यवस्थित रुपमा निरन्तरता दिने,अक्षयकोष वढाउनका लागि आवश्यक कार्य गर्ने,धार्मिक तथा आध्यात्मिक ज्ञान शिविरहरुको आयोजना गर्ने आदि रहेका छन् ।

श्रीकृष्ण प्रणामी सत्संग समिति दुवाकोट, झौखेल :

१. यस इकाईको ४२ औ वार्षिक साधारण सभा २०८२ श्रावण १७ गते यसै भवनमा धर्म प्रचारक तथा श्रीमद वितक चर्चाकार श्री बिरहिन भानुज्यूको सानिध्यमा तथा प्रमुख अतिथि केन्द्रिय सदस्य एवम् निवर्तमान अध्यक्ष श्री कपिल के.सि ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको जानकारी गराउदछु ।

२ २०८२ सालको एक महिने वीतक चर्चा कथामा चागुँनारायण न.पा.का नगर उप-प्रमुख श्री रमेश बुढाथोकीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको ।

३.२०८२ श्रावण ३० गते यस इकाईवाट आयोजित जिल्ला व्यापी विद्यालयका विद्यार्थीहरूबीच चित्रकला प्रतियोगिता गरिएको ।

४.यस इकाई अन्तर्गत रहेको युवा परिषद् समितिको आयोजनामा ०८२ साल श्रावण ३१ गते श्रीकृष्ण जन्मोत्सवको पावन अवसरमा आयोजित रक्तदान कार्यक्रममा आर्थिक भौतिक सेवा गरेको ।

५.२०८२ सालको श्रीमद्वीतक कथाको एक महिनाको अवधीसम्म सुन्दरसाथहरुको लागि भोजन प्रमाद तयारीको लागि निशुल्क रुपमा सोवा प्रदान गर्ने श्री गोपाल प्रसाद न्यौपानेज्यूलाई धन्यवाद सहित सम्मान गरिएको ।

६.श्री कृष्ण प्रणामी सेवा समिति नेपाल दुवाकोट झौखेल इकाई राधाकृष्ण सत्संग भवनको नवौं वार्षिक उत्सव तथा राधाकृष्ण मन्दिरको पहिलो जन्मोत्सवको उपलक्ष्यमा २०८२ माघ १४ गते देखि २० गते सम्म सिक्किम राज्यको नामफिङ मङ्गलधाम मन्दिरका गादिपति श्री १०८ प्रमोद सुधाकर महाराजको प्रमुख कथा वाचकत्वमा श्रीमद् भागवत तथा साप्ताहिक पाठपारायण सम्पन्न भएको ।

७.२०८२ माघ १४ गते देखि २० गतेसम्म सुरु गरी सम्पन्न गरेको श्रीमद् भागवत कथा तथा साप्ताहिक पाठपारायण कार्यक्रमको लागि सम्पूर्ण लाग्ने खर्च भक्तपुर जिल्ला चा.न.पा २ निवासी श्री रामबहादुर बस्नेतज्यू तथा श्री लक्ष्मी बस्नेतज्यूबाट नगदी सेवा गर्नं भएको हुँदा उक्त कार्यक्रमको समापनमा उहाँहरूलाई दोसल्ला सम्मानपत्र र तिलक चन्दन बन्दन गरी सम्मान गरिएको ।

८. विगतको समयदेखिनै यस इकाईबाट घर घरमा वितरित ३५ वटा सेवा बाकस खोली नगदी सेवा रु.१,२६,८२०

।-प्राप्त भएको छ ।

९.विभिन्न धार्मिक ठुला कार्यक्रममा सहभागी भै आर्थिक सहयोग गरियको ।

१०. २०८२ सालको बीतक कथा मासिकमा कथा वाचककार युवा धर्म प्रचारक वाणी प्रशिक्षक तथा चर्चाकार श्री विरहिन भानु गुरुजीबाट रात्रिकालिन चर्चनी शिविर सञ्चालन गरेकोमा उक्त शिविरमा ६० भन्दा बढी प्रशिक्षार्थीहरूले प्रशिक्षण लिएको जानकारी गराउँदछु ।

आ.व. २०८३/०८४ को भावि योजनाहरु प्रस्तावहरू:

१. श्रीकृष्ण प्रणामी धर्म अर्न्तगत एक वर्ष भरी गरिने १२ मेलाहरुलाई व्यवस्थित रुपमा संचालन गरिने ।

२. वडामा रहेका विभिन्न धार्मिक सांस्कृतिक संघ संस्थाहरुबाट गरिने मानविय सेवा कार्यक्रमहरुमा यस इकाई ससक्त रुपमा सहभागी हुने ।

३. युवा परिषदबाट गरिने मानविय सेवा अर्न्तगत रक्तदान सेवामा आर्थिक भौतिक रुपमा सहयोग गर्ने र युवा परिषदलाई मानविय सेवा हुने कार्यक्रमहरु गर्न सदैव प्रोत्साहान गरी रहने ।

४. यस इकाईले इकाई अर्न्तगत रहनुहुने सुन्दरसाथ तथा वडामा बसोबास गर्ने वृद्ध आमा बुवाहरुलाई सम्मान गर्ने ।

५. यस इकाई अन्तरगत रहेका युवा परिषद, बाईजुराज महिला समितिको सहकार्यमा उपत्यका भित्र र उपत्यका बाहिर हुने प्रणामी धर्मको कार्यक्रममा धार्मिक परिवहन भ्रमण गर्ने ।

६. प्रदेश,नगरपालिका र वडा कार्यालयबाट श्री राधाकृष्ण सत्संग भवन निर्माण सम्पन्न गर्नको लागि विनियोजित रकम पारदर्शी रुपले खर्च गरी खर्च हिसाब किताब राखी निमार्ण सम्पन्न गर्नको लागि यस इकाईमा रहेको तिनै वटा समितिलाई सहभागी गराई उपभोक्ता समिति समेत गठन गरी अगाडी बढ्ने ।

७. श्री राधाकृष्ण सत्संग भवन पुर्ण रुपमा निर्माण सम्पन्न गर्नको लागि र भुक्षय नियन्त्रणको लागि प्रदेश, नगरपालिका र वडा कार्यालयमा बार्षिक बजेट बिनियोजनको लागि सक्दो प्रयास गर्ने ।

श्रीकृष्ण प्रणामी सत्संग समिति, छालिङ्ग

यस छालिङ्ग सत्संगले मासिक रुपमा सत्संग सञ्चालन गर्दै आएको । यस आ.व.मा स्थानिय सरकार वडा नं.५ बाट खरीपाटी स्थित ५ रोपनी जग्गा सत्संग समितिलाई उपलब्ध गराउने निर्णय भई चागुँनारायण नगरपालिकाबाट समेत स्वीकृति प्राप्त गर्न प्रकृया अघिबढेको छ । नेतृत्व शिप प्रशिक्षण तथा तालिमको लागि पहल भइरहेको छ

श्रीकृष्ण प्रणामी सत्संग समिति, सुडाल

श्री कृष्ण प्रणामी सेवा समिति चरेली इकाईको १७ औ साधारणसभामा प्रस्तुत आ.व. २०८२।०८३ को आर्थिक, सामाजिक र धार्मिक गतिविधिहरू निम्नानुसार रहेको छ ।

१) यस आ.व. को मुख्य कार्यमा तला थप तथा गुमुट (गजुर) निर्माण गर्ने कार्यका लागि ढलान निर्माण गर्ने कार्य सम्पन्न भएको ।

२) आर्थिक गतिविधि अन्तर्गत विभिन्न शीर्षकमा आम्दानी ३,९७,८२१/७४ भएको तथा खर्च २,६१,०००।०० गरी बाँकी रहेको बैंक मौज्दात १,३६,८६२।७४ (अक्षेरुपी एक लाख छत्तिस हजार आठ सय बैसठ्ठी रुपैया चौहत्तर पैसा) छ ।

३) सम्पूर्ण सुन्दरसाथहरूले प्रत्येक महिनामा मन्दिरमा सेवा पूजा सञ्चालन गर्न टोली गठन गरी कार्यक्रमहरू भव्य र सभ्यताकासाथ सम्पन्न हुँदै आएको छ ।

४) सुन्दरसाथहरूको सहभागितामा विभिन्न मन्दिरहरू भ्रमण गरी सुन्दरसायहरू विचमा भाइचारा तथा प्रेम स्नेह बाँड्ने कार्यसमेत सम्पन्न भएको छ ।

५) सुन्दरसाथहरू परमधाम हुँदा उहाँहरूको निवासमा गई समवेदना तथा मेहेरसागर पाठ समेत गरिएको र आगामी दिनमा पनि यो कार्य निरन्तर रहने जानकारी गराउँदछौ ।

६) जिल्लाको संयोजनमा भएको लेखा तालिममा बाइजुराज तथा सेवा समितिका प्रतिनिधिहरूको सहभागितामा तालिम

लिने कार्य सम्पन्न भएको ।

७) यस मन्दिरमा सेवा पुजाका लागि पुजारी माता लक्ष्मी अधिकारीज्यूलाई जिम्मा दिईएको छ ।

८) बाइजुराज सेवा समितिबाट मन्दिरको भुईतलामा टायल मार्वल तथा किचेनमा ग्रेनाइट र भाडा माझ्ने, धाराहरू समेत निर्माण सम्पन्न भएको ।

९) विशेष आरतीका लागि आरती दानी यस मन्दिरको तला थप गर्ने ठेकेदारबाट दान स्वरुप प्राप्त भएको छ साथै टेबुल कुर्सी नगरपालिकाबाट सहयोग प्राप्त भएको छ ।

१०) कोठामा कार्पेट तथा पर्दा दान स्वरुप हेलमेट डाँडा टोल सुधार समितिका भक्तजनहरूबाट प्राप्त भएको छ ।

११) चाँगुनारायण नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री श्याम कृष्ण नायजु श्रेष्ठबाट टायल छाप्ने तथा मन्दिर मर्मत गर्न २५ बोरा सिमेन्ट तथा हेलमेट डाँडा टोल सुधार समितिबाट २० बोरा सिमेन्ट समेत प्राप्त भएको छ ।

१२) मन्दिरको संयोजकत्वमा ढुंखर्कको १०८ पाठ पारायणमा सहभागीगिता तथा दान गर्ने कार्य भएको ।

१३) युवा परिषदको संयोजकत्वमा वार्षिकीको उपलक्ष्यमा रक्तदान कार्य समेत सम्पन्न भएको ।

आगामी आर्थिक वर्षभित्र मन्दिरको मर्मत सम्भार अधुरा रहेको निर्माण अनि मन्दिरको बाहिरी सौन्दर्य कार्यलाई अगाडि बढाइने,साथै विभिन्न तह तप्काबाट दृष्य अदृष्य तरीकाले हामीलाई मन्दिर सञ्चालन गर्न दान सहयोग सल्लाह सुझाव दिनुहुने सम्पुर्ण भक्त समाजलाई विशेष धन्यवाद तथा सविभिन्न कार्य गर्नुहुने सुन्दरसायहरुलाई परमात्माको कृपा रहिरहनेछ ।

श्रीकृष्ण प्रणामी सत्संग समिति, खुलालगाउँ

मन्दिर परिसरको विस्तृत योजना(DPR) तयार गरी गुरुयोजना सहित नक्सा तयार पार्ने काम सम्पन्न भएको छ । मासिक रुपमा सत्संग गर्ने कार्यको थालनी भएको छ । अक्षयकोष कार्यविधि तयार गरिएको, गुरुकुल स्थापना गर्ने योजना बमोजिम शुरुवात गरिएको,वितक, मेला, पर्व, जागनी, शिविर,जस्ता कार्यहरु गरिदै आएको । भावी योजना तथा लक्ष्यहरु अन्तर्गत गजुर अनावरण गर्ने,विश्राम कक्ष निर्माण गर्ने,भण्डारा कक्ष निर्माण गर्ने,मन्दिर परिसरमा श्रीराधाकृष्ण को पूर्ण कदको मुर्ति स्थापना गर्ने,नियमित आध्यात्मिक शिविर तथा प्रशिक्षण सन्चालन गर्ने र खुलालगाउँलाई शाकाहारी तथा मदिरा रहित नमूना गाउँ बनाउने रहेका छन् ।

श्रीकृष्ण प्रणामी चित्तपोल इकाई समितिः

यस इकाईले धार्मिक सामाजिक कार्यलाई निरन्तरता दिईरहेको,,जिल्ला समितिले प्रत्येक महिना संचालन गर्ने बैठकमा सहभागिता जनाउँदै आएको छ । आगामी वर्षका प्रस्तावित कार्यक्रमहरुमा निस्क्रिय सुन्दरसाथहरुलाई क्रियाशिल बनाउने,प्रत्येक वर्ष संचालन हुँदै आएको वितक चर्चा कार्यक्रमलाई निरन्तरता दिँदै १ दिवसिय सत्संग तथा घुम्ति सेवा संचालन गर्न पहल गर्ने रहेका छन् ।

श्रीकृष्ण प्रणामी इकाई समिति गठ्ठाघरः

वितक चर्चा लगाएत धार्मिक सामाजिक कार्यलाई निरन्तरता दिईएको छ । भारी वर्षाको कारण धन जनको क्षती भएका सुन्दरसाथहरु लगाएत अन्य व्यक्तिहरुलाई आर्थिक सहयोग गरिएको,आफ्नो जिल्ला समितिसँगको समन्वयमा विभिन्न धार्मिक सामाजिक कार्यक्रममा सहभागि भएको ।

४. काभ्रे जिल्ला समितिः-

काभ्रे जिल्ला सेवा समिति अन्तर्गत ९ वटा मन्दिर, ८ वटा सत्संग समिति कार्यरत रहेका छन् । श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समिति काभ्रेको प्रगति प्रतिवेदन निम्न बमोजिम रहेको छ ।

श्री कृष्ण प्र.से.स. नेपाल जिल्ला समिति काभ्रेले विगतका वर्षहरुको झै २०८२ साल आसाढ २८ गते देखि श्रावण ३० गते सम्म घुम्ती वितकको आयोजन गरेको थियो । त्यो कार्यक्रम काभ्रेको २ ठाँउ पनौतीको कुशादेवी र पाँचखालको श्री राम पाटिमा आयोजना भएको थियो । त्यसै गरि अन्तमा सिन्धुपालचोक जिल्लाको मेलम्ची न.पा.मा पं. श्री मोहन घिमिरे र विदुषि माता नारायणी घिमिरेको वाचकत्वमा सम्पन्न गरिएको थियो

५. २०८२ सालको शुभ विजया दशमी, शुभ दिपावली एवं छठ पर्वको उपलक्ष्यमा उपत्यका संजाल अन्तर्गतका ५ वटै जिल्लाका प्रतिनिधि समेत संलग्न भै शुभकामना आदान-प्रदान गरिएको ।

६. विगतका वर्षहरुको झै यस काभ्रे जिल्ला सेवा समितिले श्री कृष्ण प्रणामी धर्म जागनि महोत्सव प्रमुख कथा बाचक पण्डित श्री कृष्णप्रसाद सापकोटाज्यूको कथा वाचकत्वमा सम्पन्न गरियो । सो कार्यक्रममा बनेपा मन्दिरबाट पंचेबाजा सहित रयालीले धनेश्वर मन्दिरको समेत परिक्रमा गरि पारायण आयोजना गरिएको थियो जसमा २ जनाको जागनि पनि भएको थियो ।

७ २०८२ पौष १७ गतेका दिन श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समितिले जिल्ला मातहतका भगिनि संस्था वाइजुराज महिला समिति र यूवा परिषद काभ्रे समेतको सहभागितामा प्रणामी धर्मका जगदगुरु आचार्य श्री १०८ कृष्ण मणिजी माहाराजको शुभ जन्मदिवस जिल्ला सेवा समितिको कार्यालयमा दिप प्रज्वलन एवं भजन किर्तन गरि मनाइयो ।

८. श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समिति काभ्रेको संयोजकतामा केन्द्रीय संगठन विभाग द्वारा काभ्रे जिल्लाका जिल्ला सेवा समिति जिल्ला वाइजुराज महिला समिति त्यसैगरि जिल्ला यूवा परिषद एवं इकाई समितिहरुलाई १ दिने संस्थागत सुदृढिकरण तालिम दिइएको ।

९. श्री कृष्ण प्रणामी धर्म जागनि महोत्सव १०८ पारायण ढुंखर्कलाई पारायण मुल समारोह समिति बनाइएको साथै जिल्ला सेवा समिति काभ्रेले उपत्यका संजालका प्रत्येक घरघरमा पुगि कार्यक्रम बारेमा जानकारी गराएको ।

१०. श्री कृष्ण प्रणामी सेवा समिति नेपाल एवं उपत्यका संजाल मार्फत आयोजना गरिएका प्रत्येक कार्यक्रममा सकृय सहभागिता जनाई आफ्ना भनाई लगायत त्यस्ता सेमिनार एवं गोष्ठीबाट प्राप्त आदेशको पूर्ण रुपमा पालना गरिएको ।

११. जिल्ला सेवा समितिले विभिन्न कार्यक्रम गरि थोपा थोपा बचत द्वारा आफ्नै बाद्ययन्त्र हार्मोनिएम र तबला खरिद गरिएको ।

१२. यस आर्थिक वर्ष भरिमा सेवा समितिको १८ औं पटक बैठक सम्पन्न गरिएको ।

१३. असार १५ गते जिल्ला सेवा समिति काभ्रेले विश्व धान दिवस एवं दहि, चिउरा कार्यक्रम गर्दै नवतन धामका शन्त बाबा पुजनिय श्री १०८ अमृतराज माहाराजको शुभ जन्मोत्सव एवं यसै जल्लामा वसोवास गर्नहुने सेवा समितिका संस्थापक सदस्यका साथै यसै जिल्लाका संरक्षक परिषदको संयोजक पं श्री देव कृष्ण शर्मा शास्त्रीको पनि शुभ जन्मोत्सव भव्यताका साथ मनाइएको ।

१४. विगतका वर्षहरुको झै यस वर्ष पनि अक्षयकोषमा वृद्धि गरिएको ।

१५. जिल्ला सेवा समितिको कार्यालय काभ्रेले प्रत्येक महिनाको शनिवारको दिन नियमित बैठक लगायत सत्संग कार्यक्रम पनि गर्दै आएको छ ।

१६. केन्द्रिय सेवा समितिको निर्देशन मुताविक हरेक जिल्लामा हिसाव किताव चुस्त दुरुप्त राख्न लेखा समिति गठन गर्न आदेश भए अनुसारको ३ सदस्यीय लेखा समिति गठन गरिएको ।

भावि योजना

जिल्ला समितिको निर्माण धिन भवन पूर्ण गर्नं पर्ने ।
डिजिटल लाइब्रेरीको व्यवस्था गर्ने ।
निर्माण धिन भवनमा कार्य गर्न साधुरो भएकोले भवन संगै ५ आना जग्गा थप खरिद गर्ने ।
काभ्रे जिल्ला भित्रका अपाङ्ग, अशक्त, बालबालिका एवम् बृध्द आमा बुबाहरुको तथ्यांक संकलन गरी उहाँहरुको समस्या पहिचान गरी सेवा गर्ने लक्ष्य लिएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर, होक्से

कार्य समितिको बैठक १५ पटक बसेको । यस मन्दिरको नाममा रहेको गह्रा खेतमा डाँफेखोलाको बाढीले कटान गरेकोले

बचाउनको लागि जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय धुलिखेलमा पहल गरेको । देउसी भैलो कार्यक्रमबाट प्राप्त रकमबाट मन्दिरमा नयाँ कार्पेटको व्यवस्था गरिएको । गत वर्षको वर्षातले क्षती गरेको सौचालय वाथरुम मर्मत सम्भार गरेको । बिग्रेका बाध्यसाधनहरु मर्मत संम्भार गरिएको । अतिथि सेवा सदनको निर्माण को लागि मन्दिर कोषबाट १६ लाख र सुन्दरसाथको आर्थिक सहयोगमा संयोजक श्री उज्वल प्रसाद बजगाईको नेतृत्वमा गारो, ढलान, प्लास्टर,शौचालयमा टायल बिछाउने, प्लम्बरको कार्य सम्पन्न भएको । वार्षिक वीतक वाणि चर्चा निवर्तमान अध्यक्ष श्री नन्द प्रसाद बजगाईज्यूबाट गराइएको । मन्दिरको गुरुयोजनाको डिपिआर उपाध्यक्ष श्री शिव बहादुर सापकोटालाई अख्तियार दिइ तयार गरिएको । जिल्ला तथा राष्ट्रिय स्तरका कार्यक्रम, १०८ पारायणहरुमा सहभागी भै आर्थिक र स्वयम्सेवक सेवा कार्य गरेको गराएको । मन्दिरमा सञ्चालन हुने दैनिक सेवा पूजा, वार्षिक उत्सव, १२ मेला, अक्षयकोष तिथि नियमित सञ्चालन भएको ।

श्रीकृष्ण प्रणामी मन्दिर ढुंखर्क,काभ्रेपलाञ्चोक

नेपालमा सेवा समिति संस्थागत गर्नुहुने परमहंस सन्त गुरुजी १०८ जुगलदाश महाराजज्यूको समेत पूर्खाहरुको जन्म स्थान रहेको यो पवित्र काभ्रे जिल्लाको दक्षिणी भू-भाग प्राकृतिक सौन्दर्यले भरपुर प्राचिनतम भूमि बेथानचोक २ ढुंखर्कमा राज्जी महाराजको ठुलो कृपा, गुरुहरुको आर्शिवाद, हामी सबैको चाहना अनुसार यस श्रीकृष्ण प्रणामी मन्दिरमा श्रीमत्तारतम सागर १०८ पाठ पारायण एवम् श्रीकृष्ण कथा ज्ञान महायज्ञ (श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव २०८२) सहित श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगद्गुरु आचार्यश्री कृष्णमणि माहाराजश्रीको पवित्र करकमलबाट श्रीकृष्ण प्रणामी मन्दिर ढुंखर्कको समुद्घाटन एवं कलश अनावरण सहित सुन्दर कार्यक्रमको आयोजना मिति २०८२ चैत्र २७ गतेदेखि २०८३ बैशाख ३ गतेसम्म भव्य र सभ्य रुपमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा १६० जना सुन्दरसाथजीहरु जागनी हुनु भयो।

यस वर्ष भित्र मन्दिरमा भएका कार्यहरु संम्क्षिप्तमा यस प्रकार रहेको छ।

निर्माणतर्फ

बेथानचोक गाउँ पालिकाको सहयोगमा हालको मन्दिरको सम्पूर्ण रंगरोहण, नयाँ हलमा इयाल, सटर, प्लास्टर, शौचालय, भर्याङ, रेलिङ र कार्यक्रम सजावट, धाराहरु, राख्ने कार्य गरेर निर्माण सम्पन्न गरि १०८ पारायण गरियोएको छ। जसमा खर्च ९,६२,८८२ भएको छ। भुक्तानीको लागि फाईल बेथानचोक गाउँ पालिकामा पेश गरिएको छ।

सेवा समितिको अगुवाईमा भएका क्रियाकलापहरू

१. मिति २०८२ साउन १६ देखि ३१ सम्म संचालित १५ दिने वीतक कार्यक्रम साध्वी रेणुका माता ज्यूबाट संचालित भएको कार्यक्रम र कृष्ण प्राक्ट्य महोत्सव भव्य रुपमा संचालन गरिएको थियो जसमा आम्दानी १,२३,६६१। खर्च रु ९१,६३४/- भएको थियो।

२. मिति २०८२ श्रावण ३१ गते श्रीकृष्ण प्राक्ट्य महोत्सव शोभा यात्रा ब्यानर झाँकी सहित बजार परिक्रमा गरि भव्य रुपमा मनाईयो।

३. मन्दिरका अध्यक्ष श्री इन्द्र बहादुर तिमल्सिना अगुवाईमा मिति २०८२ भाद्र ५ गतेदेखि १५ गते सम्म आयोजना गरिएको प्रमुख बाचक प्राचार्य महेन्द्र महाराज रहनु भएको बितक चर्चामा भाद्र १४ गते ३० जना भक्तजन सुन्दरसाथज्युहरु काभ्रे जिल्लाको दाप्चा उपस्थित भएर नगद रु ५,०१० र केही साग सब्जी सेवा गरियो।

४. मिति २०८२ भाद्र २२ गते बेथानचोक गाउँपालिकाको मुक्तेश्वर महादेव मन्दिर मा आयोजना गरिएको चर्तुरमासा कार्यक्रममा १ दिनको पालो लिएर १५० जना भक्तजन सुन्दरसाथज्युहरु उपस्थित भएर नगद रु ८,४४५ बराबरको प्रसाद सेवा गरियो।

५. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल ईकाई सेवा समिति ढुंखर्कको अगुवाइमा १५ जना उपस्थित भएर २०८२ भाद्र २३ गते बेथानचोक २ अखौंले निवासी सोमनाथ तिमल्सिनाका धामगमनमा मेहेरसागर पाठ सहित समवेदना दिइयो।

६. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला सेवा समिति काभ्रेको आयोजना मिति २०८२ कार्तिक २० गतेदेखि १६ गते सम्म साप्तहिक पारायणमा २२ गते १६ जना उपस्थित भएर नगद रु ८००० सेवा गरियो।

७. मिति २०८२ कार्तिक ४ र ५ गते योगा समुहको आयोजनामा देउसी भैलो कार्यक्रम गरेर रु ३८,००० थप ५००० गरेर ४३००० संकलन गरि हलको कार्पेट, स्पीकर, भ्याकुम, म्याट खरिद गरियो ।

८. जिल्ला सेवा समिति ललितपुरको आयोजनामा मूल मन्दिर इमाडोलमा आयोजित २०८३ मंसिर २१ देखि २७ सम्मको पारायणमा ४ जना उपस्थित भएर नगद रु ४००० सेवा गरियो ।

९. मिति २०८२ माघ २० देखि २७ गते सम्म बारा जिल्लाको निजगढमा आयोजना भएको १०८ पारायण कार्यक्रममा १९ गते माननिय मन्त्री कञ्चन चन्द्र वादे ज्यूको नेतृत्वमा १०८ पारायण मूल समारोह समितिका संयोजक गिता शर्मा सहित गाउँपालिका प्रमुख, १,२,३,५, का वडा अध्यक्ष ज्यू सहित, बिभिन्न समिति तथा उपसमितिका ३८ जना भक्तजन सुन्दरसाथज्युहरु उपस्थित भएर श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगतगुरु आचार्यश्री कृष्णमणि माहाराजजीलाई निमन्त्रणा सहित कार्यक्रममा सहभागी भएर नगद रु २६,४०० सहित सब्जीको सेवा गरियो ।

१०. त्यसैगरि बारा जिल्लाको निजगढमा आयोजना भएको १०८ पारायणमा २३ गते पं. युगलप्रसाद अधिकारी ज्यूको नेतृत्वमा ३१ जना भक्तजन सुन्दरसाथज्युहरु उपस्थित भए कार्यक्रममा नगद रु १४८५५ र सब्जी सेवा गरियो ।

११ माघ २१ गते रौतहट जिल्लाको शान्तिनगरमा फाल्गुण ३ देखि ९ गते सम्म पारायणलाई पहिलो टोलिबाट १८६०० र पछिल्लो टोलिबाट १२७७५ नगद रु सेवा गरियो । त्यसैगरि नजरपुर निजानन्ध धाम मन्दिरमा १ रात आभाष सहित भोजन ग्रहण गरियो नगद रु २१०० सेवा गरियो ।

१२ मिति २०८२ पागुन २ गते काठमाडौ गोलढुंगा मन्दिरको २५ औं वार्षिक एत्सवमा सहभागी भएर नगद रु २१०० सेवा गरियो ।

१३ मिति २०८२ पागुन ७ गते सिन्धुली जिल्लाको झागाझोली कालीमाटी मन्दिरको १०९ औं वार्षिक एत्सवमा सहभागी भएर नगद रु ११०० सेवा गरियो ।

१४ काभ्रे जिल्ला बेथानचोक गाँउपालिका वडा नं. २ को श्रीकृष्ण प्रणामी मन्दिरमा मिति २०८२ चैत्र २७ देखि २०८३ वैशाख ३ गते सम्म भएको १०८ पाठ पारायणमा मिति २०८३ साल असार ५ गते सम्मको असा। ७ गते सार्वजनिक गरिएको आम्दानी तर्फ खर्च विबरणहरु यस प्रकार छ ।

आम्दानी रु ९५,९३,२२७ र खर्च तर्फ रु ५६,९७२१४ बचत ३८,९६०१३ भएको छ ।

ख) मिति २०८२ साउन ३१ गते श्रीकृष्ण प्राक्ट्य महोत्सव विशेष कार्यक्रमहरु ।

ग) श्रीकृष्ण प्रणामी मन्दिरको २० औं वार्षिकत्सवको अवसरमा श्रीमत्तारतम सागर १०८ पाठ पारायण एव्म श्रीकृष्ण कथा ज्ञान महायज्ञ (श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव २०८२) सहित श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगतगुरु आचार्यश्री कृष्णमणि माहाराजश्रीको पवित्र करकमलबाट श्रीकृष्ण प्रणामी मन्दिर दुखर्कको समुद्घाटन एवं कलस अनावरण २०८३ वैशाख ३ गतेसम्म सम्पन्न भयो । १६० जनाको जागनी भयो यस मन्दिको वार्षिक अव सधै वैशाख ३ गते संचालन हुनेछ ।

घ) हाम्रो निजानन्द धर्म अन्तरगतका १२ मेल १६ पर्वहरु पनि आफनो आफनो पालो अनुसार चलिरहेको छ र अघिल्ला वर्षहरुमा अझ व्यवस्थित रुपमा गर्दै जाने योजना रहेको छ ।

ङ) अक्षयकोष दाताहरुको निति अनुसार मन्दिरमा सेवा, आरती र उत्सव नियमित चलाइरहेको छ ।

च) कार्य सम्पादनको लागि यो वर्ष ५ पटक समितिको बैठक बसियो ।

छ। मन्दिरमा नियमित रुपमा महिनाको पहिलो शनिबार संत्सग हुदै आएको छ ।

ज) मन्दिरका हल हरु सर्बसुलभ रुपमा सभा, गोष्ठी, तालिम तथा सामजिक कार्यहरुमा उपलब्ध गराईएको छ ।

भावी कार्यक्रम तथा योजनाहरु

समितिको अनुमानित लागत मुल्यः-

१. मन्दिरमा आउने भक्तजनहरुको लागि मात्र नभएर बेथानचोक गाँउपालिकाको धार्मिक पर्यटनमा टेवा पुराउन पार्किङ स्थल सहित अतिथी सदन वनाउन जग्गा खरिद सहित भवन निर्माणका लागि रु २,००,००००० /-

२. निर्माण भईरहेको सभा हल सहितको भवन निर्माण गर्न रु. ३०,००००० /-

३. सामाजिक शुभ कार्यहरु गर्न क्याटरिङक तथा साउण्ड सिस्टम पुरा गर्न आवश्यक रकम रु. ३,००,००० /-

४ योग तथा ध्यान शिविर नियमित संचालन गर्न रु. १,००,□□□ /-

५ बिद्यालय बन्दको बेला बाल बालिकाहरुलाई वर्षको कम्तीमा १ पटक ७ दिने प्रशिक्षण रु. ५०,००० /-

६ मन्दिरको तिनतिरको मेसीनरी वाल र केही शौचालय बनाउन रु. ८,००,००० /-

७ अक्षयकोष थप रकम ७५,०००० /-

जम्मा आवश्यक अनुमानित रकम रु. ३,१७,००००० /-

श्रीकृष्ण प्रणामी सत्संग समिति पनौती

यस समितिको पहलमा यस क्षेत्रका सुन्दरसाथहरुको जनगणना कार्य सुरु गरिएको । मन्दिर निर्माण कार्य पूर्ण गर्न बाँकी रहेकोछ ।

श्रीकृष्ण प्रणामी सत्संग समिति, काभ्रे :

यस समिति २०६३ साल देखि सञ्चालन गर्दै आएको छ । यस सत्संगमा विभिन्न सुन्दर साथले सहयोग गरी ४ तल्लाको सत्संग भवन निर्माण गर्ने लक्ष्य भए पनि चौथौ तल्लाको नै बाहिर भित्र निर्माण कार्य थाली, निर्माण सम्पन्न हुने कार्यमा अगाडि बढेको छ । गजुर निर्माण गर्ने कार्य पनि अगाडि बढाएको छ । यस समितिले १२ मेला, सेवा, पुजा, पाठपरायण, नियमित रुपमा गर्दै आएको छ । विभिन्न स्थानमा भएका धार्मिक कार्यक्रममा आर्थिक तथा भौतिक रुपमा सहयोग गरिदै आएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर नयाँवस्ती, बनेपा

प्रगति विवरण

१) विभिन्न मन्दिरमा भएका वार्षिक उत्सव पाठपारायणमा सहभागी भएको ।
२) मिति २०८२ चैत्र २७ गतेदेखि २०८३ वैशाख २ गतेसम्म बेबानचोक गाउँपालिकामा भएको श्रीकृष्ण प्रणामी मन्दिर उद्घाटन तथा गजुर अनावरणमा कार्यक्रममा समितिको पहलमा ६० हजार भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराईनुका साथै भौतिक रुपमा उपस्थित भई आइपरेको कार्यहरूमा पूर्ण रुपमा सहयोग गरियो
३) मन्दिरमा रङ्गरोगनको कार्य सम्पन्न गरियो ।
४) मन्दिरको सुरक्षाको लागि सिसिटिभी जडानको कार्य सम्पन्न भएको छ ।
५) साउण्ड सिस्टमको लागि स्पिकर पावर एम लगायत सामान खरिद गरियो ।
६) एक दिने दन्त शिविरको आयोजना गरी ४० जना भन्दामाथिका व्यक्तिहरूको दन्त परीक्षण गरियो ।
७) बाल सत्संङ समिति गठन गरी महिनाको प्रत्येक शनिबार बिहान ७ बजेदेखि ८ बजेसम्म १ घण्टा प्रशिक्षण कार्य हुँदै आएको छ ।
८) यस वर्षको वितक चर्चा तथा श्रीकृष्ण महिमा भव्य रूपमा सञ्चालन गरियो ।
९) प्रणामी आलमका १२ मेला पर्व उत्सव, वार्षिक उत्सव, अध्ययकोषदाताहरुको धामगमन तिथि आरति नियमित हुँदै आएको ।
१०) विभिन्न सघसंस्थाहरूबाट विविध रचनात्मक कार्यहरू यसै मन्दिरको सभाहलमा भइरहेका छन् हालसालै ज्योतिष परिषद् बागमती प्रदेशको अधिवेशन भएकोमा यस समितिको तर्फबाट भोजन प्रसाद तयार गर्ने कार्यमा सहयोग गरिएको छ ।
११) विविध शुभ कार्यको लागि यस मन्दिरमा यथेस्ट मात्रामा सरसामान रहेको जानकारी गराउँदछु ।

भावी योजना

१) मन्दिरको गजुर अनावरण तथा मन्दिर समुद्घाटन गर्नपर्नेछ ।

२) सेवा समितिको तर्फबाट सेवापूजा, भजनकिर्तन, तालिमको लागि गुरु तथा संगीतकारको व्यवस्था गर्नँ पर्नेछ
३) बालबालिकालाई धार्मिक जागरणका लागि भजनकिर्तन र सत्सङहरुमा सहभागी गराई नियमित रुपमा मन्दिरमा आउन उत्प्रेरणा जगाउनको लागि बाल सत्सङ समिति गठन भईसकेको र प्रत्येक शनिवार बिहान ७ बजेदेखि ८ बजेसम्म तालिमको व्यवस्था गरिएकोमा निरन्तरता दिइनेछ ।
४) मन्दिरमा मर्मत संभार तथा निर्माण कार्यहरु हुँदै आएको र आवश्यकता अनुसार गर्दै जानुपर्ने देखिन्छ ।

मन्दिरमा बाह पर्वमेला नियमित सञ्चालन, यस वर्षको वितक कार्यक्रम भव्य तवरले सञ्चालन गरि श्रीकृष्ण जन्माष्टमी पर्व वजार परिक्रमा गरी शोभा यात्रा गरेको । देउसी भैलो कार्यक्रमबाट प्राप्त रकमबाट युवा परिषदको बैंक खाता सञ्चालन गरेको, बाढी पहिरोले क्षती पुराएको बेथानचोकमा आर्थिक सहयोग उपलब्ध गराएको, वनेपा वडा नं.९ बाट प्राप्त रकम चार लाख पचास हजार रुपैयाँबाट मन्दिर निर्माण कार्य सम्पन्न । यस वर्षबाट आर्थिक कारोवार गर्दा क्यु आर कोडबाट प्रारम्भ गरिएको । जिल्ला भित्र र बाहिरका मन्दिरहरुमा आर्थिक तथा सहभागिता जनाइएको, मन्दिरमा झ्याल, ढोका, खापा निर्माण गरिएको, लायन्स क्लवबाट मन्दिरमा तातोपानी सोलार जडान गरिएको ।

श्रीकृष्ण प्रणामी मन्दिर भिडावारी, नमोबुद्ध

बाह्रमेला नियमित सञ्चालन, जिल्ला भित्र र बाहिरका मन्दिरहरुमा सञ्चालित कार्यक्रमहरुमा आर्थिक तथा सहभागिता जनाइएको

श्रीकृष्ण प्रणामी सत्संग समिति विहावर :

यस सत्संग समितिले विभिन्न मितिमा सत्संग सञ्चालन गर्दै आएको छ । सो सत्संगमा विाभिन्न स्थान तथा धार्मिक क्षेत्रका व्यक्तिहरु उपस्थित हुने गरेका छन् । विभिन्न समयमा अन्यत्र भएका धार्मिक कार्यक्रममा सहभागी हुदै आएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर पस्थली, पनौती

बाह्रमेला नियमित सञ्चालन, मन्दिरको मर्मत सम्भार कार्य गरिएको ।

श्रीकृष्ण प्रणामी मन्दिर कुन्तावेसी

बाह्रमेला नियमित सञ्चालन, तेश्रो तल्ला ढलान निर्माण ाधिन अवस्थामा रहेको, जिल्ला भित्र र बाहिरका मन्दिरहरुमा आर्थिक तथा सहभागिता जनाइएको, श्री ५ नवतनपुरीधामको नवनिर्माण ाधिन मन्दिरलाई रकम सहयोग गरिएको ।

श्रीकृष्ण प्रणामी मन्दिर ढोडेनी

बाह्रमेला नियमित सञ्चालन, जिल्ला भित्र र बाहिरका मन्दिरहरुको कार्यक्रममा आर्थिक तथा सहभागिता जनाइएको

श्रीकृष्ण प्रणामी सत्संग समिति ढाडखोला, सिपाघाट

२०७८ मा स्थापना नई यस ठेगानामा सत्संग भवन निर्माण तथा विभिन्न धार्मिक कार्यक्रम सन्चालन गरी निर्माण गर्दै आईरहेका छौ । यस आर्थिक वर्षमा शहरी विकास तथा भवन कार्यालय धुलिखेलबाट रु.१२,५७,०४२ ।०० विनियोजन भएको रकमबाट जन श्रमादान र कर कट्टा गरी आएको रकम रु.९६५०००/- बाट यस भवनको पहिलो तला निर्माण सम्पन्न गरिएको छ । यसै गरी मन्दिर परिसरमा विभिन्न निर्माण तथा मर्मत सम्भारका काम समेत गरिएको छ ।

आगामी कार्यक्रम तथा नीतिहरू

१.आ.व.२०८३ ।०८४ मा सामाजिक विकास मन्त्रालय,बागमती प्रदेशबाट विनियोजन भएको रु.१५लाख बजेटबाट भवनको दोश्रो तला निर्माण गर्ने लक्ष्य रहेको छ ।
२. सप्ताह तथा पारायण लगायत विभिन्न धार्मिक कार्यक्रम सञ्चालन गर्ने ।
३.आर्थिक सङ्कलन गर्ने ।

श्रीकृष्ण प्रणामी सत्संग समिति तिनपिप्ले

बाह्रमेला नियमित सञ्चालन, जिल्ला भित्र र बाहिरका मन्दिरहरुको कार्यक्रममा आर्थिक तथा सहभागिता जनाइएको

काभ्रे अन्तर्गत रहेका अन्य इकाईहरु

- श्रीकृष्ण प्रणामी सत्संग समिति जवदीवेसी
- श्रीकृष्ण प्रणामी सत्संग समिति चाखोला राम्चे
- श्रीकृष्ण प्रणामी सत्संग समिति मन्डन देउपुर
- श्रीकृष्ण प्रणामी सत्संग समिति चौरी देउराली, हर्रे, कोशी पारी
- श्रीकृष्ण प्रणामी सत्संग समिति बिहावर, पर्खाल चौर डाँडागाउँ
- श्रीकृष्ण प्रणामी सत्संग समिति शारदा बतासे
- श्रीकृष्ण प्रणामी सत्संग समिति तालढुङ्गा

५. नुवाकोट जिल्ला समितिः-

नुवाकोट जिल्लामा ४ वटा मन्दिर, १ सत्संग सर्मि त र जिल्ला समिति कार्यरत रहेका छन् ।
नुवाकोट जिल्लाका जिल्ला समिति,मन्दिर तथा सत्संग समितिमा निम्न कार्यहरु सम्पादन भएका छन् ।
१.ईनारपाटी मन्दिरमा यस वर्ष प्रदेश र स्थानीय सरकारको सहयोगमा स्तरोन्ती गरी राज्जीको सिंहासान माथिल्लो तलामा सारिएको ।

२. भोटेकोशी बाढी पिडीत जेष्ठ नागरिकहरुलाई होल्डिंग सेण्टर बनाई सेवा गरीरहेको ।
३. भोटेकोशी बाढी पिडितको लागी सवै पदाधिकारी राहत र उद्दारमा खटीनुभएको ।
४. खनियाँ चौर मन्दिर स्तर उन्नति गरी माथिल्लो तला थप गरियको ।
५. भवन बनेको जग्गा बिबाद सल्टाएको ।
६. इकाइ समिति पुनर्गठन गरीएको ।
७. तिगाऊँ मन्दिरमा भ्यालढोका नयाँ हालीएको र बिजली वायरिंग ,पंखा र नेटको व्यवस्था मिलाएको ।
८. दाँगमैं मन्दिरमा स्तरोन्नति भइरहेको ।
९. पाँचै इकाइ मन्दिरहरुमा नियमित पूजा ,मेला ,बीतक सञ्चालन भएको ।
१०. यूवा परिषदको नेतृत्वमा सेवा समितिको समेत संलग्नतामा देबीघाट जात्रा(सद्ब्यू छरने औसी)मा भजन संध्या कार्यक्रम गरेको ।
११. २०८३/२/२३ गते सवै इकाइ सुन्दरसाथहरुलाई संगठन विभाग प्रमुख नन्दकिशोर शर्मा र केन्द्रिय अध्यक्ष द्वारा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको
१२. जिल्ला समितिको बैठक ५ पटक बसेको online समेत ।
१३. जिल्ला भरीमा ७ जना जागनी हुनु भएको छ ।

आगामी कार्यक्रम

१. तिगाऊँ मन्दिरमा प्रदेश सरकारको सहयोगमा एक ढालान थप गरीने र अक्षय कोषको स्थापना गरीने छ ।
२. दाँगमैं मन्दिरको जग्गा मिलाऊँने काम हुने छ ।
३. इनारपाटी र खनियाँ चौर मन्दिरको सौन्दर्यीकरण गरीने छ ।
४. जिल्लास्तरीय एउटा प्रशिक्षण कार्यक्रम राखिने छ ।
५. जागनीलाई जोड दिइने छ ।

श्रीकृष्ण प्रणामी मन्दिर ईकाई समिती तिगाउ नुवाकोट

(क) वार्षिक उत्सव, १८ मेला पर्व सेवापूजा नियमित संचालनमा रहेको ।
(ख) मंदिर निमार्ण कार्य भैरहेको ।
(ग) श्रीमद वितक चर्चा पं. श्री मुरलीधर गजुरेल र माता चन्द्रावली सादवीबाट एक महिनासम्म संचालन ।
(घ) वार्षिक साधारणसभा २०८३ श्रावण २९ गते भै मंदिर निर्माण कार्यलाई यो वर्ष पनि निरन्तरता दिने ।
(ङ) मंदिर संचालनार्थ अक्षय कोष शुरु गर्ने ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्री कृष्ण प्रणामी मन्दिर दाङमै

(क) वार्षिक उत्सव, मेला पर्व, सेवा पूजा नियमित संचालनमा रहेको ।
(ख) श्रीमद्वीतक प्रवचन सुरुको १५ दिन असार ३१ बाट गुरुजी हिरामणी त्रिपाठीज्यूबाट तथा प्रचारक नारायण दाशजीबाट पछिल्लो १५ दिन श्रावन ३१ गतेसम्म भव्य रुपमा संचालन ।
(ग) वार्षिक साधारणसभा श्रावण ३१ गते सम्पन्न ।

श्रीकृष्ण प्रणामी मन्दिर इकाई समिति शिवपुरी ८, खनियाचौर, नुवाकोट

(क) वार्षिक उत्सव, मेलापर्व, सेवापूजा नियमित संचालनमा रहेको ।
(ख) श्रीमद् वीतक चर्चा अन्तिममा श्रावण २७ देखि ३१ गतेसम्म पं. श्री छविलमणि दाहालबाट सम्पन्न ।
(ग) मंदिर इकाई समिती पुनर्गठन सम्पन्न ।
(घ) मंदिर स्थापना भएको जग्गाको लामो समयको समस्या ०८२ पौष १५ मा सट्टपट्टा गरी समाधान भएको ।

श्रीकृष्ण प्रणामी मन्दिर ईकाई समिति विदुर-६, इनारपाटी, नुवाकोट

(क) वार्षिक उत्सव मेला पर्व, अष्ठप्रहर सेवापूजा नियमित संचालन ।
(ख) श्रीमद् वितक कार्यक्रम २०८२ श्रावण २२ गतेबाट ३१ गतेसम्म पं.श्री गोविन्द अधिकारीज्यूबाट सम्पन्न ।
(ग) मंदिर पुन निर्माण सम्पन्न गरी माथिल्लो तलामा सभाहल तथा सेवापूजा संचालन

६. धादिङ जिल्ला :-

श्री कृष्ण प्रणामी सेवा समिती नेपाल मंदिर इकाई समिति थांक्रे - ७ सातकिलाको आ.ब.२०८२/०८३ मा भए गरेका कार्य प्रगती विवरण:

(क) वार्षिक उत्सव मेला पर्व एवं अष्ट प्रहर सेवा पुजा नियमित रुपमा संचालन ।
(ख) अक्षेय कोष गत वर्षको तुलनामा भन्दा राम्रो वृद्धि भई १३ लाख पुगेको ।
(ग) अक्षयकोष सेवादाताको संझनामा एकाह पाठपारायण संचालन भएको ।
(घ) श्रीमद्ध वितक चर्चा २०८२ श्रावण १५ देखी ३१ सम्म कथाकार पं.श्री अशोकमणि दाहालज्यूबाट सम्पन्न ।
(ड.) वार्षिक साधारण सभा श्रावण ३० गते सम्पन्न ।
(च) वाइजुराज समिति गठन ।
(छ) श्री कृष्ण प्रणामी युवा परिषद्बाट मंदिरमा विविध कार्यक्रमहरु सञ्चालन ।

७. सिन्धुपाल्चोक जिल्ला:-

यस जिल्लामा २ वटा सत्संग समिति कार्यरत छन् । एक शेरा जलबिरेमा र अर्को बलेफी-खाडीचौर बीचमा बिञ्जेलवेसीमा सत्संग समिति संचालनमा छन । शेरा जलबिरेले सत्संग भवन बनाएको छ भने बिञ्जेलबेसीले संत्संग घरघरमा संचालन गर्ने गरेको छ ।

८. सिन्धुली जिल्ला समिति:-

सिन्धुली जिल्लामा ३ वटा मन्दिर २ वटा सत्संग समिति र जिल्ला समिति अध्यावधिक भएका छन् । यस अघि सिन्धुली मन्दिर र जिल्ला समिति संयुक्त रुपमा रहि आएको थियो । पुरानो मन्दिर कालमाटि यसै जिल्लामा पर्दछ । धार्मिक तथा सामाजिक कार्यलाई निरन्तरता दिँदै आएको ।

९. रामेछाप जिल्ला समिति:-

रामेछाप जिल्लामा २ वटा मन्दिर र २ वटा सत्संग समिति तथा जिल्ला समिति सञ्चालनमा रहेका छन् । भौगोलिक विकटताले ४ वटा समिति जुट्न पनि अप्ठ्यारो अवस्थामा रहेको देखिन्छ । पुरानो धुसाल मन्दिर यसै जिल्लामा पर्दछ ।

श्रीकृष्ण प्रणामी मन्दिर,धुसाल मभ्फुवा,खाडाँदेवी,रामेछाप:

वि.सं.१९७१ सालमा स्थापना भएको यो ऐतिहासिक मन्दिरले निजानन्द सम्प्रदाय अन्तर्गतका १८ मेला पर्व सञ्चालन,

सेवा पूजा आरति नियमित गरिने, हरेक बुधबार बेलुका ८:०० बजेदेखि १०:०० बजेसम्म नियमित सत्संग सञ्चालन गरिदै आएको । अक्षयकोषदाताको तिथिमा मेहेर सागर पाठ आरति गर्नुका साथै वीतक कथा र मन्दिरको वार्षिक उत्सव कार्यक्रम नियमित गरिँदै आएको छ । सुन्दरसाथ जागनी, भजन किर्तन, तथा नियमित इकाई समितिको बैठक गर्दै आएको छ । जिल्लाभित्र र अन्यत्र भएका १०८ पाठ पारायणहरुमा यहाँका सुन्दरसाथ उपस्थित भै सेवा तथा आर्थिक सहयोग गर्दै आएको छ । राष्टिय वाणिज्य बैंकमा खाता खोली आर्थिक कारोबार गरिँदै आएको छ । मन्दिर जीर्ण भएकोले भत्कायर नयाँ निर्माण कार्य प्रदेश, गाउँपालिका र भक्तजनको आर्थिक सहयोग पहलमा सुरु गरिएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर, रजमन्टार, रामेछाप :

यस मन्दिरमा वितक कार्यक्रम, वार्षिक उत्सव, तिथि मेला पर्व नियमित तवरले सञ्चालन गरिँदै आएको छ । हरेक शनिवार नियमित सत्संग सञ्चालन गरिँदै आएको । सुन्दरसाथ परिवारको धामागमन तिथिमा आरती गर्ने परम्परा विकास गरिएको छ ।

१०. दोलखा जिल्लाः-

दोलखा जिल्लामा हाल १ मात्र सत्संग समिति चरिकोटमा आफ्नै भवनमा सञ्चालन छ ।

१. यस दोलखा जिल्लाको सदरमुकाम चरिकोट नजीक भि.न.पा. ६. चितामथलीमा श्री कृष्ण प्रणामी सामुदायिक भवन (मन्दिर) निमाण कार्य हुँदै गरेको ।

२. जम्मा ९५२ व.फि मा फैलिएको यो भवन एकापटी अण्डरग्राउण्ड भएकोले ३ तला छ भने अर्को तर्फ दुई तला रहेको छ । दोश्रो तलामा भ्याल ढोका फिट गर्ने कार्य मोटामोटी रुपमा यसै आ.व.मा पूरा भएको ।

३ निर्माण भैरहेको यस भवनको माथिल्लो छतमा फाईवरका २ वटा ठूला ठूला कलसहरु निर्माण पनि यसै आ.व. मा गरिएको ।

४ यसै भवनमा मिति २०८२ साउन ३१ देखि भाद्र ०१ गते सम्म दुई दिन श्री कृष्ण जन्माष्टमी मेला मनाई भाई ०२ गते देखी ०८ गते सम्म सप्तदीवसीय श्रीमद् बीतक चर्चा एवम श्री कृष्ण कथा प्रवचन यसै भवनमा सफलता साथ सम्पन्न गर्नका साथै सो कार्यक्रमको बिचमा विभिन्न स्कुलका नानी बाबुहरुलाइ समेत उपस्थित गराई उनीहरुलाई समेत धार्मिक प्रेरणा दिने कार्य पनि गरिएको । साथै मिति २०८३ जेठ ३१ देखि अषाड ०१ गते सम्म पुरुषोतम माहात्मे कथा प्रवचन लगाइएको ।

५ सर्व साधारणमा पनि धर्मको जानकारी गराउने हेतुले प्रचार प्रसार गरि आमन्त्रित सम्पूर्ण भक्तजनहरुमा कथा श्रवण गराईएको ।

६.श्री कृष्ण प्रणामी धर्म अन्तर्गत पर्ने तीथी मेला उत्सव आदि ययावत गर्दै रहेको ।

७. समय समवमा बैठक वसी आवश्यक निर्णयहरु गर्ने गरेको ।

११. मकवानपुर जिल्ला समितिः-

यस मकवानपुर जिल्लामा ७ वटा मन्दिर समिति र जिल्ला समिति कार्यरत रहेको छ भने जिल्ला समितिले छुट्टै निजानन्द पार्क तथा भवन बनाई जिल्ला समिति सञ्चालन गरिरहेको छ ।

मकवानपुर जिल्ला समितिका अध्यक्षको वार्षिक प्रतिवेदन

मकवानपुर जिल्ला समितिको वर्तमान अवस्था हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ स्थित राजपानी, कमानेमा अवस्थित यस जिल्ला समिति, सुन्दरवाई माताजीबाट हस्तान्तरण भई श्री १०८ जुगलदास महाराजजीबाट श्रीकृष्ण प्रणामी सेवा समितिको नाममा रजिष्ट्रेसन पास भएको जग्गामा भव्य निजानन्द धाम पार्क निर्माण भई रहेको छ । भौतिक रूपमा पूर्ण विकसित नभए पनि यो तीव्र निर्माण को चरणमा रहेको छ । हाल निजानन्द पार्कको निर्माण तथा अतिथि सदनको निर्माण विभिन्न सरकारी निकायहरूको बजेट बाट भइरहेको व्यहोरा जानकारी गराउदै आ.व. २०८२/२०८३ मा भए गरेका कार्यहरु बुदागत रुपमा निम्नानुसार रहेको छ ।

१. निजानन्द धाम प्रतिष्ठानको निर्माण धीन भवनको तेस्रो तल्लाको ढलान को लागी शहरी विकाश तथा भवन कार्यलय

मकवानपुर वाट रु ५२,००,००० ।- बाउन्न लाख वरावरको टेण्डर आव्हान बाट निर्माण कम्पनीद्वारा कार्य सम्पन्न गरियो ।

२. निजानन्दधाम प्रतिष्ठान को हाता भित्र रहेको निर्माण धिन भवनको अघाडि र पछाडि को जमिन सम्याउने कार्य सम्पन्न गरियो । उक्त कार्य सम्पन्न हेटौंडा उप महानगरपालिकाको आर्थिक सहयोगबाट सम्पन्न गरिएको थियो ।

३. निजानन्द धाम पार्कको निर्माण धिन भवनको छतमा रहेको रड छोटो भएकोले रड ओभर ल्यापिङ गर्न २,४३,८००/- (दुइ लाख त्रिचालीस हजार आठ सय) बराबर जिल्ला समितिको कोष वाट खरिद गरि ओभर ल्यापिङ कार्य सम्पन्न गरियो ।

४. निजानन्दधाम पार्क को निर्माण धिन भवनको दोश्रो तल्लामा (पर्खाल निर्माण , भर्‌याङ ढोका टायल, भेन्टीलेसन) को कार्य सम्पन्न गरियो । उक्त कार्य सम्पन्न गर्न संस्कृति तथा पर्यटन मन्त्रालय (बागमती प्रदेश) को आर्थिक सहयोग रु २०,४२,२९८/- (बिस आख बयालिस हजार दुई सय अन्ठानब्बे) प्राप्त भएको थियो ।

५. निजानन्दधाम पार्कको निर्माण धीन भवनमा भर्‌याङ निर्माण कार्य सम्पन्न गरिया । उक्त कार्य सम्पन्न गर्न संस्कृति पर्यटन मन्त्रालय बाट ७,३४,९००/- (सात लाख चौतिस हजार नौ सय) वरावर आर्थिक सहयोग प्राप्त भयको थियो ।६. संस्कृति तथा पर्यटन मन्त्रालयको आर्थिक सहयोग मा वाध्य वाधन एवम् साउण्ड सिष्टम खरिदका लागि रु. ९८,१५२/- (अन्ठानब्बे हजार एक सय बाउन्न) प्राप्त गरियो ।

७. निजानन्दधाम प्रतिष्ठान पार्कमा रहेको हलका लागी ३० थान कुर्सी खरिद गरियो ।

८. श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समितिको पहलमा श्री कृष्ण प्रणामी मन्दिर सुन्दर धाममा पर्यटन मन्त्रालय बाट रु १०,००,०००/- (दश लाख) त्यसैगरि श्री कृष्ण प्रणामी मन्दिर कर्मचुलीमा रु ५,००,०००/- (पाच लाख) बराबर आर्थिक सहयोग उपलब्ध गराउन पहल गरियो ।

९. श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समितिको पहलमा श्री कृष्ण प्रणामी युवा परिषद मकवानपुर,श्री कृष्ण प्रणामी वाइजुराज महिना समिति मकवानपुरको वार्षिक कार्य योजना कार्य तालिका निर्माण गरि जिल्ला स्तरिय कार्यक्रमहरु सम्पन्न गरियो ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति योजना बुँदागत रूपमा निम्नानुसार रहेका छन् ।

१. "विस्तृत परियोजना प्रतिवेदन" (DPR_ परिमार्जन (आवश्यक परिमार्जन तथा अध्यावधिक गर्न अग्रज सुन्दरसाथज्यूहरु, पाण्डितज्यूहरु सातै मन्दिरका पदाधिकारीज्यूहरुको भेला गरि आवश्यक एवं समय अनुकुल को विस्तृत परियोजना प्रतिवेदन DPR परिमार्जन तथा अध्यावधीक गर्ने ।

२. निजानन्द धाम पार्कमा रहेको निर्माण धीन भवनलाई मन्दिरको स्वरूप निर्माण गर्न गजूर निर्माण को लागी आवश्यक वजेट माग एवं परेको वजेट को सदुपयोग गर्ने साथै तेस्रो तल्लाको ढलान सम्पन्न भै सकेकोले उक्त हलमा प्लाष्टर एवं अन्य श्रृंगारको कार्य गर्न शुरुवात गर्ने ।

३. निजानन्दधाम पार्कको हाता भित्र उपयुक्त ठाउँमा यूगलदास महाराज तथा शुन्दरवाइ माताको शालीक निर्माण गर्ने ।

४. नियमित गरिदै आएको वार्षिक कार्यक्रमहरुलाई निरन्तरता दिने ।

५. निजानन्दधाम पार्क हाता भित्रको जमिनमा आन्तरिक एवं बाह्य पर्यटन को गन्तव्य स्थल बनाउनको लागि पार्कमा हुनुपर्ने पूर्वाधार फुलवारी लगायत शौन्दर्यको लागी कार्य शुरुवात गर्ने ।

६. आ.व.०८३/०८४ को बजेट मा हे.उ.न.पा. बाट रु ४०,००,०००/- (चालीस लाख) छुट्टाइएकोमा हार्दिक धन्यवाद सहित उक्त वजेट लाई निर्माण धिन भवनमा सम्पन्न गर्न प्रयोग गर्ने ।

७. आ.व. ०८३/०८४ को बजेट मा बागमती प्रदेश सरकारको संस्कृती तथा पर्यटन मन्त्रालय बाट रु. ६०,००,०००/- (साठी लाख) छुट्टाइएकोमा हार्दिक धन्यवाद प्रकट गर्दै उक्त रकम भवनको गजुर निर्माण तर्फ प्रयोग गर्ने ।

८. आ.व. ०८३/०८४ को बजेट मा समाजिक विकास मन्त्रालयवाट छुट्टाइएको रु.२५,००,०००/- (पच्चिस लाख) निर्माण धीन भवनमा प्रयोग गर्ने योजना वनाइएको छ ।

९. आ.व. ०८३/०८४ को वजेटमा खानेपानी मन्त्रालयबाट छुट्टाइएको वजेट रु. १०,००,०००/- (दश लाख) वाट शौचालय निर्माण गर्ने ।

१०. निजानन्द धाम प्रतिष्ठानको रु २६५६००००००/- को डिपिआर बमोजिमको निर्माण कार्य सम्पन्न गर्न निरन्तरता दिन सम्बन्धित निकाय सँग आर्थिक सहयोग माग गरी निर्माण सम्पन्न गर्ने ।

१२. हेटौंडा १६ हात्तीलेट स्थित श्रीकृष्ण प्रणामी सेवा समिति मकवानपुरको नाममा रहेको जग्गालाई संरक्षण गर्ने पश्चिम तर्फको खहरे खोला नक्सा अनुसार संस्थाको जग्गाको बीच भागबाट खोला करिब २० वर्ष अघिबाट खहरे कटान भई बगिरहेको हुँदा उक्त खोलालाई नक्सा अनुसार काम गर्न हेटौडा उपमहानगरपालिका वडा नं ६ र हेटौडा उपमहानगरपालिका वडा नं १६ का वडा अध्यक्षहरुसँग समन्वय गरी नाप नक्सा गरी सम्बन्धित निकायसँग बजेट माग गर्न अनुरोध गर्ने ।

१३. श्रीकृष्ण प्रणामी सेवा समिति अन्तर्गत निजानन्द प्रतिष्ठान राजपानी धामपार्कको दक्षिणतर्फको टोल विकास संस्था तथा स्थानीय व्यक्तिहरूले विगत लामो समयदेखि बाटोको विवाद भई काम गर्न धेरै कठिनाइ भइरहेको हुँदा यो समस्यालाई हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ का अध्यक्ष र टोल विकास संस्थाका प्रतिनिधि र हाम्रो सेवा समिति सल्लाहकार सम्मिलित बैठक द्वारा दक्षिण तर्फ ४ मिटरको बाटो छोड्ने र पर्खाल लगाई सकेको अवस्था मा हेटौडा उपमहानगरपालिका वडा नम्बर ८ का वडा अध्यक्षज्यूले पर्खाल सारिदिने र पश्चिमतर्फको मेन गेट भएको करिब ५० मिटर स्ल्याब ढलान गर्न वडा कार्यालयबाट ६००००० /- बजेट विनियोजन गर्नभएकोमा वडाध्यक्ष श्री राम थापा ज्यूलाई धन्यवाद सहित आर्थिक वर्ष २०८२/०८३ मा उक्त कार्य सम्पन्न गर्ने ।

१४. बकैया गाउँपालिकाभित्र धरान चतरा भागको नजिक पहुँच हुने गरी श्रीकृष्ण प्रणामी सेवा समितिको नाममा भोगाधिकार रहने गरी एक विघा जग्गा लिनको लागि सम्बन्धित बकैया गाउँपालिकासँग पहल भइरहेको अवस्था छ यसलाई पूर्ण ताकेता गरी कार्य सम्पन्न गर्ने ।

१५. मकवानपुर जिल्लामा रहेको श्रीकृष्ण प्रणामी मन्दिर अन्तर्गत सुन्दरसाथहरूको तथ्याङ्क संकलन गर्ने कार्यलाई पूर्णता दिई रेकर्ड राखी अभिलेख तयार गर्ने ।

१६. श्रीकृष्ण प्रणामी सेवा समिति जिल्ला कार्यसमिति अन्तर्गतका मन्दिरहरूसँग समन्वय गरी जागनी अभियान तथा धार्मिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । यसै आर्थिक वर्षभित्र मकवानपुर जिल्ला सेवा समिति, युवा परिषद्, बाइजुराज समितिको कार्यालयलाई नयाँ निर्माण धीन मन्दिरमा कार्यालय व्यवस्थित गर्दै आवश्यक फर्निचर तथा कम्प्युटर प्रिन्टर लगायतका सामान खरिद गरी कार्यालय व्यवस्थित गराउने ।

१८. डिपिआरमा फरक नपर्ने गरी सुन्दरसाथहरूले कुनै संरचना बनाउन चाहेमा जिल्ला कार्यसमितिको सिफारिसमा कार्य गर्न दिने ।

जिल्ला समिति मकवानपुरका सचिवले पेश गरेको आ.व.२०८२/०८३ को प्रगति प्रतिवेदन

१. श्री कृष्ण जन्माष्टमीको उपलक्ष्यमा अन्तर मन्दिर हाजिर जवाफ प्रतियोगीता श्री कृष्ण प्रणामी मन्दिर अक्षरातित धाम हेटौडा-४ मा सम्पन्न गरियो ।

२. श्री कृष्ण प्रणामी सेवा सत्सङ समिति हेटौडा- १८ फुर्केचौरमा गठन गरियो ।३. ०८२/०५/१७ गते श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समिति मकवानपुरको अध्यक्ष श्री श्रीराम खतिवडा ज्यूको अध्यक्षतामा धर्म पर्वतक विभाग प्रचार प्रसार समितिको केन्द्रिय सदस्य प. श्याम दास कुवरज्यू को प्रमुख आतिथ्यमा श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समिति मकवानपुर तथा विद्वत परिषद मकवानपुर को संयुक्त आयोजनामा "ब्रम्हमुनिहरुलाइ एक दिवशिय अनुशिक्षण कार्यक्रम" सम्पन्न गरियो ।

४. २०८२ आश्वीन १३ गते श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समितिको आयोजनामा विजयदशमी, शुभ दिपावली, नेपाल सम्बत, छठ पर्वको पावन अवसरमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रम श्रीकृष्ण प्रणामी मन्दिर मुल मिलावाधाम गौरिटारमा गरिएको थियो ।

५. २०८३ जेष्ठ २ र ३ गते "दुई दिवसीय नेतृत्व विकाश शिविर कार्यक्रम" मा विभिन्न मन्दिरका महाराजज्यूहरु तथा केन्द्रीय प्रशिक्षकहरुको उपस्थितिमा सम्पन्न गरियो । उक्त कार्यक्रम केन्द्रीय सल्लाहाकार राम प्रसाद शर्मा द्वारा संचालन गरियको थियो ।

६. २०८२/११/२८ गते श्री निजानन्द धाम पार्क मा वाग्मति प्रदेश संस्कृति तथा पर्यटन मन्त्री सुरेश कुमार श्रेष्ठ ज्यूको स्वागत कार्यक्रम सम्पन्न गरियो ।

७. नव वर्ष २०८३ को उपलक्ष्य शुभकामना आदान प्रदान कार्यक्रम २०८३ वैशाख १ गते श्री कृष्ण प्रणामी मन्दिर सुन्दरधाम सम्पन्न गरियो ।

८. श्री कृष्ण प्राकट्य महोत्सवको उपलक्ष्यमा गरियको झाकी सहीतको र्‍यालीमा सम्पूर्ण मन्दिरहरुमा जिल्ला कार्य समितिको तर्फवाट सारिक भइयो।

९. जिल्ला स्तरिय कार्यक्रम अर्न्तगत वाइजुराज महिला समिति द्वारा आयोजित पृथ्वी परिकर्मा कार्यक्रम मा सरिक भइयो ।

१०. जिल्ला स्तरिय कार्यक्रम अर्न्तगत श्रीकृष्ण प्रणामी युवा परिषद मकवानपुर द्वारा आयोजित फुटवल प्रतियोगीता मा सरिक भइयो ।

११. श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समिति मकवानपुरको क्षेत्र भित्र पर्ने सुन्दरसाथ ज्यूहरुको परमधाम गमनमा सम्भव भय सम्म सुन्दरसाथ ज्यूको घरमा पुगेर तारतम मन्त्र जप एवं मौनधारण साथै परिवारजनमा समवेदना प्रकट गर्ने गरियको व्यवहोरा जानकारी गराउन चहान्छु ।

१२. मकवानपुर जिल्ला भित्रको विभिन्न संघ संस्था, मन्दिर, सरकारी निकाय, स्थानीय सरोकारवाला संस्थाहरुको निमन्त्रणा हुदा बैठक सेमिनार साधारण सभा, र्‍याली, विभिन्न उत्सव मा गरिने कार्यक्रममा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समिति मकवानपुर सहभागी जनाई आवश्यक भुमिका निर्वाह गरिएको व्यवहोरा जानकारी गराउँदछु ।

१२. चितवन जिल्ला समिति:-

यस जिल्लामा श्री धर्मधाम (श्रीकृष्ण प्रणामी मन्दिर) सहित ३ मन्दिर र २ सत्संग समिति तथा जिल्ला समिति कार्यरत छ । श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समिति, चितवन २२ औं वार्षिक साधारण सभामा समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन ।

मिति २०८१ भाद्र २९ गते श्रीकृष्ण प्रणामी मन्दिर टिकौलीमा सम्पन्न अधिवेशनबाट समितिलाई प्राप्त जिम्मेवारीमा रहेर नियमित आशातित कार्य गर्ने प्रयास गरिरहेको व्यहोरा अनुरोध गर्दै मुख्य कामहरूलाई निम्नानुसार रहेका छन् ।

१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको ५८ औं वार्षिक साधारण सभा यस समितिको अगुवाईमा चितवन जिल्लाका सम्पूर्ण मन्दिर र सुन्दरसाथको सहयोगमा श्रीकृष्ण प्रणामी मन्दिर श्यामनगर बुढौलीमा सम्पन्न गरिएको । सम्पूर्ण व्यवस्थापन गर्ने मन्दिर परिवारलाई धन्यवाद ।

२) श्रीकृष्ण प्रणामी मन्दिर श्यामनगर बुढौलीमा सञ्चालित श्रीतारतम ब्रह्मवाणीको १०८ पाठ - पारायणमा यस समिति तन, मन, वचनले लागिएको र कार्यक्रम भव्यताका साथ सम्पन्न भएको ।

उक्त कार्यक्रमको शोभायात्रा मूल्याङ्कन उप-समिति संयोजकमा जिल्ला समितिका अध्यक्षज्यू रहनुभएको थियो । सो कार्यक्रममा यस समितिका साथीबाट स्वेच्छीक अर्थसंकलन गरी रु ११,११५/- पारायण सेवा प्रदान गरिएको थियो ।

३) श्रीकृष्ण प्रणामी सेवा समिति चितवनको सेवामा प्राप्त भएको राप्ती न.पा. वडा नं. २ मा रहेको जमिन पूर्ण प्रयोगका लागि सम्बन्धित सरोकारवालासँग समन्वय जारी रहेको छ ।

४) यस समितिको केन्द्रीय कार्यालयबाट प्राप्त भएका कागजात सम्बन्धित इकाइमा हस्तान्तरण गरिएको ।

५) यस समितिको बैठक आफ्ना इकाइहरुमा समान रुपले घुम्ती स्वरुपमा राखिएको ।

६) अघिल्लो साधारणसभामा लिइएको नीतिअनुसार मिति २०८३ असार ७ गते जिल्लास्तरीय "संगठन सुदृढीकरण, लेखा अभिमुखीकरण एवम् नेतृत्व विकास सम्बन्धि" एक दिवसीय कार्यशाला श्रीकृष्ण प्रणामी मन्दिर टिकौलीमा सम्पन्न भयो ।

जसको सम्पूर्ण व्यवस्थापकीय भार टिकौली मन्दिरले व्यहोरेको थियो । सोको लागि मन्दिर परिवारलाई साधुवाद ।

७) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय समितिको सचिवालय बैठकमा सहभागिता जनाइएको, जुन बैठक श्रीकृष्ण प्रणामी मन्दिर टिकौलीमा सम्पन्न भएको थियो ।

८) विभिन्न मन्दिर र समितिको कार्यक्रममा जिल्ला समितिको तर्फबाट प्रतिनिधित्व एवम् सहभागिता रहेको ।

९) विभिन्न समयमा धर्म एवम् संगठनभित्र देखिएको समस्या समाधानमा इकाई र केन्द्रसँग समन्वयको पहल गरिएको ।

भावी कार्यक्रम

१) हामी सबैको आस्थाप्रति विगत केही समयदेखि सामान्य विचलन साथै नैतिक आक्रमण जस्तो देखिने व्यवहार हुँदैआएको महसुस गर्दै निकट भविष्यमा आध्यात्मिक एवम् साङ्गठनिक प्रशिक्षण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

२) यस समितिको संयोजनमा सम्पूर्ण इकाइको सहयोग लिई जिल्ला स्तरीय १४ मेला व्यवस्थित गरी जिल्लाव्यापी वार्षिक क्यालेन्डर निर्माण गर्ने ।

३) आर्थिक कोषलाई मजबुत बनाउनको लागि प्रयास गर्ने ।

४) राप्ती नगरपालिका वडा नं. २, गडौलीमा दाताबाट प्राप्त भएको जग्गामा श्रीकृष्ण प्रणामी सामुदायिक भवन बनाउने ।

५) अक्षयकोषको अवधारणालाई अझ व्यापक बनाई विभिन्न धार्मिक विधामा पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

६) आध्यात्मिक जागरणको लागि विभिन्न प्रशिक्षण तथा शिविरहरू सञ्चालन गर्ने ।

७) चितवन जिल्ला अन्तर्गतका इकाई मन्दिरहरूको वार्षिकोत्सव तथा अन्य विशेष धार्मिक कार्यक्रमहरूमा जिल्ला समितिको तर्फबाट सक्रिय सहभागी भई कार्यक्रमलाई भव्यरुपमा सफल बनाउन सहयोग गर्ने ।

श्रीकृष्ण प्रणामी मन्दिर धर्मधाम जिरौना :
भौतिक निर्माण तर्फ

१. पुरानो अतिथि भवनको छाना फेरी स्टोर कोठा निर्माण एवं व्यवस्थापन गरी रंगरोगन गरिएको ।
२. वृद्धाश्रम भवनका केही कोठाहरूमा भित्ता पट्टि टायल लगाइ एक कोठामा राज्जीको भोग व्यन्जन तयार गर्न कोठा व्यवस्थापन गरिएको ।
३. कार्यालय कोठा व्यवस्थापन रंगरोगन गरी फर्निचर व्यवस्थापन, आल्मुनियम पार्टिसन समेत गरी व्यवस्थापन गरिएको ।
४. मन्दिरको भित्री भागमा युवा परिषद् इकाइ समिति धर्मधाम र मूल समितिको संयुक्त लगानीमा स्टिलको रेलिङ निर्माण गरी शोभायमान गरिएको ।
५. पाकघर छेउमा फलामको गेट निर्माण साथै मन्दिरदेखि पश्चिम तर्फको गेट मर्मत समेत गरिएको ।
६. मूल मन्दिरको भ-याडमुनि, वृद्धाश्रमको भ-याडमुनि साथै अफिस कोठाभित्र टायल लगाइएको ।
७. नयाँ सिसी क्यामेरा जडान गरिएको ।
८. अक्षयकोषदाता एवं वरिष्ठ संरक्षक कोपदाताहरुको नामावली बोर्डमा लेखि व्यवस्थापन गरिएको ।
९. स्थानीय निकाय रत्ननगर नगरपालिको सरकारी अनुदानमा वृद्धाश्रमको पछाडि कम्पाउण्ड वाल र माथि फलामको रेलिङ निर्माण भएको ।
१०. मूलमिलावा मर्मत गरी सञ्चालन गरिएको ।

विशेष कार्यक्रम

१. बाल समितिलाई सक्रिय बनाइ सेवापूजा, प्रणामी धर्मको परिचय संगीत भजन गायन तालिमको व्यवत्त्या गरिएको ।
२. सुन्दरसाथजीहरूको माग अनुसार संगीत गायन प्रशिक्षक झिकाइ २ महिने प्रशिक्षण कार्यक्रम संचालन गरिएको, यी कार्यक्रमहरूबाट बाल बालिका, सुन्दरसाथजीहरू लाभान्वित भएको ।
३. श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको निर्देशनमा हरेक प्रशासनिक, धार्मिक, भौतिक एवं सामाजिक कार्यहरू सम्पादन

गर्दै आएको ।

४ मन्दिरका श्री सम्पत्ति जग्गा जमिन, भौतिक संरचना रेखदेख, सुरक्षा संरक्षण र संवर्धन गर्दै आएको ।

धार्मिक कार्यक्रम तर्फ

१. यस मन्दिरका जग्गादाता तथा विशेष योगदान पुर्‍याउनुहुने धामवासी आत्माहरूको सम्झनामा पितृ औसीका दिन एकाह पाठपारायण लगाएर संझने कार्यक्रम संचालन गर्दै आएको ।
२. नियमित अष्टप्रहर दैनिक सेवा पूजा आरती सञ्चालन गर्दै आएको ।
३. अष्टमी चतुर्दशी भजनमण्डली नियमित सञ्चालन गरिएको ।
४. वार्षिक १८ मेलापर्वहरू सबै तिथि अनुसार सुसम्पन्न गर्दै आएको ।
५. २०८२ सालको वितक एवं श्रीकृष्ण कथा महन्त श्री १०८ राजेन्द्रदासजी महाराजबाट संगीतमय शैलीमा भण्डारा सहित दिव्य र भव्य रूपमा सञ्चालन गरिएको ।
६. श्रीकृष्ण प्राकट्य उत्सव (जन्माष्टमी पर्व) विशेष कार्यक्रम आयोजना गरी धार्मिक, सांस्कृतिक झाँकी एवम् श्रीकृष्ण प्रणामी युवा परिषद् धर्मधामको आयोजनामा १६९ जना रक्तदाताबाट रक्तदान, ३३१ आरतीका साथमा श्रीकृष्णको प्राकट्य गरी भव्य र दिव्य रूपमा मनाएको ।
७. राधा अष्टमी पर्व २०८२ को पावन अवसरमा श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति, धर्मधाम इकाईको तर्फबाट १०८ को पाठपारायणको, पूर्णाहुति र पुनः १०८ पारायणको प्रारम्भ विशेष कार्यक्रमका साथमा मनाइएको साथै यो वर्ष पनि सोही अनुरूप सञ्चालनको तयारी भएको ।
८. २०८२ पौष १७ गते श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्री विभूषित जगत्गुरु आचार्य कृष्णमणिजी महाराजको जन्मोत्सव मेहेरसागर पाठ, पूजा आरती गरी भव्य रूपमा मनाइएको ।
९. २०८३ वैशाख १ गते नव वर्षमा १०८ मेहेर सागर पाठ तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको ।
१०. हरेक दिन विशेष सन्ध्या आरती हुँदै आएको ।
११. मन्दिरमा हुनुहुने बाबाजी, पिताजी, पुजारी साधुसन्तको भोजन व्यवस्थापन गर्दै आइएको ।
१२. मन्दिरमा पाल्नुहुने पाहुना तथा गुरुजीहरूलाई आवास भोजनको व्यवस्थापन गर्दै आइएको ।
१३. धार्मिक सहिष्णुता कायम राख्न अन्य धार्मिक गोष्ठी, धर्मसभा, अन्य समुदायका धार्मिक कार्यक्रममा सहभागिता एवं आयोजना गरिएको ।
१४. श्रीकृष्ण प्रणामी धर्मको प्रचार प्रसार तथा सामाजिक सेवाको भावना अगाडि बढाउने उद्देश्यले विभिन्न सामाजिक संघ संस्थाहरूसँग सहकार्य गरी कार्य गरिएको ।
१५. विभिन्न समयमा मन्दिरलाई सेवा सहयोग पुर्‍याउने दाताहरूलाई सम्मान गरिएको ।
१६. आवश्यकता अनुसार मन्दिरमा हुने कार्यक्रमहरुलाई विशेष रूपमा मनाइने जिल्ला समिति तथा केन्द्रीय समितिले बेला बेलामा गर्ने विशेष कार्यक्रममा सक्रिय सहभागिता जनाइएको ।

भावी कार्ययोजनाहरू

१. अधुरा कार्यक्रमहरूलाई यथावत् निरन्तरता दिने ।
२. पितृ औसीका दिन, मन्दिरका जग्गा वाता तथा यस मन्दिरमा विशेष योगदान पुर्‍याउने सबै धामवासी आत्माको सम्झनामा हरेक वर्ष एकाह पाठ पारायण लगाइ सबैलाई सम्झिने कार्यक्रमलाई निरन्तरता दिने ।
३. विगत वर्षहरूमा जस्तै यो वर्ष पनि दैनिक धार्मिक पूजापाठ, विभिन्न मेला पर्व, उत्सव, भजनमण्डली सबै कार्यक्रमहरूलाई निरन्तरता दिने ।
४. मन्दिर परिसरभित्र उद्यानको विशेष व्यवस्थापन गर्ने, आकर्षक बनाउने ।
५. मूल मन्दिरको छतमा पानी चुहिने भएकाले टायल समेत लगाएर व्यवस्थित गर्ने ।
६. श्रृंगार कोठा निर्माण एवं व्यवस्थापन गर्ने ।
७. वृद्धाश्रम माथि छानामुनि सेतो फलामको रेलिङ पूरा गर्ने ।
८. आश्रमको बरण्डा र भन्र्याङमा टायल लगाउने ।

९. मूल मिलावमा थप श्रृंगार सामग्री खरिद गरी, कार्पेट र ढोकाको पुनः निर्माण गरी विशेष पर्वमा उद्घाटन गर्ने ।
१०. मन्दिरका थालनी भै बाँकी रहेका भौतिक निर्माण का कार्यहरु पूरा गर्ने ।
११. वार्षिक उत्सव कार्यक्रम विशेष रुपमा भव्यताकासाथ सम्पन्न गर्ने ।
१२. जन्म उत्सव, कृष्ण प्राकट्य उत्सव, राधा अष्टमी उत्सव, एक महिने वीतक चर्चा एवम् श्रीकृष्ण कथा भव्यताका साथमा मनाउने ।
१३. केटा केटाहरुलाई विशेष महत्व दिई दैनिक सेवापूजा तालीमको व्यवस्था गर्ने ।
१४. मागमा आधारित धार्मिक एबम् संगीत प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
१५. उल्लेखित कार्यहरु पुरा गर्न स्थानीय निकाय, चन्दादाताहरु, मन्दिरको कोष एबम् सहयोगी हातहरुसंग समन्वय गरी पुरा गर्ने ।

श्रीकृष्ण प्रणामी मन्दिर बृजधाम, टिकौलीको प्रतिवेदन २०८३

१ वर्षमा यस समितिको नियमित आकस्मिक गरी जम्मा १९ वटा बैठक बस्यो ।
२. मन्दिरका नियमित कार्यक्रमहरु मेला, पर्व उत्सव वार्षिक उत्सव, वीतक कार्यक्रम, अक्षयकोषदाताहरुको वार्षिक तिथि सञ्चालन नियमत एवं व्यवस्थित रुपमा सञ्चालन गरियो ।
३. गुरुजी श्री १०८ बजदासजी महाराजको मृति रहेको कक्षको प्रतिमा निर्माण गर्ने सम्वन्धमा उपसमिति गठन गरी कार्यक्रमलाई अगाडी वढाइएको ।
४ सुन्दरसाथजीहरुलाई मन्दिर प्रवेश गर्नको लागि सहज र सुविधा होस भनी पूर्व तर्फको गेट सञ्चालनमा ल्याइएको ।
५. हिराबाई माता स्वइच्छाले आफ्नो घर गोरखा जानु भएको ।
६. गुरुजीको शोकको कारणले १ दिने वार्षिक उत्सव कार्यक्रम गरी २०८२ फाल्गुण २ गते विशेष भेला सञ्चालन गरिएको ।
७. मन्दिरमा रहेको जीर्ण झ्यालढोका मर्मत गरिएको ।
८. प्रणामी समाजको तिथि मिति सहितको वार्षिक क्यालेण्डर प्रकाशन गरी सुन्दरसाथहरुलाई निःशुल्क वितरण गरिएको
९.ब्रह्मलिन गुरुजी श्री १०८ बृजदासजी महाराजको वार्षिक पुण्यतिथिमा उहाँको पूर्णकदको प्रतिमा निर्माण तथा अनावरण कार्यक्रम रत्ननगर नगरपालिकाका नगर प्रमुख श्री प्रल्हाद सापकोटाज्यूको प्रमुख आतिथ्यतामा त्रिदिवसीय अखण्ड पाठ पारायण आयोजना गरी नेपालका विभिन्न धामका गादिपति श्री १०८ महाराजजीहरुको समुपस्थितिमा भव्य र सभ्य रुपमा सम्पन्न गरिएको ।
१०. गत जेष्ठ महिनामा आएको हुरीवतासले क्षतविक्षत भएको भान्छाको ट्रस्ट नगरपालिका विपद व्यपस्थापन कोषबाट रु पचास हजारको नगद सहयोग र नपुग रकम मन्दिरबाट हाली पून निर्माण कार्य सम्पन्न गरिएको ।

भावि कार्य योजना

१. श्रीकृष्ण जन्माष्टमी पर्वमा हुने भक्तजनहरुको भिडभाडलाई मध्यनजर गरी श्रीकृष्णजीको मूर्तिलाई उचित स्थानमा व्यवस्थापन गर्ने ।
२. मन्दिरको उत्तरतर्फ करिव २५ धुर जग्गा खरिद गर्ने ।
३. बालबालिका तथा युवा लक्षित आध्यात्मिक प्रशिक्षण तथा शिविर सञ्चालन गर्ने ।
४. मन्दिर सौन्दर्यकरण गर्ने ।
५.वह्मलिन गुरुजीको ध्यान कक्ष एवम् संग्रहालय निर्माण गर्ने ।
६. मन्दिरमा पाल्नुहुने भक्तजनहरुको भोजन एवम् आवास व्यवस्थाको लागि धर्मशाला निर्माण समय अनुसार थालनी गर्ने ।
७. भौतिक विकास निर्माण को दीर्घकालिन सोच राखी मन्दिरको गुरुयोजना तयार गरी सेवा समितिको कार्य कक्षमा राख्ने ।

यस मन्दिर धार्मिक, सांस्कृतिक र सामाजिक सेवामा सम्पुर्ण सहयोगीको सहकार्यमा अगाडि बढी रहेको छ । दैनिक सेवा पुजा र आरती श्रीकृष्ण प्राकट्य महोत्सवमा झाँकी सहित नगर परिक्रमा गरेको छ । अन्यत्र मन्दिरमा हुने धार्मिक कार्यक्रममा सरिक भै आर्थिक सहयोग गर्दै आएको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी मन्दिर बुढौली श्यामनगर चितवन

यस मन्दिरले हालसम्म उल्लेखनीय आर्थिक, सामाजिक, र भौतिक कार्य गर्दै आएको छ । मन्दिरको डिजाइन नक्सा तयार गरी अर्थ जुटाउनका लागि निरन्तर पहल गरिरहेको छ । धार्मिक कार्यक्रम अनुसार प्रशिक्षण तथा साधनालय निर्माण गरी सञ्चालन गर्ने पनि योजना रहेको छ । अन्य मन्दिर तथा सत्सङ्ग समितिहरुलाई भौतिक तथा आर्थिक सहयोग गर्दै आएको छ ।

श्रीकृष्ण प्रणामी सत्संग समिति, भरतपुर

यस सत्संग समितिले समय समयमा सत्संग गर्दै आएको छ । सो सत्संगमा विभिन्न धर्मगुरु ल्याई प्रशिक्षण समेत गरेको छ । धर्मशाला निर्माण का लागी विभिन्न उप समितिहरु गठन गरिएको । प्रदेश सरकारलाई बजेट का लागी पत्राचार गरिएको र भरतपुर महानगरपालीकाबाट यस वर्ष रु ८ लाख बजेट स्विकृत भएको । विभिन्न जिल्लाबाट उपचारका लागी आउने सुन्दरसाथलाई आवास र भोजनको सेवा दिदै आएको ।मन्दिरमा विभिन्न धार्मिक कार्यक्रम संचालन गर्दै आएको । साथै सुन्दरसाथको धामगमन हुँदा घरमा गएर पाठ गर्नुका साथै श्रद्धाजली दिने गरिएको । विश्व रक्तदान दिवसमा रक्तदान गरिएको ।

(ख) कोशी प्रदेश समन्वय समितिको प्रतिवेदन
अन्तर्गत पर्ने जिल्ला इकाईको प्रतिवेदन :-

कोशी प्रदेश अन्तर्गत रहेका १४ जिल्ला मध्ये ११ जिल्लामा प्रणामी सञ्जाल रहेको छ । जस्मा सेवा समितिका शाखा इकाई १६ वटा र संस्थागत तर्फ मुल संस्था श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापा र श्रीकृष्ण प्रणामी प्रतिष्ठान इटहरी सहित मुक्तिधाम यसै प्रदेशमा पर्दछन् । सदस्य संस्था इकाई ५९ समेत ७४ इकाई रहेका छन् ।

- प्रदेश का ५९ मन्दिरमा हुने सबै प्रकारका धार्मिक र समाजिक कार्यक्रमको समन्वय र सहयोग गरिएको ।
- जगद्गुरु आचार्य महाराजश्री को पुर्वान्चल भ्रमण व्यापक हर्ष उल्लास सहित उपलब्धी पुर्वक बनाउन सबै भातृ संस्था परिचालित गरिएको ।
- यस वर्ष जम्मा २ वटा सत्सग भवन शिलन्यास भएको ।
- १३ वटा मन्दिरलाई प्रदेश तथा स्थानिय तहको बजेट बिनियोजन गराउन समन्वयात्मक भुमिका खेलेको ।
- युवा परिषद र बाइजुराज समिती सँग जिल्ला र प्रास स्तरिय बैठक ।
- कोशी प्रदेशमा यस आ.व.मा श्रदेय गुरुजी को बितक कथा अबधीमा भ्रमण ।
- अन्य १०८ लगायत महाराजहरु को भ्रमण ।
- १६ ठाउँ जागनी शिविर भएको ।
- ३७ जना जम्मा सुन्दरसाथहरु जागनी विभिन्न प्रा स मा भएको ।
-सिक्किमको कार्यक्रममा उतसाह पुर्वक सहभागिता जनाइएको ।
- जनचेतना मुलक र्‍याली गरिएको ।
- स्वास्थ शिविर सञ्चालन गरिएको ।
- अन्य धर्मका कार्यक्रममा सहभागिता जनाइएको ।
- बाल बालिका प्रार्थना मन्डली सन्चालन सुरु विभिन्न प्रास मा गरिएको ।
-सबै मन्दिरका गतिबिधीमा सकृय सहभागिता जनाइएको ।

सम्योजक
अनिल ढुंगाना

१३.झापा जिल्ला समिति:-

यस जिल्लामा श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाले सेवा समितिको जिल्ला समितिको काम गरिरहेको छ भने झापा जिल्लामा सेवा समितिका ३ वटा शाखा, श्रीकृष्ण प्रणामी प्रतिष्ठानका ३ वटा शाखा र झापा सत्संग सेवा परिषदका २९ शाखा तथा सिधै संस्थागत सदस्य लिएका २ वटा दुवागडी र चारपाने रहेका छन् ।

श्री कृष्ण प्रणामी सत्संग सेवा समिति झापा र त्यस अन्तर्गतका मन्दिर, सत्संग समिति गुरुकुलहरुको आर्थिक वर्ष २०८२/२०८३ को कार्य प्रगति विवरण बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

१. आ.व. २०८२/२०८३ मा सत्संग परिषदको ६ वटा बैठकहरु सम्पन्न भएको छ
२. साधारण सभाद्वारा संस्थाको अक्षय कोष निर्माण को लागि उपसमिति गठन गरिएको छ ।
३. उपसमितिबाट अध्यक्षकोषको विनिमय तयार गरी कार्य समितिले अनुमोदन गरिसकेको छ ।
४. अक्षयकोषको विनिमयलाई आउने साधरण सभाबाट पारित गरिने छ ।
५.२०८२ सालको वितक कथामा झापा जिल्ला भरी कै प्रत्येक इकाइहरुमा सेवा परिषदको उपस्थिति रहेको छ
६. इकाईहरुमा सत्संग सेवा समितिको तर्फबाट रू ११०० ।- आरती बापत रकम प्रदान गरिएको छ ।
७. जिल्ला भित्र थाहा भएका प्रणामी भक्तजनहरुको धाम गमनमा उपस्थित भई समबेदना दिने काम भएको छ ८. निमन्त्रणा गरिएको इकाईहरुका कार्यक्रमहरुमा सहभागीता जनाउने काम भएको छ ।
९. विपदमा परेका समस्या ग्रस्त परिवारको सहयोगको लागी स्थानिय इकाई एवमं सत्संग सेवा परिषदको सहयोग एवम् सहभागिता रहेको छ ।
१०.हिन्दुधर्म संस्कृति र परम्पराको जगेर्ना गर्नका लागी आयोजना गरिने कार्यक्रमहरुमा संस्थाको प्रत्यक्ष संलग्नता रहेको छ ।
११ सरसफाई, लागुपर्दाथ, दुर्वेशन नियन्त्रण गर्नका लागी आयोजित सचेतना कार्यक्रमहरुमा संस्था तथा इकाईको तर्फबाट संलग्नता जनाईएको छ ।
१२. श्री कृष्ण प्रणामी मन्दिर दमकमा मन्दिर भवन निर्माण निरन्तर रुपमा भइरहेको छ ।
१३. स्थानिय सरकारको वित्तीय सहयोगमा श्री कृष्ण प्रणामी मन्दिर पाटागाढा भान्साघर निर्माण कार्य सम्पन्न भएको छ ।
१४. श्री कृष्ण प्रणामी मन्दिर बैगुनधुराको रसोई घर निर्माण अतिथिको लागी ३ वटा कोठा निर्माण , घेरा बारा रङ्ग रोगन कार्य प्रदेश र स्थानीय तहको संलग्नतामा पूर्णता दिएको छ ।
१५. शिवसताक्षी न.पा शिवगंज बजार स्थित सत्संग भवन भत्काई मन्दिर निर्माण अन्तर्गत छत ढलाईको काम सम्पन्न भईसकेको छ ।
१६. श्री कृष्ण प्रणामी मन्दिर झिलझिलेमा स्थानीय सरकारद्वारा रू ५,००,०००/- अक्षेपी पाँचलाख रुपैयाको लागतमा रसोईघर निर्माण कार्य सम्पन्न गरिएको छ
१७. श्री कृष्ण प्रणामी मन्दिर दयालघाममा स्थानिय सरकारको रु ३,५०,००० को सहयोगमा घेराबारा निर्माण कार्य सम्पन्न गरिएको छ ।
१८. श्री मंगल गुरुकुलमा शरणामतिमा स्थानिय सरकारको सहयोगमा रु ३.५०,००० मा भान्साघर निर्माण सम्पन्न गरिएको छ ।
१९. १९. श्री देवचन्द्र सदन बिर्तामोडका स्थानिय सुन्दरसाधको सहयोगमा स्वर्ण मन्दिर निर्माण कार्य निरन्तर रुपमा भइरहेको तथा प्रदेश सरकारको रु २५,००,००० ।- सहयोगमा एक तला फिनीसिङ कार्य सम्पन्न हुनुका साथै स्थानिय तहको रु ५,००,००० ।- सहयोगमा संचालन निर्माण कार्य सम्पन्न भएको छ ।
२०. श्री कृष्ण प्रणामी सत्संग समिति तेलपानीमा प्रदेश सरकारको ७ लाख सहयोगमा मन्दिर भवन निर्माण गरिएको छ ।
२१. श्री कृष्ण प्रणामी मन्दिर बाहुनडाँगीमा प्रदेश सरकारको सहयोगमा निर्माण कार्य सम्पन्न गरिएको छ ।
२२. श्री कृष्ण प्रणामी मन्दिर तेलपानी इकाईको लागी जग्गा रजिष्ट्रेसनमा सहजीकरण गरीएको छ ।

श्री सद्गुरु श्री देवचन्द्र सदन, वितामोड

यस सदुगुरु सदन हाल निर्माण धिन अवस्थामा रहेको छ, सुन्दरसाथको आर्थिक सहयोगले निर्माण हुँदै आएको मन्दिर हाल लगभग सम्पन्न भएको छ ।

१४. इलाम जिल्ला समितिः-

इलाम जिल्लामा फिक्कल, मेहेलबोटे र जितपुर गरी ३ वटा मन्दिर तथा ३ वटा सत्संग समिति सिरिसे, मलिन तथा आरुवोटे संचालनमा रहेका छन् । परमपुज्य आचार्यश्री, परम्हंस गुरुजी श्री १०८ मंगलदासजी महाराज, श्री नवतनधाम गादिपति महाराज, कर्णाल भिवानीका गादिपति महाराज, मुक्तिधाम इटहरीका गादिपति महाराज लगायत सन्त गुरुजनको जन्मस्थल रहेको इलाम जिल्लामा जागनी कार्य केहि पछि परेको छ । जिल्लाभित्र रहेका सबै इकाईहरुमा सञ्चालन हुने प्रणामी आलमका मेला पर्व उत्सव, वार्षिक उत्सव, वीतक चर्चा कथा, श्रीकृष्ण जन्माष्टमी पर्व लगायत अन्य कार्यहरु गर्न गराउन पहल भैरहेको छ । इकाई मन्दिरहरुमा गरिने निर्माण कार्यहरुको लागि आवश्यक बजेट निकासाको लागि सम्बन्धित निकायहरुमा पहल गर्न राय सल्लाह सुझाव दिइएको । जिल्लाभित्र र अन्य जिल्लामा हुने ठूला तथा १०८ पाठ पारायणहरुमा सहभागी हुन र आर्थिक सहयोगको लागि पनि पहल गरी उपस्थित गराइएको छ ।

रोड १/२ शान्तिपुर इकाई इलाम

योजना

यस संस्थाका योजना तथा पूरा भएका कार्यहरुमा मुख्यतः आजको युगमा रहेको धार्मिक द्वन्दलाई चिरेर धार्मिक सहिष्णुता सबै माझ पुर्याउने तथा यसले कुनै धर्म जाती क्षेत्र लिङ्ग उमेर बीच विभेद नगर्ने सबै लाई समभाव राख्ने भावना विकास गर्ने कार्यमा सदा लागेको छ । पाश्यता दर्शनले प्रभाव समाजलाई आफ्नो धर्म संस्कृतिलाई जगेर्ना गर्नपर्ने आफ्ना संस्कार नै पहिचान हो भन्ने भावनाको विकास गर्ने हरेकमा सामाजिक कार्यमा सक्रिय सहभागिता सेवा प्रवाह गर्ने मूल घेयका साथ अघि बढेको र पूर्णता पाएको छ । समाजमा रहेको विकृति विसङ्गति अन्धविश्वास लाई चिर्न बुलन्द आवाज उठाउने योजना साथ अगाडि बढेको छ । समाजमा विनम्रता आवश्यक हुन्छ विनम्रता सरलता नै आनन्दको स्रोत हो अध्यात्मको मूल हो भन्ने भावलाई पनि जोड्दै लगेका छौ । एक अरु प्रति सद्भावको भावना जागरुक गराउने यस संस्थाको योजना रहेको छ ।

उद्देश्य

सभ्य सुसज्जित समाजको निर्माण गर्न अध्ययन समाज रुपान्तरण गर्न ।

समस्या

धार्मिक आस्थाहरु हटेको समाजलाई पर्म में समाजलाई मार्गनिर्देश गर्ने भाव नबुझेकोले समाज रुपान्तरण गर्न कठिनाई छ ।
पाश्यता दर्शनले जगहेको समाजलाई आफ्नो संस्कार र संस्कृति छोड्ने समूहको बढ्दो प्रवृत्ति ।
पुस्ता हस्तान्तरणमा अग्हरुको भूमिकामा निष्कृयता रहेकोले गर्दा संस्कार संस्कृति नयाँ पुस्तामा बुझाउन नसकिएको ।
लागुपदार्थ दुर्व्यसन विकृत्ति विसंगतिको समूह समाजमा बढ्दो प्रभाव ।
पूर्वजहरुको त्याग समर्पणको मूल्याङ्कन अहिलेको समाजको पुस्तामा सोच हराएको अवस्थाहरु ।

सबल पक्षहरु

यस संस्थाबाट भएको समाज रुपान्तरणका कार्यहरु बिकृति विसंगति विरुद्ध आवाज बुलन्द गरिएको समाजमा सहयोग सद्भावको भावना विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । विभिन्न धार्मिक अनुष्ठान संचालन गरिएको अध्यात्म शिविर सञ्चालन गरिएको छ । समाजलाई एकिकृत गर्न सबै धर्मका समुदायलाई गोलबद्ध रुपमा उपस्थिति गराई आध्यात्मिक भेला कार्यक्रम संचालन गरिएको छ । कार्यक्रममा भक्त समुदायका उपस्थितिले पनि हाम्रो धार्मिक जागरणको अभ्यास सफलता तिर उन्मुख भएको हामीले महसुस गरेका छौ । यस कार्यमा सबैको सहकार्य सहभागिता सहयोगको अभिलेखले पनि पुष्टी हुन्छ ।

दुर्बल पक्षहरु

संस्था संचालन र समाजलाई धार्मिक आध्यात्मिक मार्ग तर्फ लैजान चुनौतिको विषय नै रहेको छ । ग्लोबलाईज भईरहेको विश्व अनि समाजलाई त्यहि अनुसारको दृष्टान्त दिएर अध्यात्म तिर लैजाने चुनौति कै विषय रहेको महसुस भयो । संस्थाको योजना उद्देश्यलाई पूर्ण गर्न आईपरेका कठिनाई लाई बुदाँगत रुपमा देखाउदा:

आर्थिक कठिनाई:

विभिन्न आध्यात्मिक कार्यक्रमबाट समाजलाईक गराउन कार्यक्रमलाई पूर्ण गराउन कार्यक्रमलाई पूर्ण गराउन आर्थिक

कठिनाई भएको छ । व्यवस्थापकिय पक्षलाई पूरा गर्न आर्थिक अभाव देखिएको हो ।

प्रचार प्रसार तथा प्रचारकको अभाव

भौगोलिक विकटता पहाडी क्षेत्र भएकाले सबै भक्त समुदायलाई एकिकृत गरि धर्म र सदाचार प्रचार प्रसार गर्न कठिनाई छ । त्यसै गरि अध्यात्म शिविर संचालन गर्नका लागि गुरुजनहरु पनि आईनपुग्ने अवस्थाले गर्दा पनि संस्था तथा समाजलाई सहि मार्गनिर्देश गर्न सकिरहेको छैन ।

निष्कर्ष

समग्रमा प्रयास कार्य तथा कठिनाई समस्या बराबरी भएता पनि स्थापना भएको संस्थालाई हरतरह बाट संञ्चालन गरि अघि बढाउन प्रयासरत छौ । यो संस्थालाई आज सम्म आइपुग्दा हर क्षेत्रबाट योगदान गर्नुहुने सम्पुर्ण महानुभाव प्रति कृतज्ञता व्यक्त गर्दै अझ यस ठाँउको लागि निर्माण गरिएको भवन तथा संस्थाले भोलिका दिनमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दै समाज रुपान्तरणमा आफ्नो ठाँउबाट गर्न सक्ने कार्य सदैव गर्नेछ भन्ने शुभभाव सहित सम्पुर्णमा प्रेम प्रणाम टक्राउन चाहान्छु ।

१५. ताप्लेजुङ्ग जिल्ला :-

श्रीकृष्ण प्रणामी मन्दिर अम्वेगुदिन, सिरिजंङगा :

ताप्लेजुङ्ग जिल्लामा १ मात्र श्रीकृष्ण प्रणामी मन्दिर आम्बेगुदिनमा रहेको छ सिरिजङ्गा गा.पा. ल्हासामा २०३८ साल देखि संचालनमा रहि आएको छ । यो ताप्लेजुङको लागि एक मात्र पुरानो मन्दिर हो । यस मन्दिरले नियमित धार्मिक कार्यक्रम गर्दै आएको छ । मन्दिरमा नियमित सेवा पुजा सञ्चालन भइरहेको छ । हाल मन्दिरको जग्गा सम्याउने कार्य भईरहेको छ भने निर्माण कार्य गर्नु पर्ने देखिन्छ ।

१६. तेह्रथुम जिल्ला :-

तेह्रथुम जिल्लामा २ वटा मन्दिर सञ्चालनमा रहेका छन् । सबै भन्दा पुरानो बि.सं.१८०० मा स्थापना भएको फुगुवा मन्दिर (आठराई ईवा) यसै जिल्लामा पर्दछ । यस स्थानमा पुरानो भवन जिर्ण भई हाल नयां निर्माण गरी कार्य सम्पन्न भएको छ । तेह्रथुम सदरमुकाम नजिकै पञ्चमीडाडा नागदहमा अर्को मन्दिर पनि संचालनमा रहेको छ भने यसबाट सदरमुकाममा आश्रम संचालनमा रहेको छ ।

१७. जिल्ला समिति मोरङः-

१. मोरङ जिल्लामा-४ वटा मन्दिर र ३ वटा सत्संग समिति, २ वटा प्रतिष्ठान, १ साहित्य परिषद, र जिल्ला समिति कार्यरत रहेका छन् । जिल्ला समितिले २०८३ भाद्र १९ गते आफ्नो १५औं साधारणसभा सम्पन्न गरेको छ । श्रीकृष्ण प्रणामी मन्दिर सलकपुरको आयोजनामा सञ्चालन भएको निःशुल्क आँखा शिविरमा सहयोग गरेको,बाइजुराज महिला समिति मोरङको साधारणसभामा संस्थागत सहभागिता जनाइएको,विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रममा सेवा समितिको तर्फबाट सहभागिता जनाउँदै आईरहेको छ । एकदिने नेतृत्व विकास एवम् संगठन सुदृढिकरण प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको,श्रीकृष्ण प्रणामी मन्दिर सलकपुरको स्वर्णमहोत्स्व तथा १०८ श्रीमत्तारतमसागर पाठपारायणमा जिल्ला समितिका सबै पदाधिकारी सदस्यहरूबाट सक्रिय योगदान गरी कार्यक्रम भव्यता पूर्वक समापन गरिएको थियो । आगामी वर्षको योजना अन्तर्गत विभिन्न धार्मिक सामाजिक कार्यलाई अझ सेवा मुखि र प्रभावकारी बनाई निरन्तरता दिने,हरेक इकाई मन्दिरहरूमा जिल्ला समितिको अगुवाईमा धार्मिक कार्यक्रम सञ्चालन गर्ने,जिल्ला भित्र रहेका इकाई शाखाहरूमा देखापरेका समस्याहरू केन्द्रीय समितिसँग समन्वय गर्दै सहजीकरण गर्ने, हरेक वर्ष कम्तिमा एक धार्मिक प्रशिक्षण,शिविर,गोष्ठि वा सामाजिक कार्य गर्ने, हरेक बर्ष कम्तिमा एक धार्मिक प्रशिक्षण, शिविर, गोष्ठि वा सामाजिक कार्य गर्ने,जेष्ठ नागरिक असहाय शारिरीक अंसक्तता भएका बाल तथा वृद्धहरुलाई आवस्यक सेवाको कार्यलाई निरन्तरता दिने,धार्मिक तथा समाजिक क्षेत्रमा उल्लेख्य कार्य गर्ने संस्था वा व्यक्तिलाई सम्मान गर्ने आदि रहेका छन् ।

(५.१) श्रीकृष्ण प्रणामी संरक्षण सेवा समिति सलकपुर सुन्दरहरैचा :

सुन्दरहरैचा न.पा. वडा नं. ९ मा अवस्थित यस मन्दिरमा नियमित सेवा, पुजा, मेला पर्व, धार्मिक क्रियाकलाप हुँदै आएको छ । यो संस्था श्री महामती प्राणनाथजीका दिव्य बाणी तुम सेवा से पाओगे पार, सुख शितल करूँ संसार जस्ता सर्वकालिक महान भावनालाई साकार पार्ने उद्धेश्य लिई ब्रम्हलिन गुरुजी श्री १०८ मंगलदासजी महाराजज्यूबाट स्थापित, वहाँकै प्रमुख शिष्य शास्त्रार्थ महारथी गुरुजी श्री १०८ हिमकर शास्त्री महाराजद्वारा प्रवर्द्धित तथा यस क्षेत्रका हजारौं सुन्दरसाथ एवम् धार्मिक मनहरुको योगदानबाट सञ्चालित एक विशिष्ट धार्मिक तथा सामाजिक संस्था हो ।

यस संस्थाले गत वर्ष सम्पादन गरेका कार्यहरुको प्रगति विवरण निम्नानुसार रहेको छ ।

१. सुन्दरहरैचा न.पा., कोशी प्रदेश सरकार एवम् सापटी रकम समेतबाट अतिथि भवनको अधिकांश अधुरो निर्माण कार्य सम्पन्न गरिएको छ ।

२. चितवनको श्यामनगर बुढ्यौली स्थित बृजधाममा २०८२ असोजमा आयोजित सेवा समितिको साधारण सभा तथा २०८२ मार्ग महिनामा आयोजित १०८ पारायणमा मन्दिर समितिका तर्फबाट सहभागिता जनाईएको ।

३. श्री कृष्ण प्रणामी सेवा समितिसंगको सहकार्यमा स्वर्ण महोत्सव २०८३ का विभिन्न उपसमितिमा संलग्न रहनु भएका पदाधिकारी तथा सदस्यहरुलाई उत्प्रेरणा विकास सम्बन्धी १ दिने प्रशिक्षण कार्यक्रम मिति २०८२ ।०९ ।०७ मा सञ्चालन गरिएको छ ।

४. आ. व. २०८१ ।८२ मा शुरुवात गरिएको मन्दिर परिषरमा रहेको २ वटा समाधीस्थलको पूनःनिर्माण , मर्मत सम्भार एवम् सौन्दर्यीकरण कार्य सम्पन्न गरिएको छ ।

५. स्वास्थ्य, शिक्षा तथा पोषण कार्यका लागि आवश्यक मासिक खर्च एवम् संस्थाका संरचना मर्मत सम्भारका लागि सुन्दरहरैचा न.पा.बाट विगत वर्षहरु जस्तै यस वर्ष पनि सहयोग रकम प्राप्त भई सम्बन्धित कार्यमा लगाईएको छ ।

६. कृष्ण प्रणामी युवा परिषदले आयोजना गरेको रक्तदान लगायतका कार्यक्रममा आवश्यक सहयोग गरिएको छ ।

७.संस्थाको स्वर्ण महोत्सव गत ०८३ वैशा १ गते देखि ७ गते सम्म भव्यतापूर्वक सम्पन्न भएको छ , उक्त कार्यक्रममा आद्य जागनी पीठ नवतनपुरीधामबाट जगद्गुरु श्री १०८ श्रीकृष्णमणिजी महाराज, मुक्ति पिठ पद्मावतीपुरीधामबाटबाट प्रतिनिधि अधिकांश परमहंश पिठबाट पिठाधिसज्यूहरू, प्रणामी धाम एवम् मन्दिरहरुबाट गुरुजनहरु केन्द्रीय सेवा समिति, बाइर्जुराज महिला समिति युवा परिषदका केन्द्रीय अध्यक्षज्यू,पदाधिकारी तथा सदस्यज्यूहरु एवम् नेपाल र भारतका विभिन्न क्षेत्रबाट उल्लेख्य संख्यामा सुन्दरसाथज्यूहरुको सक्रिय सहभागिता रहेको चियो ।

८.स्वर्ण महोत्सवको अवसरमा संस्थाको इतिहासलाई सरोकार राखे आम समुदायमा जिवन्त राख्न १००० प्रति स्मारिका र प्रणामी धर्मको मूलाधार अहिंसा (दर्शन) १५०० प्रति प्रकाशन गरी वितरण गरिएको छ ।

९. जागा प्राप्तीः संस्थालाई गत वर्ष संस्थामा आवद्ध ८ परिवारका तर्फबाट एकै स्थानमा पर्ने गरी केराबारी गाउँपालिका अन्तर्गत ०-११-० एघार कट्टा जग्गा प्रास भएको छ, यो जग्गामा कृषि, गौशाला वा मनोरञ्जनात्मक आधुनिक हरित पार्क वा प्रेम भोज स्थल जस्ता व्यावसायिक कार्य गर्न उपयुक्त रहेको जानकारी गराउन चाहान्छु ।

१०. मूल मन्दिर भवन र परिसरको अग्रभागमा मन्दिरको स्थापना, विकास क्रम, आधुनिकता र स्वर्ण महोत्सवको चीर कालसम्म स्मरणार्थ दाताहरुको सहयोगमा कलात्मक स्वर्ण धर्म स्तम्भ, प्रणाम स्तम्भ, प्रेम स्तम्भ र घन्टी स्तम्भको निर्माण कार्य सम्पन्न भएको छ ।

११. नेपाली धर्म संस्कृति र पूर्विय दर्शनको जगेर्ना, सोध र विकासका लागि यस मन्दिर परिसरमा गुरुकुल सञ्चालनार्थ श्री कृष्ण प्रणामी मन्दिर, श्री नवतनधाम काठमाण्डौमा सञ्चालनमा रहेको निजानन्द गुरुकुलमको शाखा माग गरिएकोमा स्वीकृती प्राप्त भई स्वर्ण महोत्सवका अवसरमा गुरुकुलको समुद्घाटन सम्पन्न भएको छ. । गुरुकुलको लागि छुट्टै सुबिधा सम्पन्न पूर्वाधार निर्माण एवम् व्यवस्थितरुपमा सञ्चालनार्थ आवश्यक पर्ने वित्तीय सहयोगका

लागि सुन्दरहरैचा नगरपालिकासंग प्रस्ताव अघि बढाईएको, गुरुकुलको विकास र सञ्चालनका लागि स्वर्ण महोत्सवका अवसरमा गुरुकुल सञ्चालक संरक्षक ५ जना, गुरुकुल सञ्चालक आजिवन सदस्य ३६ जना एवम् गुरुकुल आजिवन सदस्य ५० जनाले सदस्यता ग्रहण गर्नं भई ९१ जना सदस्यबाट रु २०,११,००० ।०० गुरुकुल कोषमा संकलन भएको अवस्था छ । गुरुकुल सञ्चलनार्य आवश्यक तयारी कार्यका लागि एक समिति गठन भई कार्य गरिरहेको अवस्था छ ।

१२. यस मन्दिरलाई स्तरोन्नति गरी धामका रुपमा घोषणा गर्ने विधानमा रहेका शर्त सुविधा र पूर्वाधारका व्यवस्थाहरु यस संस्थाले पुरा गरेको सन्दर्भमा संस्थाको साधारणसभाको निर्णय बमोजिम संस्थाका प्रमुख संरक्षक समक्ष जाहेर गरिएको छ, आगामी उपयुक्त समयमा धाम घोषणा र महन्त व्यवस्थापनको कार्य सम्पन्न गरिनेछ ।

मंगल स्मृती प्रतिष्ठान मोरङ :

यस प्रतिष्ठानले नियमित सेवा पुजा, मेला, पर्व, योग साधना, धार्मिक प्रवचन तथा सांगितिक कार्यक्रम, शाकाहारी भोजनको चेतना मुलक कार्यक्रम गर्दै सामाजिक कार्य अन्तर्गत विभिन्न शिपमुलक, तालिम, लोक सांस्कृतिक कार्यक्रम, आँखा शिविर कार्य सञ्चालन गरिएको छ ।

श्री कृष्णमाया तिम्सिना स्मृति प्रतिष्ठानः

कृष्णमाया तिम्सिना स्मृति प्रतिष्ठानको आ.व. २०८२/०८३ को कार्य प्रगति विवरण

१. मोबाइल सत्संगको निरन्तरता : २०८२/४/४ देखि २०८३/३/१२ सम्म १२ पटक मोरङ र सनसरीका विभिन्न स्थानमा गर्ने कार्य सम्पन्न गरियो ।

२. २०८३/२/९ गते इटहरीमा 'मोवाइल सत्संगका १०० महिना' समिक्षा कार्यक्रम सम्पन्न गरियो । संस्थाका ४६ जना सदस्यहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा, सत्संगमा निरन्तर उपस्थित हने र धेरै भक्तजन भेला गरी सत्संग गर्ने सदस्यलाई परस्कृत समेत गरिएको थियो भने सहभागीहरुबाट आवश्यक सझावहरु प्राप्त भएको थियो ।

३. २०८३/३/२१ गते संस्थाबाट वितरीत संकल्प खत्रके थान २० खोल्ने कार्य सम्पन्न गरियो ।

४. नेपाल बैंक इटहरीमा भएको निस्कृय बैंक खाता सकृय बनाइ कारोबार संचालन गरियो ।

५. निर्माण धिन सामदायिक भवन निर्माण कालागी सन्दरहरैंचा न.पा. बाट प्राप्त अनदान रु.५,६६,२१० ।-बाट भवनको छत ढलाई र थप निर्माण कार्य गरियो ।

१८. सुनसरी जिल्ला समितिः-

श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपालले जिल्ला समिति सुनसरीको समेतको जिम्मेवारी सम्हाल्दै आएको छ । यस जिल्लामा प्रसिद्ध श्री मुक्तिधाम रहेको छ । सुनसरीको जिल्लामा इटहरीको मुक्तिधाम सहित ४ वटा मन्दिर रहेका छन् जस्मा धरानमा ३ वटा छन । सेवा समितिको इकाई १ मात्र रहेको छ भने श्रीकृष्ण प्रणामी प्रतिष्ठान अन्तर्गत मुक्तिधाम, श्री बृहत्तर मुक्तिधाम क्षेत्र विकास समिति, श्री मंगल शैक्षिक विकास गुठी प्रतिष्ठानबाट संचालनमा छन भने हालै श्री मंगल राधिका सदानन्द प्रणामी अस्पतालका नामले अस्पताल समेत निर्माण भएको छ ।

(६.१) श्रीकृष्ण प्रणामी मन्दिर जिरोप्वाइन्ट, धरान

(६.२) श्रीराधाकृष्ण प्रणामी मन्दिर धरान -८ बि.पि.मार्ग

(६.३) श्रीकृष्ण प्रणामी मन्दिर पानमारा, धरान

१९. धनकुटा जिल्ला :-

धनकुटा बीच बजारमा जिल्ल ।मा एक मन्दिर प्रतिष्ठानको शाखाको रुपमा सञ्चालनमा रहेको छ । धनकुटा जिल्लाका विभिन्न स्थानमा सुन्दरसाथहरु भने छरिएर रहनु भएको छ ।

२०. संखुवासभा जिल्ला :-

संखुवासभा जिल्लाको मादीमा एक मन्दिर सञ्चालनमा छ भने जिल्लको सदरमुकाम खांदबारीमा एक सत्संग भवन रहेको छ ।

२१. उदयपुर जिल्ला :-

उदयपुर जिल्लाको कटारी बलियामा एक मन्दिर प्रतिष्ठानको शाखाको रुपमा सञ्चालनमा रहेको भने यस मन्दिरबाट एक आधारभुत प्राथमिक विद्यालय समेत सञ्चालनमा रहेको छ । उदयपुरको बेल्टार क्षेत्रमा पनि सुन्दरसाथहरु एकत्रित भैरहनु भएको छ ।

२२. ओखलढुङ्गा जिल्ला :-

पहाड देखी हिमालसम्म फैलिएको ओखलढुङ्गामा रगनी साल्पु, कुवापानी दहालटार र कटुन्जेमा समेत गरी ३ मन्दिर रहेका छन् । कटुन्जे संस्थागत शाखाको रुपमा छ भने कुवापानी र साल्पुको सञ्चालन राम्रोसंग हुन सकेको छैन । पुराना यी मन्दिर इतिहास बोकेका छन् तर संरक्षण र सञ्चालनमा सुन्दरसाथ कम भएका कारण समस्याग्रस्त पनि छ ।

श्रीकृष्ण प्रणामी मन्दिर साल्पु-

खिजडिम्बा गा.पा. मा अवीसथत साल्पु रगनीमा सेवा समितिको नाममा रहेको जग्गा दाताकै सन्ततीहरुले २०७२ को भुकम्पपछि घर निर्माण गरी बसोवास गर्दै आउनु भएको रहेछ । जग्गाको अग्र भागमा एक मन्दिर निर्माण गरिएको छ उद्घाटन नभएर सञ्चालन भएको छैन ।

२३. सोलुखुम्बु जिल्ला:-

सगरमाथाको काखमा रहेको जिल्लामा एक मात्र श्रीकृष्ण प्रणामी धाम मन्दिरका नामले नेचा सल्यानमा मन्दिर सञ्चालनमा छ । जग्गादाता संस्थापक श्री परशुराम बांस्तोला स्वयम् सो मन्दिरको अध्यक्षमा कार्यरत हुनुहुन्छ ।

ग. मधेश प्रदेश समन्वय समिति

मधेश प्रदेशमा रहेका ८ वट जिल्लामा ५ वटा जिल्ला समितिहरू छन् । यस प्रदेशमा ३१ वटा मन्दिर, ६ वटा सत्संग, १ अतिथि सदन र संस्थागत १ मन्दिर र ५ वटा जिल्ला समिति कार्यरत रहेका छन् । बारा पर्सा संयुक्त जिल्ला समिति अन्तर्गत रहेको निजगढ सडकटोलमा १०८ श्रीमत्तारतमसागर पाठपारायण भव्यताकासाथ सम्पन्न गरियो । यस प्रदेश समन्वय समिति अन्तर्गत रहेका सबै मन्दिररूमा सेवा पुजा,मेला पर्वहरू,बीतक चर्चा लगाएत जन्मोत्सवरू मनाउँदै आइएको छ । त्यसै गरी रौतहटको शान्तिनरमा पनि १०८ श्रीमत्तारतमसागर पाठपारायण भव्यताकासाथ सम्पन्न गरियो । यस वर्ष २०८३ मा सिमरा मन्दिरमा १२५ श्रीमत्तारतमसागर पाठपारायण र नजरपुर मन्दिरमा १०८ श्रीमत्तारतमसागर पाठपारायण भव्यताका साथ सम्पन्न गर्ने योजना रहेको छ । धनुषा र सिराहा जिल्लाको बिचमा एउटा राष्ट्रिय स्तरको कार्यक्रम गराईदिनुहुन अनुरोध गर्दछु ।

सम्योजक: राम औतार महतो

२४. सिराहा-सप्तरी जिल्ला समिति:-

सिराहा /सप्तरी जिल्ला अन्तरगत तपसिल बमोजिमका मन्दिरहरु रहेका छन् जुन मन्दिरहरु आर्थिक रुपले सम्पन्न रहेता पनि भौतिक रुपमा ज्यादै कमजोर अवस्थामा रहेका छन् । यसको अर्थ जग्गा जमिन भएर पनि मन्दिरका भवनहरु तथा आश्रमहरु नभएको पाईन्छ भने सुन्दरसाथको सख्या उल्लेख्य रहेता पनि मन्देर सञ्चालन तथा जागनी अभियान त्यति हुन सकिरहेको छैन ।

२५.सिराहा जिल्लामा अवस्थित मन्दिरहरु

१)श्री कृष्ण प्रणामी मन्दिर परिहारपुर

यो मन्दिरको स्थापनाकाल यकिन नभयतापनि सप्तरीको तरही मन्दिर निर्माणताका यहाँका सुन्दरसाथलाई सप्तरी जान समस्या भए पश्चात खरको छानो लगाई मन्दिर सञ्चालन हुदै आएको र यो क्रम कयौ वर्ष सम्म चलिआएको पाईन्छ जसको उदाहरण त्यहाका सुन्दरसाथहरुको कयौं पुस्ता यस सम्प्रदायमा आबद्ध भएकोले थाहा पाउन सकिन्छ ।पछिल्लो समयमा सुरदास महाराजले उक्त मन्दिरको जिर्णोद्वार गरे पश्चात हाल २०५०/०५१मा हालको मन्दिरको स्वरुप निर्माण

भएको पाईन्छ भने आफ्नो मन्दिरको नाममा २ विगाहा जग्गा र मन्दिर रहेको ठाँउमा ३ कट्ठा जग्गा रहेको पाईन्छ हाल उक्त मन्दिरमा महन्त पुजारी सहित भान्सेको व्यवस्थापन भएकोले मेलापर्व वितक वार्षिक लगाएत अन्य जागनी महोत्सवहरु पनि हुदै आएका छन् । यो मन्दिर सेवा समिति नेपालमा दर्ता रहदै आएको र वार्षिक प्रगति तथा आय व्यय विवरण दिदै आएको छ । यस मन्दिर परिसरमा १५० घरधुरी र ६०० सुन्दरसाथ रहेको अनुमान छ ।

२) श्री कृष्ण प्रणामी मन्दिर लाहान २४ गोविन्दपुर

श्री कृष्ण प्रणामी सेवा समितिको शाखाको रुपमा रहेको यस मन्दिरको स्थापना २०२५ सालमा त्याहाका समाजसेवी तथा धार्मिक सन्त व्यक्तित्व रघुदासजीले आफु सन्त भेष धारण गरे पश्चात २ विगाहा जग्गा मन्दिरलाई दान गरेको पाईन्छ । त्यसपछि वहाका छोरा विल्टु दासले सेवा समितिमा दर्ता गरेको र मन्दिरलाई जग्गा पास गर्न अथक प्रयास गर्नं भएको तथा २०६२ सालमा हालको मन्दिर निर्माण गरि राजजीको सिंहासन पदार्पण गरि ९ कट्ठा जग्गामा मन्दिर निर्माण गरि सेवापुजा गर्न लाग्नु भएको तथा हाल आएर वहाँका छोरा जुगेश्वर दासले मन्दिर सञ्चालन गर्दै आउनु भएको र १ विगाहा ५ कट्ठा जग्गा परिवार संग मिलापत्र गरि मन्दिरको नाममा आएको ले निकट भविश्यमा सेवा समिति मार्फत मन्दिरको नाममा उक्त जग्गा दर्ता हुने अवस्थामा छ ।सो मन्दिरमा विहान बेलुकाको सेवापुजा जुगेश्वर दास बाट संचालन हुदै आएको छ भने यो मन्दिर सेवा समितिमा दर्ता रहेको छ । यस मन्दिर एरियामा झण्डै १४० घर र ७०० जति सुन्दरसाथ रहेको अनुमान छ ।

३) श्री कृष्ण प्रणामी मन्दिर परिहारपुर पुरानो

करिव २.५ विगाहा जग्गामा अवस्थित सुन्दर वाग वगैचा रहेको यस मन्दिर परिहारपुर नयाँ मन्दिर नजिकै रहेको छ र यसको जग्गा मोहीको नाममा रहेकाले सो जग्गावाला हरुसंग छलफल पश्चात सेवासमिति नेपालमा आबद्ध भई दर्ताको अवस्थामा रहेको छ ।

आ. व. २०८२/०८३ मा यस मन्दिरले ५४ पाठपारायण गरि १ तले मन्दिर निर्माण गरेको छ भने यसमा स्थानीय पुजारीद्वारा दैनिक सेवापुजा हुदै आएको पाईन्छ ।

४) श्री राधाकृष्ण प्रणामी मन्दिर पिडरवनी वस्तीपुर लाहान

झण्डै २० घरधुरी तथा ९०जना जति सुन्दरसाथ रहेको यस मन्दिर क्षेत्रमा सुन्दर पोखरी, वगैचा तथा एउटा मन्दिर भवन रहेको छ ऐलानी जग्गा झण्डै ४ विगाहामा फैलिएको पोखरीसहित यो मन्दिर स्थानीय सुन्दरसाथहरुको सक्रियतामा संचालन हुदै आएको र मन्दिर स्थापना गर्ने दाताहरुबाट १ विगाहा नम्वरी जग्गा दान गर्ने आश्वासन पाप्त भएको छ । पुजारी तथा महन्तको आवश्यकता रहेको यो मन्दिरमा जागनी कार्यक्रम संचालन गर्न सकिएमा सुनदरसाथको सख्या बढ्ने देखिन्छ ।यो सेवा समितिमा दर्ताको प्रकृयामा नरहेको जानकारी गराउदछु ।

४) श्री कृष्ण प्रणामी मन्दिर, गडिया सिराहा

८ धुर निजी जग्गामा स्थापना भएको यो मन्दिर क्षेत्रमा ३० घरधुरी र १२० सुन्दरसाथ रहेको अनुमान छ दैनिक सेवापुजा तथा वार्षिक उत्सव संचालन हुदै आएको यस मन्दिर पनि निकट भविश्यमा सेवा समितिमा दर्ता हुने अवस्थामा रहेको छ।

५) श्री कृष्ण प्रणामी मन्दिर पोर्ताहा सिराहा

१ कट्ठा नम्वरी जग्गामा निर्माण भएको यो मन्दिर न.पा.र वडाको अनुदानमा सुन्दर मन्दिर भवन तयार रहेको तर राजजीको सिंहासन पदार्पण नगरिएको अवस्थामा छ । यो मन्दिर एरियामा २०/२५ घर र १०० जति सुन्दरसाथ रहेको पाईन्छ ।

६) श्री कृष्ण प्रणामी मन्दिर माधवपुर सिराहा

आफ्नै निजी जग्गामा निर्माणाधिन यस मन्दिर एरियामा कम सुन्दरसाथ रहेको भएतापनि निजी स्तरमा पुजारी राखि दैनिक सेवापुजा ,वार्षिक उत्सव जन्माष्टमी पर्व बढो धुमधामका साथ मनाउदै आएको र सेवा समितिमा दर्ताको लागि पहल भईरहेको छ ।

२६.सप्तरी जिल्ला

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

१) श्री कृष्ण प्रणामी मन्दिर चकदह सुरुङ्गा सप्तरी

झण्डै २७७ वर्ष अघि स्थापना भएको यो मन्दिर श्री कृष्ण प्रणामी सेवा समितिमा दर्ता भएका मन्दिरहरु मध्ये जग्गा जमिनमा अग्रपङ्तिमा रहेको छ। ४२ विगाहा जग्गा रहेको भएतापनि यस मन्दिर क्षेत्रमा अत्यन्तै न्युन सुन्दरसाथ रहनु तथा जागनी कार्यक्रम ठप्प रहनुको कारणले भएको जग्गा जमिन पनि कयौं वर्ष देखि बाझै रहेको र राजश्व समेत तिर्न नसकेको अवस्था छ। विभन्न किम्वदन्ती अनुसार झण्डै ५०० विगाहा क्षेत्रफलमा फैलियको यो मन्दिर हाल आयर ४ विगाहामा रहेको वगैचा र मन्दिर क्षेत्रमा सिमित रहेको छ। वभिन्न महन्त,गुठी र मन्दिरको नाममा रहेको जग्गा लाई एकमुष्ठ श्री कृ्ण प्रणामी सेवा समिति मार्फत मन्दिरको नाममा दर्ता गराउन पहल गर्नपर्ने देखिन्छ।ठुला ठुला जागनी महोत्सवको आयोजना गरि धर्मको जानकारी गराउनुपर्ने र मन्दिरमा आश्रम लगायत विद्यालय,गौशाला,अस्पताल जस्ता संरचना निर्माण गर्नपर्ने देखिन्छ।जम्मा ३० घर र १०० जना जति सुन्दरसाथ रहेको यो मन्दिर श्री कृष्ण प्रणामी सेवा समिति नेपालमा दर्ता रहेको छ।

२) श्री कृष्ण प्रणामी मन्दिर तरही डाक्नेश्वरी सप्तरी

वि.स.१८०६ सालमा स्थापना भएको तथा भग्नावशेष अवस्थामा रहेको यो मन्दिरको नाममा हाल ७ विगाहा जग्गा रहेको र मन्दिर क्षेत्रमा १ घर मात्र सुन्दरसाथ रहेकोले यसको संरक्षण तथा संम्बर्धन गर्न कठिनाई रहेको छ। महन्तको नाममा रहेको उक्त जग्गा मन्दिरको नाममा ल्याउन धेरै प्रयासहरु भईरहेको भएतापनि केन्द्रको प्रत्यक्ष संलग्नता अपरिहार्य रहेको पाईन्छ।हाल १जना महन्त र १ जना पुजारी रहेको उक्त मन्दिरमा प्रदेश सरकारबाट केही सकमको विनियोजनको आश्वासन प्राप्त भएको छ।

३)श्री कृष्ण प्रणामी सतसंघ समिति रजैपट्टी सप्तरी

करिब ५० घरधुरी र १०० जना जति सुन्दरसाथ रहेको यस क्षेत्रमा मन्दिर जान अपायक भएकोले सेवा समितिद्वारा सतसंघ समितिको अनुमति दिई कार्यक्रम संचालन हुदै आएको छ।

जितेन्द्र यादव
अध्यक्ष
जिल्ला कार्य समिति सिराहा/ सप्तरी

२७ धनुषा-महोत्तरी जिल्ला समिति:-

श्री कृष्ण प्रणामी जिल्ला सेवा समिति महोत्तरी र धनुषामा हालसम्म झण्डै ४१५ घरधुरी रहेका तथा उक्त घरधुरीमा जम्मा १६४० जना सुन्दरसाथहरु रहेको भएता पनि सुन्दरसाथहरुको एकिन गणना गर्न नसकिएको व्यहोरा अवगत गराउन चाहन्छु। साथै गत आ.व. २०८२/०८३ मा यस जिल्ला सेवा समितिले तपसिल अनुसारको कार्यक्रम गरेको व्यहोरा अवगत गराउन चाहन्छु ।

श्रीकृष्ण प्रणामी मन्दिर कुसुम बिछौना मिथिला न.पा.

यस मन्दिर क्षेत्रमा २ ओटा मन्दिर रहेका र ७० घर धुरी रहेका र २८० जना सुन्दर साथहरु रहेका छन् साथै उक्त मन्दिर सेवा समितिको शाखा नरहेको र उक्त मन्दिर पटनाका महन्त सुरेस दास र रणधिर दासको रेखदेखमा सञ्चालन हुँदै आएको छ भने उक्त मन्दिरहरुको जग्गा २ कट्ठा नम्बरी र १ विगाहा ५ कट्ठा ऐलानी जग्गा रहेको छ । उक्त मन्दिरहरुले वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छन् ।

श्रीकृष्ण प्रणामी मन्दिर बटेश्वर, मिथिला न.पा.:

यस मन्दिर ०-२-० जग्गामा अवस्थित छ र सो बाहेक यस मन्दिरको नाममा २ विगाहा जग्गा रहेको र उक्त जग्गाको आम्दानीले सो मन्दिर संचालन हुदै आएकोमा हाल उक्त मन्दिरका संस्थापक महन्तको धामगमन भई सकेकोले पुजारीको अभाव रहेको छ । उक्त मन्दिर क्षेत्रमा ५० घरधुरी र १०० जना भन्दा बढी सुन्दरसाथहरु रहेका छन् । उक्त मन्दिर श्रीकृष्ण प्रणामी सेवा समितिमा दर्ता नरहेको तर पछिल्लो समयमा उक्त मन्दिर जिल्लामा दर्ता रहेको छ । सेवा समितिको सक्रियता तथा स्थानीय सुन्दरसाथको आग्रसरतामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरी बजेट विनियोजन मार्फत एकतले मन्दिरको निर्माण भएको छ ।

श्री राधाकृष्ण प्रणामी मन्दिर लक्ष्मीनिवास ढल्केवर: मिथिला न.पा.

४-१०-० नम्वरी जग्गामा निर्माण यस मन्दिर एक तले गजुर सहित पक्की भवनमा सिंहासन पदार्पण गरी नित्य सेवा पूजा सञ्चालन हुँदै आइरहेको छ । ३०० घर धुरी भन्दा बढी र १००० जना भन्दा बढी सुन्दरसाथ रहेको यस मन्दिरमा मेलापर्व तथा वार्षिक उत्सव लगायत जन्माष्टमी कार्यक्रम धुमधामसँग मनाउँदै आइरहेको छ । उक्त मन्दिर पटनाका महन्त सुरेस दास र गंगापुरका महन्त रणधिर दासको रेखदेखमा सञ्चालन हुँदै आएको छ भने उक्त मन्दिर श्रीकृष्ण प्रणामी सेवा समितिमा दर्ता नरहेको व्यहोरा अवगत गराउँदछु ।

श्री कृष्ण प्रणामी मन्दिर ढल्केबर(राजाराम महतोको घर मन्दिर) मिथिला न.पा.

राजाराम महतोको घरमा सञ्चालित यस मन्दिरले "घर घर जागनी, जन जन जागनी" कार्यक्रम अन्तर्गत सुन्दरसाथहरुको टोलटोलमा पालो गरी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ भने यस मन्दिरले आफ्नो विभिन्न धार्मिक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । उक्त मन्दिर श्रीकृष्ण प्रणामी सेवा समितिमा दर्ता नरहेको व्यहोरा अवगत गराउँदछु ।

श्रीकृष्ण प्रणामी मन्दिर हथमुण्डा धनुषा

१-५-० नम्बरी जग्गामा १ तले गजुर सहितको मन्दिर निर्माण गरी दैनिक सेवा पुजा सञ्चालन गर्दै आइरहेको यस मन्दिर क्षेत्रमा ७० घर धुरी रहेका र २१० भन्दा बढी सुन्दरसाथहरु रहेको छ । यस मन्दिरले वार्षिक कार्यक्रमहरु अन्तर्गत वार्षिक उत्सव, वितक, जन्माष्टमी पर्व लगायत मुख्यमुख्य मेलापर्वहरु सञ्चालन गर्दै आइरहेको छ । यस मन्दिरमा पुजारीको काम स्थानीय सुन्दरसाथहरुले गर्दै आउनु भएको छ । उक्त मन्दिर श्रीकृष्ण प्रणामी सेवा समितिमा दर्ता नरहेको व्यहोरा अवगत गराउँदछु ।

श्रीकृष्ण प्रणामी मन्दिर रजौर,जनकपुर उ.म.न.पा.१४

श्रीकृष्ण प्रणामी सेवा समितिमा दर्ता रहेको यस मन्दिर २ कट्ठा जग्गामा निर्माण धिन छ र यस मन्दिरको रेखदेख राधा गजुरेल मातावाट सेवा पूजा सञ्चालन हुँदै आएको छ । उक्त जग्गामा हाल प्रदेश सरकार र अन्य सुन्दरसाथहरुको आर्थिक सहयोग तथा सक्रियतामा गत वर्ष मात्र तीन तले सुन्दर मन्दिर निर्माण भइरहेको र सो मन्दिरमा विभिन्न वार्षिक कार्यक्रम लगायत वितक वार्षिक उत्सव, जन्माष्टमी पर्व लगायत सम्पूर्ण मेलापर्वहरु सञ्चालन हुँदै आइरहेका छन् । लगभग २५ घर धुरीमा ५० जनाभन्दा बढी सुन्दरसाथहरु रहेको यस मन्दिरमा नियमित पुजारी नभएकोले सुन्दरसाथहरुलेनै नियमित सेवा पुजा गर्दै आइनु भएको छ ।

सदानन्द सेवा आश्रम अपनाघर कमलाकिनार, गणेशमान चारनाथ न.पा.धनुषा

ऐलानी जग्गामा **गणेशमान चारनाथ न.पा. ले** निर्माण गरेको एकतले दुइवटा भवन सहित सभाहल भएको यस क्षेत्रमा जम्मा २१ जनाभन्दा बढी सडकबाट उठाइएका अशक्त मानिसहरु रहेका छन् । यस ठाउमा एक राजश्यामाजीको सिंहासन राखि दैनिक सेवा पूजा गर्न पुजारीको व्यवस्थापन गरी वार्षिक उत्सव, मेलापर्वहरु नियमित रुपमा सञ्चालन गर्दै आइरहेको छ भने यस मन्दिरले आफ्नो दैनिक सेवाका कार्यहरु सञ्चालन गर्दै आइरहेको छ । मन्दिरको रेखदेख प्रचारक केशव लामिछाने र संजय गुप्ताबाट भइरहेको छ ।

आ.व. २०८२/०८३ मा यस जिल्ला सेवा समितिले गरेका प्रगति विवरणहरु

- यस समितिले २०८२/०८३ को वितककथाका लागि प्रत्येक मन्दिर इकाईहरुसँग समन्वय गरी कथा वाचक पण्डित प्रचारकहरुको व्यवस्थापन गरी सम्पूर्ण मन्दिरको परिभ्रमण कार्य सम्पन्न गरियो ।
- रौतहट तथा बारा जिल्लामा भएका १०८ पाठपारायण कार्यक्रममा सक्रिय सहभागि भई दुवै जिल्लाहरुका सम्बन्धित मन्दिरको कार्यक्रममा सहयोग गरी केही रकम प्रदान गरिएको थियो ।
- "घर घर जागनी, जन जन जागती" अभियानलाई सार्थकता दिन नयाँ सुन्दरसाथको जागनी गराइयो ।
- प्रत्येक इकाइ मन्दिरहरुमा गई आर्थिक कारोवार तथा प्रगति प्रतिवेदन सम्बन्धी सुझाव र सल्लाह दिने कार्य गरियो ।
- प्रत्येक मन्दिर इकाईहरुमा हुँदै गएको निर्माण कार्य सञ्चालन गर्न बजेट विनियोजन लागि प्रवेश सरकार

स्थानीय, नगरपालिका, गाउँपालिका सम्बन्धित वडा कार्यालयहरुमा समन्वयकारी भूमिका निर्वाह गरियो ।

- गतवर्ष विभिन्न तिथिमितिमा धाम गमन हुनुभएको सुन्दरसाथहरुको परिवारमा गई समवेदना दिनका साथै श्रद्धान्जली पत्र प्रदान गरियो । यसको मेहरसागरपाठ एकाहापाठपारायण र अखण्ड जप गर्ने कार्य गरियो ।
- सेवा समितिभन्दा अलग रहेका इकाई मन्दिरहरुलाई सेवा समितिमा समायोजन गर्न छलफल गरियो ।

आगामी कार्यक्रमहरु

- घरधुरी संख्या र सदस्य संख्याको लागत संकलन व्यवस्थित र वैज्ञानिक बनाउने ।
- अधुरा रहेका मन्दिरहरुको जग्गा तथा भवन निर्माण मा सक्रिय सहभागिता जनाई अधुरा भवनहरुलाई पूर्णता दिने कार्यमा सहभागिता जनाउने ।
- मन्दिरले उपभोग गरेको ऐलानी जग्गाहरुको हकभोगका लागि सम्बन्धित निकायमा समन्वय गर्ने ।
- राष्ट्रिय स्तरका कार्यक्रम गर्न इकाई मन्दिरहरुलाई प्रोत्साहन गर्ने ।
- प्रत्येक इकाई मन्दिरहरुलाई अनिवार्य रुपमा बाल मण्डली गठन गर्न लगाई प्रशिक्षण कर्याक्रम सञ्चालन गर्न निर्देशन दिने र सोको नियमित अनुगमन गर्ने ।
- निष्क्रिय रहेका इकाई मन्दिरहरुलाई सक्रिय बनाउन रेहेनी आचरण र दैनिक सेवा पूजाको प्रशिक्षण चलाउने ।
- जागनीलाई बढोत्तरी गर्न वर्षमा १ ओटा सार्वजनिक धार्मिक कार्यक्रम सञ्चालन गर्ने ।
- सेवा समितिमा दर्ता नरहेका मन्दिरहरुलाइ क्रमश : सरसल्लाह गरी दर्ता प्रक्रिया अगाडि बढाउने ।

समस्या र चुनौतिहरु :

- यस जिल्लामा जम्मा ४१५ घर धुरी रहेका सो घर धुरीमा १६४० जना सुन्दरसाथ र ८ ओटा इकाई मन्दिर रहेको भएता पनि पछिल्लो समय युवा जनशक्तिको विदेश पलायन र बालबालिकाहरुमा प्रशिक्षणको कमी रहेकोले धर्मप्रति आस्थावान र कटिबद्ध बनाउन असमर्थ रहेको ।
- भएका सुन्दरसाथहरु पनि धार्मिक कार्यक्रममा भन्दा घरायसी कार्यमा व्यस्त रहेकाले मन्दिर सञ्चालन गर्न समस्या रहेको ।
- कति मन्दिरहरुमा पुजारीको व्यवस्थापन हुन नसकेकोले दैनिक सेवा पूजा गर्न कठिनाई रहेको ।
- समितिका पदाधिकारीहरुमा आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा जानकारी नभएको ।
- जिल्ला स्तरीय भातृ तथा भगिनी संगठनहरू (युवा परिषद् र बाइजुराज महिला समिति) ले विधान अनुसार काम गर्न नसकेको ।
- स्थानीय इकाइमा रहनु भएका सुन्दर साथहरु धार्मिक कार्यक्रम भन्दा व्यक्तिगत कार्यमा व्यस्थ रहनु भएको ।

समस्या समाधानका लागि सुझावहरु

- सुन्दरसाथको संख्यामा वृद्धि गर्न गुरुजन सहित जागनी कार्यक्रम सञ्चालन गर्नको लागि केन्द्रमा पहल गर्ने ।
- पुजारी व्यवस्थापनका लागि केन्द्रले सञ्चालन गरेका प्रशिक्षण कार्यक्रममा सहभागी गराउन इच्छुक व्यक्तिलाई उत्साहित गराउने ।
- घर दैलो कार्यक्रम सञ्चालन गरी निष्कृय रहेका सुन्दरसाथहरुलाई सक्रिय बनाउने ।
- बैठक बोलाई समितिका सदस्यहरुलाई आत्म आलोचना गर्ने र गर्न लगाउने ।
- भातृ तथा भगिनी संगठनहरुलाई सक्रिय बनाउन केन्द्रीय समिति समक्ष प्रशिक्षणको माग गर्ने ।

२८. सर्लाही जिल्ला समिति:-

सर्लाही जिल्लामा ८ वटा मन्दिर, १ सत्संग समिति र १ प्रतिष्ठानको शाखा सहित जिल्ला समिति सञ्चालनमा रहेको छ । जिल्लाले सबैसंग सहजीकरण गरी सकृय भुमिका निर्वाह गरिरहेको छ भने यस जिल्लाको बरहथवा स्थित मन्दिर सेवा समितिको शाखा भए पनि छुटै दर्ता समेत रहेको छ केही समन्वय र सहजिकरणको आवश्यक देखिएको छ । श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल स्थापना कालदेखि ६० वर्ष पूरा हुँदै गर्दा हामी बल्ल ५ औं साधारणसभा गर्न गइरहेका छौं । यस अवसरमा यस जिल्ला सेवा समितिले हालसम्म भए गरेका कार्यहरु यहाँहरु सबैलाई अवगत गराउन चाहन्छु ।

हाम्रो जिल्ला सेवा समिति श्री कृष्ण प्रणामी सर्लाहीमा हालसम्म ५४७ घरधुरी रहेका तथा उक्त घरधुरीमा जम्मा १९११

जना सुन्दर साथहरु रहेको व्यहोरा अवगत गराउन चाहन्छु । साथै गत आ.व. २०८२/०८३ मा यस जिल्ला सेवा समितिले तपसिल अनुसारको कार्यक्रम गरेको व्यहोरा अवगत गराउन चाहन्छु ।

श्रीकृष्ण प्रणामी मन्दिर बरहथवा सर्लाही :

यस मन्दिर क्षेत्रमा ५० घर धुरी रहेका र २२५ जना सुन्दर साथहरु रहेका छन् साथै उक्त मन्दिर सेवा समितिको शाखा भएता पनि हाल उक्त मन्दिर पटनाका महन्त सुरेस दासको रेखदेखमा सञ्चालन हुँदै आएको छ भने उक्त मन्दिरको जग्गा ३-१०-० रहेको छ । उक्त मन्दिरले वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

श्रीकृष्ण प्रणामी मन्दिर सुखेपोखरी, हरिवन-१० सर्लाही :

यस मन्दिर ०-६-० जग्गामा अवस्थित छ सो क्षेत्रमा १६ घरधुरी र ६४ जना सुन्दर साथहरु रहेका छन् । उक्त मन्दिर श्रीकृष्ण प्रणामी सेवा समितिमा दर्ता रहेको तर पछिल्लो समयमा गोविन्दप्रसाद चौलागाईज्यू अध्यक्ष भए पश्चात् श्री कृष्ण प्रणामी प्रतिष्ठान इटहरी मार्फत सञ्चाल र सम्वर्द्धन हुँदै आइरहेको छ । उक्त मन्दिर निर्माण का लागि जिल्ला सेवा समितिको सक्रियता तथा स्थानीय सुन्दर साथको आइसरतामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरी बजेट विनियोजन मार्फत एकतले विशाल मन्दिरको निर्माण हुँदै गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

श्रीकृष्ण प्रणामी मन्दिर भोर्लेनी, लालबन्दी-१६, परवानीपुर सर्लाही :

श्रीमान्/श्रीमती प्रेमबहादुर कार्कीद्वारा ऐलानी ०-०-१० जग्गामा निर्माण धिन यस मन्दिरको कूल पुँजी २५,००,००० ।- (पच्चीस लाख) रहेको छ भने यसमा दुई तले पक्की भवनमा सिंहासन पदार्पण गरी नित्य सेवा पूजा पालो द्वारा सञ्चालन हुँदै आइरहेको छ । १८ घर धुरी र ७० जना सुन्दरसाथ रहेको यस मन्दिरमा बाह्र, मेलापर्व तथा वार्षिक उत्सव वितक लगायत जन्माष्टमी कार्यक्रम धुमधामसँग मनाउँदै आइरहेको छ ।

श्रीकृष्ण प्रणामी सतसंघ समिति लालबन्दी न.पा.-६, सर्लाही

विष्णुप्रसाद भट्टराई तथा अन्य सुन्दरसाथहरुको सक्रिय सहभागीतामा मिति २०७२ सालमा स्थापना भई यस वर्ष ११ औं वार्षिक उत्सव मनाउन सफल यस सतसंघ समितिसँग आफ्नो छुट्टै घरजग्गा र भवन नभएता पनि सबै सुन्दरसाथहरुले घरमा वार्षिकसेवा भेलापर्व र उत्सवहरु सञ्चालन हुँदै आएको र "घर घर जागनी, जन जन जागनी" कार्यक्रम अन्तर्गत ८० घरधुरी र ३२० जना भन्दाबढी सुन्दरसाथहरुको टोलटोलमा पालो गरी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छन् भने यस संतसंघ समितिले आफ्नो आय-व्ययको कारोवार बैंक खाता मार्फत सञ्चालन गर्दै आइरहेको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर हरकठवा, ईश्वरपुर-१४, सर्लाही

०-५-० ऐलानी जग्गामा २ तले गजुर सहितको मन्दिर निर्माण गरी दैनिक सेवा पुजा सञ्चालन गर्दै आइरहेको यस मन्दिर क्षेत्रमा ७० घर धुरी रहेका र २१० भन्दा बढी सुन्दरसाथहरु रहेको पाइन्छ । उक्त मन्दिरको कूल पुँजी ४०,००,००० ।-भन्दा बढी रहेको छ भने यस मन्दिरले वार्षिक कार्यक्रमहरु अन्तर्गत वार्षिक उत्सव, वितक, जन्माष्टमी पर्व लगायत मुख्यमुख्य मेलापर्वहरु सञ्चालन गर्दै आइरहेको छ । यस मन्दिरमा पुजारीको काम स्थानीय सुन्दर साथ पवित्तर महतो प्रणालीले गर्दै आउनु भएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर सासापुर हरिवन-३, धारटोल, सर्लाही :

हरिनारायण महतोको निजी जग्गा ०-०-३ मा सेवा पूजा सञ्चालन हुँदै आएकोमा उक्त जग्गा कम भई हाल शम्भुप्रसाद पोखरेल तथा अन्य सुन्दरसाथहरुको आर्थिक सहयोग तथा सक्रियतामा ०-१-११ नम्वरी जग्गामा गत वर्ष मात्र एक तले सुन्दर मन्दिर निर्माण भएको र सोही जग्गामा विभिन्न वार्षिक कार्यक्रम लगायत वितक वार्षिक उत्सव, जन्माष्टमी पर्व लगायत सम्पूर्ण मेलापर्वहरु सञ्चालन हुँदै आइरहेका छन् । लगभग ५० घर धुरीमा १०० जनाभन्दा बढी सुन्दरसाथहरु रहेको यस मन्दिरको कूल पुँजी रु. ७०,००,००० ।- भन्दा बढी रहेको छ । यस मन्दिरमा नियमित पुजारी नभएकोले घरवालाले नै नियमित सेवा पुजा गर्दै आइनु भएको छ । यस मन्दिर २० सालमा स्थापना भएको र यस मन्दिरले यस पर्व ..... औं वार्षिक उत्सव मनाइको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी मन्दिर राजघाट बागमती न.पा. सर्लाही

०-९-० नम्बरी जग्गामा निर्माण गरिएको १,००,००,००० ।- (एक करोड) पुँजी भएको यस मन्दिर स्थानीय सुन्दरसाथहरुको आर्थिक सहयोग तथा सहभागीतामा वि.सं. २०५६ मा स्थापना भई हाल यस मन्दिरले २७ औं वार्षिक उत्सव मनाएको छ । एकतले मन्दिर र एक भान्सा घर सहित सभाहल भएको यस मन्दिर क्षेत्रमा जम्मा २५ घरधुरी र १०० जनाभन्दा बढी सुन्दरसाथहरु रहेका छन् । यस मन्दिरले दैनिक सेवा पूजा गर्न पुजारीको व्यवस्थापन गरी वार्षिक उत्सव, वितक लगायत बाह्र मेलापर्वहरु नियमित रुपमा सञ्चालन गर्दै आइरहेको छ भने यस मन्दिरले आफ्नो जग्गाको वार्षिक आम्दानीबाट मन्दिरका दैनिक सेवाका कार्यहरु सञ्चालन गर्दै आइरहेको र केही रकम बैंक मौज्जाद रहेको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर शंकरपुर, बागमती-१०,सर्लाही :

कुल पुँजी ४५ लाख रहेको यस श्रीकृष्ण प्रणामी मन्दिर शंकरपुरको स्थापना वि.सं. २०६३ सालमा भएको हो । समाजसेवी तथा धर्मानुराधी सुन्दरसाथ चेतप्रसाद बरालबाट ०-१-० नम्बरी जग्गामा निर्माण धिन २ ओटा एक एक तले भवन रहेको र सो मन्दिरले भोगचलन गर्दै आएको ऐलानी १-१५-० जग्गा रहेको यस मन्दिरको दैनिक सेवा पुजा आफ्नै मन्दिरको आम्दानीबाट सञ्चालन हुँदै आइरहेको र चेतप्रसाद बरालले १०८ पारायण आफैले पाठ गरी पूर्णाहुतीमा प्राप्त रकमले मन्दिरको माथिल्ला तला निर्माण कार्य भइरहेको पाइन्छ । यस मन्दिर क्षेत्रका १८ घरधुरी र ७२ जना सुन्दरसाथहरु रहेका छन् ।

श्रीकृष्ण प्रणामी मन्दिर घुर्कौली, हरिवन-५, सर्लाही

२०५४ सालमा स्थापना भएको यस मन्दिरको कूल पुँजी ४० लाखभन्दा माथि रहेको छ । यो मन्दिर ०-७-० ऐलानी जग्गामा १ तले सुन्दर भवन निर्माण भइ दैनिक सेवा पुजा सञ्चालन हुँदै आइरहेको छ । ७० घर धुरी रहेको तथा २५० जना सुन्दरसाथ रहेको यस मन्दिरमा वार्षिक उत्सव, वितक तथा जन्माष्टमी मेला लगायत अन्य मेलापर्वहरु मनाउँदै आइरहेको पाइन्छ । प्रदेश सरकार, हरिवन नगरपालिका र वडा कार्यालयबाट विनियोजित बजेट द्वारा भवन तथा मुलगेटको निर्माण भएको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर छटौल, धनकौल-४, सर्लाही

वि.सं. २०७१ सालमा स्थानीय समाजसेवी नारायण भगतद्वारा स्थापित भई १२औं वार्षिक उत्सव मनाउन सफल यस मन्दिरको कूल पुँजी ७३,३०,००० ।- (त्रिहत्तर लाख तीस हजार) र ०-१-० नम्बरी जग्गा र ०-१५-० ऐलानी जग्गा रहेको यस मन्दिर एरियामा १५० घर धुरी र ५०० भन्दा बढी सुन्दरसाथहरु रहेका छन् दैनिक सेवा पूजा गर्नका लागि पुजारीको व्यवस्था नभएको कारण समितिले आलो पालो गरी दैनिक सेवा पूजा सञ्चालन हुँदै आइरहेकोछ भने यस मन्दिरले वार्षिक उत्सव, वितक, जन्माष्टमी पर्व लगायत अन्य मुख्य मुख्य मेलापर्वहरु सम्पूर्ण सुन्दरसाथहरुको उपस्थितिमा सञ्चालन गर्दै आइरहेको छ स्थानीय सरकार र वडा समितिको सक्रियतामा भौतिक निर्माण कार्यहरु सञ्चालन हुँदै आइरहेका छन् ।

आ.व. २०८२/०८३ मा यस जिल्ला सेवा समितिले गरेका प्रगति विवरणहरु

अव म आ.व. २०८२/०८३ को प्रगति विवरण पेश गर्ने अनुमति चाहन्छु :
अध्यक्षज्यू !

- यस समितिले २०८२/०८३ को वितककथाका लागि प्रत्येक मन्दिर इकाईहरुसँग समन्वय गरी कथा वाचक पण्डित प्रचारकहरुको व्यवस्थापन गरी सम्पूर्ण मन्दिरको परिभ्रमण कार्य सम्पन्न गरियो ।
- २०८२ सालको दशै पर्वको अवसर पारी पशु हिंसा विरुद्ध जनचेतनामूलक च्याली सञ्चालन गरी सर्लाही जिल्लाको कविलासी नगरपालिकामा रहेको प्रसिद्ध चमेलीमाई र गढीमाई मन्दिरको सरसफाइ गरी हिंसा विरुद्धको धार्मिक प्रवचन कार्यक्रम सम्पन्न गरियो ।
- जिल्ला सेवा समिति, सर्लाहीको आयोजना तथा १० ओटा इकाई मन्दिर र भातृ तथा भगिनी संस्थाहरुको सहकार्यमा पृथ्वी परिक्रममा कार्यक्रम भव्य रुपमा सञ्चालन गरियो । जस अन्तर्गत श्रीकृष्ण प्रणामी मन्दिर सुखेपोखरीबाट शुरु भई १० वटा मन्दिर परिक्रमा पश्चात् पुनः सुखेपोखरी मन्दिरमा आई सो कार्यक्रम समापन भयो । यस कार्यक्रममा

श्रीकृष्ण प्रणामी मन्दिर भोर्लेनी, परवानीपुरले खाजा नास्ताको व्यवस्था गरेको थियो भने भोजनको व्यवस्था श्रीकृष्ण प्रणामी मन्दिर छटौलले गरेको थियो । सो कार्यक्रममा रथको व्यवस्थापन श्रीकृष्ण प्रणामी युवा परिषद् मधेश प्रदेशका अध्यक्ष उद्धव तिमल्सिनाले गर्नुभएको थियो ।

- श्रीकृष्ण प्रणामी सेवा समिति सर्लाहीका सक्रियता तथा लायन्स क्लव अफ हेटौडाको सहयोगमा श्रीकृष्ण प्रणामी मन्दिर घुर्कौलीमा मोतियाविन्दु सम्बन्धी आँखा परीक्षण गरी निःशुल्क ४० जनाको मोतियाविन्दुको शल्यक्रिया गराइयो । जसमा युवा परिषद् सर्लाही र बाइजुराज महिला समिति, सर्लाहीको पनि सक्रिय सहभागिता रहेको थियो ।
- रौतहट तथा बारा जिल्लामा भएका १०८ पाठपारायण कार्यक्रममा सक्रिय सहभागि भई दुवै जिल्लाहरुका सम्बन्धित मन्दिरको कार्यक्रममा क्रमशः एक/एक छाक भोजनको व्यवस्थापन गरियो । जसमा ९६,३१०।- सहयोग गरी सोही रकम प्रदान गरिएको थियो ।
- "घर घर जागनी, जन जन जागती" अभियानलाई सार्थकता दिन नयाँ सुन्दर साथको जागनी गराइयो ।
- प्रत्येक इकाइ मन्दिरहरुमा गई आर्थिक कारोवार तथा प्रगति प्रतिवेदन सम्बन्धी सुझाव र सल्लाह दिने कार्य गरियो ।
- प्रत्येक मन्दिर इकाइहरुमा हुँदै गएको निर्माण कार्य सञ्चालन गर्न बजेट विनियोजन लागि प्रवेश सरकार स्थानीय, नगरपालिका, गाउँपालिका सम्बन्धित वडा कार्यलयहरुमा समन्वयकारी भूमिका निर्वाह गरियो ।
- श्रीकृष्ण प्रणामी सेवा समिति सर्लाहीको चौथो साधारणसभा विभिन्न सम्मान कार्यक्रमहरु सहित श्रीकृष्ण प्रणामी मन्दिर सासापुर, हरिवन-३, धारटोलमा सम्पन्न गरियो ।
- गत वर्ष यस समितिले ३ ओटा प्रत्यक्ष वैठक र ६ ओटा अनलाईन वैठक गऱ्यो ।
- गतवर्ष विभिन्न तिथिमितिमा धाम गमन हुनुभएको सुन्दरसाथहरुको परिवारमा गई समवेदना दिनका साथै श्रद्धान्जली पत्र प्रदान गरियो । यसको मेयरसागरपाठ एकाहापाठपारायण र अखण्ड जप गर्ने कार्य गरियो
- सेवा समितिभन्दा अलग रहेका इकाई मन्दिरहरुलाई सेवा समितिमा समायोजन गर्न छलफल गरियो ।

आगामी कार्यक्रमहरु

अध्यक्षज्यू !

अब म आगामी कार्यक्रमका बारेमा छोटकरीमा उल्लेख गर्ने अनुमति चाहन्छु :

- घर धुरी संख्या र सदस्य संख्याको लागत संकलन व्यवस्थित र वैज्ञानिक बनाउने ।
- अधुरा रहेका मन्दिर तथा सतसंघ समितिहरुको जग्गा तथा भवन निर्माण मा सक्रिय सहभागिता जनाई अधुरा भवनहरुलाई पूर्णता दिने कार्यमा सहभागिता जनाउने ।
- मन्दिरले उपभोग गरेको ऐलानी जग्गाहरुको हकभोगका लागि सम्बन्धित निकायमा समन्वय गर्ने ।
- राष्ट्रिय स्तरका कार्यक्रम गर्न इकाई मन्दिरहरुलाई प्रोत्साहन गर्ने ।
- पृथ्वी परिक्रमा कार्यक्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लैजाने ।
- प्रत्येक इकाई मन्दिरहरुलाई अनिवार्य रुपमा बाल मण्डली गठन गर्न लगाई प्रशिक्षण कर्याक्रम सञ्चालन गर्न निर्देशन दिने र सोको नियमित अनुगमन गर्ने ।
- निष्क्रिय रहेका इकाई मन्दिरहरुलाई सक्रिय बनाउन रेहेनी आचरण र दैनिक सेवा पूजाको प्रशिक्षण चलाउने ।
- जागनीलाई बढोत्तरी गर्न वर्षमा १ ओटा सार्वजनिक धार्मिक कार्यक्रम सञ्चालन गर्ने ।

समस्या र चुनौतिहरु :

- यस जिल्लामा जम्मा ५४७ घर धुरी रहेका सो घर धुरीमा १९११ जना सुन्दरसाथ र १० ओटा इकाई मन्दिर रहेको भएता पनि पछिल्लो समय युवा जनशक्तिको विदेश पलायन र बालबालिकाहरुमा प्रशिक्षणको कमी रहेकोले धर्मप्रति आस्थावान र कटिबद्ध बनाउन असमर्थ रहेको ।
- भएका सुन्दरसाथहरु पनि धार्मिक कार्यक्रममा भन्दा घरायसी कार्यमा व्यस्त रहेकाले मन्दिर सञ्चालन गर्न समस्या रहेको ।

- कति मन्दिरहरुमा पुजारीको व्यवस्थापन हुन नसकेकोले दैनिक सेवा पूजा गर्न कठिनाई रहेको ।
- समितिका पदाधिकारीहरुमा आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा जानकारी नभएको ।
- जिल्ला स्तरीय भातृ तथा भगिनी संगठनहर (युवा परिषद् र बाइजुराज महिला समिति) ले विधान अनुसार काम गर्न नसकेको ।
- स्थानीय इकाइमा रहनु भएका सुन्दर साथहरु धार्मिक कार्यक्रम भन्दा व्यक्तिगत कार्यमा व्यस्थ रहनु भएको ।

समस्या समाधानका लागि सुझावहरु

- सुन्दर साथको संख्यामा वृद्धि गर्न गुरुजन सहित जागनी कार्यक्रम सञ्चालन गर्नको लागि केन्द्रमा पहल गर्ने ।
- पुजारी व्यवस्थापनका लागि केन्द्रले सञ्चालन गरेका प्रशिक्षण कार्यक्रममा सहभागी गराउन इच्छुक व्यक्तिलाई उत्साहित गराउने ।
- घर दैलो कार्यक्रम सञ्चालन गरी निष्कृय रहेका सुन्दरसाथहरुलाई सक्रिय बनाउने
- बैठक बोलाई समितिका सदस्यहरुलाई आत्मा आलोचना गर्ने र गर्न लगाउने ।
- भातृ तथा भगिनी संगठनहरुलाई सक्रिय बनाउन केन्द्रीय समिति समक्ष प्रशिक्षणको माग गर्ने ।

२९. रौतहट जिल्ला समितिः-

रौतहट जिल्लामा निजानन्दधाम सहित १० वटा मन्दिर, १ अतिथि सदन र जिल्ला समिति कार्यरत रहेका छन् । शान्तिनगर मन्दिरमा २०८२ सालमा श्री १०८ का पारायण सम्पन्न भैसकेको छ । निजानन्दधाममा यसै वर्ष श्री १०८ का पारायण कार्यक्रम हुनेछ ।

संस्था दर्ता भयपश्चात यस श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समित रौतहटले जिल्ला अन्तरगत रहेका मन्दिरहरुलाई संगठित र विकास गर्ने क्रममा तपशिल अनुसारका मन्दिर इकाई समितिहरु गठन भई संचालनमा रहेका छन्:

१) श्री कृष्ण प्रणामी मन्दिर निजानन्द धाम नजरपुर
२) श्री कृष्ण प्रणामी मन्दिर सन्तपुर
३) श्री कृष्ण प्रणामी मन्दिर गैडाटार
४) श्री कृष्ण प्रणामी मन्दिर बसन्तपुर
५) श्री कृष्ण प्रणामी मन्दिर अतिथि सेवा सदन,चन्द्रनिगाहपुर
६) श्री कृष्ण प्रणामी मन्दिर शान्तिनगर,चन्द्रनिगाहपुर
७) श्री कृष्ण प्रणामी मन्दिर बिनवाटोल
८) श्री कृष्ण प्रणामी मन्दिर रंगपुर,नयावस्ती कटानी
९) श्री कृष्ण प्रणामी मन्दिर वृन्दावन
१०) श्री कृष्ण प्रणामी मन्दिर मिठुअवा
११) श्री कृष्ण प्रणामी मन्दिर सानु घिउरा

यस श्री कृष्ण प्रणामी जिल्ला सेवा समिति रौतहटले,श्री कृष्ण प्रणामी सेवा समिति नेपाल,केन्द्रीय समितिको नीतिनिर्देशन,जिल्ला समिति द्वारा तय गरियका कार्यक्रम तथा इकाई मन्दिरहरुको आ-आफ्नो कार्यक्रमका साथै विभिन्न सामाजिक तथा अन्य धार्मिक कार्यक्रमहरु जिल्ला अन्तरगत रहेका मन्दिरहरुमा गर्दै गराउदै आएको छ । यस रौतहट जिल्ला भित्र गरिने ठुला ठुला धार्मिक तथा सामाजिक कार्यहरुमा जिल्ला अन्तरगत रहेको तिन ओटै जिल्ला स्तरका समितिहरु जिल्ला सेवा समिति,जिल्ला यूवा परिषद तथा जिल्ला बाइजुराज समितिसंग संयुक्त रुपमा निर्णयात्मक सहकार्य गरि विभिन्न गतिविधिहरु संयुक्तरुपमा संचालन गरिदै आएको छ जसअनुसार अपेक्षित उपलब्धि हासिल भएका छन् ।

३०. बारा पर्सा जिल्ला समितिः-

बारा जिल्लामा ५ वटा मन्दिर र ३ वटा सत्संग समिति सहित जिल्ला समिति सञ्चालन छ

बारा-पर्सा जिल्ला समिति :

१. श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला कार्य समिति बारा पर्साको आयोजनामा २०८१ चैत १८,१९,२० त्रिदिवसिय आध्यात्मिक सिबिर श्री कृष्ण प्रणामी मन्दिर कोल्हबी-८ मधुवन हरेयामा गुरुजी निजानन्दधाम नजरपुरका महन्त श्री १०८ सुरेन्द्र शास्त्रि महाराज श्री नविनकृष्ण शास्त्रि महाराज श्री श्यामदास कुँवरजीबाट भव्य र सभ्य रुपमा त्रिदिवसिय शिबिर सम्पन्न भएको थियो ।

२. २०८२ माग २१ गते देखि २७ गते सम्म सन्चालन भएको पाठ पारायण सभ्य र भव्य श्रपमा अन्चालन भई समापन होस भनि श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल बारा पर्सा द्वारा आयोजित सभाकरोड तारतम महामन्त्र जाप कार्यक्रम सन्चालन गरी सम्पन्न गरीयो । साथै सो कार्यक्रममा सम्पुर्ण एकाई समितिहरुको उल्लेखनीय उपस्थिति रह्यो । श्री १०८ पाठ पारायण सम्पन्न गर्न जिल्ला भरी रहेको मन्दिर तथा सत्सर्ग समिति परिवार सुन्दरसाथहरुलाई पत्राचार गरी कार्यक्रम सेवाको लागि अनुरोध गर्नका साथै सम्पुर्ण सुन्दरसाथजीबाट समर्पण भाव राखि सेवा पुर्याउनु भएकोमा हार्दिक धन्यबाद तथा आभार व्यक्त गर्न चाहान्छु । यसैगरी २०८३ मंसिर १० देखि १६ गते सम्म हुने श्री कृष्ण प्रणामी मन्दिर सिमारा औराहको श्री १२५ तारतम पाठपारायणमा पनि श्री कृष्ण प्रणामी सेवा समिति नेपाल जिल्ला समिति बारा पर्सा अर्न्तगत रहनु भएका सम्पुर्ण इकाई तथा सत्संग समितिहरुको उल्लेखनीय उपस्थिति गराई सेवा पुर्याउनको लागि साधारण सभा मार्फत हार्दिक अनुरोध गर्दछौ ।

३. श्री कृष्ण प्रणामी सेवा समिती नेपाल जिल्लास समिति बारा पर्साका मन्दिर इकाइ तथा संत्सग भवनमा दैनिक सन्चालन मेला पर्व कार्यहरु ।

श्री कृष्ण प्रणामी मन्दिर निजगढ ६ प्रणामीनगर सडकटोल

अष्टमी,चतैंदशि,शनिबार,मुलमिलावा,मेलापर्व सन्चालन,महिना व्यापी वीतक गुरुजी नविनकृष्ण शास्त्रीज्यूबाट, बार्षिक उत्सब माघ २१-२७ सम्म, अक्षयकोषको व्यवस्था गरी जिवित दाताहरुलाई सम्मान एवम् धामबासी सुन्दरसाथहरुको लागि सोह्रश्राध्दको दिन पाठ पारायण गरिने गरिएको छ ।

श्री कृष्ण प्रणामी मन्दिर जितपुर सिमारा ४ औराह

शनिबार मुलमिलावा बैठक,बालमण्डली सत्संग, १८ मेलापर्व, वितक कार्यक्रम महिना व्यापी शास्त्री श्री पुरुषोत्तम खतिवडाज्यूबाट सम्पन्न, वार्षिक उत्सव फागुन १-१५ सम्म भएको ।

श्री कृष्ण प्रणामी मन्दिर निजगढ-८ आनन्दभुमी

शनिबार मुलमिलावा बैठक, १६ मेलापर्व, वितक कार्यक्रम १५ दिन श्री प्रकाश अधिकारीज्यूबाट सम्पन्न, वार्षिक उत्सव फागुन १२ गते ।

श्री कृष्ण प्रणामी मन्दिर निजगढ-३,सिंगौल

अष्टमी चतुर्दशी मेला, शनिबार मुलमिलावा बैठक, १३ मेलापर्व सञ्चालन, १० दिने वितक कार्यक्रम पं.श्री प्रकाश अधिकारीज्यूबाट सम्पन्न, वार्षिक उत्सव फागुन १२ गते ।

श्री कृष्ण प्रणामी मन्दिर कोल्हबी-८, मधुवन

अष्टमी चतुर्दशी मेला, शनिबार मुलमिलावा बैठक, १८ मेलापर्व सञ्चालन, एक महिना व्यापी वितक कार्यक्रम प्रचारिका श्री रुपा सञ्जेलज्यूबाट सम्पन्न, वार्षिक उत्सव फागुन २ गते ।

श्री कृष्ण प्रणामी मन्दिर कलैया-२,औधापुर

अष्टमी चतुर्दशी मेला, शनिबार मुलमिलावा बैठक, १८ मेलापर्व सञ्चालन, १५ दिने वितक कार्यक्रम पं.श्री प्रकाश अधिकारीज्यूबाट सम्पन्न, वार्षिक उत्सव बैशाख ६ गते ।

श्री कृष्ण प्रणामी मन्दिर वीरगञ्ज-१५, भिस्वा

अष्टमी चतुर्दशी मेला, शनिबार मुलमिलावा बैठक, १२ मेलापर्व सञ्चालन, १५ दिने वितक कार्यक्रम प्रचारिका रेखा माताज्यूबाट सम्पन्न, वार्षिक उत्सव फाल्गुण ६ गते ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्री कृष्ण प्रणामी सत्संग भवन जितपुर सिमरा-१६, पिलुवा

अष्टमी चतुर्दशी मेला, शनिबार मुलमिलावा बैठक, १२ मेलापर्व सञ्चालन, १५ दिने वितक कार्यक्रम सम्पन्न, वार्षिक उत्सव मंसिर २६ गते ।

श्री कृष्ण प्रणामी मूलमिलाव सत्संग भवन कोल्हवी-८ सपही :

अष्टमी चतुर्दशी मेला, शनिबार मुलमिलावा बैठक, ७ मेलापर्व सञ्चालन, १५ दिने वितक कार्यक्रम सम्पन्न, वार्षिक उत्सव श्रीकष्ण जन्माष्टमी पर्वमा ।

श्री कृष्ण प्रणामी सत्संग समिति सिम्रौनगढ-८ कोचर्वा :
भाबि कार्यक्रम

१. श्री कृष्ण प्रणामी सत्संग भवन पिलुवामा एक वैदिक गुरुकुल सन्चालन गर्ने सो को लागी आगामी दिनमा गुरुकुल सिल्यानासको कार्यक्रम आयोजना गरीने छ ।

२. श्री कृष्ण कृपा मेहेरसागर आश्रममा बार्षिक रुपमा विद्यार्थिहरुको बार्षिक परीक्षा सकिनासाथ आध्यात्मिक शिविर सन्चालन भईरहेकोमा अझ व्यवस्थित र मर्यादित तवरबाट सन्चालन गर्न समितिबाट पहल गरीने छ ।

३. श्री कृष्ण प्रणामी सत्सगं भवन पिलुवामा संस्थागत रुपमा एक वैद्विक गुरुकुल सन्चालन गर्ने सोच राखिएकोमा गुरुकुल भवन सिलान्यास गर्ने कार्यक्रम हाल स्थगित भएको छ । आगामी दिनमा सो कार्यक्रम अगाडी बढाउनका लागी केन्द्रिय समिति, प्रदेश समिति जिल्ला समिति इकाइ समिति, सन्त गुरुजन एवं अग्रजहरुमा विनम्र अनुरोध गर्दछौ । श्री कृष्ण प्रणामी धर्म जनजन जागनि घरघर जागनि कार्यक्रमलाई सार्थकता दिलाउन आगामी दिनमा कम्तिमा सात दिने धार्मिक शिविर सन्चालन गर्नपर्ने देखिन्छ ।

घ. गण्डकी तथा लुम्बिनी प्रदेशः-

सुन्दरसाथको संख्या तथा इकाई शाखाको संख्याको आधारमा दुई प्रदेशलाई क्षेत्रगत रुपमा बाके र बर्दिया बाहेकलाई एक प्रदेश कायम गरी क्षेत्र निर्धारण गरिएको छ । श्रीकृष्ण कृपाधाम देवघाट र त्रिवेणीधामको ऐतिहासिक मन्दिर यसै प्रदेशमा पर्दछ ।

गण्डकी लुम्बिनी प्रदेश समन्वय समिति
प्रगति प्रतिवेदन

गण्डकी लुम्बिनी प्रदेश समन्वय समितिमा तनहुँ, गोर्खा, जिल्ला समिति कास्की जि.स.,लमजुङ जि.स.,पाल्पा जि.स.अन्तर्गत रहेका इकाई मन्दिरहरु रुपन्देही ,बुटवल मन्दिर इकाई,सिरसै मन्दिर इकाई, नवलपरासी मा रहेका त्रीबेणी मन्दिर इकाई र अरु मन्दिर समेत २०८३ सालको वित्तक कथा आ-आफ्नो मन्दिरहरुमा संचालन भएको साथै मन्दिर इकाई मा बार्षीक उत्सव मेलापर्व दैनिक सेवापुजा सत्संग पाठपारायण आदि कार्यहरु भैरहेको जानकारीका साथ इकाई समितिहरुको वार्षिक साधारणसभा संपन्न भै वार्षिक हिसाबकितावहरु पेस हुनका साथै प्रतिवेदन समेत पेस भैरहेको जानकारी गराइन्छ २०८२-३-६ गते शनिबार श्रीकृष्ण प्रणामी मन्दिर बुटवलमा केन्द्रीय अध्यक्ष श्यामकृष्ण शर्माज्यूको प्रमुख आतिथ्यमा विषेश अतिथि केन्द्रीय उपाध्यक्ष बद्रीप्रसाद ओलीज्यु,अतिथि केन्द्रीय सदस्यहरु बबिता पाण्डे,श्याम बराल साथ बुटवल मन्दिरका महन्त सुपृया किशोरीज्युबाट आशीर्वचनका साथ प्रमुख अतिथिबाट उद्घाटन पश्चात् संगठन तथा प्रशासन विभागका संयोजक नन्दकिशोर शर्माज्यु लेखा प्रशीक्षक मोहन ढकालज्युबाट लेखा हिसाबकिताव सम्बन्धी गतिविधि र संगठन तथा धार्मिक बिषय लगाएत बिबिध बिषयमा संगठन तथा प्रशासन विभागका संयोजक श्री नन्दकिशोरशर्माज्युबाट उपस्थित जिल्ला इकाईका अध्यक्ष,कोषाध्यक्ष,सचिवज्युहरु र सुन्दरसाथज्युहरुलाई प्रशिक्षण दिनुभयो,कार्यक्रममा बाइजुराज महिला समिति, श्रीकृष्ण प्रणामी युवा परिषदका सदस्य पदाधिकारीहरु उपस्थित हनुहुन्थ्यो कार्यक्रमको अध्यक्षता बुटवल मन्दिरका अध्यक्ष धनराज पोखेलज्युबाट गर्नभएको थियो,प्रदेश संयोजक श्री कल्याण कुमार कार्कीज्युबाट कार्यक्रमको उदेश्य माथि प्रकाश पार्नहुदै स्वागत मन्तव्यका साथ स्वागत गर्नभएको थियो,गण्डकी लुम्बिनी समन्वय समिति,जिल्ला समिति,इकाई

समिति,समन्वयका साथ सोधर्मको रक्षा प्रचारप्रसार राम्रोसँग भैरहेको प्रतिवेदन प्रस्तुत गर्दछु । प्रणाम ॥

सम्योजक
कल्याणकुमार कार्की

२९. गोरखा-तनहुँ जिल्ला समिति:-

दुई जिल्ला मिलेर जिल्ला समिति संचालनमा छ, गोरखा जिल्लामा एक मात्र मंगल वृन्दावन आश्रमको नामले सत्संग समिति रानीवनमा सञ्चालनमा रहेको छ । साविक बराह सत्संग इकाई आफ्नै गतिविधिमा सम्लग्न रहेको छ ।

३०. तनहुँ जिल्ला:-

यस जिल्लामा श्रीकृष्ण कृपाधाम देवघाट, आंबुखैरीनी मन्दिर र पुर्कोट ग्रामिण क्षेत्रमा एक सानो मन्दिर सञ्चालनमा रहेका छ ।

प्राणनाथ अनाथ सेवा आश्रम देवघाट

यस आश्रममा विभिन्न जिल्लाहरुवाट आउनु भएका विपन्न वर्गका बृद्ध-बृद्धालाई आवासको व्यवस्था, खानपान, स्वास्थ्य तथा विभिन्न कार्यहरु गर्दै आएको छ । असहाय बालबालिकाहरुलाई स्वास्थ्य तथा शिक्षाको लागि हेरचाह गर्दै आवासको लागि छात्रवासको व्यवस्था गरिएको छ । समय समयमा विभिन्न मन्दिर भ्रमण गरि सरसल्लाह दिदै आइएको छ ।

३१. लम्जुङ्ग जिल्ला समिति:-

ऐतिहासिक लम्जुङ्ग जिल्लामा वलथुम र सूर्यपाल जस्ता पहाडि क्षेत्रमा सानो पुराना मन्दिरहरु सहित भोर्लेटार मन्दिर समेत ३ समिति र जिल्ला समिति कार्यरत छ ।

३२. कास्की जिल्ला समिति:-

कास्की जिल्लामा पोखरा रत्नचौकमा र सयलपाखामा आश्रम सहित मन्दिर सञ्चालनका साथै डाडाको नाक भन्ने स्थानमा संस्थागत सदस्य संस्था श्रीकृष्ण प्रणामी मिशन ट्रस्टका नामले आ।म सञ्चालनमा रहि एक जिल्ला समिति कार्यरत रहेको छन् ।

श्रीकृष्ण प्रणामी मन्दिर रत्नचोक

प्रणामी आलमका १८ मेलापर्व चतुर्दशी मेला वाइजुराज महिला समितिको अगुवाइमा सञ्चालन भैरहेको साथै वार्षिक उत्सव र वीतक कार्यक्रम पनि हरेक वर्ष सञ्चालन गर्दै आएको । प्रत्येक हप्ताको शनिबार बालसत्संग र सुन्दरसाथजीको उपस्थितिमा सत्संग कार्यक्रम सञ्चालन गर्दै आएको । यस मन्दिरबाट देशका बिभिन्न स्थानमा भएका सेवा समितिका बैठक र धार्मिक पारायणहरुमा सहभागी भै आर्थिक सहयोग समेत उपलब्ध गराएको । पोखरालाई सौन्दर्यकरण गर्ने कार्यक्रम अन्तर्गत यस मन्दिरमा काँश लगाउने कार्य भएको । रु आठ लाखको लागतमा मन्दिर परिसरमा टायल, जिप्सन, ग्रेनाइट जडान गरी रेष्टरुम निर्माण भएको । बि.सं. २०८४ सालमा आयोजना गर्न लागिएको श्रीमद् तारतम सागर १०८ पाठपारायणको सफल सञ्चालनको लागि गृहकार्यमा जुटेको ।

श्रीकृष्ण प्रणामी मन्दिर बृद्ध तथा बालआश्रम सयलापाखा :-

गण्डकी प्रदेश कास्की, पोखरा म.न.पा. वडा नं.२७ सयलपाखामा २०३९ सालमा स्थापना भएको यस आश्रममा बृद्ध आमाबाबा र असहाय बाल बालिकालाई संरक्षण दिई पठनपाठनमा सहयोग गरेको छ । बृद्ध तथा बाल बालिकालाई आवास व्यवस्था देखि स्वास्थ्य तथा शारिरिक कार्यक्रममा सहयोग गदै आएको छ । आश्रम सञ्चालन गर्नका साथै दैनिक सेवा पुजा, मेला पर्व, जागनी कार्यक्रम तथा विभिन्न स्थानमा भएका धार्मिक तथा सामाजिक कार्यक्रममा सहयोग गर्दै आएको छ । यस मन्दिरको निर्माण धिन भवन निर्माण सम्पन्न गर्न बाकी नै छ । भावी कार्यक्रममा अधुरो भवन पुरा गर्ने,धर्मको प्रचार प्रसार गर्ने तथा धार्मिक शिविर राख्ने योजना रहेको छ । केन्द्रबाट समय समयमा निरिक्षण तथा प्रशिक्षण भए राम्रो हुने थियो ।

३३. नवलपुर-नवलपरासी र रुपँन्देही जिल्ला समिति:-

साविक नवलपुर जिल्ला बढेर ३ जिल्ला भएको यस क्षेत्रमा नवलपुरमा त्रिवेणी मन्दिर, नवलपरासीमा २ मन्दिर, रुपन्देहीमा २ मन्दिर सहित जिल्ला समिति रहेका छन् । तर यस क्षेत्रको जिल्ला समिति निस्कृय रहेको अवस्थामा सिधै केन्द्रले केन्द्रीय

सदस्यहरु मार्फत सम्पर्क सुत्र बढाई कार्यहरु भइरहेका छन ।

श्रीकृष्ण प्रणामी मन्दिर बुटवल-३ चिडियाखोला :

यस प्रदेशमा रहेको बुटवल मन्दिरले नियमित रुपमा सेवा पुजा, धार्मिक कार्यक्रम आदि निरन्तर रुपमा सञ्चालन गर्दै आएको छ । मन्दिरको निर्माण कार्य सम्पन्न भईसकेको छ ।

श्रीकृष्ण प्रणामी सेवा सदन सिसई सिमरहनी रुपन्देही

यस सदनमा नियमित धार्मिक कार्यक्रम सञ्चालन भैरहेको छ । आर्थिक अवस्था अलि कमजोर रहेकोले स्थानीय सरकार तथा प्रदेश सरकारबाट रकम पाउने आस्वासन प्राप्त भएको छ ।

श्रीकृष्ण प्रणामी धर्मशाला नेपाल बेलहिया:

यस आर्थिक वर्षमा धर्मशालामा ट्रष्ट लगाईएको खर्च समितिका अध्यक्षज्यूबाट रु.४ लाख आफैले सेवा गर्नुभएको छ । बुटवल उपमहानगरपालिकाबाट बिनियोजन भएको रकम सिद्धार्थनगर नगरपालिका मार्फत प्राप्त रु.३ लाख ७० हजारबाट ट्वाइलेट,बाथरुम,सिँढीमा सिमेन्ट तथा टायलहरू र छतमा पार्टिसन लगाईएको छ । अब छिट्टै धर्मशालाको गेट,साइनबोर्ड राख्ने तथा पार्किङ्ग समेत बनाउने योजना रहेको छ । आगामी दिनमा विभिन्न धार्मिक कार्यक्रमहरू आयोजना गरी प्रणामी समूदायको प्रचार गरी जागनी गराउने तर्फ लाग्ने छौं ।

३४ पाल्पा जिल्ला समिति:-

२०८१ भाद्र ३१ गते महिनाको अन्तिम दिन पाल्पा जिल्लामा रहेका इकाई मन्दिरहरु मिलेर नयां जिल्ला समिति गठन भएको छ । यस जिल्लामा पुरानो माथागढी (झडेवा) र मलेङमा मन्दिर संचालनमा छ भने निस्दी हुवासमा सत्संग समिति कार्यरत रहेका छन् ।

श्रीकृष्ण प्रणामी मन्दिर टेकनडाँडा, झडेवा पाल्पा

श्रीकृष्ण प्रणामी मन्दिर टेकनडाँडामा नियमित रुपमा सेवा पुजा, मेला, धार्मिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । मन्दिरको आवास तथा भान्साघर निर्माण सम्पन्न भएको छ ।

ङ कर्णाली तथा सुदुर पश्चिम प्रदेश:-

सुर्खेत, दैलेख बर्दिया, बाके, कैलाली र कञ्चनपुर जिल्लालाई यस संयुक्त प्रदेशमा समेटेर क्षेत्रगत विभाजन गरिएको छ । यस प्रदेशमा ११.वटा मन्दिर, ९ सत्संग समिति, ४ वटा जिल्ला समिति र एक संस्थागत सदस्य प्रतिष्ठानको शाखा आश्रमको रुपमा कञ्चनपुरमा सञ्चालनमा रहेको छ ।

३५ सुर्खेत जिल्ला समिति:-

यस जिल्लामा १ मन्दिर र २ सत्संग समिति तथा जिल्ला कार्य समिति सञ्चालनमा छन् । जिल्लाले सबैसंग सहजीकरण गरी काम गरिरहेको छ ।

यस जिल्ला अन्तर्गत रहेका इकाईहरुमा प्रणामी आलमका १२ तिथि पर्व मेला, वीतक वार्षिक कृष्ण जन्माष्टमी जस्ता कार्यक्रम नियमित सञ्चालन गर्न पहल र सहकार्य गर्दै आएको छ । सबै इकाइहरुमा आआफ्ना कार्यहरु गर्न पहल भैरहेको छ । इकाईहरुमा साधारणसभा, आयव्यय राख्ने तथा इकाईको नाममा बैंक खाता खोल्न पहल भैरहेको छ । अक्षयकोषमा रहेको रकमबाट प्राप्त ब्याज रु १,५०,००० । बुलबुले राधाकृष्ण मन्दिरको गजुर निर्माण गर्न प्रदान गरिएको छ । नगरपालिकाको आर्थिक सहयोगमा ४ कोठे भवनको ढलान सम्पन्न गरियो । राधाकृष्ण प्रणामी मन्दिर बुलबुलेको बाल आश्रममा ५ जना छात्राहरुलाई राखिएको छ ।

३६. बांके जिल्ला समिति:-

बांके जिल्लामा बकौलीमा १ मन्दिर, २ सत्संग समिति, १ आश्रम र जिल्ला समिति कार्यरत रहेका छन् । कोहलपुर सत्संग

निष्कृय रहेको छ । बांकेको गाभारमा जेष्ठ नागरिक मञ्च आश्रमको रुपमा निर्माण धिन अवस्थामा रहेको छ ।

श्रीकृष्ण प्रणामी सत्संगसनातन सेवा समिति पांचधाम शम्सेरगञ्ज

यस सत्संग समितिले पांचधाम शम्सेरगञ्ज क्षेत्रमा विभिन्न समयमा सेवा, पुजा आरती, सद्गुरु जन्मोत्सव, भजन, किर्तन सेवा पुजा आदि गर्दै आएको छ ।

श्री राधाकृष्ण प्रणामी मन्दिर तथा जेष्ठ नागरिक मञ्च,गाभार:

३७. जिल्ला समिति बर्दिया:-

बर्दिया जिल्लामा ९ वटा मन्दिर २ वटा सत्संग समिति र जिल्ला समिति कार्यरत रहेका छन् । जिल्लामा रहेका सबै इकाईको अनुगमन तथा सहयोग गरिएको छ ।

२ वटा गाउँपालिका र ६ वटा नगरपालिका भएको यस बर्दिया जिल्लामा करिब १३० वर्ष अगाडि पुजारी श्री बध्दीदास थारुबाट कृष्ण प्रणामी धर्मको जागरण भएको बताइन्छ भने हाल यस जिल्ला समिति अन्तर्गत १० वटा इकाईहरु रहेका जसमा ५१५ प्रणामी घर तथा १३२६ जना सुन्दरसाथ रहनु भएको छ ।

भावी कार्यक्रमहरु :

यस जिल्ला अन्तर्गत रहेका १० वटै इकाईहरुमा अनिवार्य रुपले प्रणामी आलमका मेला, पर्व, उत्सव, वीतक, वार्षिक उत्सव,सेवा पूजा आरति सत्संग गराउने, सुदरसाथहरुमा मित्रताको भावना जगाई एकताबध्द, शीपमूलक र उद्घोषण कार्यक्रम सञ्चालन गराउने । मन्दिरहरुमा ठूला कार्यक्रम गर्दा एकआपशमा नजुध्ने गरी व्यवस्था गर्ने । धर्म रक्षार्थ सहभागी भै प्रणामी धर्म प्रचारलाई निरन्तरता दिने । २०८३ मार्गमा धर्म र संस्कृतिको रक्षाको निमित्त बर्दिया जिल्लाको भुरी गाउँ मूल मन्दिरमा साप्ताहिक ज्ञान महायज्ञ आयोजना गर्ने साथै जिल्ला स्तरीय लेखा समिति गठन गर्ने पनि लक्ष्य रहेको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर बगही (प्राणनाथ आश्रम) गुलरिया ५ बगही बर्दिया

महत्वपूर्ण उपलब्धिका विवरणहरु :

१. प्रणामी सम्प्रदायका तिथि पर्व मेला, वीतक, श्रीकृष्ण जन्माष्टमी, वार्षिक उत्सव, गुरुजीहरुका जन्मोत्सव, धामगमन, धार्मिक उत्सव मेला पर्व, आरति नियमित रुपले सञ्चालन गर्दै आएको ।
२. निर्माण धिन मन्दिरको टाइवीम, पिलरको कार्य गरी माटो पटानी कार्य पनि सम्पन्न गरियो ।
३. थारु सुन्दरसाथहरुको घरघरमा नित्य पाठ, मेहेर सागर पाठ, सेवा पूजा र कार्यक्रमहरु सञ्चालन गर्दै आएको ।

भावी कार्यहरु :

१. मन्दिरको निर्माण कार्य अधुरो रहेकोले वडा, नगरपालिका, प्रदेश र केन्द्रमा बजेट माग गरी अधुरो निर्माण कार्य पुरा गर्न पहल गर्ने ।
२. मन्दिर र मन्दिरको जग्गा संरचनाहरुको सुरक्षाको लागि परखाल तारबार लगाउने कार्य गर्ने ।
३. थारु समूदायमा प्रणामी धर्मको परिचय, प्रचार, प्रसार गराउने ।

श्रीकृष्ण प्रणामी राधाकृष्ण मन्दिर (राम जानकी पांचधाम आश्रम) औरी, समरगढी :

१० दिने वीतक कार्यक्रम सञ्चालन गरिएको , नियमित रुपमा सेवा पुजा, १२ मेला र धार्मिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । सुन्दरसाथको कमिको कारणले कार्यक्रम गर्न समस्या भएको । सुन्दरसाथको जागनी बढाउनु पर्ने, रसोईघर निर्माण गर्नँ पर्ने ।

श्रीकृष्ण प्रणामी मन्दिर कोठारपुर मगरागढी वारबर्दिया

यो मन्दिर २०५३ सालमा स्थापना भई विभिन्न समयमा धार्मिक कार्यक्रम सञ्चालन हुदैं आएको छ । यस मन्दिरमा प्रणामी

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

आलमका तिथि पर्व उत्सव धर्म प्रवर्धक गुरुज्यूहरुको जन्मोत्सव धामगमन तिथि वीतक कथा श्रीकृष्ण जन्माष्टमी लगायत मेला पर्व उत्सवमा नियमित सत्संग भजन कीर्तन आरति पाठ गरिनुका साथै हिन्दु सनातनले मान्दै आएका पर्वहरुमा समेत कार्यक्रम सञ्चालन गरि मनाउँदै आइएको छ । यस क्षेत्रमा प्रणामी धर्ममा दिक्षीत ३३ घरधुरीका ६८ जना सुन्दरसाथहरु हुनु हुन्छ । पुजारी श्री विना चौधरीजीले मन्दिरमा नियमित सेवापूजा गर्दै आउनु भएको छ । जिल्लाभरीमा र नेपाल राज्यभरी सञ्चालन हुने ठूला कार्यक्रम तथा १०८ पारायणहरुमा समेत यस क्षेत्रका सुन्दरसाथजीहरु समावेश हुँदै आर्थिक तथा अन्य सेवाहरु प्रदान गर्दै आएको छ । कोही सुन्दरसाथको धामगमन भएमा १३ दिनमा सबैजना उपस्थित भै मेहेर सागर पाठ, आर्थिक सहयोग गर्नकासाथ आर्थिक कमजोर रहेका स्थानीयहरुलाई समेत आर्थिक सहयोग गर्ने गरिएको छ । मन्दिरको विविध सेवाहरु जस्तै निर्माण , प्लास्टर,रंगरोगन, इलेक्ट्रिकल सामान, राजिको सिंहाशन लगायत विविध सेवाहरुमा विभिन्न सुन्दरसाथहरुबाट जिम्मा लिई सेवा गर्नु भएको छ । मिति २०८२ ।१२ ।२४ गतेबाट वाइजुराज महिला समितिले आयोजना गरेको ५ दिने विद्यार्थी लक्षित कार्यक्रममा प्रचारिका विदुषी मालती ओझाज्यूबाट कथावाचन भएको कार्यक्रममा समन्वयात्मक भूमिका निर्वाह गरेको थियो । मन्दिरको लागि सुन्दरसाथ भक्तजनहरुबाट जग्गा जमिन प्रदान गर्न भएको र साँधसिमानमा अप्ठेरो परेको स्थानमा थप जमिन खरिद गर्न विभिन्न सुन्दरसाथहरुले आर्थिक सहयोग गर्न भएको छ । भावी कार्यक्रमको रुपमा सिसि क्यामेरा जडान, अतिथि भवन निर्माण , धामगमन तिथि सञ्चालन, गुमट,गजुर टस निर्माण गर्न आर्थिक सहयोग खोजी गर्ने, नियमित विद्युत सप्लाइको लागि सोलार,इन्भर्टर,जेनेरेटरको व्यवस्था गर्ने । मन्दिरको नाममा भएका जग्गा जमिनको उचित व्यवस्थापनको लागि १ दिने कार्यशाला गोष्ठी राख्ने समेत लक्ष रहेको छ ।

श्रीकृष्ण प्रणामी निजानन्द आश्रम वदैयाताल,८ शितलाबजार बर्दिया

आश्रमको प्राँगणको छत टहरो निर्माण सम्पन्न, आश्रमको गेट निर्माण सम्पन्न, राधाकृष्ण को मूर्ति निर्माण गरि स्थापना गरिएको छ भने खानेपानीको व्यवस्था र आश्रममा आउने जाने बाटो कच्ची हिलो धुलो रहेको छ ।

श्रीकृष्ण प्रणामी मन्दिर बेचैपुर, श्रीकृष्ण प्रणामीटोल

श्रीकृष्ण प्रणामी धर्म अनुयायीहरुको बाहुल्यता रहेको यस गाउँको नाम पनि प्रणामी टोल राखिएको छ । शत प्रतिशत थारु जाती बसोबास गर्ने यस क्षेत्रमा ६८ घरधुरीका १७५ सुन्दरसाथ बसोबास गर्नु हुन्छ । बार्षिक उत्सव, वितक कृष्ण जन्माष्टमी लगायत प्रणामी सम्प्रदायका तिथि मेला पर्व जन्मोत्सव धामगमनमा नियमित सेवा पूजा, आरती गरिदै आएको छ । बाल विकास मण्डली गठन गरी कार्यक्रम सञ्चालन गरिँदै आएको छ । पुजारी श्री सर्जुन थारुबाट मन्दिरको नियमित सेवा पूजा सञ्चालन हुँदै आएको छ । वार्षिक उत्सवको अवसरमा प्रचारिका मालती सापकोटाबाट सातजना भक्तजन प्रणामी धर्ममा दिक्षित हुनु भएको छ । हरेक शुक्रबार संध्याकालिन भजन कीर्तनका साथै सत्संग गरिँदै आएको छ । मन्दिरले खरिद गरेको ३ कठ्ठा नौ धुर जग्गा बाँकी रकम चुक्ता गरी समितिको नाममा ल्याएको छ । वडा कार्यालयको रकम निकासामा स्थानीय सुन्दरसाथको नगद तथा श्रमदानबाट शौचालयको शेफ्टी ट्यांकी निर्माण कार्य सम्पन्न भएको छ । शौचालय भने बन्न बाँकी रहेको छ ।

हुन नसकेका कार्यहरु :

इकाई अध्यक्ष श्री रामकृष्ण थारुबाट दान दिएको १२ धुर जग्गा मन्दिरको नाममा पास गर्न बाँकी रहेको छ । मन्दिरको बाउन्डरी वाल, गेट निर्माण , अतिथि भवन सम्पन्न हुन सकेको छैन ।

श्रीकृष्ण प्रणामी मन्दिर ढोढरी, मधुवन-४, शान्तीटोल :

यस ढोढरी बर्दियाको मधुवन ४ मा रहेको मन्दिरको संरक्षण प्रवर्द्धन तथा प्रचार प्रसार गर्न २०५० मा श्रीकृष्ण प्रणामी निजानन्द सम्प्रदाय समिति गठन गरियो । बैठक टहरा निर्माण , चौघेरा पर्खाल निर्माण , ४ जना प्रणामी धर्ममा दिक्षित, मन्दिरको वार्षिक तिथि तथा गुरुजीको तिथिमा मूख्य मन्त्रीज्यूको उपस्थितिमा कार्यक्रम सम्पन्न ।

श्रीकृष्ण प्रणामी मन्दिर प्रशिया, गुलरिया न.पा. १० प्रशिया बर्दिया:

शत प्रतिशत थारु समाज रहेको यस स्थानमा प्रणामीको ६२ घरधुरी जसमा १६५ जना प्रणामी सुन्दरसाथको वस्ती जहाँ प्रणामीको बाहुल्यता रहेको छ । प्रणामीको घरमा कसैको धामगमन भएमा १३ औं दिनमा चामल ५ के.जी., गहुँ २ के.जी.र

१५० नगद सहित सहयोग गर्ने गरिएको छ । मन्दिरको वार्षिक, वीतक, जन्माष्टमी लगायत प्रणामी सम्प्रदायका मेला,पर्व, उत्सव, जन्मोत्सव, धामगमन तिथिमा सत्संग सेवा पूजा आरति गरिँदै आएको । पृथ्वि परिक्रमा नगर परिक्रमा गरी मनाइयो । २० थान फाइवर सिरक अति गरिव र जेष्ठ नागरिकलाई वितरण गरियो । जिल्लामा भएका अन्य मन्दिरका कार्यक्रमहरुमा सहभागी भै आर्थिक सहयोग गरिएको छ । हरेक शुक्रबार संन्ध्याकालिन सत्संग तथा भजन कीर्तन सञ्चालन गरिदै आएको । राष्ट्रिय वाणिज्य बैंकमा खाता खोली आर्थिक कारोवार सञ्चालन गरिएको छ । साथै भावी कार्यक्रमको रुपमा मन्दिरको जग्गा मन्दिरको नाममा ल्याउने, बाल मण्डली सञ्चालन गर्ने र मन्दिरको निर्माण कार्य पूर्णता गर्ने रहेको छ ।

श्रीकृष्ण प्रणामी मूल मन्दिर भुरीगाउँ,बर्दियाः

श्रीकृष्ण प्रणामी धर्मका अनुयायीहरु उल्लेख्य रहेको यस जिल्लामा रहेको यो मन्दिर २०४८ साल फागुन १९ गते स्थापना भएको हो । महत्वपूर्ण उपलब्धिका विवरणहरु :

१. लुम्विनी प्रदेश सरकार, पर्यटन मन्त्रालय मार्फत चार लाख मूल्य बराबरको साउण्ड सिस्टम प्राप्त भएको
२. लामो समयदेखि अधुरो रहेको मन्दिर अगाडिको नाला ढक्कन सहित व्यवस्थापन गरि माटो फिलि गरिएको (नगरपालिकाको अनुदान सहयोगमा)
३. दानवीर दाता महेश्वरी भण्डारीको समाधी स्थल भवन निर्माण सम्पन्न गरिएको ।
४. खानेपानी तथा सरसफाई उपभोक्ता समितिव्दारा निर्माण गरिएको शौचालयसंग जोडेर आन्तरिक स्रोतबाट शौचालय निर्माण गरिएको ।
५. जेष्ठ नागरिक इकाई समितिद्वारा निर्मित २०७५/२०७६ मा निर्मित टिनको टहरा पूनः निर्माण गरिएको ।
६. मन्दिरको झण्डा व्यवस्थित तरिकाले राख्न मन्दिर माथि झण्डा स्ट्याण्ड बनाइएको ।
७. नयाँ शौचालयसंगै खानेपानीको व्यवस्थापन गरिएको ।
८. वितग वर्षमा जस्तै यस वर्ष पनि एक दिवसीय पाठ पारायण सहित मन्दिरको वार्षिक उत्सव सम्पन्न गरिएको ।
९. वैकल्पिक उर्जा प्रवर्धन केन्द्र मार्फत रु ३२,००० । मूल्य पर्ने विद्युतीय चुलो निःशुल्क रुपमा प्राप्त गरिएको ।
१०.. शौचालय अगाडि पर्खाल निर्माण गरिएको ।
११. लाइट बोर्ड पून निर्माण गरिएको ।
१२. मन्दिरको वरिपरि बाहिरी परिक्रमा ढलान गरिएको ।
१४. समाधिस्थल अगाडि तुलसीको मठ निर्माण गरिएको ।
१५. सत्ति, कैलाली निवासी जयराम ढुँगानाबाट रु २५,००० । बराबरको इलेक्ट्रिक आरति बाजा प्राप्त गरिएको ।
१६. मन्दिर नजिकै रहेको पुरानो शौचालय भत्काइएको ।
१७. समितिको कार्यालय कक्ष व्यवस्थापन गरिएको ।
१८. हरेक वर्ष हुने वीतक कथा यस वर्ष पनि एक महिनासम्म नै सञ्चालनमा रहेको ।
१९. ल्यापटप,कम्प्युटर र प्रिन्टर ठाकुरबाबा न.पा. बाट प्राप्तीको चरणमा रहेको ।

भावी कार्यक्रमहरु

१. CCTV जडान कार्यक्रमलाई प्राथमिकतामा राख्ने र दातृ निकायको खोजी गर्ने ।
२. जिल्ला समितिको सहकार्यमा आगामी मंसिरमा सप्ताह ज्ञान यज्ञ सञ्चालन गर्ने ।
३. वाइजुराज महिला समितिको सहकार्यमा रसोइघर व्यवस्थापन गर्ने ।
४. आधा टिनको टहरो हलको छेउमा व्यवस्थापन तथा पून निर्माण गर्ने ।
५. कार्यालय कक्ष अझ व्यवस्थित गर्ने जसका लागि दान दाता व्यक्ति, संस्था खोजी गर्ने ।
६. दातृ संस्थाहरुको खोजी गरी अतिथिका लागि बेड, बिस्ताराहरुको लागि पहल गर्ने ।
७. समाधिस्थलमा बनेको भवन र रसोइ घरको वीचमा रहेको ज्वोइन्टबाट पानी रसाइरहने समस्या समाधानका लागि छतमाथि ट्रस्ट निर्माण का लागि पालिका मार्फत सहयोग माग गर्ने ।
८. मन्दिर र अन्य भवनमाथि सहज रुपमा चढ्न र झर्नका लागि सिँढी निर्माण को लागि पहल गर्ने ।

९. नेपाल टेलिकमको ल्याण्ड लाइन टेलिफोन जडान गर्ने ।
१०. जिल्ला समिति र प्रदेश समन्वय समितिको सहकार्यमा युवा लक्षित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
११. आजीवन सदस्यता वितरण विस्तार गर्ने ।
१२. बैदेशिक सम्पर्क विभाग गठन गर्ने ।
१३. शुध्द पिउने पानीका लागि फिल्टर जडान गर्ने ।
१४. १००० जना अट्ने सभाहल निर्माण को लागि पहल गर्ने ।

श्रीकृष्ण प्रणामी मन्दिर ठाकुरद्धारा,बर्दिया:

श्रीकृष्ण प्रणामी धर्मका अनुयायीहरु उल्लेख्य रहेको यस जिल्लामा रहेको यो मन्दिर २०४८ सालमा स्थापना भएको हो । एक तले मन्दिर भवन रहेको । तार जाली लगाएको ।

भावी कार्यक्रम :
भवनको तल्ला थप्ने । शौचालय निर्माण गर्ने ।

(३.१०) श्रीकृष्ण प्रणामी वाइजुराज मन्दिर,तकिया,बर्दिया

श्रीकृष्ण प्रणामी धर्मका अनुयायीहरु उल्लेख्य रहेको यस जिल्लामा रहेको यो मन्दिर २०४८ सालमा स्थापना भएको हो । धार्मिक तथा सामाजिक कार्यलाई निरन्तरता दिईएको छ । भावी कार्यक्रममा मन्दिर निर्माण कार्यलाई निरन्तरता दिने,मेला,पर्व,उत्सव,तिथिलाई निरन्तरता दिने भजन किर्तन सत्संगको कार्य निरन्तर गर्ने,वाल मण्डली प्रशिक्षण कार्यक्रम गर्ने तथा वितक संचालन कार्य अझ व्यवस्थित गर्ने योजना छ ।

३८ जिल्ला समिति कैलाली-कञ्चनपुरः-

कैलाली जिल्लाका ३ सत्संग समिति र कञ्चनपुरको कृष्णपुर स्थित आश्रम सहित ४ समिति मिलाई जिल्ला समिति गठन भएको छ । कैलालीको मसुरीयामा १ सत्संग भवन छ भने कञ्चनपुरमा १ आश्रम भवन छ ।

। प्रणाम ।

श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपाल

वार्षिक प्रगति प्रतिवेदन २०८२/२०८३

१. सस्था व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत चारवटा पूर्ण बैठक सम्पन्न गरी विविध विषयमा निर्णय गदै,२३ वटा कार्य सम्पादन समितिका बैठक बसी विभिन्न विषयमा छलफल र कार्यान्वयन ।

२. सस्था नवीकरण सम्बन्धी कार्य पुरा ।
३. हाल ७ उपसमिति रहने व्यवस्था छ।
४. सस्थागत सहकार्य र ऐक्यबद्धता गर्दै पृथ्वी परिक्रमा कार्यक्रम, शरद पुर्णीमा महोत्सव,न्यानो कपडा वितरण आचार्य श्रीको शुभजन्मोत्सव, राहत संकलनः प्रणामी संचार कार्यविधि २०८२ ।

५. स्वास्थ्य तथा समाजसेवा सम्बन्धी कार्य ।
६. धार्मिक कार्यः प्रचारक पाशिक्षणमा सहयोग प्रसिक्षार्थि पोषाक वितरण ।
७. १०८ पाठ पाराायणमा सहयोग अन्तर्गत श्यामनगर बुङ्यौली चितवनमा श्रीमत्तारतम पाठपारायण. श्रीकृष्ण प्रणामी धर्म महोत्सव निजगढ बारा पाठ पाराायण,श्रीकृष्ण प्रणामी मन्दिर, चन्द्रपुर-६, शान्तिनगर रौतहटमा १०८ पाठ पारायण, काभ्रेको बेथानचोक ढुङ्कर्कमा १०८ पाठ पारायणः,श्रीनवतनधाम मन्दिरमा १०८ पाठ पारायण मा सहभागिता र आर्थिक सहयोग गरियो ।

८.सस्था सुदृढिकरण प्रशिक्षण तथा संगठनात्मक कार्य अन्तर्गत अर्न्तराष्ट्रिय महिला दिवस सम्पन्न । ९.हाजिरीजवाफ

कार्यक्रम सम्पन्न ।

॥प्रणाम ॥

श्री कृष्ण प्रणामी युवा परिषद् नेपालको ३६ औं केन्द्रीय वार्षिक साधारणसभामा केन्द्रीय समितिको तर्फबाट महासचिव श्री दिपक कार्कीद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०८२/०८३ का मुख्य अंशहरु

सांगठनिक अवस्थाः

मिति २०८२ साउन १ देखि २०८३ असार मसान्तसम्ममा परिषद्को केन्द्रीय समितिको ४ वटा पूर्ण बैठक र १३ वटा सचिवालय बैठक सम्पन्न भएका छन् । परिषद्को मिति २०८२ कार्तिक १५ गते ३५ औं केन्द्रीय वार्षिक साधारणसभा श्रीकृष्ण प्रणामी मुल मन्दिर, ईमाडोल, ललितपुरमा सम्पन्न भयो । यस श्री कृष्ण प्रणामी युवा परिषद्को नेपालको केन्द्रीय समिति, केन्द्रीय सचिवालय समिति, सल्लाहकार समिति, प्रदेश स्तरमा कोशि प्रदेश समिति, मधेस प्रदेश समिति, बागमती प्रदेश समिति, गण्डकी-लुम्बिनी संयुक्त प्रदेश समिति र कर्णाली-सुदुरपश्चिम संयुक्त प्रदेश समिति, ४९ जिल्ला समिति, १० बैदेशिक सम्पर्क समिति र २०० भन्दा बढी प्रारम्भिक समितिहरू क्रियाशील रहेका छन् । यसरी परिषद्मा हजारौँ युवाहरू संगठित छन् । परिषद्को प्रशिक्षण विभाग, संगठन विस्तार तथा सचिवालय व्यवस्थापन विभाग, आर्थिक संकलन तथा व्यवस्थापन विभाग, धार्मिक विभाग, सामाजिक विभाग सो अन्तर्गत शिक्षा शाखा, स्वास्थ्य शाखा, शाकाहार तथा वातावरण शाखा, रक्तसञ्चार शाखा, खेलकुद शाखा छन् । यसैगरी स्वयम् सेवा विभाग, विपद् व्यवस्थापन विभाग, वैदेशिक सम्पर्क विभाग, प्रविधि विभाग, जिन्सी व्यवस्थापन विभाग गरी जम्मा १० वटा केन्द्रीय स्तरका विभागहरू र ४ शाखाहरू क्रियाशील छन् । परिषद्को विधानमा उल्लेखित उद्देश्य हासिल गर्न तथा कार्यहरू कार्यान्वयन गर्न वार्षिक निती तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

आ.ब. २०८२/०८३ मा भएका कार्यहरु

श्री १०८ पाठ पारायणमा परिषद्द्वारा मञ्चको कार्यक्रम/सहयोगः

- २०८२ मंसिर ०२ देखि ०९ गतेसम्म चितवनको श्रीकृष्ण प्रणामी मन्दिर श्यामनगर, बुढौलीमा सम्पन्न स्वर्ण कलश अनाबरण महामहोत्सवको अवसरमा परिषद्द्वारा "युवा अध्यात्म र सेवा" बिषयक विचार गोष्ठी कार्यक्रम सञ्चालन गरिएको साथै परिषद्को केन्द्रीय समितिको संगठन विभागको तर्फबाट ४० थान स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।
- परिषद्को जिल्ला समिति बाँकेद्वारा बाँकेको कोहलपुरमा मिति २०८२ मंसीर १४ देखि २० सम्म आयोजना भएको श्रीमत् तारतमसागर पाठपारायण एवं श्रीमद्भागवत महापुराण ज्ञानमहायज्ञमा परिषद्को केन्द्रीय समितिको तर्फबाट "युवा, अध्यात्म र सेवा" विषयक विचार प्रवाह कार्यक्रम सञ्चालन गरिएको साथै परिषद्को तर्फबाट नगद रु.७१,०००/- सहयोग गरिएको ।
- २०८२ माघ २१ देखि २७ गतेसम्म श्रीकृष्ण प्रणामी मन्दिर, निजगढ-६, प्रणामीनगर-सडकटोल, बारामा भएको श्रीकृष्ण प्रणामी धर्म महामहोत्सव एवं श्रीमत्तारतमसागर १०८ पाठ-पारायणमा परिषद्को तर्फबाट "युवा, अध्यात्म र सेवा" विषयक विचार गोष्ठी कार्यक्रम सञ्चालन गरिएको, केन्द्रीय समितिको तर्फबाट मोटरसाइकल र्‍यालीको लागी ३०० थान प्रणाम अंकीत झण्डा सहयोग गरिएको साथै परिषद्को केन्द्रीय समितिको संगठन विभागको तर्फबाट ३० थान स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।
- २०८२ फाल्गुण ०३ देखि ०९ गतेसम्म श्रीकृष्ण प्रणामी मन्दिर, चन्द्रपुर-६, शान्तिनगर-रौतहटमा भएको श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव एवं श्रीमत्तारतमसागर १०८ पाठ-पारायणमा परिषद्को तर्फबाट "युवा, अध्यात्म र सेवा" विषयक कार्यक्रम सञ्चालन गरिएको, साथै परिषद्को केन्द्रीय समितिको संगठन विभागको तर्फबाट २५ थान

स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।

- २०८२ चैत्र १० देखी १६ गतेसम्म श्री नवतनधामको वार्षिकोत्सवको अवसरमा आयोजित १०८ पाठपारायण कार्यक्रममा परिषद्को तर्फबाट "परिषद्को कार्य र सेवा" सम्बन्धी विषयमा आधरित रहि मञ्चको कार्यक्रम सञ्चालन गरिएको ।
- श्रीकृष्ण प्रणामी मन्दिर ढुंखर्क, काभ्रेमा २०८२ चैत्र २७ देखि २०८३ बैशाख ०३ गतेसम्म आयोजित श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव तथा श्रीमत्तारतमसागर पाठपारायण कार्यक्रममा परिषद्को केन्द्रीय समितिको तर्फबाट "सेवामा युवाहरुको भुमिका र दायित्व" विषयक विचार प्रवाह कार्यक्रम सञ्चालन गरिएको साथै केन्द्रीय समितिको आर्थिक तथा स्वयंसेवक विभागको तर्फबाट डस्ना, सिरक, तन्ना र केन्द्रीय समितिको संगठन विभागको तर्फबाट स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।
- श्रीकृष्ण प्रणामी मन्दिर सलकपुर, मोरङको मिति २०८३ बैशाख १ देखि ७ गतेसम्म भएको स्वर्ण महोत्सव तथा श्रीमत् तारतमसागर श्री १०८ पाठपारायणमा परिषद्को तर्फबाट स्वयंसेवा गरिएको ।

खुल्ला सडक दौड प्रतियोगिता:

- नेपाल शाकाहारी संघ र यस परिषद्को संयुक्त आयोजनामा २०८२ भाद्र ७ गते, शनिबार काठमाडौंमा खुल्ला सडक दौड प्रतियोगीतामा सम्पन्न भयो ।

अहिंसा महोत्सव नेपाल-२०८२:

- नेपाल शाकाहारी संघको आयोजनामा २०८२ भाद्र १२, १३ र १४ गते काठमाडौंमा भएको अहिंसा महोत्सव नेपाल २०८२ मा यस परिषद् सह-आयोजकको रुपमा रहि कार्यक्रम सम्पन्न भएको ।

आध्यात्मिक शिविर:

- २०८३ बैशाख ०६ गतेदेखि श्रीनवतनधाम, काठमाडौंमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, युगल प्रशिक्षण कोषको आयोजनामा सञ्चालित "एस.ई.ई. विद्यार्थी लक्षित निःशुल्क आवासीय आध्यात्मिक शिविर"मा यस परिषद्को सहकार्य रहेको ।

सुदुरपश्चिम कर्णाली परिभ्रमण, संगठन सुदृढिकरण, न्यानो कपडा सहयोग:

२०८२ मंसीर महिनाको ८ गते काठमाडौंबाट सुरु भएको परिभ्रमणको क्रममा रुपन्देही हुँदै बर्दिया, सुर्खेत, कालीकोट, जुम्ला, मुगु हुँदै रारा सम्म भ्रमण सम्पन्न भयो । सो अवसरमा न्यानो कपडा बितरण, शाकाहारी अभियान, मन्दिर परिभ्रमण र सो क्षेत्रका परिषद्का पदाधिकारी तथा सदस्यज्यूहरुको बिचमा संगठन सुदृढीकरण कार्यक्रम सम्पन्न गरियो । परिभ्रमणको क्रममा बर्दियाको बेचैनपुर मन्दिरको लागि परिषद्को केन्द्रीय समितिको तर्फबाट १ धुर जग्गा बापत रु.१६,०००, परिषद्का केन्द्रीय अध्यक्ष कौशल फुयालबाट रु.५१,१११, परिषद्का केन्द्रीय उपाध्यक्ष भिम प्रसाद बगालेबाट बर्दिया जिल्ला समितिलाइ रक्तसञ्चार कोष स्थापनाको लागि रु.५१,१११, परिषद्का केन्द्रीय कोषाध्यक्ष उमेश प्रधानबाट रु.१६,०००, परिषद्का केन्द्रीय सदस्य दिपक तिमिल्सनाबाट रु.१६,००० आर्थिक सहयोग गरिएको साथै दैलेखको पंचकोशि बेद विद्याश्रममा अध्यनरत ६५ जना बिद्यार्थीहरुलाई न्यानो कपडा बितरण, कालिकोटको सेरेज्युयल्ला स्थित शंकर मा.बि.मा अध्यनरत २०३ जना बिद्यार्थीहरुलाइ बिद्यालय पोशाक, स्टेशनरी र अन्य सामग्री बितरण गरिएको । सो कार्यमा बाइजुराज महिला समितिको समेत सहकार्य रहेको । रारा तालमा योग, ध्यान, रास रामत, शाकाहारी अभियान सञ्चालन, बाँकेमा १ जना बिद्यार्थीलाइ छात्रबृत्ती सहयोग र ज्येष्ठ नागरिकहरुलाइ न्यानो कपडा बितरणका लागी सामग्री परिषद्को बाँके जिल्ला समितिलाइ हस्तान्तरण गरिनुका साथै वुटवलमा रहेको नेपाल अपांग आश्रममा आश्रित ४५ जना शाारीरक अशक्तता भएकाहरुलाई न्यानो कपडा सहयोग गरीएको ।

मन्दिर तथा जिल्ला/प्रा.स. परिभ्रमणः

- देशैभरिका मन्दिर तथा सत्संग भवनहरूमा आयोजित वार्षिक उत्सव, वितक कथा, धार्मिक कार्यक्रम र साधारणसभामा केन्द्रीय समितिको तर्फबाट प्रदेश, जिल्ला तथा प्रा.स.हरुसँगको सहकार्यमा सहभागीताका साथ परिभ्रमण गरिएको ।

सामाजिक तथा धार्मिक कार्यक्रममा समन्वय र सहयोगः

- परिषद्को रौतहट जिल्ला समितिद्वारा परिषद्को ३६ औं स्थापना दिवसको अवसरमा आयोजित श्री १०८ तारतमसागर अभ्यास पाठपारायणको समापनमा केन्द्रीय समितिको तर्फबाट रु.२५,०००/-आर्थिक सहयोग गरिएको ।
- परिषद्को भक्तपुर जिल्ला समितिलाई बिद्यालय पोशाक तथा शैक्षिक सामग्री बितरणको लागी केन्द्रीय समितिको तर्फबाट रु.२०,०००/-सहयोग गरिएको ।
- विभिन्न स्थानमा आयोजित १०८ पाठपारायण, धार्मिक तथा सामाजिक कार्यहरूमा परिषद्को पदाधिकारी तथा सदस्यज्युबाट आर्थिक सहयोग गरीएको ।
- सेवा र विकासका लागि युवाको आयोजना तथा यस परिषद्को संगठन विभागको सहकार्यमा श्रीकृष्ण प्रणामी मन्दिर, धुसाल, रामेछापमा जिल्लाको खाँडादेवी गाउँपालिकाका विभिन्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि शैक्षिक सामाग्री वितरण गरिएको ।
- श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्त श्री विभुषित जगदगुरु आचार्य श्री कृष्णमणिजी महाराजश्रीको ६२ औं शुभ जन्मोत्सव श्रीनवतनधाम, काठमाडौंमा पाठ-पारायण गरि मनाईएको ।
- २०८२ आश्विन २१ र २२ गते ललितपुरको ईमाडोल प्रा.स.द्धारा आयोजित राष्ट्रव्यापी फुटसल प्रतियोगीताको लागि केन्द्रीय समितिको तर्फबाट रु.२५,०००/- सहयोग गरिएको ।

बिभागीय कार्यहरुः

- सामाजिक बिभागको समन्वयमा बिभिन्न जिल्लामा बिबिध सामाजिक सेवाका कार्यहरु भएको ।
- संगठन बिभागद्वारा परिषद्को सदस्यता विस्तारको कार्य भईरहेको छ । प्रदेश, जिल्ला तथा प्रा.स.हरुसँगको सहकार्यमा युवा जागरण, क्षमता विकास तथा संगठन सुदृढिकरणको कार्यक्रमलाई अघि सारिएको छ । सामाजिक सञ्जाल मार्फत परिषद्का सुचना, जानकारी र गतिविधिलाई प्रचारमा ल्याइएको छ ।
- शिक्षा शाखाको समन्वयमा खुल्ला हाजिरिजवाफ प्रतियोगीता, कुलत तथा दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम, उत्प्रेरणामूलक प्रशिक्षण, शैक्षिक सम्मान कार्यक्रम भएको ।
- स्वास्थ्य शाखाको समन्वयमा आर्थिक अवस्था कमजोर भएका, शारिरीक असक्तताका भएका बिरामीहरुलाइ आर्थिक सहयोग, स्वास्थ्य उपचार, खानेपानी उपकरण सहयोग गरिएको ।
- रक्त सञ्चार शाखाको समन्वयमा श्रीकृष्ण जन्माष्टमी पर्व, धर्म जागनी महोत्सव, परिषद्को वार्षिकोत्सव जस्ता विशेष अवसरहरूमा देशैभर रक्तदान कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।
- खेलकुद शाखाको समन्वयमा फुटसल प्रतियोगिता लगायतका खेलकुद गतिविधिहरू सम्पन्न भएका छन् ।
- शाकाहार तथा वातावरण शाखाको समन्वयमा देशका विभिन्न मठ-मन्दिर तथा सार्वजनिक स्थानमा पशुबली निषेध सचेतना तथा शाकाहारी अभियान सञ्चालन गरीएको । सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सञ्चालन भएको छ ।
- धार्मिक विभागको संयोजन तथा परिषद्को केन्द्रीय समितिको आयोजनामा मिति २०८२ चैत्र २१ देखि २५ गतेसम्म श्रीकृष्ण प्रणामी मन्दिर, कटुञ्जे, भक्तपुरमा "पञ्च दिवसीय आवासीय बाल जागरण शिविर" सञ्चालन गरिएको । साथै बिभागको समन्वयमा बिभिन्न मन्दिर तथा सत्सङ्ग भवनहरुमा बाल सत्सङ्ग कार्यक्रमहरु नियमीत भइरहेको छ ।
- स्वयंसेवक विभागको संयोजनमा विभिन्न स्थानमा आयोजित १०८ पाठपारायण, राष्ट्रिय पर्व, बार्षिकोत्सव, धार्मिक तथा सामाजिक कार्यक्रमहरू र विपत्को अवस्थामा सक्रिय रूपमा स्वयंसेवा परिचालन भएको ।
- प्रविधि विभागको संयोजनमा परिषद्को वेभसाईट डिजाईन, सदस्यता तथा परिषद्का दस्तावेजहरू डिजिटलाईज गर्ने कार्य भइरहेको ।

- विपद व्यवस्थापन विभागको समन्वयमा बिपत प्रभावित स्थानहरूमा राहत, उद्धार तथा सहयोगका कार्यक्रमहरु गरिएको ।
- प्रशिक्षण विभागको सहयोगमा विभिन्न विद्यालय तथा स्कुल-कलेजहरूमा लागू पदार्थ दुर्व्यसनविरुद्ध सचेतनामूलक प्रशिक्षण कार्यक्रम सञ्चालन भएको ।
- वैदेशिक सम्पर्क विभागले परिषद्को वैदेशिक सम्पर्क समितिलाइ थप व्यवस्थित गरी संगठन विस्तारमा पहल गरिरहेको ।
- जिन्सी विभागको संयोजनमा परिषद्मा रहेको जिन्सी सामानहरूको तथ्याङ्क अद्यावधिक गर्ने कार्य भइरहेको ।

सुस्थागत सहकार्य:

- **कार्यगत एकता:** श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, श्रीकृष्ण प्रणामी बाईजुराज महिला समिति नेपाल र यस परिषद् बिच संयुक्त कार्यगत एकता भइरहेको छ ।
- **सहकार्य:** अन्य धार्मिक तथा बिभिन्न सामाजिक संघ-संस्थाहरूसँगको सहकार्यमा बिबिध धार्मिक तथा सामाजिक सेवाका कार्यहरू भएका छन् ।
- **प्रणामी सञ्चार:** प्रणामी समाजको एकिकृत प्रचार प्रसारका लागि सेवा समिति नेपाल, यस युवा परिषद् र बाइजुराज महिला समितिको साझा कार्यक्रमका रुपमा धार्मिक तथा सामाजिक सेवाका कार्यक्रमको विविध गतिविधिहरूलाई सञ्चारमाध्यमद्वारा प्रचार प्रसार कार्यलाई नियमित र व्यवस्थित गर्न "प्रणामी सञ्चार सञ्चालन निर्देशिका-२०८२" जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

परिषद्को ३६ औं स्थापना दिवस तथा ३५ औं वार्षिक उत्सव कार्यक्रम:

- परिषद्को ३६ औं स्थापना दिवस तथा ३५ औं वार्षिक उत्सवको अवसरमा परिषद्को केन्द्रीय समितिको समन्वयमा ५ दिवसीय कार्यक्रम अन्तर्गत श्रीमुखवाणी पाठ-वाचन अनलाइन प्रशिक्षणको शुभारम्भ, बालसत्सङ्ग भएका मन्दिर हरुमा स्टेशनरी सामग्री बितरण, प्रदेश, जिल्ला तथा प्रा.स.ले विविध सेवामुलक सामाजिक कार्यको साथमा रक्तदान कार्यक्रमको आयोजना, उपत्यका स्तरीय बाल संगीत प्रशिक्षणको शुभारम्भ, शाकाहारी अभियान सञ्चालन, परिषद्को रौतहट जिल्ला समितिद्वारा आयोजित श्री १०८ तारतमसागर अभ्यास पाठपारायणको समापनमा धामगमन हुनुभएका युवा विकास अक्षय कोषदाताहरुको स्मृतिमा एकाहा पाठपारायण, स्थानीय मन्दिर, सत्सङ्ग भवन सरसफाइ तथा वातावरण संरक्षण सम्बन्धि कार्य गरी दीप प्रज्वलन कार्यक्रम, श्रीनवतनधाममा परिषद्को प्रविधि विभागको संयोजनमा भजनसन्ध्या कार्यक्रम सम्पन्न भएको ।

श्री कृष्ण प्रणामी भित्ते पात्रो प्रकाशन :

- यस परिषदद्वारा सेवा समिति, बाइजुराज महिला समिति र श्रीनवतनधामको सहकार्यमा २०८३ सालको श्रीकृष्ण प्रणामी भित्ते पात्रो ९००० (नौ हजार) प्रति छापिएको साथै सो पात्रो देशैभर परिषद्को प्रदेश समिति मार्फत बितरण गरिएको छ ।

प्रादेशिक भेला:

- कोशी प्रदेश स्तरिय प्रादेशिक भेला (मोरङ, सुनसरी) २०८२ भाद्र १४ गते सलकपुर, मोरङमा सम्पन्न भएको ।
- परिषद्को मधेस प्रदेश स्तरयि प्रादेशिक भेला २०८३ जेठ १६ गते श्रीकृष्ण प्रणामी मन्दिर, औराहा, सिमरामा सम्पन्न भएको ।
- अन्य प्रदेशमा पनि प्रादेशिक भेलाको योजना राखिएको छ ।

युवा विकास अक्षय कोष :

परिषद्द्वारा स्थापित युवा विकास अक्षय कोषबाट सिर्जित व्याज रकमबाट मातहतका समितिलाइ विभिन्न कार्यक्रमको

शिर्षकमा सहयोग प्रदान गरीदै आएको छ । सो को लागी छुट्टै कार्यविधि तयार गरी सो रकम परिचालन गर्ने लक्ष्य लिइएको छ । आर्थिक बिभागले कोष बृद्धिको योजना अघि सारी निरन्तर पहल गरिरहेको छ ।

केन्द्रीय पुरस्कार कोष:

परिषद्ले देहाय बमोजिमको केन्द्रीय कोष स्थापना गरेको छ: ।

- **कमलकृष्ण-मणिकुमारी स्मृति पुरस्कार कोष २०६६** (प्रत्येक वर्ष प्रदान गरीने)
  संरक्षक: श्री मदनकृष्ण शर्मा/शारदा शर्मा पुडासैनी
- **रामु-लिला स्मृति पुरस्कार कोष २०६९** (प्रत्येक ३ वर्ष प्रदान गरीने)
  संरक्षक: श्री बद्री बहादुर कार्की/शान्ति कार्की
- **कृष्णमणि-दीपा प्याकुरेल राष्ट्रिय भक्ति संगीत पुरस्कार कोष २०६९** (प्रत्येक वर्ष प्रदान गरीने)
  संरक्षक: श्री गणेश प्याकुरेल/पूर्णिमा प्याकुरेल
- **देविभक्त-चुत्रीमाया गरीब तथा जेहेन्दार छात्रवृत्ति पुरस्कार कोष २०७५** (प्रत्येक वर्ष प्रदान गरीने)
  संरक्षक: श्री नुरनाथ सुवेदी/सरस्वती सुवेदी
- **प्रेम-तिला स्मृति महिला सम्मान पुरस्कार कोष २०७८** (प्रत्येक ३ वर्ष प्रदान गरीने)
  संरक्षक: श्री धर्म प्रसाद भट्टराई/सुनिता भट्टराई ।

परिषद्को केन्द्रीय सचिवालय व्यस्थापन र सञ्चालन:

- श्रीकृष्ण प्रणामी मन्दिर, श्रीप्राणनाथ आश्रम कोटेश्वरको भवनमा रहेको यस परिषद्को केन्द्रीय सचिवालयको व्यवस्थापनको क्रममा १ कार्यालय कक्ष साविककै कायम गरि १ स्टोर, १ बैठक कक्ष र १ खुल्ला हलको संरचना तयार गरी सचिवालयलाइ २०८२ श्रावण महीनाबाट सञ्चालनमा ल्याइएको छ ।

परिषद्को केन्द्रीय सम्पर्क कार्यालय स्थापना:

- २०८२ माघ १८ गते परिषद्को बार्षिकोत्सवको अवसरमा श्रीनवनतनधाम, काठमाडौंमा परिषद्को केन्द्रीय सम्पर्क कार्यालय स्थापना गरि सञ्चालनमा ल्याईएको छ ।

नेपालमा धर्म जागनीको अविरल यात्रा र संस्थागत सुदृढिकरणको प्रयाश

जितेन्द्र कुमार यादव (अध्यक्ष - श्रीकृष्णप्रणामी सेवा समिति जिल्ला सिराहा/सप्तरी)

नेपालको तराइ क्षेत्रमा सुन्दरसाथहरुको उल्लेख्य जागनी भइ विशाल जग्गा जमिन सहितका स-साना मन्दिर भवनहरु रहेको अवस्था छ । जग्गा तथा मन्दिरहरुको व्यवस्थापनमा विभिन्न समस्या झेल्दै आएपनि श्रीराजश्यामाजीको कृपाले श्रीकृष्णप्रणामी सेवा समिति तथा यस अन्तर्गतका जिल्ला समिति र स्थानीय सुन्दरसाथहरुको अथक प्रयाश स्वरुप मन्दिर इकाइहरु दर्ता भैरहेका र अझै केहि दर्ता हुन बाँकी रहेको छ । कतिपय स्थानमा जग्गाको दर्ता प्रकृया बाँकी रहेको र सेवा समितिका सबै तहबाट यसमा प्रयाशरत रहेको अवस्था छ । क्षेत्रफलको हिसाबले नेपालकै सबै भन्दा बढि जग्गा जमिन रहेको यो क्षेत्र भविष्यमा जागनी र समाज कल्याणको उदेश्यका लागि स्थापित संस्थागत भूमी बन्ने सम्भावना बोकेको छ ।

यस क्षेत्रमा विक्रम सम्बत २०२३ सालमा मूल दर्ता भएको संस्था श्रीकृष्णप्रणामी सेवा समितको इकाइ समितिदर्ता भैसकेका सिराहा सप्तरीका इकाइहरु -

क्र सं	इकाइको नाम	गाउँको नाम	जिल्ला	स्थानीय तह/वडा	मन्दिर भवन तथा पुजापाठ

१	श्री राधाकृष्ण प्रणामी मन्दिर	परिहारपुर	सिराहा	सखुवानान्करकट्टी गा. पा. - ३	रहेको
	जग्गा: ३ विगाहा ७ कट्ठा				
२	श्री राधाकृष्ण प्रणामी मन्दिर	गोविन्दपुर, सारसती	सिराहा	लाहान न. पा. - २४	रहेको
	जग्गा: २६ कट्ठा ८ धुर				
३	श्री राधाकृष्ण प्रणामी मन्दिर	चकदह	सप्तरी	सुरुंगा न. पा. - ७	रहेको
	जग्गा: करिव ९० विगाहा मध्यै ४१ विगाहा १ कट्ठा दर्ता भैसकेको र बाँकि प्रकृयामा रहेको				
४	श्री राधाकृष्ण प्रणामी मन्दिर	तरही	सप्तरी	खडक न. पा.	रहेको
	जग्गा -७ विगाहा				

दर्ता हुन बाँकी मन्दिर -





क्र सं	मंदिरको नाम	गाउँको नाम	जिल्ला	स्थानीय तह/वडा	मन्दिर भवन
१	श्री राधाकृष्ण प्रणामी मन्दिर (नयाँ)	परिहारपुर	सिराहा	सखुवानान्करकट्टी गा. पा. - ३	निर्माणाधिन/ पुजापाठ भैरहेको
	जग्गा: ३२ कठ्ठा मध्ये १० कठ्ठा दर्ता भएको र बाँकीको मोहि छुटाउन बाँकी				
२	श्री राधाकृष्ण प्रणामी मन्दिर	बस्तीपुर		लाहान न. पा.-	जिर्ण अवस्था
	जग्गा: ब्यक्तीकै नाममा रहेको र दर्ता प्रकृया बाँकी				
३	प्रणामी मन्दिर	गाढा		लाहान न. पा.- २३	रहेको
	जग्गा: ब्यक्तीकै नाममा रहेको र दर्ता प्रकृया बाँकी				

सिराहा जिल्लाको सखुवानान्करकट्टी गाउँ पालिका वडा नं ३. परिहारपुर स्थित श्री राधाकृष्ण प्रणामी मन्दिर को जागनि इतिहाश

यस मंदिरको वर्तमान महन्त श्री श्यामदाश ज्यूको संझना अनुसार भारतको विहार राज्य स्थित गंगापुरबाट जागनी हुनु भएका इश्वरीदाश महन्तजी बाट करिब १५० वर्ष अघिनै यस क्षेत्रमा जागनी यात्रा थालनी भएको हो । त्यसपछि



महन्त अगमदाश, जिवनदाश, देवनारायणदाश (सुरदाश) हरुबाट जागनीमा निरन्तरताका साथै विक्रम सम्बत १९३० को दशमा सुरु निर्माण भएको वर्तमान मन्दिरमा नियमित पुजापाठ, मेलापर्व तथा वार्षिक वीतक कथा हुदै आइरहेको छ ।

देवनारायणदाश (सुरदाश)जी बाट २०६९ सालमा जगतगुरु कृष्णमणी महाराज श्री तथा सुर्यनारायण माहाराजीश्री र चेतनधाम, गंगापुरका नन्दकिशोरदाश महाराजजी समेतको उपस्थितिमा १०८ पारायण पनि भएको थियो । हालको समयमा स्थानिय भागवत तथा तारतम वाणि विसारत पंडित श्री भोला यादवज्यूको स्थानिय तथा वरपरका समुदायमा प्रचारप्रसार र जागनी अभियानमा उल्लेख्य योगदान रहेको छ ।



मैथीली भाषि जनसमुदाय भएको यस स्थानको वडा नं ३ मा करिब ३०० घरधुरी निजानन्द सम्प्रदाय श्रीकृष्णप्रणामी धर्मका अनुयायीहरु रहेका छन् । श्रीकृष्णप्रणामी सेवा समिति, श्रीकृष्णप्रणामी बाइजूराज सत्संग मण्डली तथा श्रीकृष्ण प्रणामी युवा परिषदको संस्थागत सकृयाता स्थानियहरुकै किर्तन मण्डली, पारायण पाठ गर्ने नियमित ब्रम्हमुनीहरु, स्थानीय भागवत वाचकहरु रहेका छन्। श्रीकृष्णप्रणामी सेवा समितिको छत्रछायाँमा रहेर मूल समिति तथा भातृभगिनी संस्थाहरुको नियमित लेखापरिक्षण हुने र वार्षिक साधारण सभासमेत गरिने परिपाटी रहेको छ । इकाई समितिका अध्यक्ष श्री भोलाप्रसाद यादव, बाइजुराज सत्संग मण्डलीकी अध्यक्ष श्री असियादेवी यादव तथा युवा परिषदका स्थानिय इकाइका अध्यक्ष श्री युगलप्रसाद यादव हुनुहुन्छ ।

नेपाल तथा बाहरसँ आएल सम्पूर्ण भक्तजन सभकेँ ई पुरान तथा ऐतिहासिक मन्दिरमे हार्दिक स्वागत अछि ।

प्रणाम ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

समस्त सुन्दरसाथ, भक्तजन एवं सम्पुर्ण नेपाालीहरुमा
सनातन हिन्दु धर्मका चाडहरु दशैं, तिहार तथा छठ पर्वको
उपलक्ष्यमा हार्दिक मंगलमय

शुभकामना

व्यक्त गरिन्छ ।

Getway Accounting Service Pvt. Ltd.

विज्ञान चौलागाई

प्रोप्राइटर

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
केन्द्रीय समिति
कार्यक्रम सञ्चालन, जयकारा, आसन ग्रहण, वरियता र सम्बोधन सम्बन्धमा

यस सम्बन्धमा केन्द्रीय समितिको पाँचौ पूर्ण बैठकबाट निम्नानुसार निर्णय भएको:

- कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको रूपरेखा समितिको बैठकबाट पारित गरी सकेसम्म सचिवले सञ्चालन गर्ने,
- कार्यक्रमको सुरुवातमा तोकिएको क्रममा कार्यक्रम सञ्चालकले पूर्ण जयकारा लगाउने र राष्ट्रिय गानपश्चात निजानन्द स्तुति गाउने ।
- आसन ग्रहण गराउँदा उपस्थित विशिष्ट सन्त गुरुजनको कार्यक्रमको संरक्षकत्वको आसन ग्रहण गराए पछि, सभापति, प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूको आसन ग्रहण गराउने र सोहि बमोजिम सम्बोधन गर्ने ।

जयकारा सम्बन्धमा

१ अनादि अक्षरातीत श्रीकृष्ण कन्हैयालालकी जय
२ सतगुरु धनी श्री देवचन्द्रजी महाराजकी जय
३ महामति श्री प्राणनाथ प्यारेकी जय
४ श्री बाइजुराज महारानीकी जय
५ श्री महाराजा छत्रशालकी जय
६ श्री ५ नवतनपुरी धामकी जय, श्री ५ महामंगलपुरी धामकी जय, श्री ५ पद्मावतीपुरी धामकी जय,
७ श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्तश्रीविभुषित जगद्गुरु आचार्यश्री कृष्णमणिजी महाराजश्रीकी जय, आचार्यश्री सूर्यनारायणदासजी महाराजश्रीकी जय
८. श्री नवतनधामकी जय
९. परमहंस श्री १०८ युगलदासजी महाराजकी जय, परमहंस श्री १०८ मंगलदासजी महाराजकी जय
१०. स्थानीय विशिष्ट सन्त महन्तज्यूकी जय
११. सम्पूर्ण सन्त महन्तज्यूकी जय
१२. श्रीकृष्ण प्रणामी धर्मकी जय
१३ सम्पूर्ण भक्तजन सुन्दरसाथजीकी जय

संस्थागत औपचारिक समारोहमा आसन ग्रहण मर्यादाक्रम:

कार्यक्रमको संरक्षकत्वको आसन ग्रहण:

१. श्रीकृष्ण प्रणामी धर्माचार्य श्री ५ नवतनपुरी धाम - प्रमुख संरक्षकत्व
२. श्री ५ महामंगलपुरी धामका धर्माचार्य, विशिष्ट संरक्षकत्व
३. श्री ५ पद्मावतीपुरी धामका धर्मगुरु
४. परमहंसपीठका उपस्थित गादिपति/महन्त महाराजजी
५. धामबाट पाल्नु भएका प्रतिनिधि महन्त महाराजजी
६. अन्य श्री १०८ गादिपति/महन्त महाराजजी

कार्यक्रमको औपचारिक आसन ग्रहणः

७. कार्यक्रमका सभाध्यक्ष, सभापति
८. प्रमुख अतिथि
९. श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रीय अध्यक्ष वा निजको प्रतिनिधि
१०. श्रीकृष्ण प्रणामी युवा परिषद नेपालका केन्द्रीय अध्यक्ष वा प्रतिनिधि
११. श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालका केन्द्रीय अध्यक्ष वा प्रतिनिधि
१२. विशिष्ट/विशेष अतिथि, वरिष्ठ धर्म प्रचारक
१३. सेवा समिति, युवापरिषद र बाइजुराज महिला समितिका केन्द्रदेखि इकाईसम्मका वर्तमान तथा पूर्व पदाधिकारी सदस्यहरू तथा सल्लाहकार तथा संरक्षक परिषद सचिवालय सम्योजकहरू, विभागीय संयोजक तथा सदस्यहरू, अन्य तहगत सदस्यहरू, विशिष्ट समाजसेवी सुन्दरसाथहरू,
१४. भक्तजन सुन्दरसाथ सबै यथास्थानमा आसन ग्रहण

- कार्यक्रम सञ्चालकले उपरोक्तानुसार सम्बोधन गरिसकेपछिका वक्ताहरूले सन्त गुरुजन, सभाध्यक्ष र प्रमुख अतिथि, तत्तसमितिका अध्यक्षलगायत सम्पूर्ण पदाधिकारी सदस्य भनी सम्बोधन गर्ने,
- सभाको सुरूवात उपस्थित महाराजजी वा गुरुजनको आशीर्वचनवाट प्रारम्भ गर्ने ।
- समितिका अध्यक्ष वा उपस्थित वरिष्ठ एकजना पदाधिकारीलाई मात्र सभा बैठकमा बोल्न समय दिने ।

पदाधिकारी मर्यादाक्रम

१. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - केन्द्रीय अध्यक्ष
२. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - निवर्तमान केन्द्रीय अध्यक्ष
३. श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल - केन्द्रीय अध्यक्ष
४. श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपाल - केन्द्रीय अध्यक्ष
५. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - केन्द्रीय उपाध्यक्षहरू
६. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - केन्द्रीय पदाधिकारीहरू
७. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - केन्द्रीय सदस्यहरू
८. केन्द्रीय सल्लाहकार सम्योजक तथा संरक्षक समिति सचिवालयका सम्योजक
९. श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - केन्द्रीय विभागका सम्योजक
१०.केन्द्रीय पूर्व अध्यक्षहरू, सल्लाहकारहरू, संरक्षक समिति सचिवालय सदस्यहरू
११.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - प्रदेश सम्योजक, युवा परिषद तथा बाइजुराज महिला समिति केन्द्रीय पदाधिकारी
१२.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - केन्द्रीय विभागका सदस्यहरू, प्रदेश सदस्यहरू, युवा परिषद तथा बाइजुराज महिला समिति केन्द्रीय सदस्यहरू,
१३.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - जिल्ला अध्यक्ष, युवा परिषद तथा बाइजुराज महिला समिति प्रदेश पदाधिकारी
१४.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - जिल्ला पदाधिकारी, युवा परिषद तथा बाइजुराज महिला समिति प्रदेश सदस्यहरू एवम् जिल्ला अध्यक्षहरू
१५.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - जिल्ला सदस्य, युवा परिषद तथा बाइजुराज महिला समिति जिल्ला पदाधिकारी एवम् सदस्यहरू
१६.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - ईकाई अध्यक्ष, युवा परिषद तथा बाइजुराज महिला समिति इकाई अध्यक्ष
१७.श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल - ईकाई पदाधिकारी एवम् सदस्यहरू, युवा परिषद तथा बाइजुराज महिला समिति इकाई पदाधिकारी एवम् सदस्यहरू
१८. तहगत अन्य पूर्व पदाधिकारी एवम् सदस्यहरू

॥ प्रणाम ॥